वैशाख-जेठ, २०७७ | वर्ष १, अंक २

पाशुपत दर्पण

(द्वैमासिक)



श्री पशुपतिनाथ

पशुपति क्षेत्र विकास कोष

पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्का संरक्षक, अध्यक्ष एवम् पदाधिकारी

श्री केपी शर्मा ओली
संरक्षक (प्रधानमन्त्री)

श्री योगेशकुमार भट्टराई
अध्यक्ष (माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री)

श्री डा. रामकुमार फुयाल
सदस्य, राष्ट्रिय योजना आयोग (संस्कृति, हेर्ने)- सदस्य

श्री गणेश भट्ट
मूलभट्ट, श्री पशुपतिनाथ मन्दिर - सदस्य

श्री केदार बहादुर अधिकारी
सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय- सदस्य

श्री महेश्वर न्यौपाने
सचिव, गृह मन्त्रालय- सदस्य

श्री देवेन्द्र कार्की
सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय- सदस्य

श्री विद्यासुन्दर शाक्य
प्रमुख, काठमाडौं नगरपालिका- सदस्य

श्री मिनराज चौधरी
अध्यक्ष वा प्रशासक, गुठी संस्थान- सदस्य

श्री डा. प्रदीप ढकाल
सदस्य-सचिव

श्री डा. मिलनकुमार थापा
कोषाध्यक्ष

सञ्चालक परिषद सदस्य

श्री राजुकुमार खत्री

श्री भगवतीप्रसाद देव

श्री ध्रुव उप्रेती

श्री अर्जुनप्रसाद वास्तोला

श्री आशा पाण्डे

श्री विश्वकरण जैन

जय श्रीपशुपतिनाथ !!!

नमस्कार



" वसुधैव कुटुम्बकम् "

नमस्कार अभिवादनको पवित्र माध्यम र हाम्रो आफ्नै संस्कार हो।

एक आपसमा भेट हुँदा नमस्कार 🙏 गर्ने बानी बसालौं।

पशुपति क्षेत्र विकास कोष
Pashupati Area Development Trust
देवपत्तन, काठमाडौं, नेपाल
www.pashupati.org.np

Visit Nepal 2020 Lifetime Experiences

पाशुपत दर्पण

वैशाख-जेठ, २०७७ | वर्ष १, अंक २

संरक्षक

श्री केपी शर्मा ओली

प्रधानमन्त्री

अध्यक्ष

योगेश भट्टराई, मन्त्री

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन

प्रमुख सल्लाहकार

डा. प्रदीप ढकाल

डा. मिलनकुमार थापा

सल्लाहकार

डा. घनश्याम खतिवडा

कार्यकारी सम्पादक

गोपीकृष्ण ढुंगाना

सम्पादक मण्डल

भोलाप्रसाद सिटौला

भरत मरासिनी

राजुकुमार रेग्मी

गोविन्दप्रसाद आचार्य

गौरीशङ्कर पराजुली

सीताराम रिसाल

रेवतीरमण अधिकारी

चन्द्र खनाल

सम्पादन सहयोगी

सूर्यबहादुर भाट

वासुदेव रिमाल

तेजबहादुर थापा

प्रकाशक

पशुपति क्षेत्र विकास कोष

गौशाला, काठमाडौँ, नेपाल

टेलिफोन : ०१-४४७०५७५

इमेलः info@pashupati.org.np

वेभसाइटः www.pashupati.org.np

मुद्रण

आरम्भ एड. प्रा. लि.

अनामनगर, काठमाडौँ, फोन : ५७०५२७५

इमेलः aarambhaad@gmail.com

सम्पादकीय

गुरुयोजनाले जगाएको अपेक्षा

भगवान् शिवको बासस्थान हो पाशुपत क्षेत्र । शैव क्षेत्रको रूपमा परिचित यो क्षेत्र विश्वकै गन्तव्य पनि बन्दैछ । यसका लागि पशुपति क्षेत्र विकास कोषले पहिलो १० वर्षे गुरुयोजना कार्यान्वयन गरिसकेको छ । यसले पाशुपत क्षेत्रलाई एउटा आकार दिइसकेको छ । श्रीपशुपतिनाथ मन्दिर विश्वलाई नेपाल भनी चिनाउने एउटा पारिचायक हो । सबै धर्म, सम्प्रदाय र विश्वासका मानिसको आस्थाको केन्द्र पनि हो, शिवको बासस्थान पशुपतिनाथ मन्दिर । पाशुपत क्षेत्र नेपाल र नेपालीको आस्थाको केन्द्रका साथै नेपालको राष्ट्रिय गौरव अनि विश्वभरका समस्त हिन्दू धर्मावलम्बीको तीर्थस्थल पनि हो ।

विश्व सम्पदा सूचीमा परेका कारणले पनि पाशुपत क्षेत्रको समग्र विकास आजको आवश्यकता हो । यसका लागि कोषले लामो र अथक प्रयासपछि दोस्रो गुरुयोजना वनाएको छ । यो भन्डै एक शताब्दीसम्मका लागि हुनेगरी करिव ४० अर्ब रुपैयाँ खर्चिएर काम हुँदैछ । सनातन तीर्थस्थल पाशुपत क्षेत्र मानवीय सद्भाव, विश्वशान्ति र धार्मिक समन्वयको त्रिवेणी पनि भएकाले सोहीअनुसारका योजना बनाइएको छ । समग्र क्षेत्र नै एउटा धार्मिक वातावरण कायम गर्दै आध्यात्मिक जागरणका लागि शिक्षा, शान्ति र मानवताको प्रवर्द्धन गर्ने सोचका साथ योजना बनेका छन् ।

पशुपतिनाथका नामवाट देश र जनताको हितका लागि आंवश्यक पर्ने काम हुनेछन् । यसका लागि शिक्षा, स्वास्थ्य र समाजकल्याण लगायतका सम्बन्धित थुप्रै योजना चरणवद्ध रूपमा सञ्चालन गरिनेछन् । पशुपति क्षेत्रको योजनावद्ध विकासका लागि अन्तर्राष्ट्रिय दातृ निकाय समेतलाई परिचालन गर्ने गरिनेछ । सबै सरोकारवालालाई समेट्ने गरी सहकार्यको ढाँचामा भएकाले यो गुरुयोजनाले विशेष परिणाम दिनेमा कोष विश्वस्त छ ।

इमेलः info@pashupati.org.np, वेभसाइटः www.pashupati.org.np

विषय-सूची

क्र.सं.	विषय	पृष्ठ
१.	दोस्रो गुरुयोजना अवसरसँगै चुनौती पनि - पशुपति क्षेत्र विकास कोषका सदस्य सचिव डा. प्रदीप ढकालसँग लिइएको अन्तर्वार्ता	१
२.	षड्वक्त्र श्रीपशुपतिनाथ... - डा. माधवप्रसाद लामिछाने	६
३.	ध्यान : जीवन सूत्र - मानसाग्नि (डा. हरिप्रसाद पोखरेल)	१४
४.	शैवदर्शन : एक विमर्श - विष्णु प्रभात	२१
५.	पशुपतिनाथको पूजा उपासनामा श्रीयन्त्र - विदुरप्रसाद पौडेल	२९
६.	धार्मिक समन्वयको उज्ज्वल नमूना... - प्रा. दिनेशराज पन्त	३१
७.	श्रीपशुपतिनाथ प्रदक्षिणा र प्राचीन... - वरुण खतिवडा	३५
८.	व्यन्जन र स्वर वर्णमा... - गोविन्द न्यौपाने	३९
९.	धर्म र जीवन - विष्णुराज शिवाकोटी	४२
१०.	देउपाटनमा पाइएको विजयदेवको... - श्यामसुन्दर राजवंशी	४४
११.	एकादशी, तुलसी र गङ्गा दशहरा - अच्युतप्रसाद पौडेल	४६
१२.	पशुपति क्षेत्रको गुरुयोजनामा... - रेवति रमण अधिकारी	५१
१३.	पशुपतिनाथ, शिव महिमा र रूपक्वारा - गोपीकृष्ण ढुंगाना	६२

दोस्रो गुरुयोजना

अवसरसँगै चुनौती पनि

पाशुपत क्षेत्रको योजनावद्ध संरक्षण, सम्वर्द्धन र समग्र विकासका लागि पशुपति क्षेत्र विकास कोषको स्थापना भएको हो । यसका लागि अल्पकालीन योजना र रणनीति मात्र पर्याप्त छैन । समग्र विकासका लागि कोषले यसअघि दस वर्षे गुरुयोजना निर्माण र कार्यान्वयन गरिसकेको छ । लामो प्रयासपछि पुनः ५० वर्षे दोस्रो गुरुयोजना तयार पारिसकेको छ । कार्यान्वयन भने सहज छैन । थुप्रै अवसर दिने सम्भावना बोकेको यो गुरुयोजनाले चुनौती पनि सँगैसँगै ल्याएको छ । दीर्घकालीन सोचसहितको यो गुरुयोजनाले पाशुपत क्षेत्रलाई नयाँ परिणाम दिनेमा यसमा संलग्न विज्ञ, सरोकारवाला र कोषका पदाधिकारीको विश्वास छ । भगवान् श्रीपशुपतिनाथ विराजमान पाशुपत क्षेत्र प्राचीन कालदेखि नै वैदिक सनातन धर्मावलम्बीको पावन तीर्थस्थल भएकाले यसलाई अझ विश्वकै आकर्षणको केन्द्र बनाउन यो दोस्रो गुरुयोजनाले मार्ग प्रशस्त गर्नेमा कोष ढुक्क छ । कोषको नेतृत्व सम्हालिरहनु भएका सदस्यसचिव **डा. प्रदीप ढकाल**सँग पशुपतिनाथ मन्दिर, दोस्रो गुरुयोजना र समग्र पाशुपत क्षेत्रको विकासबारे **गोपीकृष्ण ढुंगाना**ले गरेको कुराकानी :

▸ भक्तजनका रूपमा पशुपतिनाथ मन्दिर आउँदा र नेतृत्वमा बस्दा के कस्तो फरक पाउनुभयो ?

पाशुपत क्षेत्र नेपाल र नेपालीको आस्थाको केन्द्र हो । यो नेपालको राष्ट्रिय गौरव पनि हो । विश्वभरका समस्त हिन्दू धर्मावलम्बीको तीर्थस्थल पनि हो । विश्व सम्पदा सूचीमा परेका कारणले पनि यसको महत्व विशेष बनेको छ । भक्तजनका रूपमा पशुपतिनाथ मन्दिर आउँदा विशुद्ध भक्त बनेर आएँ । नेतृत्वमा बस्दा विशुद्ध नेतृत्वकर्ताकै रूपमा समग्र मन्दिर व्यवस्थापनमा जुटिरहेको छु । अहिले पनि म मन्दिर जाँदा भक्तकै रूपमा जान्छु र दर्शन गर्छु । कोषको नेतृत्व तहमा सधैं कोही पनि रहँदैन । त्यसैले यसपछिका दिनमा म सामान्य भक्तकै रूपमा जानेछु । यसकारण भिन्नता पाएको छैन । भिन्नता त हेर्ने दृष्टिकोणले हुने हो ।

▸ पशुपति क्षेत्र विकास कोषमा सदस्य सचिवको जिम्मेवार भूमिकामा हुनुहुन्छ, नेतृत्व सम्हालेदेखि आजसम्मको समीक्षा (आफू आएपछि भएका मुख्य काम) कसरी गर्नु हुन्छ ?

मेरो नेतृत्वमा सञ्चालन भइरहेको कोषको मूल्यांकन मैले गर्ने होइन भन्ने लाग्छ । यो त भक्तजन, स्थानीयवासी र सरोकारवालाले गर्ने हो । अझ नेतृत्व जसको भए पनि हामीको भावमा अघि बढेर काम गरिरहेका छौं । समूहले

दीर्घकालीन र अल्पकालीन रणनीति तय गरिएका छन् । यो क्षेत्रमा आउने भक्तजन र दर्शनार्थीको सुविधा पहिलो प्राथमिकता हो । प्रभावपूर्ण सुरक्षा प्रणालीको व्यवस्था गर्नु, सुव्यवस्थित यातायात प्रणालीको व्यवस्था गर्नु, धार्मिक-आध्यात्मिक वातावरण प्रदान गर्नु, मूर्त र अमूर्त सम्पदाको संरक्षण गर्नु, वाग्मती नदीको शुद्धिकरण र जलप्रवाह गर्नु, प्राकृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन गर्नुजस्ता काम गरी पाशुपत क्षेत्रको समतामूलक विकास गर्ने काम हुनेछन् । तीन वर्षको एक चरण हुने गरी गुरुयोजनालाई चरणवद्ध ढङ्गले कार्यान्वयन गर्नेछौं । पाशुपत क्षेत्रलाई शिव र शक्तिसँग सम्बन्धित निगम र आगमको अध्ययन एवम् अनुसन्धान केन्द्र बनाइने छ ।

प्राङ्गण बिस्तारलाई प्राथमिकतामा राखेका छौं। एक शताब्दीसम्मको सोच राखेर गुरूयोजना तयार पारिएको छ। गुह्येश्वरी मन्दिरको समेत प्राङ्गण बिस्तार गर्ने गुरूयोजनामा छ। दिनप्रतिदिन दर्शनार्थीको बढ्दो चापलाई ध्यानमा राखेर पशुपतिमा कम्तिमा एक लाख भक्तजन अट्ने गरी प्राङ्गणको विकास गर्नेछौं। यी दुवै काम कम संवेदनशील र चुनौतीपूर्ण छैनन्। पाशुपत क्षेत्रको चिनारी वा सम्पत्ति भनेकै सदियौंदेखि रहिआएका मूर्त र अमूर्त सम्पदा नै हुन्। हाम्रा पूर्खाले नासोको रूपमा छोडेका सम्पदाहरूको संरक्षण र प्रवर्द्धन नै हाम्रो प्रमुख दायित्व पनि हो। कोषले अनुसन्धान गराएर पाशुपत क्षेत्रका मूर्त अमूर्त सम्पदाको अभिलेखीकरण गरिसकेको छ। पुस्तक प्रकाशनको काम अन्तिम चरणमा छ। प्राप्त ऐतिहासिक तथ्यका आधारमा हेर्ने हो भने लिच्छवि कालदेखिका मूर्ति र अभिलेख यहाँ छन्। मूर्ति, मन्दिर, सत्तल लगायतका प्राचीन सम्पदाको खुला सङ्ग्रहालय नै हो पाशुपत क्षेत्र। यी सबैलाई गुरूयोजनाले अल्प र दीर्घकालीन रणनीतिमार्फत सम्बोधन गरेको छ।

यहाँ रहेका कतिपय व्यवस्थापनका कमजोरीलाई सुधार गरेको छ। एउटा सबल र सम्पन्न संस्थामा रहेका कतिपय कमजोरीलाई चुस्तदुरुस्त पार्नु आगामी बाटो निश्चिन्त बनाउनु हो, त्यही गरेका छौं। सामान्य दैनिकी चलाउनेदेखि बृहत गुरुयोजना बनाउनेसम्मका काम गरेका छौं। सबै काम पारदर्शी छन्। कोषको अनलाइनबाट पनि धेरै थाहा पाउन सकिन्छ। कतिपय भौतिक काम त पाशुपत क्षेत्र आउँदा पनि देखिन्छ। समीक्षा गर्ने जिम्मा सम्बन्धित पक्षले गरोस्।

▶ विश्वकै हिन्दू धर्मावलम्बीको विशेष गन्तव्य पशुपतिनाथ मन्दिरको सुधारका लागि कस्तो योजना छ ?

विश्व सम्पदा सूचीमा सूचीकृत पाशुपत क्षेत्र मुलुकको संरक्षित स्मारक क्षेत्र हो। यो पूर्वीय दर्शनको एक महत्वपूर्ण केन्द्र हो। नेपाललाई विश्व मानचित्रमा चिनाउने मूर्त सम्पदा पनि हो। यो पाशुपत क्षेत्रभित्र मूर्तसँगै थुप्रै अमूर्त सम्पदा पनि छन्। पाशुपत क्षेत्रमा रहेका यी सम्पदाले हिन्दूमात्र होइन, अरू धर्मका भक्तजनलाई पनि समेटेको छ। एक किसिमले यो क्षेत्र साझा क्षेत्र पनि हो। जुन पाशुपत क्षेत्रको इतिहास अध्ययन गर्नेले प्रमाणित गरेका छन्। यस क्षेत्रलाई आध्यात्मिक केन्द्रको रूपमा विकास गर्नका लागि आवश्यक अवयवहरू जोडिरहेका छौं।

गुरुयोजनामार्फत् पशुपति र गुह्येश्वरी प्राङ्गण विस्तार, पशुपति दर्शन पथ निर्माण, भौतिक पूर्वाधार विकास, प्रदूषण नियन्त्रण, डेक पार्किङ, पशुपति अध्ययन केन्द्र निर्माण, अन्नदान भवन निर्माण, पशुपति बजार निर्माण, यज्ञशाला निर्माण र वहुउद्देश्यीय पशुपति साधना भवन निर्माणका काम गर्दैछौं। यसैगरी, वाग्मती जल प्रवाह प्रवर्धन, भूक्षय नियन्त्रण तथा हरियाली प्रवर्धन, बहुउद्देश्यीय कार्यालय भवन निर्माण, शिवशक्ति लीला भवन निर्माण, त्रिविक्रम मन्दिर निर्माण, पशुपति क्षेत्र प्रदक्षिणा पथ निर्माण गर्दैछौं। पशुपति आगम घर निर्माणदेखि पशुपति सभा भवन निर्माणसम्मका काम योजनामा छन्। विश्वकै हिन्दू धर्मावलम्बीको एकमात्र आस्थाको केन्द्र मानिएको यो ठाउँलाई आकर्षणको केन्द्र बनाउन समय त लाग्छ नै। हामीले आधारशिला तयार गरिसकेका छौं।

▶ पाशुपत क्षेत्रको समग्र विकासका लागि दोस्रो गुरुयोजना अघि सार्नु भएको छ। के कस्ता योजना छन् ?

समग्र क्षेत्रलाई नै एउटा धार्मिक वातावरण कायम गर्दै आध्यात्मिक जागरणका लागि शिक्षा, शान्ति र मानवताको प्रवर्द्धन गर्ने सोचका साथ योजना बनेका छन्। यो सनातन तीर्थस्थल हो। पाशुपत क्षेत्र मानवीय सद्भाव, विश्वशान्ति र धार्मिक समन्वयको त्रिवेणी पनि भएकाले सोहीअनुसारका योजना बनाएका छौं। विश्वभरका वैदिक सनातन धर्मका अनुयायीहरुको आस्थाको केन्द्र भएकाले सोहीअनुसार सम्बोधन हुने गरी काम हुँदैछन्। भगवान् पशुपतिनाथका नामबाट देश र जनताको हितका लागि आवश्यक पर्ने काम हुनेछन्। यसका लागि शिक्षा, स्वास्थ्य र समाजकल्याणसम्बन्धीका योजना चरणवद्ध रूपमा सञ्चालन गरिनेछन्। पशुपति क्षेत्रको योजनावद्ध विकासका लागि अन्तर्राष्ट्रिय दातृ निकाय समेतलाई परिचालन गर्ने गरीका योजना अघि बढाएका छौं। सरोकारवालालाई समेट्ने गरी सहकार्यको ढाँचा अपनाएका छौं।

▶ गुरुयोजनाका उद्देश्य र रणनीति के छन् ?

दीर्घकालीन र अल्पकालीन गरी दुई किसिमका रणनीति तय गरिएका छन्। यो क्षेत्रमा आउने भक्तजन र दर्शनार्थीको सुविधा पहिलो प्राथमिकता हो। प्रभावपूर्ण सुरक्षा प्रणालीको व्यवस्था गर्नु, सुव्यवस्थित यातायात प्रणालीको व्यवस्था गर्नु, धार्मिक-आध्यात्मिक वातावरण प्रदान गर्नु, मूर्त र अमूर्त सम्पदाको संरक्षण गर्नु, वाग्मती नदीको शुद्धिकरण र जलप्रवाह गर्नु, प्राकृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन गर्नुजस्ता काम गरी पाशुपत क्षेत्रको समतामूलक विकास गर्ने काम हुनेछन्। तीन वर्षको एक चरण हुने गरी गुरुयोजनालाई चरणवद्ध ढङ्गले कार्यान्वयन गर्नेछौं। पाशुपत क्षेत्रलाई शिव र शक्तिसँग सम्बन्धित निगम र आगमको अध्ययन एवम् अनुसन्धान केन्द्र बनाइने छ।



कोषका सदस्यसचिव डा. प्रदीप ढकालसँग अन्तर्वार्ता लिँदै गोपीकृष्ण ढुंगाना

▶ गुरुयोजना कति वर्षका लागि हो ? के कति बजेट खर्च हुने अनुमान गर्नुभएको छ ? बजेटको व्यवस्थापन कसरी जुटाउनुभएको छ ?

हामीले जनसंख्याको चापलाई मध्यनजर गर्दै आगामी ५० वर्षको अवधारणा अगाडि बढाएका छौँ । १५ वर्षभित्र विकास निर्माणका सबै काम सम्पन्न गरिसक्ने लक्ष्य लिएका छौँ । करिब ४० अर्ब रूपैयाँ लाग्ने अनुमान छ । नेपाल सरकार, कोष र दाता परिचालनबाट स्रोत व्यवस्थापन हुनेछ । समयावधिका दृष्टिले हेर्ने हो भने एक सय वर्षपछिसम्मका लागि हुनेगरी गुरुयोजना अघि बढाइएको छ ।

▶ गुरुयोजनाले पशुपतिनाथ मन्दिरको कोर क्षेत्रलाई कसरी विकास गर्ने सोच बनाएको छ ?

हामीले प्राङ्गण बिस्तारलाई प्राथमिकतामा राखेका छौँ । आगामी एक शताब्दीसम्मको सोच राखेर गुरुयोजना तयार पारिएको छ । गुह्येश्वरी मन्दिरको समेत प्राङ्गण बिस्तार गर्ने गुरुयोजनामा छ । दिनप्रतिदिन दर्शनार्थीको बढ्दो चापलाई ध्यानमा राखेर यी महत्वपूर्ण दुई निर्णय गरेका हौं । पशुपतिमा कम्तिमा एक लाख भक्तजन अट्ने गरी प्राङ्गणको विकास गर्ने सोच राखेका छौँ । यी दुवै काम कम संवेदनशील र चुनौतीपूर्ण छैनन् । यहाँका सम्पदालगायतका विषयमा कुनै असर नपर्ने गरी यी काम हुनेछन् ।

▶ गुरुयोजनाले मूर्त र अमूर्त सम्पदालाई कसरी सम्बोधन गरेको छ ?

पाशुपत क्षेत्रको चिनारी वा सम्पत्ति भनेकै सदियौं वर्षदेखि रहिआएका मूर्त र अमूर्त सम्पदा नै हुन् । हाम्रा पूर्खाले नासोको रूपमा छोडेका सम्पदाहरूको संरक्षण र प्रवर्द्धन नै हाम्रो प्रमुख दायित्व पनि हो । कोषले अनुसन्धान गराएर पाशुपत क्षेत्रका मूर्त अमूर्त सम्पदाको अभिलेखीकरण गरिसकेको छ । पुस्तक प्रकाशनको काम अन्तिम चरणमा छ । प्राप्त ऐतिहासिक तथ्यका आधारमा हेर्ने हो भने लिच्छवि कालदेखिका मूर्ति र अभिलेख यहाँ छन् । मूर्ति, मन्दिर, सत्तललगायतका प्राचीन सम्पदाको खुला सङ्ग्रहालय नै हो पाशुपत क्षेत्र । यी सबैलाई गुरुयोजनाले अल्प र दीर्घकालीन रणनीतिमार्फत सम्बोधन गरेको छ ।

पशुपति अध्ययन केन्द्र निर्माण गर्दैछौँ । पशुपति सङ्ग्रहालयको भवन तयार भइसक्यो । अन्नदान भवन र पशुपति सभा भवन निर्माण गर्दैछौँ । यही वर्ष ३ वटा नयाँ विद्युतीय शवदाह गर्ने मेसिन थप्ने काम हुँदैछ । पशुपति नक्षत्र मण्डल बनाउनेदेखि पशुपति क्षेत्र प्रदक्षिणा पथ निर्माणसम्मका काम हुनेछन् । लामो समयदेखि अव्यवस्थित पशुपतिनाथ मन्दिर आसपास रहने ब्राह्मणलाई व्यवस्थित गर्ने काम भइरहेको छ । उनीहरूलाई परीक्षा लिएर योग्य पुजारी मात्र कर्मकाण्ड गर्न पाउने व्यवस्था हुनेछ ।

▶ कोषले अनुसन्धानात्मक कामलाई अघि बढाएको छ, के कस्ता काम भइरहेका छन् ?

पशुपतिनाथप्रतिको जनताको आस्था र विश्वास प्राचीन कालदेखि नै अविच्छिन्न छ । सांस्कृतिक, आध्यात्मिक र धार्मिक दृष्टिले यो ठाउँको महिमा अत्यन्त उचो छ । पुरातात्विक महत्वले सुनमा सुगन्ध थपिएको छ । सबै धर्मावलम्वीको आस्था हुनेगरीका संरचनाले यस क्षेत्रको पृथक महत्व छ । सर्वाधिक महत्वको क्षेत्र भएर पनि दुनियाँलाई जानकारी कम भएको पाएका छौं । त्यसैले कोषले अब अनुसन्धान समेतका काम गर्ने भएको छ । द्वैमासिक रूपमा 'पाशुपत दर्पण' प्रकाशन गर्ने काम २०७६ फागुन-चैतदेखि सुरु भइसकेको छ । यस क्षेत्रका मठमन्दिर र सम्पदाबारे परिचय पुस्तिका आदि निकाल्ने काम हुनेछ । प्रचार-प्रसार तथा प्रकाशनसम्बन्धी कार्यलाई नियमित सञ्चालन गर्न कोषले छुट्टै कार्यविधि बनाएर प्रकाशनको व्यवस्था हुनेछ । नेपालको वैदिक सनातन धर्मसंस्कृतिको केन्द्रीय भूमिकामा रहेर कोषले सनातन धर्म, संस्कृतिसँग सम्बन्धित विभिन्न विषयका अनुसन्धानात्मक लेख समेटेर जर्नल प्रकाशित गर्नेछ । यसले अनुसन्धान गर्ने प्रवृत्तिको विकास हुनेछ भने धर्मसंस्कृतिप्रतिको रुढ धारणा हट्दै जानेछ । साथै नयाँ पुस्ताले वैज्ञानिक दृष्टिकोण विकास गरी धर्म र संस्कृतिलाई आत्मसात गर्नेछन् ।

▶ गुरुयोजनालाई पाशुपत क्षेत्रको विकाससँग जोडेर हेर्दा अवसरसँगै चुनौति पनि त होलान् नि ?

हरेक क्षेत्रमा अवसर र चुनौति उत्तिकै हुन्छन् । यहाँ पनि त्यही नै हो । यो क्षेत्रलाई विश्वकै एक प्रमुख धार्मिक र आध्यात्मिक केन्द्रको रूपमा स्थापित गर्ने दायित्व हामी सबैको हो । पर्यटकीय दृष्टिले पनि प्रमुख पर्यटकीय गन्तव्यको रूपमा विकास गर्ने सोच रहेको छ हाम्रो । एक शताब्दीसम्मको सोच राखेर बनाइएको यो दोस्रो गुरुयोजना आफैंमा यस क्षेत्रका लागि महत्वपूर्ण अवसर हो । पशुपतिनाथ र पाशुपत क्षेत्र वैदिक सनातन धर्मका लागि अनुयायीको मुख्य आराधना स्थल मात्र होइन, नेपालकै परिचय र गौरवको द्योतक तत्व पनि । सांस्कृतिक सम्पदा अतिक्रमित हुनु, संस्कृतिमैत्री समाज स्वार्थमैत्री हुनु, पशुपतिनाथका नाममा रहेका जग्गा अतिक्रमित हुनु, पाशुपत क्षेत्र क्रमशः कङ्क्रिटको जंगल बन्दै जानु, वाग्मती नदी दूषित बनिरहनु आदि थुपै चुनौति छन् ।

▶ गोठाटारको जग्गाको भरपूर उपयोग हुन सकेको छैन ? केही सोच्नुभएको छ ?

पाशुपत क्षेत्रलाई समग्र विकास गर्न क्षेत्र-उपक्षेत्र गरी विभाजन गरेका छौं । केन्द्रीय क्षेत्र, सन्निकट क्षेत्र, परिधीय क्षेत्र र सेवा क्षेत्र गरी चार भागमा विभाजन गरेका छौं । यो क्षेत्र पशुपति क्षेत्रभन्दा साढे तीन किलोमिटर उत्तरपूर्वी भागमा पर्दछ । यो क्षेत्र पशुपति क्षेत्रका केन्द्रीय, सन्निकट र परिधीय क्षेत्रसँग प्रत्यक्ष जोडिएको भने छैन । त्यसैले हामीले त्यहाँ शैक्षिक केन्द्र, स्वास्थ्य केन्द्र, गौशाला र पुनर्वास (वृद्धाश्रम, बालउद्यान आदि), धार्मिक वनोद्यान र सामुदायिक केन्द्र निर्माण गर्न गइरहेका छौं । यो क्षेत्र भविष्यमा पाशुपत क्षेत्रको एउटा प्रमुख क्षेत्रको रूपमा विकास हुनेछ । गौशाला, विश्वविद्यालय र अस्पतालको निर्माण हाम्रो प्राथमिकतामा रहेका छन् ।



पशुपतिनाथ मन्दिर परिसरमा बगेको वाग्मती नदी/rajunepal.com

वाग्मती नदीलाई व्यवस्थित गर्ने योजना पनि छ कि ?

भगवान् शिवकै हाँसोबाट वाग्मती नदीको उत्पत्ति भएको पौराणिक कथन छ । पाशुपत क्षेत्रमा पशुपतिनाथको जस्तो धार्मिक महत्व छ, त्यसरी नै त्यत्तिकै महत्व वाग्मती नदीको पनि छ । वाग्द्वारबाट प्रवाहित वाग्मती नदी शिवपुरी जलाधार क्षेत्र हुँदै सुन्दरीजल र गोकर्ण भएर यस क्षेत्रमा आइपुग्छ । नेपालमा कौशिकी र गण्डकी सभ्यताजस्तै वाग्मती सभ्यता पनि प्राचीन सभ्यताका रूपमा छ । नेपाल सरकारले शिवपुरी धापमा २४ मिटर अग्लो पानी सङ्कलन जलाशय बनाउँदैछ । यस जलाशयबाट वाग्मतीको जलप्रवाह प्रवर्द्धनका लागि पानी छोड्ने कुरो भएको छ । तर, यत्तिले मात्र सुख्खा मौसममा वाग्मती नदीलाई अपेक्षित ढङ्गले प्रवाहित गर्न नसकिने भएकाले गुह्येश्वरी मन्दिर पूर्वोत्तर भागको खाली क्षेत्र र सँगैको खाली क्षेत्रमा वर्षाको पानी सङ्कलन गरी बृहत् जलाशय निर्माण गर्दैछौँ । यो कार्य आगामी आर्थिक वर्षभित्रै सम्पन्न गर्ने गरी कार्यक्रम अगाडि बढाएका छौँ ।

पाशुपत परिसरमा देखिने पार्किङको समस्यालाई गुणस्तरीय बनाउने सोच के छ ?

पाशुपत क्षेत्रमा सवारी साधनको चाप बढ्दो छ । तर, पार्किङ स्थल सीमित छ । यसकारण बहुतले विश्रामस्थल आवश्यक देखिन्छ । हाल खाली देखिएको कोषले अधिग्रहण गरेको बी इलेभेन र बी थर्टिन संरक्षित स्मारक क्षेत्रभित्र पर्ने उक्त स्थानमा पार्किङको सुविधा विकास गर्ने योजना बनाइएको छ । भोजन प्रसाद गृहको पश्चिमतर्फ डेक पार्किङ निर्माण गर्ने योजना दोस्रो गुरुयोजनामा परेको छ । पशुपति क्षेत्रमा खासगरी भक्तजनका लागि हलुका सवारीसाधनको पार्किङ सुविधालाई ध्यानमा राख्नु पर्ने भएकाले पूर्वयोजनाअनुसार प्रसादी गृहको पश्चिम भागमा जमिनमुनि र माथि गरी दुई तहको डेक पार्किङ बनाउन उपयुक्त देखिएको छ । बी इलेभेनको पश्चिम तर्फको भागमा पशुपति सभा भवन निर्माण गर्दा पनि बी टुभेलमा जस्तै दुई तहको हलुका सवारी साधन पार्किङ सुविधाको विकास गर्न सकिन्छ । समग्र पशुपति क्षेत्रको पार्किङ व्यवस्थाका लागि काठमाडौँ महानगरपालिका तथा स्थानीय वडा कार्यालयसँग समन्वय गरेर अघि बढ्न उपयुक्त हुने सुझाव गुरुयोजनामा छ । सी वानमा बहुउद्देश्यीय कोष कार्यालय भवन निर्माण गर्दा पनि हलुका सवारी र पर्यटक वाहनका लागि पार्किङ सुविधाको व्यवस्था गर्ने योजना छ । व्यवस्थित पार्किङका लागि योजना अगाडि बढाइसकेका छौँ ।

पाशुपत क्षेत्रमा गर्न लागिएका अरू काम पनि त होलान् नि ?

पशुपति अध्ययन केन्द्र निर्माण गर्दैछौँ । पशुपति सङ्ग्रहालयको भवन तयार भइसक्यो । अन्नदान भवन र पशुपति सभा भवन निर्माण गर्दैछौँ । यही वर्ष तीन वटा नयाँ विद्युतीय शवदाह गर्ने मेसिन थप्ने काम हुँदैछ । पशुपति नक्षत्र मण्डल बनाउनेदेखि पशुपति क्षेत्र प्रदक्षिणा पथ निर्माणसम्मका काम हुनेछन् । लामो समयदेखि अव्यवस्थित पशुपतिनाथ मन्दिर आसपास रहने ब्राह्मणलाई व्यवस्थित गर्ने काम भइरहेको छ । उनीहरूलाई परीक्षा लिएर योग्य पुजारी मात्र कर्मकाण्ड गर्न पाउने व्यवस्था हुनेछ । पशुपत क्षेत्रका मूर्त अमूर्त सम्पदाबारे हामीले समग्र योजना बनाइसकेका छौँ । पूजा नभएका मन्दिरमा पूजा गर्ने, विलुप्त भएका अमूर्त सम्पदाहरूको खोजी गरी समयानुकूल बनाउने जस्ता थुप्रै काम हुँदैछन् ।

अन्त्यमा, केही भन्नु छ कि ?

भन्नु भन्दा पनि काम गरेर देखाउनु पर्छ भन्ने मेरो सिद्धान्त छ । कामले परिणाम देखाउँछ । संस्थागत काम भएकाले यो कोष नेतृत्वकर्ता वा पदाधिकारीको मात्र पहल र प्रयासले सम्भव छैन । हाम्रा दृष्टिकोणलाई योजना र बजेटमा ढालिसकेपछि कर्मचारीले त्यसलाई कार्यान्वयन गर्नुपर्ने भएकाले दुवै पक्षको सहकार्य र समन्वयमा यी सबै सम्भव देख्छु । पाशुपत क्षेत्रको समग्र विकास नेपालमात्र होइन, विश्वभरका हिन्दू धर्मावलम्बीका लागि भए पनि यससँग प्रत्यक्ष जोडिएको तेस्रो पक्ष हो स्थानीयवासी । पाशुपत क्षेत्रको विकासले हुने फाइदा कोषले वा सरकारले मात्र पाउने होइन, स्थानीयवासी पनि हो । त्यसैले यी विकासमा स्थानीयवासीको पनि सकारात्मक र अहम् भूमिका कोषले खोजेको छ । मैले त पाशुपत क्षेत्रको विकासमा हरेक भक्तजनले खेल्ने प्रत्यक्ष परोक्ष भूमिकामा झन् धेरै सम्भावना देखेको छु ।

❖❖❖

पाशुपत क्षेत्र नेपाल र नेपालीको आस्थाको केन्द्र हो । यो नेपालको राष्ट्रिय गौरव पनि हो । विश्वभरका समस्त हिन्दू धर्मावलम्बीको तीर्थस्थल पनि हो । विश्व सम्पदा सूचीमा परेका कारणले पनि यसको महत्व विशेष बनेको छ । भक्तजनका रूपमा पशुपतिनाथ मन्दिर आउँदा विशुद्ध भक्त बनेर आएँ । नेतृत्वमा बस्दा विशुद्ध नेतृत्वकर्ताकै रूपमा समग्र मन्दिर व्यवस्थापनमा जुटिरहेको छु । अहिले पनि म मन्दिर जाँदा भक्तकै रूपमा जान्छु र दर्शन गर्छु । कोषको नेतृत्व तहमा सधैँ कोही पनि रहँदैन । त्यसैले यसपछिका दिनमा म सामान्य भक्तकै रूपमा जानेछु । यसकारण भिन्नता पाएको छैन । भिन्नता त हेर्ने दृष्टिकोणले हुने हो । विश्व सम्पदा सूचीमा सूचीकृत पाशुपत क्षेत्र मुलुकको संरक्षित स्मारक क्षेत्र हो । यो पूर्वीय दर्शनको एक महत्वपूर्ण केन्द्र हो । नेपाललाई विश्व मानचित्रमा चिनाउने मूर्त सम्पदा पनि हो । यो पाशुपत क्षेत्रभित्र मूर्तसँगै थुप्रै अमूर्त सम्पदा पनि छन् । पाशुपत क्षेत्रमा रहेका यी सम्पदाले हिन्दूमात्र होइन, अरू धर्मका भक्तजनलाई पनि समेटेको छ ।

षड्वक्त्र श्रीपशुपतिनाथ एवम् षडाम्नायविद्या

✍ डा. माधवप्रसाद लामिछाने, उपप्राध्यापक

विषय प्रवेश

भगवान् शिवका अनेकौं नाममध्ये श्रीपशुपतिनाथ एउटा प्रमुख नाम हो । वेदसंहिता र ब्राह्मणमा रुद्रलाई पशु र मनुष्यका रक्षक, अनेकौं औषधिका ज्ञाता, लता एवम् वनस्पतिका देवता आदि भनेर स्तुति गरिएकाले यिनी आफ्ना क्रियाकलापद्वारा पशुप वा पशुपतिका रूपमा सम्मानित रहेको देखिन्छ । पशुपतिनाथलाई पार्थिव जगत्का अधीश्वर, उग्र र कल्याणमय रूपका साथै समस्त भुवनका मालिक तथा विश्वव्यापी सत्ताका रूपमा वेद, उपनिषत्, तन्त्र, पुराण आदिमा महिमागान गरिएको छ ।

यसका साथै पृथ्वी, जल, तेज, वायु र आकाश रूप पञ्चतत्त्वको अधिष्ठानका रूपमा पनि यिनको मान्यता देखिन्छ । श्रीपशुपतिनाथका छवटा मुख र तिनका अभिन्न शक्तिको कल्पना गर्दै तन्त्र तथा आगम ग्रन्थहरूमा श्रीपशुपतिनाथका तिनै मुखहरूवाट आफ्ना अभिन्न शक्तिहरूलाई दिएको उपदेश नै षडाम्नायविद्याका रूपमा प्रसिद्ध भएको विवरण पाइन्छ । यसै प्रसङ्गमा प्रस्तुत लेखमा श्रीपशुपतिनाथका छवटा मुख र तन्त्रशास्त्रमा उल्लिखित षडाम्नायविद्याका विषयमा सङ्क्षेपमा चर्चा गरिन्छ ।

श्रीपशुपतिनाथको स्वरूप

पञ्चब्रह्मोपनिषद्मा भगवान् को हुन् भन्ने प्रश्नको उत्तरमा भगवान् सद्योजात, वामदेव, अघोर, तत्पुरुष, र ईशान हुन् भन्ने उत्तर प्राप्त भएको छ[१] । यिनै पञ्चब्रह्म हुन् र पञ्चब्रह्मको समन्वित स्वरूप नै परमतत्त्व पशुपतिनाथ हुन् । माथि उल्लिखित सद्योजात आदि पञ्चब्रह्मलाई स्वच्छन्द तन्त्रले ब्रह्मा आदि पञ्च महाप्रेतका रूपमा उल्लेख गरेको छ । जसअनुसार पश्चिममुख सद्योजात ब्रह्मा, उत्तरमुख वामदेव विष्णु, दक्षिणमुख अघोर रुद्र, पूर्वमुख तत्पुरुष ईश्वर र ऊर्ध्वमुख ईशान सदाशिव हुन्[२] ।

सोही तन्त्रमा सद्योजातलाई ऋग्वेद, वामदेवलाई यजुर्वेद, अघोरलाई सामवेद र तत्पुरुषलाई अथर्ववेद तथा ईशानलाई सर्वविद्यास्वरूप मानिएको छ[३] । श्रीपशुपतिनाथका यी पाँच मुखका अतिरिक्त सर्वाधारस्वरूप छैठौं मुखको पनि कल्पना गरिएको छ जसलाई पिचुवक्त्र, पातालवक्त्र, रहस्यवक्त्र आदि नाम दिइएको छ । उक्त वक्त्र (मुख) कालाग्निरुद्रका नामले जानिन्छ । भगवान्का सृष्टि, स्थिति, संहार, निग्रह र अनुग्रहस्वरूप पाँचै कृत्य प्रलयकालमा तिनै कालाग्निरुद्रमा लय हुन्छन् ।

व्यक्त र अव्यक्त दुवै रूपले निरूपण गरिएको, सबैभन्दा श्रेष्ठ रूप भएको, ३६ तत्व स्वरुप भएको, ३६ तत्वभन्दा पनि माथि तत्वातीत विश्वोत्तीर्ण तत्त्वका रूपमा रहेको, कहिल्यै ननासिने अक्षरस्वरुप भएको, योगीहरुद्वारा सदा ध्यान गरिने भएको, ओमकार आदि समस्त मन्त्रहरुको जनक भएको, सूक्ष्मभन्दा पनि सूक्ष्म परम सूक्ष्म तत्त्वका रूपमा रहेको, श्रीपशुपतिनाथको आकाशव्यापी तेजोमय मुखलाई म वन्दना गर्दछु ।

---

१ "भगवान् भो किमादौ किं जातमिति । सद्योजातमिति । किं भगव इति । अघोर इति । किं भगव इति । वामदेव इति । किं वा पुनरिमे भगव इति । तत्पुरुष इति । किं वा पुनरिमे भगव इति । सर्वेषां दिव्यानां प्रेरयिता ईशान इति ।

—पञ्चब्रह्मोपनिषत्, १ ।

२ सद्योजातस्तु वै ब्रह्मा वामो विष्णुः प्रकीर्तितः ।
अघोरो रुद्र इत्युक्तस्तथा पुरुष ईश्वरः ॥
ईशानस्तु वरारोहे स्वयं देवः सदाशिवः ।

—स्वच्छन्दतन्त्र, ११।४०–४१

३ सद्योजातस्तु ऋग्वेदो वामदेवो यजुःस्मृतः ।
अघोरः सामवेदस्तु पुरुषोऽथर्व उच्यते ॥
ईशानश्च सुरश्रेष्ठः सर्वविद्यात्मकः स्मृतः ।

—स्वच्छन्दतन्त्र, ११।४२–४३।१–२

लघुपाशुपतविद्यामा भगवान् श्रीपशुपतिनाथका चारवटा मुखको ध्यान गरिन्छ भने मध्यमपाशुपतविद्यामा पाँचवटा मुखको र महापाशुपतविद्यामा छवटा मुखको ध्यान गरिन्छ । कालाग्निरुद्रस्वरूप छैठौं मुखको ध्यान यही महापाशुपतविद्यामा गरिन्छ । महापाशुपतविद्यामा गरिने श्रीपशुपतिनाथको ध्यान यस प्रकार छ :-

सूर्यकोटिप्रतीकाशं चन्द्रकोटिसुशीतलम् ।
उत्तप्तहेमसंकाशं त्रिकोणोपरिसंस्थितम् ॥
पूर्वे तप्तसुवर्णाभं शान्तं विष्ण्वात्मकास्यकम् ।
दक्षिणे भैरवास्यञ्च श्यामं द्रंष्ट्रांकुरान्वितम् ॥
क्षीरकुन्देन्दुधवलं कात्मकं पश्चिमाननम् ।
उत्तरे वदनं गौरं गौरीशङ्कररूपकम् ॥
जटाजूटं चन्द्रचूडं प्रतिवक्त्रत्रिलोचनम् ।
ऊर्ध्वे ज्योतिर्मयं वक्त्रं शिखाकारं तदन्तरे ॥
श्रीचक्रराजचिह्नन्तु परब्रह्मात्मकं विभुम् ।
नाभौ कालाग्निरुद्राख्यवदनं प्रोज्ज्वलाननम् ॥
पन्नगाभरणोपेतं रुद्राक्षैः समलंकृतम् ।
नानारत्नोज्ज्वलांगञ्च मुण्डमालाविभूषणम् ॥
विल्वपत्रमयीमाला या पादान्तावलम्बितम् ।
दक्षिणैर्वेददोर्दण्डैरभीतिदानमुत्तमम् ॥
वरदं वामहस्तैश्च चतुर्भिर्दधतं शिवम् ।
एवमष्टभुजं देवं सदा षोडशवार्षिकम् ॥
खगान्तरे शून्यमध्ये शून्यपद्मोपरिस्थितम् ।
श्रीमत्पशुपतिं ध्यायेत् सच्चिदानन्दलक्षणम् ॥४

अर्थात्, करोडौं सूर्यको झैं प्रकाश भएका, करोडौं चन्द्रमाको झैं शीतलता भएका, आगोमा तताएको सुनको झैं वर्ण भएका, त्रिकोण (योनिरूप जलहरी) माथि बसेका, पूर्वमा आगोमा तताएको सुनको झैं वर्ण भएका तथा शान्त विष्णुस्वरूप मुखले युक्त भएका, दक्षिणमा दाह्रा निस्किएको कालो वर्णको भैरवरूपी मुख भएका, पश्चिममा दूध, चमेलीको फूल र चन्द्रमा झैं सेतो वर्ण भएका ब्रह्मास्वरूप मुख भएका, उत्तरमा गौर वर्णको गौरी र शङ्करको संयुक्त स्वरूप भएका, जटाको जूरो बाँधेका, शिरमा चन्द्रमा धारण गरेका, हरेक मुखमा तीन तीनवटा आँखा भएका, माथितिर अग्निशिखास्वरूप ज्योतिर्मय मुख भएका, त्यसमा व्यापक परब्रह्मस्वरूप यन्त्रराज श्रीचक्रको चिह्न भएका, नाभिमा बलिरहेको आगोजस्तो कालाग्निरुद्र नामक मुख भएका, नागरूपी गहना लगाएका, रुद्राक्षले अलङ्कृत भएका, नाना प्रकारका गहनाले सिंगारिएको शरीर भएका, मुण्डमालाको गहना भएका, खुट्टासम्म आउने लामो बेलपत्रको माला लगाएका, दाहिनेतिरका चारवटा हातले अभयमुद्रा धारण गरेका, बायाँपट्टिका चारवटा हातले वरमुद्रा धारण गरेका : यसप्रकार आठवटा हात भएका, सधैं १६ वर्ष जवान देखिने, शून्याकाशमा शून्यस्वरूप कमलमाथि बसेका सच्चिदानन्दस्वरूप श्रीपशुपतिनाथको ध्यान गर्नू ।

माथि उल्लिखित षड्वक्त्र भगवान् श्रीपशुपतिनाथको ध्यान नेपालका श्रीपशुपतिनाथको मुखलिङ्गको स्वरूपसँग हुवहु मिल्दछ । त्यो कसरी भने चार दिशाका चारवटा मुख त माथिको ध्यानसँग मिल्ने कुरा श्रीपशुपतिनाथको दर्शन गर्ने जोसुकैले पनि देख्न सक्छ । ऊर्ध्ववक्त्र ईशान जसलाई ज्योतिर्मय र श्रीयन्त्र अङ्कित मुख भनिएको छ त्यो चाहिँ नित्य मध्याह्नकालमा श्रीपशुपतिनाथको

सद्योजातलाई ऋग्वेद, वामदेवलाई यजुर्वेद, अघोरलाई सामवेद र तत्पुरुषलाई अथर्ववेद तथा ईशानलाई सर्वविद्यास्वरूप मानिएको छ । श्रीपशुपतिनाथका यी पाँच मुखका अतिरिक्त सर्वाधारस्वरूप छैठौं मुखको पनि कल्पना गरिएको छ, जसलाई पिचुवक्त्र, पातालवक्त्र, रहस्यवक्त्र आदि नाम दिइएको छ ।

ऊर्ध्ववक्त्रमा श्रीयन्त्र बनाई उक्त यन्त्रमा गोप्य रूपमा कामेश्वररूप श्रीपशुपतिनाथ र उनको अभिन्न शक्ति कामेश्वरीको पूजा गरिने प्रचलनले त्यसलाई चरितार्थ बनाएको छ । यसबाट नेपालका श्रीपशुपतिनाथको मुखलिङ्ग महापाशुपतविद्यामा वर्णित ध्यानअनुरूप बनाइएको स्पष्ट हुन्छ । त्यसैले अब यहाँ महापाशुपतविद्याका विषयमा छोटो चर्चा गर्नु प्रासङ्गिक हुन आउँछ ।

श्रीविद्या उपासनाका मुख्य नौवटा क्रममध्ये महाक्रममा पुगेपछि मात्रै तीनवटा पाशुपतविद्या :- लघु पाशुपत, मध्यम पाशुपत र महा पाशुपतविद्याको उपदेश हुन्छ । यस महाक्रममा क्रमैसँग आद्याकाली, श्यामाकाली, दक्षिणकाली, एकजटा, नीलसरस्वती, महोग्रतारा, शारदा, बालात्रिपुरा, बालात्रिपुरसुन्दरी, सिद्धिलक्ष्मी, सिद्धिकराली (गुह्यकाली), कामकलाकाली, उन्मनी, अन्नपूर्णा, भुवनेश्वरी, कुब्जिका, वीरकुब्जिका, बज्रकुब्जिका, पञ्चदशी, षोडशी र महाषोडशीको मन्त्र ग्रहण गरेपछि षडन्वयशाम्भव भएर गुरुबाट पूर्णाभिषेक लिइन्छ५ । त्यसपछि मात्रै माथि उल्लिखित तीनवटा पाशुपतविद्या ग्रहण गर्ने अधिकार प्राप्त हुन्छ । यसबाट के कुरा सिद्ध हुन्छ महापाशुपतविद्या प्राप्त गर्नका लागि साधक श्रीविद्याको महाक्रममा दीक्षित हुनु अनिवार्य छ । यसो भएकाले नै श्रीविद्यापरम्परामा निष्णात दाक्षिणात्य भट्टहरूलाई श्रीपशुपतिनाथको प्रधान अर्चकका रूपमा नियुक्त गर्ने परम्परा यहाँ बसेको हो ।

माथि वर्णित स्वरूपका अतिरिक्त अन्यत्र पनि श्रीपशुपतिनाथका छवटा मुखको वर्णन पाइन्छ । सोही विषयमा अब केही चर्चा यहाँ गरिन्छ :-

१. सद्योजात

श्रीपशुपतिनाथको पश्चिम मुख सद्योजातको स्वरूप यस्तो बताइएको छ :-

प्रालेयामलचन्द्रकुन्दधवलं गोक्षीरफेनप्रभं
भस्माभ्यङ्गमनङ्गदेहदहनज्वालावलीलोचनम् ।
ब्रह्मेन्द्रादिमरुद्गणस्तुतिपरं ऋग्वेदशाखामयं ।
सद्योजातमिदं कलङ्करहितं स्थाणोर्मुखं पश्चिमम् ॥६

हिउँजस्तो स्वच्छ र निर्मल वर्ण भएको, चन्द्रमा र चमेली फूलजस्तो सेतो रूप भएको, गाईको दूधको फिँजजस्तो सेतो प्रभा भएको, भस्मलेपन गरेको शरीर भएको, कामदेवलाई भस्म गर्ने अग्निको ज्वाला आँखामा भएको, ब्रह्मा, इन्द्र तथा मरुत् गण आदिले स्तुति गरिने भएको, स्वशाखायुक्त ऋग्वेदमय स्वरूप भएको, अत्यन्त स्वच्छ रूप भएको पश्चिम मुख श्रीपशुपतिनाथको सद्योजातस्वरूप हो ।

---

४ धनशमशेर ज.ब.रा., कामकलारहस्य, पृ. ११० मा उद्धृत ।

५ धनशमशेर ज.ब.रा., क्रमदीक्षारहस्य, पञ्चम पटल, पृ. ३७५ ।

६ विद्यानाथ उपाध्याय भट्ट, तन्त्रविद्यालोकमा उद्धृत, पृ. १७७ ।

२. वामदेव

श्रीपशुपतिनाथको उत्तर मुख वामदेवको स्वरूप यस्तो बताइएको छ :-

गौरं कुङ्कुमपिङ्गलं सुतिलकं व्यापाण्डुगण्डस्थलं
भ्रूविक्षेपकटाक्षवीक्षणलसत् कर्णोत्पलं सुन्दरम् ।
याजुर्वेदमिदं सुधाप्रहसितं नीलालकालङ्कृतं
वामे सिद्धसुरासुरेन्द्रनमितं वक्त्रं रहस्योत्तरम् ॥७

अर्थात् बायाँ भागमा अर्थात् उत्तर दिशामा सेतो वर्ण भएको, कुङ्कुम (केसर) को खैरो चन्दनको तिलक लगाएको, सेतो गला भएको, आँखीभौं खुम्चिने गरी कर्के नजरले हेर्दा चम्किलो बनेको सुन्दर कर्णोत्पल (कानको गहना) भएको, अमृतरूपी हाँसो भएको, घुमेको कालो कपालले सिँगारिएको, सिद्ध, सुर, असुर, इन्द्र आदिले नमस्कार गरिएको यजुर्वेदस्वरूप रहस्यमय उत्तरवक्त्र रहेको छ ।

३. अघोर

श्रीपशुपतिनाथको दक्षिण मुख अघोरको स्वरूप यस्तो बताइएको छ :-

कालाभ्रभ्रमराञ्जनद्युतिनिभं व्यावृत्तपिङ्गेक्षणम् ।
कर्णोद्भासितभोगिमस्तकमणिप्रोन्नद्धदंष्ट्राङ्कुरम् ॥
सर्पप्रोतकपालशुक्तिशकलव्याकीर्णवक्षोरगम्
वन्दे दक्षिणमीश्वरस्य वदनञ्चाथर्वणादोदयम् ॥८

अर्थात्, कालो बादल, भँमरा र गाजलजस्तो कान्ति भएको, मदले गर्दा घुमाउरो दृष्टिले युक्त खैरो आँखा भएको, कानमा चम्किएका फँणादार नागहरूको शिरको मणिले सुशोभित बनेको, थोरै दाह्रा निस्किएको, सिपिको खोलजस्तो कपाल भएको तथा त्यस्तो कपालमा सर्प बेरिएको, छातीमा नाग रहेको, अथर्ववेदस्वरूप, भगवान् श्रीपशुपतिनाथको दक्षिण मुखलाई नमस्कार गर्दछु ।

४. तत्पुरुष

श्रीपशुपतिनाथको पूर्व मुख तत्पुरुषको स्वरूप यस्तो बताइएको छ :-

संवर्ताग्नितडित्प्रदीप्तकनकं प्रस्पर्द्धितेजोऽरुणं
गम्भीरध्वनिसामवेदजनकं ताम्राधरं सुन्दरम् ।
अर्द्धेन्दुद्युतिलोकपिङ्गलजटाभारः प्रबद्धोरगं
वन्दे सिद्धसुरासुरेन्द्रनमितं पूर्वं मुखं शूलिनः ॥९

अर्थात्, प्रलयाग्नि एवम् बिजुलीको जस्तो तेज भएको, आगोमा तताएको सुनजस्तो आभा भएको, अत्यन्त तेजले गर्दा रातो वर्ण भएको, सामवेदको गम्भीर ध्वनिलाई जन्माउने, तामाजस्तो रातो सुन्दर अधर भएको, अर्धचन्द्रको जस्तो कान्ति भएको, कैलो जटाको भारलाई सर्पले बाँधेको, सिद्ध, देवता तथा असुरहरूले नमस्कार गरिएको त्रिशूलधारी भगवान् पशुपतिको पूर्वमुखलाई म वन्दना गर्दछु ।

५. ईशान

श्रीपशुपतिनाथको ऊर्ध्व मुख ईशानको स्वरूप यस्तो बताइएको छ :-

व्यक्ताव्यक्तनिरूपितञ्च परमं षट्त्रिंशत तत्त्वात्मकं
तस्मादुत्तरत तत्त्वमक्षरपदं ध्येयं सदा योगिभिः ।
ओङ्कारादिसमस्तमन्त्रजनकं सूक्ष्मातिसूक्ष्मात् परम्
वन्देऽहं परमेश्वरस्य वदनं खव्यापितेजोमयम् ॥१०

अर्थात्, व्यक्त र अव्यक्त दुवै रूपले निरूपण गरिएको, सबैभन्दा श्रेष्ठ रूप भएको, ३६ तत्व स्वरूप भएको, ३६ तत्वभन्दा पनि माथि तत्वातीत विश्वोत्तीर्ण तत्त्वका रूपमा रहेको, कहिल्यै ननासिने अक्षरस्वरूप भएको, योगीहरूद्वारा सदा ध्यान गरिने भएको, ओङ्कार आदि समस्त मन्त्रहरूको जनक भएको, सूक्ष्मभन्दा पनि सूक्ष्म परम सूक्ष्म तत्त्वका रूपमा रहेको, श्रीपशुपतिनाथको आकाशव्यापी तेजोमय मुखलाई म वन्दना गर्दछु ।

६. कालाग्निरुद्र

श्रीपशुपतिनाथको अधोमुख कालाग्निरुद्रको स्वरूप यस्तो बताइएको छ :-

यं वेदान्तनितान्तसत्तमगुणैः संपूजितं चामरैः
पुन्नागाम्वुजनागपुष्पवकुलैर्नागासुराद्यर्चितम् ।
नित्यं भानुसहस्रदीप्तकिरणैः कालाग्निरुद्रोपमं
तत्संहारकरं नमामि सततं पातालसंस्थं मुखम् ॥११

अर्थात्, उपनिषत्द्वारा उत्तम गुणहरूले स्तुति गरिएको, चामर, पुन्नाग, कमल, नागपुष्प, वकुल आदि फूलद्वारा नाग देवता आदिले अर्चना गरिएको, सधैं हजारौं सूर्यको जस्तो प्रकाशले देदीप्यमान बनेको, कालाग्निरुद्रको उपमाले युक्त, संहारकारक, पातालवक्त्र कालाग्निरुद्रलाई सधैं नमस्कार गर्दछु ।

षडाम्नायविद्या

अभ्यासार्थक 'म्ना' धातुमा 'घञ्' प्रत्ययको योगले आम्नाय शब्द बन्दछ । अमरकोशमा आम्नायलाई वेदकै पर्यायका रूपमा ग्रहण गरिएको छ[१२] । वाचस्पत्यम् नामक कोशग्रन्थमा आम्नायलाई स्मृति र तन्त्रको पर्यायका रूपमा उल्लेख गरेको पाइन्छ[१३] ।

तन्त्रशास्त्रमा आम्नाय शब्दले 'मार्ग' को अर्थ ग्रहण गरेको छ । मार्गका अतिरिक्त श्रुति वा वेद, परम्पराबाट चलिआएको परिपाटी, कुलको रीतिस्थिति, गुरूपरम्पराबाट प्राप्त शिक्षा, सल्लाह, मन्त्रणा, परामर्श आदि अर्थमा पनि आम्नाय शब्द प्रचलित छ । यसप्रकार आम्नाय शब्द मुखपरम्परा वा श्रुतिपरम्पराबाट प्राप्त ज्ञानको अर्थमा प्रयोग भएको देखिन्छ । यस्तो ज्ञान सर्वप्रथम कसले उपदेश गऱ्यो वा यस्तो ज्ञान कसरी लोकसम्म आइपुग्यो भन्ने

७ पूर्ववत् ।
८ पूर्ववत्, १७८ पृष्ठ ।
९ पूर्ववत् ।

१० पूर्ववत्, १७९ पृष्ठ ।
११ पूर्ववत् ।
१२ श्रुतिः स्त्रीः वेद आम्नायः
—अमरकोश, प्रथम काण्ड, शब्दादिवर्ग १५८।३
१३ तारानाथ भट्टाचार्य, वाचस्पत्यम्, वाराणसी : चौखम्भा संस्कृत सिरिज अफिस, ई.१९६२, पृ. ७६८ ।

सन्दर्भमा भगवान् शिव स्वयं नै गुरुशिष्यका रूपमा अवतीर्ण भई तन्त्रशास्त्रको उपदेश गरेको कथन पाइन्छ[१४]।

त्यसक्रममा भगवान् शिवले आफ्ना विभिन्न मुखहरूबाट तत्तत् मुखका शक्तिहरूलाई तन्त्रको उपदेश गरेको र त्यसका आधारमा विभिन्न आम्नायको नाम रहेको चर्चा पाइन्छ।

तन्त्रग्रन्थहरूमा भगवान् शिवका मुख र तदनुरूप आम्नायको सङ्ख्याका विषयमा एकरूपता पाइँदैन। कुलार्णवतन्त्रले सदाशिवका पाँचवटा मुखको कल्पना गरी तदनुरूप पाँचवटा आम्नायको उत्पत्ति भएको बताएको छ[१५]। नित्याषोडशिकार्णवमा 'आम्नाय' शब्दको पर्यायका रूपमा 'आज्ञा' शब्दको उल्लेख गर्दै ग्रन्थकारले चारवटा आम्नायको सङ्केत गरेका छन्[१६]। उक्त ग्रन्थका व्याख्याकार शिवानन्दले आज्ञा शब्दलाई स्रोतको रूपमा परिभाषित गरेका छन्[१७] भने विद्यानन्दले उक्त शब्दलाई स्रोतकै अर्को पर्याय समय संज्ञा दिएका छन्[१८]। तन्त्रालोकमा छवटा मुख र तदनुरूप छवटा दिशा वा आम्नायको सङ्केत पाइन्छ[१९]। नेत्रतन्त्रको उद्योत नामक व्याख्यामा पनि आचार्य क्षेमराजले छवटा आम्नायको सङ्केत गरेका छन्[२०]। परातन्त्रमा पनि छवटा आम्नायको उल्लेख गरिएको छ। अब ती छवटा आम्नायका विषयमा यहाँ केही चर्चा गरिन्छ :-

१. पूर्वाम्नाय

भगवान् श्रीपशुपतिनाथको पूर्ववक्त्ररूप तत्पुरुषले आफ्नी अभिन्न शक्ति पूर्णेश्वरीलाई उपदेश गरेको विद्यालाई पूर्वाम्नाय भनिन्छ। कुलार्णवतन्त्रअनुसार पूर्वाम्नायलाई सृष्टिरूप मानिन्छ[२१]। तन्त्रचिन्तामणि नामक ग्रन्थमा पूर्वाम्नायको उपासना दक्षिण तथा वाम दुवै आचारबाट हुने उल्लेख छ[२२]। यसो भए पनि परातन्त्रमा वामाचारमा जोड दिइएको छ। कुलार्णवतन्त्रमा उल्लेख भएअनुसार पूर्वाम्नायमा मन्त्रयोगद्वारा उपासना हुन्छ[२३]। पूर्वाम्नायको विद्या सिद्धौघ परम्परामा सर्वप्रथम मरीचिले प्राप्त गरेको र मरीचिले सो विद्या इन्द्रलाई प्रदान गरेको उल्लेख परातन्त्रमा पाइन्छ[२४]।

पूर्वाम्नायका २४ सङ्केत अर्थात् पूर्वाम्नायको परम्पराबाट उपासना हुने २४ देवीहरूको उल्लेख परातन्त्रमा पाइन्छ[२५]। कुलार्णवतन्त्रमा पनि पूर्वाम्नायका २४ सङ्केतहरूको उल्लेख पाइन्छ[२६]। भगवती पूर्णेश्वरी पूर्वाम्नायकी नायिका हुन्। परातन्त्रमा बताएअनुसार पूर्णेश्वरी इन्द्रनीलमणिको झैँ प्रभाले युक्त छिन्। उनका दशवटा हातमा दण्ड, वर, अभय, कपालयुक्त त्रिशूल, डमरु, अक्षमाला, शक्ति, उखुको धनु, बाण र खड्ग सुशोभित छन्। यिनी चन्द्रसूर्यलाई आसन बनाएर भैरवमाथि रहेकी, प्रत्यालीढ आसनमा बसेकी, तीन आँखा भएकी, मुण्डमालाले विभूषित, वासुकी र शङ्खनागलाई कुण्डलका रूपमा धारण गरेकी, अनन्तहारको माला पहिरेकी, अर्धचन्द्रलाई शिरमा धारण गरेकी, रजोगुणले युक्त अहङ्कारस्वरूपकी छन्[२७]।

शिरमा धारण गरेको अर्धचन्द्र अमृतको, कपालयुक्त त्रिशूल आधिभौतिक, आधिदैविक र आध्यात्मिक तीनै प्रकारको उत्पातलाई नाश गरी सात्विक बुद्धि उत्पन्न गर्ने शक्तिको, प्रत्यालीढ आसन प्रकृति र पुरुषको संयुक्त अवस्थाको, नीलो वर्ण सर्वव्यापकताको, मुण्डमाला ज्ञान, विवेक र विचारशक्तिको, डमरु शब्दब्रह्मको, खड्ग ज्ञानको, वरमुद्रा अभीष्ट सिद्धिको, अभयमुद्रा भयनाशक शक्तिको, अक्षमाला सम्पूर्ण मातृकाक्षरको, तीन आँखा चन्द्र, सूर्य र अग्निरूप तीन धामको, उखुको धनु सम्मोहन शक्तिको, दण्ड शासनको, धनु ज्ञानको र बाण पापमोचन शक्तिको प्रतीक हो।

२. दक्षिणाम्नाय

श्रीपशुपतिनाथको दक्षिणवक्त्ररूप अघोरले आफ्नी अभिन्न शक्ति निशेशीलाई उपदेश गरेको विद्यालाई दक्षिणाम्नाय भनिन्छ। पूर्वाम्नाय सृष्टिरूप मानिन्छ भने दक्षिणाम्नाय स्थितिरूप मानिन्छ[२८]। दक्षिणाम्नायमा भक्तियोगबाट उपासना हुन्छ[२९]। भगवतीको आराधनाबाट दक्षिणाम्नायको विद्या सर्वप्रथम इन्द्रले प्राप्त गरेको र त्यसपछि इन्द्रले धर्मराजलाई प्रदान गरेको उल्लेख परातन्त्रमा पाइन्छ[३०]। दक्षिणाम्नायका २५ वटा भेदको उल्लेख परातन्त्रमा गरिएको छ। जसअनुसार जम्भिनी, स्तम्भिनी, तारा, मोहिनी, अन्धिनी, शिवा, मृत्युञ्जया, चर्चिका, सिंही, दक्षिणकालिका, प्रचण्डा, उग्रचण्डा, उग्रतारा, कपालिनी, त्वरिता, छिन्नशीर्षा, बगला, वाक्प्रदायिनी, नीलसरस्वती, भीमा, त्रैलोक्यडामरेश्वरी, त्रैलोक्यविजया, चण्डी, रक्तचामुण्डी र भैरवी वामाचारले उपासना हुने देवीहरू हुन्। कुलार्णवतन्त्रले पनि दक्षिणाम्नायका २५ सङ्केत अर्थात् भेदको उल्लेख गरेको छ[३१]।

---

१४ गुरुशिष्यपदे स्थित्वा स्वयं देवः सदाशिवः।
प्रश्नोत्तरपदैर्वाक्यैस्तन्त्रं समवतारयत्॥
—स्वच्छन्दतन्त्र, ८।३१।

१५ मम पञ्चमुखेभ्यश्च पञ्चाम्नायाः समुद्गताः।
पूर्वश्च पश्चिमश्चैव दक्षिणश्चोत्तरस्तथा।
ऊर्ध्वाम्नायश्च पञ्चैते मोक्षमार्गाः प्रकीर्तिताः।
—कुलार्णवतन्त्र, ३।७

१६ चतुराज्ञाकोशभूतां नौमि श्रीत्रिपुरामहम्।
—नित्याषोडशिकार्णव, १।१२।३–४

१७ चतुष्पीठाधिष्ठातृमहासंविदवलम्बनेन प्रवृत्तचतुस्स्रोतोरूपा महापदवी चतुराज्ञा००
—नित्याषोडशिकार्णव, १।१२को ऋजुविमर्शिनीव्याख्या।

१८ पूर्वपश्चिमदक्षिणोत्तराख्याश्चतुराज्ञाशब्दसूचिताश्चत्वारः समयाः००
—नित्याषोडशिकार्णव, १।१२को ऋजुविमर्शिनीव्याख्या।

१९ ईश ऊर्ध्वं प्रकाशत्वात्पूर्वं वक्त्रं प्रसारि यत्।
पुरुषो दक्षिणा चण्डो वामा वामस्तु सौम्यकः।
पराङ्मुखतया सद्यः पश्चिमा परिभाष्यते॥

२० गारुडे पूर्वस्मिन्, मातृतन्त्रादौ पश्चिमे, जयादिनये वामे, भैरवशास्त्रे च दक्षिणे, चण्डासिधारादावूर्ध्वे, ज्येष्ठे च मतकुलादौ रहस्ये स्रोतसि००

२१ पूर्वाम्नायः सृष्टिरूपः
—कुलार्णवतन्त्र, ३।४१।१

२२ पूर्वाम्नाये दक्षवामौ
—तन्त्रचिन्तामणि, २।७४।१

२३ मन्त्रयोगं विदुः पूर्वं
—कुलार्णवतन्त्र, ३।४२।१

२४ परातन्त्र, १।७२

२५ परातन्त्र, १।६४।३–६६

२६ पूर्वाम्नायस्यसंकेताश्चतुर्विंशतिरीरिताः
—कुलार्णवतन्त्र, ३।४३।१–२

२७ परातन्त्र, १।५६–६१–नेत्रतन्त्र, १६।७६को उद्योतव्याख्या।

२८ स्थितिरूपश्च दक्षिणः
—कुलार्णवतन्त्र, ३।४१।२

२९ भक्तियोगं च दक्षिणम्
—कुलार्णवतन्त्र, ३।४२।२

३० परातन्त्र, २।५।१–२

३१ दक्षिणाम्नायसंकेताः पञ्चविंशतिरीरिताः
—कुलार्णवतन्त्र,३।४३।३–४।

आगमरहस्य नामक ग्रन्थअनुसार सौभाग्यविद्या, बगला, वाराही, वटुक, महिषमर्दिनी, लक्ष्मी, त्वरिता, वशिनी, श्री र तिरस्करणी यी दक्षिणाम्नायका देवता हुन्[३२]। भगवती निशेशी दक्षिणाम्नायकी नायिका हुन् । यिनै निशेशीलाई रक्तचर्चिका, चैतन्यभैरवी, रक्तकाली, सुन्दरीकालिका, अघोरेश्वरी आदि नामले पुकारिने कुरा परातन्त्रमा उल्लेख गरिएको छ[३३]।

अघोरेश्वरीको स्वरूपका विषयमा परातन्त्रमा उल्लेख भएअनुसार यिनी बलिरहेको चिताको माझमा चार वेदलाई आसन बनाएर बसेकी, नशाहरू स्पष्ट देखिने हाड र छालाले मात्र युक्त पातलो शरीर भएकी, कम्मरमा बाघको छाला बेरेकी, सुनको झैं कान्ति भएकी, अति डरलाग्दा पाँचवटा मुख तथा १५ वटा आँखा भएकी, मन्द मुस्कानले युक्त भएकी, लप्लपाउँदो जिब्रो भएकी, पातलो कम्मर भएकी, रौद्र स्वरूप भएकी, अर्धचन्द्रलाई शिरमा धारण गरेकी, माथितिर फर्केका खुला कपाल भएकी, नागलाई घाँटीमा बेरेकी, रगत बग्दै गरेको भर्खरै छिनेको टाउकोको माला लगाएकी, १६ वटा हातहरूमा पाश, अङ्कुश, कपाल, खट्वाङ्ग, मुण्ड, डिण्डिम, खड्ग, खेट, बाण, धनु, चक्र, दण्ड, कमण्डलुका साथै अभय, वर र तर्जनी मुद्रा धारण गरेकी, अन्य देवीहरूले घेरिएकी, हुङ्कारयुक्त नादले देवगणलाई त्रस्त बनाएकी, शवरूपी महादेवको छातीमा उभिएकी छन् ।

हाड र छालामात्र भएको दुब्लो शरीर तृष्णाको, शिरमा धारण गरेको अर्धचन्द्र अमृतको, चक्र सुरक्षाको, प्रेतरूपी शिवमाथि बस्नु शिवको चैतन्यशक्तिको, रगत चुहिरहेका मुण्डहरूको माला शुद्ध सत्वगुणात्मक स्थितिकलाको, १६ हात षोडश आधार वा विभिन्न दिशाको र यसप्रकार सर्वव्यापकताको, खड्ग ज्ञानको, अभयमुद्रा भयनाशक शक्तिको, वरमुद्रा अभीष्ट सिद्धिको, वाण पापमोचक शक्तिको, अङ्कुश स्तम्भनशक्तिको, पाश वशीकरण शक्तिको, धनु ज्ञानको र तर्जनीमुद्रा सावधानीको प्रतीक हो ।

३. पश्चिमाम्नाय

श्रीपशुपतिनाथका षड्वक्त्रमध्ये पश्चिमवक्त्र सद्योजातले आफ्नी अभिन्न शक्ति कुब्जिकालाई उपदेश गरेको विद्या यस आम्नायसँग सम्वद्ध छ । पश्चिमाम्नाय संहारस्वरूप मानिन्छ । तन्त्रचिन्तामणि नामक ग्रन्थका अनुसार पश्चिमाम्नायमा कौलाचार र दक्षिणाचारबाट उपासना हुन्छ[३४] तर परातन्त्रमा कौलाचार वा वामाचारमा जोड दिइएको छ । दक्षिणाचारबाट गरिएको उपासना यस आम्नायमा फलदायी नहुने कुरा यहाँ उल्लेख गरिएको छ[३५]।

पश्चिमाम्नाय जालन्धरपीठसँग सम्वद्ध छ । परातन्त्रअनुसार यो विद्या सर्वप्रथम अङ्गिरालाई प्राप्त भयो । त्यसपछि अङ्गिराबाट दक्षलाई, दक्षबाट नहुषलाई प्राप्त भयो । त्यसपछि यो विद्या चन्द्रवंशी राजकुलको कुलविद्याका रूपमा र भगवती कुब्जिका चन्द्रवंशी राजकुलको कुलदेवीका रूपमा प्रतिष्ठित भएको कुरा परातन्त्रमा उल्लेख गरिएको छ[३६]। ज्येष्ठा कुब्जिका र बाला कुब्जिकाका रूपमा पूजित पश्चिमाम्नायकी नायिका कुब्जिकाका ३२ वटा भेदहरूको उल्लेख परातन्त्रले गरेको छ[३७]। परातन्त्रअनुसार क्रमेशी, त्रिखण्डा, चण्डा, चण्डकपालिका, त्रिशुद्धि, उग्रचण्डा, अन्नपूर्णा, कराली आदि देवीहरू पश्चिमामयक्रमले उपासना हुने देवीहरू हुन्[३८]। आगमरहस्य नामक ग्रन्थमा लोपामुद्रा, महादेवी, अम्बा, भुवनेश्वरी, अन्नपूर्णा, कामकला, महासरस्वती, वाग्वादिनी, प्रत्यङ्गिरा र भवानीलाई पश्चिमाम्नायका देवीहरूको रूपमा उल्लेख गरिएको छ[३९]।

परातन्त्रमा कुब्जिकाको स्वरूप यस प्रकार वर्णन गरिएको छ, आकाशजस्तो निर्मल वर्णले सुशोभित भएका वृषभमाथि चढेका, एक मुख, तीन आँखा तथा १८ हात भएका, ती १८ हातमध्ये दाहिनेतर्फका नौ हातमा डमरु, परशु, बाण, खड्ग, अङ्कुश, वज्र, शङ्ख, वेणु र वरमुद्रा धारण गरेका, देब्रेतर्फका नौ हातमा खट्वाङ्ग, शूल, धनु, फलक, पाश, घण्टा, कपाल, वेणु र अभय धारण गरेका कुब्जेश्वरको बायाँ तिघ्रामा बसेकी कुब्जिका एक मुख, तीन आँखा र दुई हातले युक्त छिन् । सिंहमा बसेकी रातो वर्णकी कुब्जिका नागको गहना लगाएकी, अर्धचन्द्रलाई शिरमा धारण गरेकी, खुला कपाल भएकी, ठूला र सुन्दर स्तन भएकी, सम्पूर्ण अलङ्कारले सुशोभित तथा शुभ लक्षणले युक्त छन्[४०]।

साँढे धर्मको, आकाशजस्तो वर्ण शुद्ध सत्त्वगुणको, एक मुख प्रकाशरूपताको, तीन आँखा अग्नि, सोम र सूर्यरूप तीन धामको, १८ हात सर्वव्यापकताको तथा दाहिने नौ हात नौ आत्माको प्रकाशरूप र बायाँ नौ हात नौ आत्माको विमर्शरूप शक्तिको संयुक्त अवस्था ब्राह्मी आदि आठ मातृकाको मध्यवर्ती भैरवस्वरूप नवात्मब्रह्मतत्त्वको, दाहिने हातमा धारण गरेको बञ्चरो आग्नेयतापको, डमरु शब्दब्रह्मको, बाण पापमोचनको, खड्ग ज्ञानको, अङ्कुश स्तम्भनशक्तिको, वज्र विद्युत्तत्त्वको, वेणुवाद्य अनाहत नादको, वरमुद्रा अभीष्ट सिद्धिको, खट्वाङ्ग तापत्रयनाशक तत्त्वको, भाला हावाको वेगको, धनुष सम्मोहनको, ढाल रक्षाको, पाश वशीकरणको, घण्टा नादब्रह्मको,

कपाल सात्त्विक बुद्धिको, वेणु नादको, अभयमुद्रा निडरताको, धोतीपाटा कस्नु मायाको आवरणलाई साथमा लिनुको, देव (कुब्जिकेश्वर) को बायाँ काखमा बस्नु मायादेखि अतीत स्वरूपको, एक मुख तीन आँखा काम-कलात्मक विमर्शरूपताको, रातो वर्ण सौभाग्यको, हातमा धारण गरेको वरमुद्रा अभीष्ट सिद्धिको, अभयमुद्रा भयनाशक शक्तिको, सिंहमाथि बस्नु ज्ञानातीत केवल चैतन्यरूपताको, नानाप्रकारका गहना ऐश्वर्यको, शिरमा रहेको बालचन्द्र अमृतको, छरिएको कपाल सर्वव्यापकताको, ठूलो र साह्रो स्तन विश्वलाई भरणपोषण गर्ने स्वरूपको, कुप्रोपन कुलकुण्डलिनी शक्तिको प्रतीक हो ।

---

३२ सौभाग्यविद्या वगला वाराही वटुकस्तथा ।
महिषघ्नी तथा लक्ष्मी त्वरिता वशिनी तथा ॥
श्रीस्तिरस्करणी प्रोक्ता दक्षिणाम्नायदेवता ।
–आगमरहस्य, १।८७–१।८८।१–२ ।

३३ परातन्त्र, २।२।३–३

३४ कौलदक्षौ पश्चिमे तु
–तन्त्रचिन्तामणि, २।७४।३

३५ परातन्त्र, ३।२६।३–४ ।

३६ परातन्त्र, ३।२४–३।२५।१–२ ।

३७ परातन्त्र, ३।६।३–४ ।

३८ परातन्त्र, ३।१५।३–४–३।१६ ।

३९ लोपमुद्रा महादेवी अम्बा च भुवनेश्वरी ।
अन्नपूर्णा कामकला पींठ जालन्धरं तथा ॥
महासरस्वती विद्या तथा वाग्वादिनी पुनः ।
प्रत्यङ्गिरा भवानी च पश्चिमाम्नायदेवता ॥
–आगमरहस्य, १।९२–१।९३ ।

४० परातन्त्र, ३।७–३।१२ ।

४. उत्तराम्नाय

श्रीपशुपतिनाथका षड्वक्त्रमध्ये उत्तरवक्त्रस्वरूप वामदेवले आफ्नी अभिन्न शक्ति सिद्धेश्वरी वा गुह्यकालीलाई उपदेश गरेको विद्या उत्तराम्नायसँग सम्वद्ध छ । उत्तराम्नायलाई निग्रहस्वरूप मानिन्छ । उत्तराम्नायको उपासना कौलाचार तथा वामाचारवाट हुने कुरा तन्त्रचिन्तामणि नामक ग्रन्थमा उल्लेख छ[४१] ।

उत्तराम्नायकी नायिका गुह्यकाली हुन् । उत्तराम्नायका ३६ वटा भेदको उल्लेख पाइन्छ[४२] । उत्तराम्नायकी नायिका गुह्यकाली हुन् । उत्तराम्नायकी नायिका गुह्यकालीका असङ्ख्य भेद छन् । ती भेदमध्ये दशवक्त्रा गुह्यकाली मुख्य मानिन्छिन् । यी प्रकृतिस्वरूप हुन् भने अरूचाहिँ विकृतिस्वरूप हुन्[४३] । परातन्त्रअनुसार दशवक्त्रा गुह्यकाली नीलकमलको पत्रजस्तै श्यामल वर्ण भएकी, नीलरत्नको झैं प्रभा भएकी, ज्ञानरूपी प्रकाशका किरणले भरिएकी, ज्योतिस्वरूपको मण्डलमा रहेकी छन् ।

भगवती गुह्यकाली दशवटा मुख तथा २७ वटा आँखाले युक्त छिन् । भगवतीका ५४ वटा हात छन् । सबैभन्दा माथिको मुख दीपशिखा स्वरूपको छ । निर्वाणप्रद उक्त ज्योतिर्मय महावक्त्रलाई चण्डयोगेश्वरी नाम दिइएको छ । त्यसभन्दा तल सेतो वर्णको सिंहको मुख छ । त्यसभन्दा तल्लो पङ्क्तिमा वीचमा कालो वर्णको भयानक स्यालको मुख छ भने बायाँतर्फ अतिशय रातो वर्णको वानरको मुख र दायाँतर्फ डरलाग्दो ध्वाँसे वर्णको भालुको मुख छ । त्यसभन्दा तल पाँचवटा मुख भएको पङ्क्तिको बीचमा डरलाग्दा दाँतहरू भएका, भयानक आवाज निकाल्ने, माथितिर फर्केका पहेंला जटा भएको, कपाल र शिरमा अर्धचन्द्र धारण गरेको कालो वर्णको भगवतीको मानवमुख छ ।

सोही पङ्क्तिको बायाँपट्टि सबैभन्दा छेउमा पहेंलो वर्णको चुच्चो भएको गरुडको मुख छ भने त्यससँगै अत्यन्त सेतो वर्णको हात्तीको मुख छ । सोही पङ्क्तिको दायाँपट्टि सबैभन्दा छेउमा हरियो वर्णको गोहीको मुख छ भने त्यससँगै कालो वर्णको घोडाको मुख छ ४३ । भगवती गुह्यकालीले नानाथरिका रत्नहरू धारण गरेकी छन् । सेतो मद्यपात्र धारण गरेकी गुह्यकालीले रगतले लत्पत भएका २७ वटा नरमुण्डको माला लगाएकी छन् ।

गुह्यकालीका बायाँ हातहरूमा चिद्रत्नमाला, कपाल, खड्ग, पाश, शक्ति, खट्वाङ्ग, मुण्ड, धनुष, चक्र, घण्टा, बालप्रेत, शैल, कङ्काल, नकुल, सर्प, मोहनी लगाउने बाँसुरी (कुट्टिनीवंश), षडम्र, डोडिका, बह्निपात्र, दण्ड, सुरो, अष्टारकेशरी, वक्त्र, मुद्गर र डमरु रहेका छन् । उनका दायाँ हातमा चिद्रत्नमाला, कैंची, अङ्कुश, दण्ड, रत्नकलश, त्रिशूल, पाँचवटा पाशुपत बाण, कुन्त, पारिजात, छुरी, तोमर, पुष्पमाला, डिण्डिम, गृध्र, स्वस्तिक, कमण्डलु, सुरो, नद्यावर्त, कुण्डल, मांसखण्ड, बिमिरो, सूची र तर्जनी मुद्रा छन्[४४] ।

भगवती गुह्यकालीले बाघको छालाको लुगा, सर्पको छालाको उत्तरीय वस्त्र लाएकी छन् । उनी घुँघुरुदार गहनाले सुशोभित भएकी, वीरघण्टा बजाइरहेकी, निरन्तर नूपुर र घुँघुरु बजाइरहेकी, खुट्टासम्म लत्रेको रातो कमलको फूलजस्तो मुण्डमाला लाएकी, खप्परको मद्यपात्र लिएकी, घाँटीमा ब्रह्मसूत्र र योगपट्टको पछ्यौरा भिरेकी, सर्पको गहना लाएकी र रातो कुण्डल धारण गरेकी छन्[४५] । हजारौं सूर्यको जस्तो तेज भएकी, अत्यन्त तेजका कारण हेर्न कठिन हुने, सम्पूर्ण देवीदेवताका आश्रयका रूपमा रहेकी भगवती गुह्यकालीलाई प्रत्यालीढ आसनमा रहेकी वा नृत्य गरिरहेकी भावना गर्नुपर्दछ[४६] । यस्ती गुह्यकालीको आसनको रूपमा एक मुख र तीन आँखा भएका, आफ्ना चार हातमा कैंची, खप्पर, डमरु र खट्वाङ्ग धारण गरेका, कालो वर्णका भैरव छन् । उक्त भैरव पीठभन्दा तल ब्रह्मा, विष्णु, रुद्र, ईश्वर र सदाशिवरूपी पञ्चप्रेतासन रहेको छ । त्यसभन्दा तल अष्टदिक्पालरूपी आसन छ । त्यसभन्दा तल चार युग, चार वेद र चार उपवेदरूपी आसन छन् ।

नील कमलजस्तो श्यामलवर्ण निर्वाणस्वरूपको र दश मुख दश प्राणका प्रतीक हुन् । दायाँ-बायाँ तथा सामुन्नेको मुखमा दुई-दुई आँखा र अरू सात मुखमा तीन-तीन आँखा गरी जम्मा २७ आँखा हुनु भगवतीको नक्षत्र स्वरूपताको प्रतीक हो । सबैभन्दा माथि रहेको ज्योतिस्वरूपको चण्डयोगेश्वरी नामक मुख योगशक्ति, त्यसको तल रहेको सेतो वर्णको डरलाग्दो सिंहमुख ज्ञानशक्ति, त्यसको तल रहेको कालो रङ्गको भयङ्कर स्यालको मुख बुद्धिशक्ति र बायाँपट्टि रहेको रातो रङ्गको बानरको मुख कुण्डलिनी शक्तिको प्रतीक हो ।

त्यसको तल्लो पङ्क्तिमा रहेको छिरबिरे रङ्गको मानवमुख विवेकशक्ति, दाहिनेपट्टि रहेको ध्वाँसे रङ्गको भयङ्कर भालुको मुख भूचरशक्ति, त्यसको बायाँपट्टि रहेको कैलो वर्णको चुच्चोसमेत भएको गरुडमुख खेचरशक्ति, दाहिनेपट्टि रहेको हरियो रङ्गको गोहीको मुख आधारशक्ति र दायाँपट्टि रहेको कालो वर्णको घोडाको मुख वेगशक्तिका प्रतीक हुन् । कैलो ठाडो जटाको जुरो र त्यसमा रहेको अर्धचन्द्र अमृत, विभिन्न प्रकारका रत्नजडित मुण्डमाला विवेकयुक्त ज्ञान र सुवर्णको आभूषण सर्वशक्ति सम्पन्नताका प्रतीक हुन् ।

५४ वटा हात सर्वव्यापकताको एवम् ५० मातृकाक्षर तथा मन, बुद्धि, चित्त र अहङ्कारको प्रतीक हो । बायाँ हातमा धारण गरेको रत्नको माला मन्त्ररूपताको, खप्पर सत्त्वगुणको, ढाल रक्षाशक्तिको, पाश वशीकरण शक्तिको, शक्ति नामक आयुध बलको, खट्वाङ्ग त्रिविध तापलाई नाश गर्ने शक्तिको, मुण्ड बुद्धिको, भुशुण्डी विकर्षण शक्तिको, धनु ज्ञानको र चक्र रक्षाशक्तिका प्रतीक हुन् । घण्टा शब्दब्रह्मको, बालकको शव अनुग्रहकलाको, पर्वत

परातन्त्रमा कुब्जिकाको स्वरूप यस प्रकार वर्णन गरिएको छ, आकाशजस्तो निर्मल वर्णले सुशोभित भएका वृषभमाथि चढेका, एक मुख, तीन आँखा तथा १८ हात भएका, ती १८ हातमध्ये दाहिनेतर्फका नौ हातमा डमरू, परशु, वाण, खड्ग, अङ्कुश, वज्र, शङ्ख, वेणु र वरमुद्रा धारण गरेका, देब्रेतर्फका नौ हातमा खट्वाङ्ग, शूल, धनु, फलक, पाश, घण्टा, कपाल, वेणु र अभय धारण गरेका कुब्जेश्वरको बायाँ तिघ्रामा बसेकी कुब्जिका एक मुख, तीन आँखा र दुई हातले युक्त छिन् ।

४१ कौलवामौ तथोत्तरे ॥

–तन्त्रचिन्तामणि २।७४।४

४२ विदुः षटत्रिंशदाम्नाये संकेताः श्रीमदुत्तरे ।

–कुलार्णवतन्त्र,३।४४।३–४

४३ परातन्त्र, ७६।७३–४ देखि ७५ श्लोकसम्म ।

४४ परातन्त्र, ७७।७३–४ देखि ८४।१–२सम्म ।

४५ परातन्त्र, ७८४।३–४ देखि ८९।१सम्म ।

४६ परातन्त्र, ७।१०२।३–४ देखि १०४।१–२सम्म ।

श्रीपशुपतिनाथका षड्वक्त्रमध्ये उत्तरवक्त्रस्वरूप वामदेवले आफ्नी अभिन्न शक्ति सिद्धेश्वरी वा गुह्यकालीलाई उपदेश गरेको विद्या उत्तराम्नायसँग सम्बद्ध छ। उत्तराम्नायलाई निग्रहस्वरूप मानिन्छ। उत्तराम्नायको उपासना कौलाचार तथा वामाचारबाट हुने कुरा 'तन्त्रचिन्तामणि' नामक ग्रन्थमा उल्लेख छ। उत्तराम्नायकी नायिका गुह्यकाली हुन्। उत्तराम्नायका ३६ वटा भेदको उल्लेख पाइन्छ। उत्तराम्नायकी नायिका गुह्यकाली हुन्। उत्तराम्नायकी नायिका गुह्यकालीका असङ्ख्य भेद छन्। ती भेदमध्ये दशवक्त्रा गुह्यकाली मुख्य मानिन्छिन्। यी प्रकृतिस्वरूप हुन् भने अरूचाहिँ विकृतिस्वरूप हुन्। परातन्त्रअनुसार दशवक्त्रा गुह्यकाली नीलकमलको पत्रजस्तै श्यामल वर्ण भएकी, नीलरत्नको झैँ प्रभा भएकी, ज्ञानरुपी प्रकाशका किरणले भरिएकी, ज्योतिस्वरूपको मण्डलमा रहेकी छन्। भगवती गुह्यकाली दसवटा मुख तथा २७ वटा आँखाले युक्त छिन्। भगवतीका ५४ वटा हात छन्। सबैभन्दा माथिको मुख दीपशिखा स्वरुपको छ।

प्रचुरताको, नरकङ्काल तृष्णाको, न्याउरी मृत्युञ्जय शक्तिको, सर्प विषनाशक शक्ति एवम् कालको, उन्मादकारी बाँसुरी उन्मादिनी शक्तिको, मुङ्ग्रो वैराग्यको र अग्निकुण्ड प्रकाशका प्रतीक हुन्।

डमरु शब्दब्रह्मको, डिण्डिम नादको, भिन्दिपाल विद्वेषण शक्तिको, मुसल प्रपञ्चको, पाश वशीकरण शक्तिको, पट्टिश लज्जाको, शतघ्नी (तोप) महानादको र स्यालको बच्चा बठयाइँका प्रतीक हुन्।

दाहिने हातमा धारण गरेको रत्नमाला मन्त्रको, कैंची निर्भय शक्तिको, खड्ग ज्ञानको, तर्जनी मुद्रा सावधानीको, अङ्कुश स्तम्भन शक्तिको, दण्ड शासनको, रत्नको घडा ऐश्वर्यको, त्रिशूल त्रिविध उत्पातलाई नाश गर्ने शक्तिको, पञ्चवाण शोषक, उन्मादक, संहारक आदि पञ्च शक्तिको, कुन्त वेग शक्तिको, कल्पवृक्ष कामना पूर्ति गर्ने शक्तिको, छुरी दुःख निवारण गर्ने शक्तिको, तोमर प्रपञ्चको र पुष्पवाण जृम्भण शक्तिका प्रतीक हुन्।

गिद्ध दिव्यदृष्टिको, कमण्डलु पवित्रताको, मांसखण्ड कल्याणदायक शक्तिको, सुरो तृप्तिको, बिमिरो भोगदायक शक्तिको, बन्चरो अष्टाङ्ग योगको, गदा वीरताको र लठ्ठी आधार शक्तिका प्रतीक हुन्। रौद्ररूप परब्रह्म स्वरूपताको, नृत्यावस्था आनन्द स्वरूपताको, बाघको छाला योग स्वरूपताको, चितुवाको छाला योग शक्तिको, कमलको आसन ज्ञानको र नवयौवन स्वरूप हुनु अनुग्रहकलाका प्रतीक हुन्। चार वेद चार युगका प्रतीक हुन्।

ब्रह्मा, विष्णु, रुद्र, ईश्वर र सदाशिवरूपी पञ्चप्रेतासन पञ्चमहाभूतात्मक विश्वसिंहासनको प्रतीक हो। भयङ्कर भैरवस्वरूप ऊर्ध्वपीठ विश्वमञ्चको प्रतीक हो। यज्ञस्वरूप षोडशदलकमल सर्वाशापरिपूरक तत्त्वको प्रतीक हो भने नाद र बिन्दु प्रकाश एवम् विमर्शस्वरूप शिवशक्तिको प्रतीक हो। नीलो वर्णको चन्द्रशेखर शिवरूप आसन सर्वव्यापी अमृतस्वरूप कल्याणकारक तत्वको प्रतीक हो। त्यसमाथि रहेको अष्टदल कमल अष्टसिद्धिको प्रतीक हो।

५. ऊर्ध्वाम्नाय

श्रीपशुपतिनाथका षड्वक्त्रमध्ये ऊर्ध्ववक्त्रस्वरूप कामेश्वरले आफ्नी अभिन्न शक्ति कामेश्वरीलाई उपदेश गरेको विद्या ऊर्ध्वाम्नायसँग सम्बद्ध छ। ऊर्ध्वाम्नायलाई अनुग्रह स्वरूप मानिन्छ। ऊर्ध्वाम्नायको उपासना दिव्याचारबाट गरिन्छ[४७]। ऊर्ध्वाम्नायकी नायिका महात्रिपुरसुन्दरी हुन्।

परातन्त्रअनुसार महात्रिपुरसुन्दरी कमलको परागको झैँ वर्ण भएकी, कुङ्कुमजलको झैँ कान्ति भएकी, सुन्दर भ्रूकुटी, सुन्दर तीन नेत्र, सुन्दर स्तन र त्यस्तै हाँसो भएकी, पातलो कम्मर भएकी, चार हातमा पाश, अङ्कुश, उखुको धनु र पाँचवटा बाण धारण गरेकी, शिरमा अर्धचन्द्र धारण गरेकी, सम्पूर्ण गहनाले सजिएकी, मनलाई आनन्दित तुल्याउने स्वरूपकी छन् तथा यिनी ब्रह्मा, विष्णु, रुद्र, ईश्वर र सदाशिवरूपी पञ्चप्रेतको मण्डपमा बसेकी छन्[४८]।

हजार सूर्यको जस्तो रातो कान्ति हुनु परम सौभाग्य स्वरूपको, मुण्डमाला बुद्धि र विवेकको, मुण्डमालाको रगतले पोतिएको स्तन बुद्धि र विवेकद्वारा विश्वलाई भरणपोषण गर्नुको प्रतीक हो। हातमा धारण गरेको जपमाला मातृकाक्षरको, पुस्तक विद्याको, अभयमुद्रा निर्भयताको, वरमुद्रा अभीष्ट सिद्धिको, तीन आँखा चन्द्र, सूर्य र अग्निस्वरूप तीन धामको, चन्द्रमायुक्त रत्नमुकुट अमृततत्वका प्रतीक हुन्।

कालो फुस्रो वर्ण तमोगुण स्वरूपको, मैलो लुगा क्लेशरूपताको, पहेंलो वर्ण स्तम्भन शक्तिको, सुनको गहना र माला सर्वशक्ति स्वरूपताको, सुनजस्तो वर्ण सौभाग्यको, पाश वशीकरण शक्तिको, अङ्कुश स्तम्भन शक्तिको, उखुको धनु सम्मोहन शक्तिको, श्वेतकमल सन्दीपिनी शक्तिको, रक्तकमल शोषिणी शक्तिको, नीलकमल तापिनी शक्तिको, करवीरपुष्प पौरुष शक्तिको, आँपको फूल मादक शक्तिको र सुन्दर रूप जगन्मोहिनी रूपका प्रतीक हुन्।

६. अधराम्नाय

श्रीपशुपतिनाथका षड्वक्त्रमध्ये अधोवक्त्रस्वरूप कालाग्निरुद्रले आफ्नी अभिन्न शक्ति वज्रेश्वरीलाई उपदेश गरेको विद्या अधराम्नायसँग सम्बद्ध छ। अधराम्नायका पातालाम्नाय, रहस्याम्नाय आदि पर्याय रहेका छन्। अधराम्नायको

---

४७ ऊर्ध्वे दिव्यो महेशानि
—तन्त्रचिन्तामणि, २।७५।१

४८ परातन्त्र, ५।८–१९।१–२।

उपासना वाममार्गबाट मात्र हुने कुरा तन्त्रचिन्तामणि नामक ग्रन्थले बताएको छ[४९] । वज्रेश्वरी अधराम्नायकी नायिका हुन् । तीनवटा मुख; प्रतिमुख तीनवटा आँखा, चारवटा हात भएकी रातो वर्णकी वज्रेश्वरी प्रेतलाई आसन बनाएर नृत्यमुद्रामा रहेकी छन् ।

मुण्डहरूको लामो मालारूपी गहनाले सुशोभित भएकी, सर्पको जनै लाएकी, बाघको छालाको कपडा लाएकी, सिंहको छालाको उत्तरीय वस्त्र लाएकी, आफ्ना चार हातमा कैंची, खप्पर, खट्वाङ्ग र डमरु धारण गरेकी वज्रेश्वरी कलियुगमा शीघ्र फल प्रदान गर्ने ईश्वरी हुन्[५०] ।

मुण्डमाला मातृकाक्षरको, सर्प विषनाशक शक्ति एवम् कालको, बाघ र सिंह ज्ञानशक्तिको, खप्पर सत्वगुणको, डमरु शब्दब्रह्मको, कैंची निर्भय शक्तिको, खट्वाङ्ग आध्यात्मिक, आधिदैविक र आधिभौतिक तापलाई नाश गर्ने शक्तिका प्रतीक हुन् ।

उपसंहार

यसप्रकार छ मुख भएका भगवान् श्रीपशुपतिनाथका तिनै छवटा मुखस्वरूप सद्योजात, वामदेव, अघोर, तत्पुरुष, ईशान र कालाग्निरुद्र एवम् तिनका अभिन्न शक्ति क्रमशः कुब्जेश्वरी, सिद्धेश्वरी (गुह्यकाली), निशेश्वरी, पूर्णेश्वरी, त्रिपुरसुन्दरी र वज्रेश्वरीका बीच संवादका क्रममा आविर्भाव भएको तान्त्रिक ज्ञानको परम्परा नै आम्नाय परम्पराका रूपमा प्रसिद्ध छ । अतः भगवान् श्रीपशुपतिनाथ नै समग्र आगमिक वा तान्त्रिक ज्ञानपरम्पराका आदिस्रोत हुन् भन्ने कुरा सिद्ध हुन्छ ।

शिवमस्तु !

सन्दर्भसामग्री सूची

अभिनवगुप्त, तन्त्रालोक, राधेश्याम चतुर्वेदी (सम्पादक), वाराणसी : चौखम्बा विद्याभवन, ई.सं. २००२ ।

अमरकोश, गौतम, कुलचन्द्र (टीकाकार), वाराणसी : यशोदा पुस्तकालय, वि.सं. २०१७ ।

आगमरहस्य, मालवीय, सुधाकर (सम्पादक), वाराणसी : चौखम्बा संस्कृत सीरिज आफिस, ई.सं. २०११ ।

उपनिषत्संग्रह, शास्त्री, जगदीश (सम्पादक), दिल्ली : मोतीलाल बनारसीदास, ई.सं. १९९० ।

कामकलारहस्य, ज.ब.रा., धनशमशेर, काठमाडौँ : नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं. २०३६ ।

कुलार्णवतन्त्र, मिश्र, परमहंस (सम्पादक), दिल्ली : चौखम्बा विद्याभवन, ई.सं. २००२ ।

ज.ब.रा., धनशमशेर, क्रमदीक्षारहस्य, नन्दन भट्टराई (सम्पादक), दाङ : महेन्द्र संस्कृत विश्वविद्यालय, वि.सं. २०५७ ।

तन्त्रविद्यालोक, भट्ट, विद्यानाथ उपाध्याय, काठमाडौँ : अन्नपूर्णा उपाध्याय भट्ट ।

नवमीसिंह, तन्त्रचिन्तामणि (पूर्वभाग), विद्यानाथ उपाध्याय भट्ट (सम्पादक), दाङ : महेन्द्र संस्कृत विश्वविद्यालय, वि.सं. २०५४)

नित्याषोडशिकार्णव, द्विवेदी, व्रजवल्लभ (सम्पादक), वाराणसी : वाराणसेय संस्कृत विश्वविद्यालय, ई.सं. १९६८ ।

नेत्रतन्त्र (उद्योतव्याख्या), द्विवेदी, व्रजवल्लभ (सम्पादक), दिल्ली : परिमल पब्लिकेशन्स, ई.सं. २००४ ।

परातन्त्र, लामिछाने, माधवप्रसाद (सम्पादक), काठमाडौँ : राष्ट्रिय अभिलेखालय, वि.सं. २०७५ ।

महाकालसंहिता (गुह्यकालीखण्ड), झा, किशोरनाथ (सम्पादक), इलाहावाद : गङ्गानाथ झा केन्द्रीय संस्कृत विद्यापीठ, ई.सं. १९९३ ।

वाचस्पत्य, भट्टाचार्य, तारानाथ (सम्पादक), वाराणसी : चौखम्भा संस्कृत सिरिज अफिस, ई.सं. १९६२ ।

स्वच्छन्दतन्त्र (उद्योतव्याख्या), कौल, मधुसूदन (सम्पादक), श्रीनगर : काश्मीर संस्कृत ग्रन्थमाला, ई.सं. १९२९ ।

❖❖❖

---

४९ पाताले वाम एव च

–तन्त्रचिन्तामणि, २।७५।३

५० परातन्त्र, ६।३–६।१–२ ।

सूचना ! सूचना !! सूचना !!!

पशुपति क्षेत्र विकास कोषले अबका दिनमा निरन्तर प्रकाशन गर्ने गरी द्वैमासिक रूपमा पाशुपत दर्पण सुरु गरेको छ । यसका लागि पशुपतिनाथ, पाशुपत क्षेत्र, दर्शन, धर्म, संस्कृति, इतिहास, अध्यात्म, वैदिक परम्परा, सम्पदा, पुरातत्व, चाडपर्व, जात्रापर्व, तन्त्र, मन्त्र, यन्त्र, योग, ध्यान, प्राकृतिक चिकित्सा आदि विषयमा अनुसन्धानमूलक लेख पठाउनु हुन अनुरोध गर्दछौं ।

कार्यकारी सम्पादक

ध्यान : जीवन सूत्र



✍ मानसाग्नि
(डा. हरिप्रसाद पोखरेल)
प्राकृतिक चिकित्सक

निर्मल ध्यान
(प्रथम चरण)

परिचय

सनातन ध्यान विज्ञानका गुणसूत्र र मेरो साधनाको स्वानुभूतिको योगबाट विकसित यो निर्मल ध्यान शारीरिक र मानसिक मलबाट मुक्त भई निर्मल बन्ने सरल मार्ग हो । वर्तमान आर्थिक युगमा आनन्द र शान्तिपूर्वक बाँच्ने आकांक्षा राख्ने मानवलाई दृष्टिगत गरी यो ध्यान विधि विकसित गरिएको हो ।

शरीर, चित्त र चैतन्यको सक्रिय सहभागितामा पूर्ण हुने तीन चरणमा रहेको यो ध्यान प्रणाली मलको मलिन मार्गबाट निर्मल सत्पथतर्फ बढाउने, वेहोसीबाट होसको यात्रामा लैजाने सरल र शक्तिशाली विधि-विज्ञान हो । मानव आफ्नो देह ऊर्जा, प्राण ऊर्जा र आत्मा ऊर्जाको त्रिवेणी स्नान गर्दछ र अनादि सत्तातर्फ अघि बढ्छ । वर्तमान मानव आफ्नो प्रकृति या भनौं मूल उद्गमबाट टाढा गइरहेको छ। शरीर योग, विश्व योग र अनादि योगको संगमबाट स्वधर्मको जीवन जिउने कला, संस्कृति र विज्ञानलाई भुलिसकेको छ । वेहोस जीवनशैलीले होस मार्गका सबै मूलढोका बन्द गरिदिएको छ ।

वेहोसीका कारण वर्तमान मानव दुःखी, अशान्त, भयभीत र असन्तुलित छ। जसका कारण सुखको खोजमा, शान्तिको खोजमा, अभयको खोजमा, आनन्दको खोजमा वेहोस भौंतारिइरहेको छ । पैसाको थुप्रोमा, पद-प्रतिष्ठामा, रक्सीको बोतल र लागूपदार्थमा, यौन भोगमा आदि यस्तै-यस्तै वेहोस यात्रामा आँखामा पट्टी बाँधेर दौडिएको छ मानव । कहाँ लुकेको छ सुख, आनन्द र ऐश्वर्य भनेर दौडँदा-दौडँदा आज ऊ आफ्नो केन्द्रबाट त धेरै टाढा पुगेको छ, परिधिबाट पनि उछिट्टिँदैछ । यही दौडमा मानव जाति नै मलैमलले मलिन हुँदै गइरहेको छ । निर्मल नहुँदासम्म कहाँ सुख, शान्ति र आनन्द नै मिल्दछ र ?

संसारमा आजसम्म विज्ञानको चरम विकासले बाहिर खोजेको खोजले सुविधा त दिन सक्यो तर आनन्द र उत्सवमय जीवन दिन सकेन । जसले सुख, आनन्द र उत्सवमय जीवन चाहन्छ, उसको खोजभित्र हुनुपर्दछ। भित्रको ऐश्वर्यको खोज ध्यान विज्ञानद्वारा मात्र सम्भव छ । जससँग बाहिरी र भित्री दुवै ऐश्वर्यको सम्यक मेल छ, ऊ मात्र संसारमा सुखी र आनन्दित हुनसक्छ । यो निर्मल ध्यान ३० वर्षदेखि हजारौं हजार मानिसमाथि प्रयोग गरेर सिद्ध भएको वैज्ञानिक विधि हो, जुन सरल र शक्तिशाली छ । यसका ११ चरण छन्, जसको प्रथम प्रवेश चरणलाई यहाँ समावेश गरिएको छ ।

विधि प्रवेशभन्दा पहिले

निर्मल ध्यानको विधि प्रवेशभन्दा पहिले निम्न आधारभूत जीवनशैली र कार्य सुरु गर्नु जरुरी छ, जसले विराट लाभ प्राप्त हुन्छ ।

१) चुरोट-तमाखु, जाँड-रक्सी एवम् अन्य लागूपदार्थ र मांसाहार छाड्नुपर्छ । तत्काल छाड्न नसके संकल्प गरेर २१ दिनमा छाड्नुपर्छ ।

२) हरियो सागपात एवम् तरकारी, सुख्खा एवम् ताजा फलफूल, कन्दमूल, अंकुरित अनाज, काँचो खान मिल्ने सलाद आदि र सादा, सुपाच्य र सात्विक भोजन गर्नुपर्छ ।

अल्पाहार, गहिरो निद्रा, तनावमुक्त विश्राम, एकान्तवास, मौन आदिले ध्यान उपलब्ध गर्न सजिलो हुन्छ । अत्यन्त धेरै या थोरै नभएर सम्यक भोजन, आलस्यका साथ धेरै सुत्ने या तपी देखिन कम सुत्ने नगरी सम्यक निद्रा, धेरै बोल्ने या बोल्दै नबोल्ने नगरी अति आवश्यक मात्रामा बोल्ने सम्यक मौन, हुलका साथ बसिरहने या कोठामा चुकुल लगाएर बस्ने नगरी अति आवश्यकतामा मात्र भेटघाट गर्ने सम्यक एकान्त, थकित हुने गरी श्रम गर्ने या हलचलै नगर्ने नगरी सम्यक योगासन एवम् व्यायाम आदि ध्यान यात्रामा सहयोगी हुन्छन् ।

३) बिहान सूर्योदयभन्दा पहिले ध्यानको प्रारम्भिक अभ्यास गर्नु राम्रो हो तर साधनाको रूपमा गर्ने हो भने हरेक २-२ घण्टामा गर्न सकिन्छ । साधनाको रूपमा गर्ने हो भने रसाहार, अल्पाहार (मुङको खिचडी) सुखा फल आदि मात्र खानु राम्रो हो ।

४) पेट मलरहित खाली, समयानुकूलित जल स्नान, कमसेकम रहलुका लुगा (सम्भव भए सेतो-सुती), एकान्त स्थान राम्रो हुन्छ ।

५) चारैतर्फबाट वायु प्रवाह हुन सक्ने, खुला र हावादार स्थान राम्रो हुन्छ । नदी, समुद्र, हिमालका सुरक्षित किनारा साथै वर-पिपलको फेद, जंगल बगैंचा, पहाड, खुल्ला आकाश आदि श्रेष्ठ स्थल हुन् । यो देश-काल-परिस्थितिअनुसार निर्णय गर्नुपर्छ ।

६) मानव जीव-जन्तु, चरा-चुरुंगी, वनस्पति आदि अनादि सत्ताका कृतिहरूप्रति अहिंसा व्रतले ध्यानलाई विराट बनाउँछ ।

७) अल्पाहार, गहिरो निद्रा, तनावमुक्त विश्राम, एकान्तवास, मौन आदिले ध्यान उपलब्ध गर्न सजिलो हुन्छ । अत्यन्त धेरै या थोरै नभएर सम्यक भोजन, आलस्यका साथ धेरै सुत्ने या तपी देखिन कम सुत्ने नगरी सम्यक निद्रा, धेरै बोल्ने या बोल्दै नबोल्ने नगरी अति आवश्यक मात्रामा बोल्ने सम्यक मौन, हुलका साथ बसिरहने या कोठामा चुकुल लगाएर बस्ने नगरी अति आवश्यकतामा मात्र भेटघाट गर्ने सम्यक एकान्त, थकित हुने गरी श्रम गर्ने या हलचलै नगर्ने नगरी सम्यक योगासन एवम् व्यायाम आदि ध्यान यात्रामा सहयोगी हुन्छन् ।

८) संकल्पवान ध्यानमार्गीले नुन र चिनीलाई छाड्नु श्रेष्ठ तप हो । नुन र चिनीलाई छाडेपछि होटल, भोज-भतेर, स्वच्छन्द भोजनबाट मुक्ति मिल्दछ । आफ्नो घरमा बनेको सात्विक र सम्यक भोजनले ध्यान मार्गमा सरलता हुन्छ । यसलाई कठोर नियमका रूपमा नहेर्नु तर श्रेष्ठ तपका रूपमा हेर्नु ।

९) बुद्ध दुःखबाट साक्षी, जनक सुखबाट साक्षी, शिव दुःख-सुख दुवैबाट साक्षी । साक्षी नै धारणाबाट ध्यानमा, ध्यानबाट समाधिमा र समाधिबाट अनादि सत्तामा पुऱ्याउने गुणसूत्र हो ।



१०) अनादि सत्ता उपलब्ध गर्ने संकल्पका साथ ध्यानको प्रारम्भ गरेको क्षण नै शुभ-मुहूर्त हो, शुभ लगन हो । अतः तिथि, बार, शुभ दिन निश्चित गरेर ध्यान सुरु गर्दछु भनेर नसोचौं । तत्काल जहाँ छौं त्यहींबाट संकल्प गरौं ।

विधि प्रवेश

विधि विज्ञान ध्यान होइन, ध्यान उपलब्ध गर्ने मार्गलाई सरल र सुगम बनाउने प्रविधि मात्र हो । यहाँ उल्लेखित विधिलाई नै ध्यान मानेर रमाउनु हुँदैन । दिनमा एक घण्टा यो विधिलाई प्रयोग गरेर म ध्यानी हुँ भन्ने अहंकार लिनु हुँदैन । एक दिन विधि-प्रविधि हराउँछ र ध्यान उपलब्ध हुन्छ, तब जीवन आनन्द र उत्सवले विराट बन्दछ ।

यो ध्यान विधिको पहिलो र दोस्रो चरण १०-१० मिनेटको छ । तेस्रो चरण ४० मिनेटको छ । साधनाका लागि अभ्यास गर्ने साधकले गुरुको साथमा रहेर समय र सीमालाई बिस्तार गर्दै समयातीत र असीममा प्रवेश गर्न सक्छन् ।

प्रथम चरण

यो चरण गहिरो र लामो श्वास-प्रश्वाससँग प्रत्यक्ष सम्बन्ध राख्दछ । कुनै ध्यानात्मक आसनमा बस्ने, त्यसमा पनि वज्रासन बढी सहयोगी हुन्छ । मेरुदण्ड सिधा रहोस् । नाकका दुवै प्वालबाट समान गतिमा लामो र गहिरो श्वास-प्रश्वास गर्ने । बाहिरबाट यति वायु भित्र भर्ने कि वायु भित्र जान सक्ने सम्पूर्ण सम्भावना पूरा होस् । फेरि उही गतिमा वायु बाहिर फ्याँक्ने कि वायु बाहिर फ्याँक्न सक्ने सम्पूर्ण सम्भावना पूरा होस् । न त भित्र रोक्ने हो, न त बाहिर रोक्ने हो । एउटै गतिमा वायुभित्र प्रवेश गर्दछ र अन्तिम विन्दुबाट पुनः उही गतिमा बाहिर निस्कन्छ । यो जति लामो, गहिरो र एक लयमा हुन्छ, त्यति नै बढी आनन्द प्राप्त हुन्छ । यो चरणको केन्द्र छाती हो अर्थात् ह्दय केन्द्र हो । नाकबाट वायुभित्र प्रवेश गर्दा तिमी पनि साथ साथ प्रवेश गर, न अघि न पछि साथसाथ । वायु नाक हुँदै श्वास नलीबाट फोक्सोमा पुग्दछ र फोक्सोको हरेक सूक्ष्म प्रवेशद्वारबाट प्राणवायु सम्पूर्ण कोषाणुसम्म फैलिन्छ । पुनः सूक्ष्म निकास द्वारहरूबाट त्यही गतिमा प्राणनाशक वायु फोक्सो, श्वासनली र नाक हुँदै बाहिर निस्कन्छ । स्वजातीय द्रव्य बोकेर प्रवेश गरेको वायु विजातीय द्रव्य बोकेर फर्कन्छ । यो क्रियाले शरीर, मन र चेतना निर्मल हुन्छ ।

सारा जीवन श्वासको खेल हो । जगतमा जीवनको अस्तित्व श्वासमा निर्भर छ । हामीले जसरी श्वास-प्रश्वास गर्नु पर्ने हो, त्यसरी गरिरहेका छैनौं । प्रतिफल आवश्यक श्वास-प्रश्वासको अभाव नै तेस्रो विधायक प्राणशक्तिको अभाव हो । मानव शरीरको बाहिरी हिस्सालाई हेर्दा पनि वर्तमान मानवको फोक्सोले जति श्वास-प्रश्वास गर्नु अनिवार्य थियो, त्यसको २० प्रतिशत पनि गर्न सकेको छैन । प्रतिफल बाँकी ८० प्रतिशत भाग शरीरलाई हानी गर्ने विजातीय पदार्थ (धुवाँ, धुलो, कफ, कार्वनडाइअक्साइड आदि) ले भरिएको छ, जो सयौं रोगको कारण हो ।

यो १० मिनेटको अभ्यासले बिस्तारै-बिस्तारै फोक्सोको सम्पूर्ण भागका साथै कोषाणुहरूमा भरिएको विजातीय

श्वासद्वारा नैदेह सत्ता र अनादि सत्ता जोडिएको छ। श्वास पुल हो, वारी देह सत्ता छ, पारी अनादि सत्ता। श्वास हाम्रो सबैभन्दा अग्लो उचाइ हो र गहिरो गहिराइ पनि। हाम्रो सबैभन्दा टाढा शरीर छ। बीचमा श्वास र सबैभन्दा नजिक अनादि सत्ता। तर, हामीले सबैभन्दा टाढाको देखेका छौं, नजिकको भुलेका छौं। श्वासले नाता जोडिदिन्छ।

पदार्थलाई सफा पार्दछ । स्वजातीय प्राणवायुलाई अन्तरकोषीय कोषाणुसम्म पुऱ्याउँछ । शुद्धवायुद्वारा बुद्ध आयु प्राप्त गर्न सक्दछौं, जसको सुप्रभाव शरीर योगदेखि विश्व योगसम्म पर्दछ ।

दोस्रो चरण

सम्पूर्ण शरीर र मनको कोष-कोषमा जम्मा भएका विजातीय पदार्थहरूलाई निकाली तिनीहरूमा प्राण ऊर्जा भरेर शक्तिशाली बनाउनु यस अभ्यासको प्रथम र महत्वपूर्ण कार्य हो भने निर्मल चेतना प्राप्त गर्ने राजमार्ग पनि हो। शरीर र मनको निर्मलताले नै चैतन्य बोधको ढोका खोल्दछ । हुलले मानेको सत्यको भूलवाट स्वयंले जानेको सत्यको मूलसम्म पुऱ्याउँछ ।

पहिलो चरणमै बसेको ध्यानात्मक आसनमा वस्ने । बज्रासन सवैभन्दा राम्रो हो । प्रश्वास (रेचक) लाई शक्तिपूर्वक वाहिर छाड्ने र नाभीलाई शक्तिपूर्वक मेरुदण्डतर्फ धक्का दिने । धक्का दिनेवित्तिकै नाभीलाई शान्त छाडिदिने जसले पूर्वअवस्थामा आओस् । नाभी पूर्वअवस्थामा आउनुका साथै नाकबाट स्वाभाविक रूपमा श्वास (पूरक) भित्र प्रवेश गर्दछ । यो चरणमा केवल सम्पूर्ण अस्तित्वको केन्द्र, ऊर्जाको केन्द्र र समग्रमा भन्दा अनादि सत्ताको शरीरको केन्द्र नाभीलाई जोडले प्रश्वास (रेचक) लाई बाहिर फ्याँक्दै मेरुदण्डमा धक्का दिने र शान्त हुन दिने । नाभी मानव जीवनको केन्द्र हो, यो वाटोवाट हामी जगतमा प्रवेश गरेका थियौं । चक्र विज्ञानको दृष्टिमा यस अभ्यासले मूलाधार, स्वाधिष्ठान र मणिपूर चक्रलाई निर्मल बनाउँछ। शरीर, मन र चेतनालाई निर्मल बनाउँछ ।

बाह्य ज्ञान-विज्ञानको केन्द्र मस्तिष्क हो, भावना र संवेदनाको केन्द्र ह्दय हो । अस्तित्व र प्राण तत्वको केन्द्र नाभी हो । विचार या सूचनाप्रधान जगतबाट भावनाप्रधान जगत र भावनाप्रधान जगतबाट प्राणप्रधान जगतमा यात्रा गर्नु नै ध्यान हो । प्राणप्रधान जगतबाट हामी अनादि सत्तामा प्रवेश गर्दछौं । अध्यात्मिक साधना या शरीर र मनको पूर्ण स्वास्थ्य र निर्मलताका लागि नाभी रहस्यको केन्द्र हो । नाभी शरीरको जन्म, स्थिरता र मृत्युको केन्द्र हो । मानव शरीरको रहस्य, रचना र रफ्तारको केन्द्र नाभी अर्थात् मणिपुर चक्र (solar plexus) हो । ब्रह्माण्डमा सूर्यको जुन स्थान छ, शरीरमा नाभीको त्यही स्थान छ । यसैले नाभीलाई सूर्य चक्र, प्राण चक्र, गति चक्र, निर्मल चक्र, अग्नि चक्र आदि नामले पनि सम्वोधन गरिन्छ । योग ग्रन्थ आयुर्वेद ग्रन्थ, तन्त्र ग्रन्थ साथै वेद-वेदांग, प्राच्य एवम् पाश्चात्य धर्मदर्शन, साहित्य-सङ्गीत-कला आदि सवैतिर नाभीको गुणगान गाइएको छ ।

बाह्य जगत र अन्तरजगतको पुलका रूपमा नाभीले काम गरिरहेको छ । प्राण-विज्ञानको आत्मा हो नाभी । एक दिन आधुनिक विज्ञानले पनि बुझ्ने छ नाभी रहस्य । नाभीको महत्व आमाको गर्भसम्म मात्र होइन, अस्तित्वको गर्भसम्म र त्योभन्दा विराट अनादि सत्तासम्म रहेको जान्नेछ । यो दिन शरीर रचना र क्रिया विज्ञानले आफ्नो शिखर छुनेछ । नाभीको गुणगान जति गाए पनि कम हुन्छ । यसको विराट रहस्य शब्दले होइन, साधनाले देख्न सकिन्छ । प्राण विद्या एवम् विज्ञानको केन्द्र नाभीलाई होश, समझ र चैतन्य बोधद्वारा जान्न सकिन्छ ।

मान्नुलाई छाडेर जव जान्नुलाई स्वीकाछौं, तब गन्तव्य टाढा छैन, जानेर मान । मानेर जान्न गाह्रो छ, असम्भव नै भने हुन्छ । प्रवचनबाट स्ववचनमा, ग्रन्थवाट निग्रन्थमा, आदिवाट अनादिमा प्रवेश गरेर नै तिम्रा सम्पूर्ण प्यास मेटिनेछन् । सम्पूर्ण सामर्थ्य लगाएर साधना गर । नाभी केन्द्र हो । त्यसवाट षड्चक्रहरू वने । षड्चक्रबाट २१ चक्र वने । २१ चक्रवाट १०७ चक्र वने । १०७ चक्र (मर्मस्थान) वाट ५६७ चक्र वने र त्यसवाट करिव ७ करोड चक्र वने जो प्रतिक्षण प्रकम्पित छन् ।

नोट : यो शक्तिशाली प्रयोग हो । नयाँ अभ्यासी, वृद्ध-वृद्धा या रोगीले गुरूका साथ रहेर अभ्यास गर्नुपर्छ । प्रारम्भमा एक मिनेट, तीन मिनेट, पाँच मिनेट, सात मिनेट गर्दै १० मिनेट पुऱ्याउनुपर्छ । पहिलो दिनमै ५-१० मिनेट गर्नु हुँदैन । क्रमिक रूपमा सरलताका साथ बढाउनु पर्दछ । गर्मीको समयमा पित्त प्रकृति भएकाले धेरै गर्नु हुँदैन । देश, काल, परिस्थितिलाई ध्यान दिएर साधकले लाभ प्राप्त गर्न सक्छन् ।

तेस्रो चरण

यो चरण श्वासमा ध्यान राख्दै, त्यसैमा सहज बग्ने चरण हो । श्वासद्वारा नैदेह सत्ता र अनादि सत्ता जोडिएको छ । श्वास पुल हो, वारी देह सत्ता छ, पारी अनादि सत्ता । श्वास हाम्रो सवैभन्दा अग्लो उचाइ हो र गहिरो गहिराइ पनि । हाम्रो सवैभन्दा टाढा शरीर छ । बीचमा श्वास र सवैभन्दा नजिक अनादि सत्ता । तर, हामीले सवैभन्दा टाढाको देखेका छौं, नजिकको भुलेका छौं । श्वासले नाता जोडिदिन्छ ।

नाकका दुवै प्वालबाट आइरहेको र गइरहेको श्वासलाई होसपूर्वक हेरिरहनू । सम्पूर्ण काम-कुराबाट माथि उठेर हेर्ने कला, विज्ञान र चैतन्यबाट सजग साक्षी बन्नु । श्वास-प्रश्वास जसरी आउँछ आओस्, जसरी जान्छ जाओस् । श्वास-प्रश्वासलाई लामो-छोटो बनाउने कोशिस नगर्नु जस्तो प्रणायाममा गरिन्छ । सहज आफ्नै गति र लयमा वग्न दिनु । श्वास-प्रश्वासका साथ-साथ पूर्ण होसका साथ अघि बढ्नु, न अगाडि न पछाडि, साथ-साथ ।

श्वास भित्र प्रवेश गऱ्यो, नाकको प्वालभित्र स्पर्श गर्दै । श्वास अगाडि बढ्यो श्वास नाली हुँदै फोक्सो फैलियो । क्षणभर स्वाभाविक रूपमा श्वास-प्रश्वास रोकियो । फेरि प्रश्वास बाहिर आयो । फोक्सो खुम्चियो नाकका प्वालमा स्पर्श गर्दै प्रश्वास बाहिर निस्कियो । क्षणभर स्वाभाविक रूपमा श्वास-प्रश्वास रोकियो ।

फेरि नयाँ श्वास आयो, फेरि नयाँ प्रश्वास गयो । यो विराट चक्र चलिरहेको छ । यी क्षणहरूलाई अनुभव गर, विचारका साथ होइन, निर्विचारका साथ । श्वास-प्रश्वासको स्पर्श पनि अप्राकृतिक नबनोस् कृति बनोस् ।

कथा नबनोस्, कौशल बनोस् । प्रत्येक सूक्ष्मातिसूक्ष्म क्षणहरूलाई देख । यो चक्र सम्पूर्ण शरीरको सम्पूर्ण कोषाणुदेखि ब्रह्माण्डको अनादि सत्तासम्म घुमिरहेको छ । तर, यो आधार अभ्यासमा हामी फोक्सो या छातीसम्म मात्र साथ-साथ यात्रा गर्दछौँ । अगाडि बढेर नाभी क्षेत्रसम्म फैलिन सक्दछौँ । हेर्नु, निष्कम्प हेर्नु, निशब्द हेर्नु, निर्विचार हेर्नु, विज्ञानको पनि विज्ञान महाविज्ञान हो । निर्मल, निर्धुम स्थितिबाट हेर्दै जाऊ कि एक दिन यस्तो शुद्धतम् स्थिति आवोस् । श्वास-प्रश्वाससँग जोडिएको अनादि सत्ता देख्न सकियोस् । सत्य आफ्नो विराट स्वरूपमा प्रकट होस् ।

श्वास-प्रश्वास र भावको अन्तरसम्बन्ध छ । श्वास-प्रश्वास बदलियो त भाव बदलियो । डराएको बेलामा श्वास-प्रश्वास छुट्टै किसिमले चल्दछ, प्रेमको बेलामा छुट्टै किसिमले चल्दछ, क्रोधको बेलामा छुट्टै किसिमले चल्दछ, अहंकारको बेलामा छुट्टै किसिमले चल्दछ । चोरीको बेलामा छुट्टै किसिमले त लोभको बेलामा छुट्टै किसिमले, अहिंसाको बेलामा छुट्टै किसिमले त हिंसाको बेलामा छुट्टै किसिमले चल्दछ । हरेक भावले श्वास-प्रश्वासमा प्रभाव पार्दछ । जब श्वास-प्रश्वासलाई सहज हेर्ने बानी हुन्छ, तब यो कुराको ज्ञान हुन्छ । श्वास-प्रश्वास बदल्दा कसरी भाव बदलिन्छ, भाव बदल्दा कसरी श्वास-प्रश्वास बदलिन्छ । यो श्रेष्ठतम कला हो, जसले हरेक विषम परिस्थितिलाई सम बनाउन सहयोग गर्दछ । समत्व नै ध्यानको उच्च अवस्था हो ।

श्वास-प्रश्वास हेर्ने कला एवम् विज्ञान सनातन् महाविज्ञान हो । जसको प्रयोगद्वारा मानव इतिहासमा लाखौं साधकले अनादि सत्ताको विराटसत्य उपलब्ध गरेका छन् । श्वास-प्रश्वास हेर्ने कला, जान्नु हरेक मानवका लागि आवश्यक छ । यो यसरी हेर्ने हो कि जसरी हामी नदीकिनारामा बसेर नदीको प्रवाह हेर्दछौं । हिमालको सौन्दर्य हेर्दछौं । पुष्पको पुष्पित आभा हेर्दछौं । जस्तो छ, त्यस्तै उसकै गति र सौन्दर्यमा । कुनै रोजाइबिना, कुनै चाहनाबिना । कस्तो भए राम्रो हुन्थ्यो या कस्तो भएर नराम्रो भयो आदि आदि । मोह र द्वेषबिना तर्क-वितर्कबिना उसकै स्वरूपमा हेर्नुमा शान्ति छ, सौन्दर्य छ, सत्य छ । अहिंसा छ, करुणा छ, प्रेम छ ।

श्वास-प्रश्वासको साक्षी अवलोकन गर्दा एक स्थिति यस्तो आउँछ कि बाहिरबाट भित्र गएको श्वास र भित्रबाट बाहिर आएको प्रश्वास एकक्षणका लागि एक विन्दुमा मिल्दछन् र स्थिर हुन्छन् । त्यो अवस्थामा मंगलावस्था अवतरित हुन्छ । जब श्वास पूरा भित्र जान्छ, तब एकक्षणका लागि रोकिन्छ । जब प्रश्वास पूरा बाहिर जान्छ, तब एक क्षणका लागि रोकिन्छ । यो दुवै क्षण होसपूर्ण भयो भने अहंकार, महत्वाकांक्षा र प्रतिस्पर्धाको त्रिवेणी समाप्त हुन्छ । श्वास-प्रश्वास रोकियो भने मन रोकिन्छ, मन रोकियो भने श्वास-प्रश्वास रोकिन्छ । यहाँ रोकिनु भनेको दिव्य विश्राममा रहनु हो । चैतन्य निद्रामा रहनु हो । श्वास-प्रश्वास रोकियोस् या मन रोकियोस्, अहंकारको त्रिवेणी स्वतः नै मानवजीवनबाट विदा हुन्छ ।

लाभ

लाभ, लोभ र लोभीको त्रिवेणीमा आजको मानिस बाँचेको छ । त्यसैले लाभको कथा नसुनाएसम्म लोभीको लोभ जाग्दैन र साधनामा आउँदैन । तसर्थ यो लौकिक लाभ खण्ड राखिएको छ । निर्मल ध्यानले निम्न उल्लेखित लाभहरू प्रारम्भिक अवस्थामै देखिन्छन् । निम्न लाभ ठूलो लाभ होइन । श्रेष्ठ लाभ त अनादि सत्ता उपलब्ध गर्नु नै हो । आजको मानिसले शारीरिक र मानसिक लाभ प्रारम्भमा नै नसुनीकन सत्पथद्वारा अनादि सत्तामा जाने साहस गर्दैन ।

योगका विविध विधि-विज्ञानहरू शरीर सत्ता, ब्रह्माण्ड सत्ता र अनादि सत्तालाई जानेर सत्यमा स्थित हुनका लागि थियो तर आज शरीर सत्ताको पनि निम्नतम तल जो दैनन्दिन देखिरहेका छौँ, त्यसको रोग र शोकले विक्षिप्त बनाइरहेको छ । त्यसैले यो निर्मल ध्यानले शारीरिक र मानसिक रोगमा के काम गर्दछ भन्ने कुरामा यो लाभ खण्ड केन्द्रित छ । तर, यो ध्यान विधि विराट र शक्तिशाली छ जसको लाभको वर्णन शब्दमा सधैं अपूर्ण रहन्छ । यसको अध्यात्मिक लाभ र अगाडिको अभ्यासका लागि गुरुका साथ बसेर साधना गर्नु आवश्यक छ ।

१) नसर्ने र आजको विश्वलाई घुँडा टेकाइसकेको रोग, मुख्यतः मोटोपन, रगतमा कोलेस्ट्रोल एवम् ट्राइग्लिसिरायड जस्ता चिल्लोको वृद्धि जो ह्दय रोगको प्रमुख कारण, मधुमेह, दम, आदि नियन्त्रणमा लाभ पुऱ्याउँछ ।

२) रोगको जननी कब्जका साथै अम्लपित्त, वायुगोला, अपच-अजीर्ण र अन्य पेट रोगमा केही दिनमा लाभ पुऱ्याउँछ ।



३) सम्पूर्ण शरीरको कान्ति, ओज, आभा बढ्नुका साथै दिव्य सौन्दर्य प्रकट हुन्छ ।

४) कफप्रधान रोगहरू रुघा-खोकी, पिनास, दम आदि समूल नष्ट हुन्छन् ।

५) छाती र पेटभित्र रहेका मुटु, फोक्सो, कलेजो, मिर्गौला, फियो, क्लोम ग्रन्थि, आमाशय, ठूलो र सानो आन्द्रा आदिलाई निर्मल र शक्तिशाली बनाउँछ ।

६) स्त्री एवम् पुरुष प्रजनन् प्रणालीका रोगमा फाइदा पुऱ्याउँछ । पाठेघर खसेको र हर्नियाको समस्या भएकाले दोस्रो चरण नगरी पहिलो र तेस्रो मात्र गर्नु ।

७) विभिन्न ग्रन्थिहरूबाट नियमित निस्कने अन्तःस्रावी र बहिर्स्राबी हर्मोनहरूको सन्तुलन गराउँछ । हर्मोनहरूको कमी या बढीबाट पैदा हुने स्वास्थ्य समस्याहरूमा यो ध्यानले फाइदा पुऱ्याउँछ ।

८) पुनर्योवनका लागि यसले चामत्कारिक काम गर्दछ । असमयमै रौं फुल्ने, झर्ने, मोटो र दह्रो हुने जस्ता रौंका समस्या अनुहार एवम् सम्पूर्ण शरीरमा कालो-सेतो दागहरू, छाला चाउरी पर्नु जस्ता समस्याहरूमा फाइदा पुऱ्याउँछ । लामो समय यो ध्यान गर्ने वृद्धहरूमा पनि युवामा जस्तै जोश-जाँगर र कान्ति पाइएको छ ।

९) शरीर र मनमा संकलित विजातीय पदार्थको निष्कासन एवम् जीवनी शक्तिको वृद्धि गर्दछ, जसले रोग र शोकवाट मुक्ति मिल्दछ ।

१०) स्मृति नाश (भुल्ने समस्या) मा अत्यन्त राम्रो सुधार पाइएको छ । पढेका, सुनेका, देखेका आदि घटनाहरूलाई स्मृतिपटलमा व्यवस्थित र क्रमबद्ध रूपमा राख्ने क्षमतामा वृद्धि हुन्छ । उचित समयमा आवश्यक सूचना तत्काल स्मृतिमा आउने क्रममा पनि राम्रो लाभ पाइएको छ । भुल्ने रोग (अल्जाइमर) का रोगीहरूमा पनि स्थिरता र सुधार देखिएको छ ।

११) चिन्ता, तनाव, हीनताबोध, उच्चताबोध, क्रोध, डर, अनिद्रा आदि मानसिक समस्या साथै हिंसक स्वभावबाट मुक्ति मिल्दछ ।

१२) जाँड-रक्सी, चुरोट-तमाखु, गाँजा-भाङ एवम् अन्य नशा या लागुपदार्थप्रति अनिच्छा पैदा हुने र क्रमशः छाड्दै जाने गरेको पाइयो । यो ध्यान एक वर्षसम्म लगातार गर्दा लागूपदार्थ सेवन गर्नेहरूमा स्वभाव परिवर्तन भई यस्ता नशालु या लागु पदार्थ छाडेको पाइएको छ ।

१३) आलस्य हराएर स्फूर्ति बढ्छ । सानो-सानो कामले पनि छिटो-छिटो थाक्ने या विश्रामपछि पनि थकानका लक्षणहरू देखिइरहने भयो भने यो ध्यानको अभ्यासले चामत्कारिक लाभ देखाउँछ ।

१४) कार्यकुशलता एवम् सिक्ने क्षमतामा अत्यन्त वृद्धि पाइयो । श्रम, सीप, समय, सदाचार र साधनाको पञ्चांग जीवनशैली विकसित भएको देखियो ।

१५) रक्त वसा (कोलेस्ट्रोल एवम् ट्राइग्लिसराइड) लाई सन्तुलित राख्दछ । धमनी अवरोधजन्य हृदयरोगमा अवरोध घटाउन मद्दत गरेको पाइयो । उच्च रक्तचापलाई सन्तुलित एवम् स्थायी नियन्त्रण गरेको पाइयो ।

१६) त्रिदोषलाई सन्तुलित गर्दछ । दोषप्रधान रोगहरूलाई समूल नाश गर्दछ ।

१७) टाउको दुख्ने र विशेषतः माइग्रेन एवम् तनावजन्य टाउको दुखाइमा फाइदा गरेको पाइयो ।

१८) मृगी र हिस्टेरियाका रोगीमा विशेष फाइदा भएको देखियो । यस्ता रोगीले गुरु या विशेषज्ञको सल्लाहमा तोकिएअनुसार अभ्यास गर्नु ।

१९) शरीर र मनलाई मलरहित निर्मल बनाउनुका साथै जीवनी शक्तिलाई अत्यन्त बढाउने हुनाले एलर्जी, वंशाणुगत रोग, अर्बुद (क्यान्सर), एचआईभी/एड्स, हेपाटाइटिस-बी आदि स्वास्थ्य समस्यामा पनि फाइदा पुऱ्याएको पाइयो ।

२०) सुस्त मनस्थिति र मानसिक अपांगता भएकाहरूमा पनि क्रमिक अभ्यासले फाइदा पुऱ्याएको पाइयो ।

२१) अन्तमा, स्वस्थ-अस्वस्थ, तपस्वी-साधक साथै अनादि सत्ताको साथ एकाकार हुन चाहने सबैका लागि यो श्रेष्ठ ध्यान-साधना हो ।

सावधानी

ध्यानको अभ्यासका क्रममा विभिन्न सकारात्मक घटना हुँदाहुँदै पनि ध्यानपथको जानकारीका अभावले नकारात्मक जस्ता लाग्न सक्ने घटनाको जानकारी दिएर सचेत गराउन खोजेको हुँ । निम्न घटना ध्यानका बेला घट्न सक्दछन्, तर डराउनु पर्दैन । गुरुको सल्लाह र साथ लिनु पर्दछ ।

१) ध्यानको अभ्यास बढ्दै जाँदा निद्रा र थकान घट्नै जान सक्दछ । निद्राले जे विश्राम दिन्थ्यो त्योभन्दा श्रेष्ठ विश्राम ध्यानबाट प्राप्त हुने हुनाले निद्रा कम हुन गएको हो । यो ध्यान बिहानका लागि बनाइएको हो तसर्थ साँझ सूर्यास्तपछि नगर्नु । सूर्यास्तपछि गर्नाले निद्रा नआउन सक्दछ । आध्यात्मिक साधकले गुरुको मार्गदर्शनमा कुनै पनि बेला र जति लामो समयावधि पनि गर्न सक्दछन् ।

२) प्रारम्भिक दिनमा भोक अत्यन्त बढ्दै जान्छ र साधकले सधैंको भन्दा अत्यन्त धेरै खाना खान थाल्दछ। फेरि केही दिनपछि क्रमिक रूपमा भोक घट्दै जान्छ र सधैंको भन्दा आधा र त्योभन्दा पनि कम खानाले पुग्छ। ध्यानको प्रभाव बाहिरी हिस्सामा रहँदासम्म ऊर्जा क्षय बढी हुने हुनाले सो पूर्तिका लागि शरीरमा भोजनको माग बढेको हो। जब ध्यानको प्रभाव बिस्तारै भित्री हिस्सातर्फ बढ्दै जान्छ तब उसले अनादि ऊर्जा प्राप्त गर्न थाल्दछ। अनादि ऊर्जा प्राप्त हुन थालेपछि भोजनवाट प्राप्त हुने बाह्य ऊर्जाको आवश्यकता घट्छ र कम भोजनले नै तृप्ति मिल्दछ।

३) ध्यान साधना बढ्दै जाँदा शरीर सानो हुँदै गए जस्तो, शरीर ठूलो हुँदै गए जस्तो, शरीर अत्यन्त गह्रुंगो हुँदै गए जस्तो, शरीर धेरै तातो भए जस्तो, शरीर धेरै चिसो भए जस्तो या यस्तै अनेकन अनुभव हुन सक्छन्। यस्तो भएमा चिन्ता लिनु जरुरी छैन। यी घटनालाई हटाउने या स्वीकार्ने दुवै कार्यबाट टाढा घटनाको केवल साक्षी बनेर पूर्ण सजगता, पूर्ण होसका साथ ध्यान साधना गरिरहने।

४) ध्यान साधनाबाट बढी फाइदा लिन हरेक चरणमा पूर्ण उपस्थिति र शक्तिका साथ कार्य गरिरहनु पर्दछ। लाभलाई आउन दिनुपर्छ, बोलाउनु हुँदैन। निरन्तर अभ्यास र प्रतीक्षा यसका मूल सूत्र हुन्। लाभ-हानीको लेखाजोखा गर्नु हुँदैन, तब मात्र तेस्रो विधायक अवस्था आनन्द र उत्सव प्राप्त हुन्छ।

५) चिन्ता-तनाव, डर, आत्तिएको आदि मानसिक असन्तुलनताका बेला ध्यान नगर्नु राम्रो हुन्छ। ध्यान गर्नुभन्दा पहिले गर्नुपर्ने पूर्वकर्महरू गरेर यो अभ्यासमा आउनु राम्रो हुन्छ।

६) विधि प्रवेशभन्दा पहिले गर्नुपर्ने दस सूत्र जति सकिन्छ, बढी अभ्यास गर्नुपर्छ। एकैपटक पूर्ण गर्न नसके पनि पूर्ण गर्ने सोच र संकल्पलाई बलियो बनाउनु पर्दछ।

७) अनादि सत्ता या सत्यलाई प्राप्त गर्ने विराट लाभलाई केन्द्रस्थ बनाएर साधना अघि बढाएपछि शरीर र मनोगत लाभ त प्रारम्भ मै देखिन्छ। त्यसतर्फ ध्यान दिनै पर्दैन, केवल ध्यानतर्फ ध्यान दिए पुग्छ।

८) मैत्री, करुणा र आनन्दको त्रिरत्नजडित आभूषण लगाएर सबैभित्र म छु र मभित्र सबै छन् भन्ने विराट भावना र भक्तिका साथ साधनालाई अघि बढाउनुपर्छ।

९) आनन्दित मान्छेसँग मित्रता, दुःखीलाई करुणा, पुण्यात्मावाट प्रसन्नता र पापीहरूलाई उद्धारको भावनाले चित्त प्रसन्न हुन्छ, जसले ध्यान-साधनामा उन्नति हुन्छ।

१०) शरीरका मुख्य तीन केन्द्र छन्, मस्तिष्क (बुद्धि केन्द्र, हृदय-चित्त केन्द्र र नाभी (अस्तित्व केन्द्र। यो त्रिवेणी, जो शरीर योग, विश्व योग र अनादि योगको प्रतिनिधि केन्द्र हो। यसलाई जान र अघि बढ। मस्तिष्कको सम्बन्ध मानसँग र मनको कार्यक्षेत्र मस्तिष्क। हृदयको सम्बन्ध प्राणसँग र नाभीको सम्बन्ध अनादि सत्तासँग। मस्तिष्क र मन मिलेर ज्ञान, वुद्धि, प्रज्ञाको जन्म। हृदय र प्राण मिलेर प्रेम, शान्ति, करुणाको जन्म। नाभी र अनादि सत्ता मिलेर सत्य र आनन्दको जन्म।

विशेष

निर्मल ध्यान विधि ३१-३२ वर्षबाट हजारौं मानिसले सिकिरहेका छन्। जसमा सबैभन्दा बढी आफ्नो शारीरिक र मानसिक रोगोपचारका लागि अस्पताल या स्वास्थ्य शिविरमा आउनेहरू छन्। सनातन ध्यानको विधि-विज्ञान भित्रबाट मैले आजको मानिसका लागि यो संयोजन गरेको हुँ जो नामजस्तै निर्मल छ। साधकहरूले बताएका अनुभव र अनुभूतिका आधारमा हेर्दा पनि आफूभित्र सुतेको सम्भावना र शक्तिको स्रोतलाई जगाउन श्रेष्ठतम साधना प्रमाणित भएको छ। प्राप्त अनुभव र अनुभूतिका सूचनालाई आधार मानी कैयन् वैज्ञानिक अनुसन्धान पनि भएका छन् एवम् आवश्यक सुधार र परिमार्जन पनि।

हामी आज समाजमा जुन सम्भावना र शक्तिको कुरा गरिरहेका छौं। त्यो सतही सम्भावना र शक्तिको आख्यान हो। हामीभित्र त त्यो विराट सम्भावना र शक्तिको स्रोत छ जो बेहोस सुतेको छ। श्वास-प्रश्वासको विभिन्न प्रयोगद्वारा त्यसलाई बढाउन र पूर्ण होसका साथ दिव्य प्रयोग गर्न सकिन्छ। यो निर्मल ध्यानको गन्तव्य शरीर सत्ता, ब्रह्माण्ड सत्ता हुँदै अनादि सत्तामा पुगेर महाविश्राम गर्नु हो।

ध्यानको अभ्यास बढ्दै जाँदा निद्रा र थकान घट्नै जान सक्दछ। निद्राले जे विश्राम दिन्थ्यो त्योभन्दा श्रेष्ठ विश्राम ध्यानबाट प्राप्त हुने हुनाले निद्रा कम हुन गएको हो। यो ध्यान बिहानका लागि बनाइएको हो तसर्थ साँझ सूर्यास्तपछि नगर्नु। सूर्यास्तपछि गर्नाले निद्रा नआउन सक्दछ। आध्यात्मिक साधकले गुरुको मार्गदर्शनमा कुनै पनि बेला र जति लामो समयावधि पनि गर्न सक्दछन्।

...

प्रारम्भिक दिनमा भोक अत्यन्त बढ्दै जान्छ र साधकले सधैंको भन्दा अत्यन्त धेरै खाना खान थाल्दछ। फेरि केही दिनपछि क्रमिक रूपमा भोक घट्दै जान्छ र सधैंको भन्दा आधा र त्योभन्दा पनि कम खानाले पुग्छ। ध्यानको प्रभाव बाहिरी हिस्सामा रहँदासम्म ऊर्जा क्षय बढी हुने हुनाले सो पूर्तिका लागि शरीरमा भोजनको माग बढेको हो। जब ध्यानको प्रभाव बिस्तारै भित्री हिस्सातर्फ बढ्दै जान्छ तब उसले अनादि ऊर्जा प्राप्त गर्न थाल्दछ। अनादि ऊर्जा प्राप्त हुन थालेपछि भोजनबाट प्राप्त हुने बाह्य ऊर्जाको आवश्यकता घट्छ र कम भोजनले नै तृप्ति मिल्दछ।

नाद मूल ध्यान

परिचय

ओम्, अ उ म तीन ध्वनि मिलेर बनेको महाध्वनि हो, जो मानिसको अन्तरमनको गहिराइदेखि ब्रह्माण्डको मूलसम्म गुञ्जिरहेको छ। योग विज्ञानको दृष्टिमा हेर्दा शरीर एक वाद्ययन्त्र जस्तै छ। यो एक विशिष्ट अनाहत नादको लयबद्धतामा विकसित छ। त्यो लयबद्धतामा फेरबदल आयो भने शरीर र मनको सम्पूर्ण बाहिरी व्यवस्था बिग्रन थाल्दछ। लयबद्धता आयो भने आनन्द विकसित हुनथाल्छ। चैतन्यबोध उपलब्ध हुनथाल्छ। बाहिरी वाद्ययन्त्रमा पनि लयवद्धता भएन भने पीडा दिन्छ, लयवद्धता भयो भने आनन्द। अन्तरजगतवाट शक्तिशाली उच्चारण गर्ने।

तयारी

यो ध्यानको अभ्यास गर्दा पेट खाली हुनुपर्छ। खाली पेटको अर्थ खाना नखानु मात्र होइन, दिसा-पिसाव गरेर तल्लो पेटलाई पनि खाली गर्नु हो। जवसम्म भित्र अवकाश हुँदैन, तवसम्म स्थुल ध्वनि मूलध्वनिसँग मिल्न सक्दैन। पद्मासन, वज्रासन, सिद्धासन, सुखासन जस्ता ध्यानात्मक आसनमा बस्ने। कपडा खुकुलो र सूतीको प्रयोग गर्ने। शरीर छुने गरी कुनै पनि धातुका गहना एवम् अन्य कुरा नलगाउने। घडी, औंठी, सिक्री, चश्माआदि सबै खोलेर राख्ने। सम्भव भए स्नान गरेर सफा कपडा फेरेर बस्ने, नभए हात, खुट्टा र अनुहार सफापानीले धुने। आरामदायी चकटी, कम्मल आदि आसनमा आँखा बन्द र मेरुदण्ड सिधा गरेर बस्ने।

अब हामी चरणवद्ध रूपमा नाद मूल ध्यान आरम्भ गर्दछौँ।

प्रथम चरण

यो चरण १५ मिनेटको छ। लामो श्वास लिने र अन्तरकुम्भक अर्थात् भित्रै रोकेर लगातार ॐ. . . ॐ. . . ॐ. . . उच्चारण गर्ने। श्वास रोक्न कठिनाइ भएपछि लामो श्वास वाहिर फ्याँक्ने र बाहिरकुम्भक अर्थात् बाहिरै रोकेर लगातार ॐ. . . ॐ. . . ॐ. . . उच्चारण गर्ने। श्वास रोक्न कठिन भएपछि पुनः भित्र श्वास लिने। क्रमशः अन्तरकुम्भक र बहिरकुम्भकका साथ ॐ उच्चारण गर्ने।

दोस्रो चरण

यो चरण १५ मिनेटको छ। श्वास भित्र भर्ने र लामो लयबद्ध श्वास बाहिर फ्याँक्दै ॐ उच्चारण गर्ने। ॐ ध्वनि लामो, लयवद्ध र बाहिर प्रष्ट सुनिने होस्। अत्यन्त चर्को कर्कस पनि नहोस् र अत्यन्त मधुरो कम्पहीन पनि नहोस्। ध्वनि मध्यम र प्रिय होस्।

ओम्, अ उ म तीन ध्वनि मिलेर बनेको महाध्वनि हो, जो मानिसको अन्तरमनको गहिराइदेखि ब्रह्माण्डको मूलसम्म गुञ्जिरहेको छ। योग विज्ञानको दृष्टिमा हेर्दा शरीर एक वाद्ययन्त्र जस्तै छ। यो एक विशिष्ट अनाहत नादको लयवद्धतामा विकसित छ। त्यो लयवद्धतामा फेरबदल आयो भने शरीर र मनको सम्पूर्ण बाहिरी व्यवस्था बिग्रन थाल्दछ।

तेस्रो चरण

यो चरण १५ मिनेटको छ। श्वास-प्रश्वास स्वाभाविक रूपमा आउन-जान दिने। सर्वत्र गुञ्जिएको ॐ ध्वनिलाई सुन्ने प्रयास गर्ने। आफूभित्र गुञ्जिएको ध्वनिलाई साक्षी, आग्रहशून्य र तटस्थ रही हेर्ने, भित्र गुञ्जिएको सनातन् ॐ ध्वनिका साथ सम्पूर्ण कोष-कोषमा स्वयं परमात्मा नृत्य गरिरहेको अनुभूति गर्ने।

विशेष सूचना

आफ्नो क्षमताअनुसार समयलाई घटाउन या बढाउन सकिन्छ। प्रथम चरण शक्तिशाली प्रयोग हो। यसले यान्त्रिक शक्तिका साथ बाटो खोल्ने काम गर्दछ। हरेक कोषलाई सक्रिय र गतिशील वनाउँछ।

दोस्रो चरणले मन र बुद्धिलाई अन्तस्को महाध्वनिमा जोड्न मद्दत गर्दछ। मन र बुद्धिलाई छरिन नदिई केन्द्रीकृत गरेर मस्तिष्कबाट ह्रदयमा ओराल्ने प्रयास गर्दछ।

तेस्रो चरणले शरीर, मन र कोषको केन्द्रलाई अन्तस्को महाध्वनिसँग जोड्छ। यो चरणमा मन भाग्ने कोसिस गर्नेछ तर पूर्ण सजगताका साथ ॐ ध्वनिको सूक्ष्म तरंगसँग जोडिराख्नु। मन भागी नै रह्यो भने ओठ नचलाई मन-मनमा लयबद्ध रूपमा ॐ ध्वनि उच्चारण गर्न सकिन्छ।

सम्पूर्ण चरण पूरा भएपछि दुवै हत्केलालाई हलुका घर्षण गरेर अनुहारको मालिस गर्दै हत्केला हेर्दै बिस्तारै आँखा खोल्ने। यसपछि इच्छा भएमा "भावनृत्य प्रार्थना" गर्न सकिन्छ। या पीठको बल सुतेर सम्पूर्ण शरीर तन्काई ढिला छाडेर होशपूर्वक विश्राम गर्न सकिन्छ। शरीर निद्रामा जान चाहनसक्छ तर निदाउनु हुँदैन।

❖❖❖

शैवदर्शन एक विमर्श

✍ विष्णु प्रभात
प्राज्ञ

शिवको दर्शन शैवदर्शन भन्ने सहजभाव भए पनि यसलाई हिन्दु सनातनी धर्मदर्शनको तीन मुख्य शाखा-शाक्त, शैव र वैष्णवमध्ये एक मानेको पाइन्छ । त्यसो त कतिपयले बौद्ध दर्शनलाई समेत हिन्दु सनातनी वृत्तभित्रै पार्ने गर्दछन् । परन्तु विचारधारात्मक विशेषताका आधारमा र कालक्रमिकताको दृष्टिले पनि यी चारवटै दार्शनिक चिन्तन र यिनका पद्धतिहरूमा प्रशस्त भेद छन् । धर्मदर्शनका आधारमा हेर्दा पनि चार हाँगाका छुट्टाछुट्टै उपासना पद्धति, कर्मकाण्ड र आराध्य देवीदेवता छन् । ब्रह्मा, विष्णु र शिवलाई जोडेर ॐ बनेको धारणा त निकै पछिको हो ।

विषय प्रवेश

सामाजिक विकासको प्रारम्भिक चरण-पशुपालन अवस्थातिर प्रकृतिलाई महत्व दिने चिन्तनका रूपमा शिवले प्रतिपादन गरेको वैचारिक दिग्दर्शनलाई शैवदर्शन भनिन्छ । शिव त्यस युगका नायक थिए, पशुहरूका पति थिए । शैवदर्शनले शिवलाई सम्पूर्ण जगतको अधिष्ठाता मान्दछ । यद्यपि यसले कर्म सापेक्ष परम शक्तिलाई जगतको कारण बताउँछ (पृ.२८६, **प्रज्ञा दर्शन कोश, वि.सं. २०७०**) । शिवलाई काल्पनिक देवता मान्ने र नमान्ने दुवै हेराइ हाम्रो समाजमा छ ।

शिव काल्पनिक देवता, व्यक्ति विशेष नभई अति प्राचीन रूद्रगणको विकासक्रममा स्थापित शक्ति, तन्त्र, योग र सङ्गीत आदिको प्रवर्तक हिमाली सन्त परम्परा थियो भनी बहुल व्यक्तित्वमा हेरेको पनि पाइन्छ (पृ. **६५ मोदनाथ प्रश्रित, वि.सं. २०७०**) । रूद्रगण ऋग्वेदको रचना अघिदेखि नै नेपालको पहाडी क्षेत्रलगायत हिमाली भूखण्डमा विकसित प्राचीन समाज थियो । त्यसको अस्तित्व दक्षिण एसियाको प्राचीन सभ्यता मोहनजोद्दो र हरप्पामा समेत देखा परेको थियो । बागमती सभ्यतामा पनि शिवको प्राचीन सन्दर्भ पाइन्छ । पौराणिक कथाहरूमा हिमालयलाई उनको बासस्थल बताइएको छ । कैलाश पर्वतमा गुम्बाजाकार गुफा महल जस्तो पनि रहेको बताइन्छ (पृ.२८६, **योगी कथामृत, सन् २००८**) । कैलाश पर्वत आफैंमा प्राकृतिक विचित्रता युक्त छ ।

लिङ्गको टुप्पो जस्तो कैलाश चुली र परिपरि स्त्री योनी जस्तो पर्वत श्रृंखलाको वृत देखिन्छ । बीचमा रहेको पर्वतमा मुस्ताङ्गको प्राचीन बस्ती भैं प्राकृतिक एवम् मानवनिर्मित गुफाहरू समेत छन् । कैलाशकै फेदीमा पक्षसंभवले समाधि लिएका थिए । बोनपो मतावलम्वीहरूले उक्त पर्वलाई वामावर्त परिक्रमा गर्दछन् भने बौद्धहरू दायाँवर्त घुम्दछन् (पृ.१७५, **सूर्यमणि अधिकारी, खस साम्राज्यको इतिहास (वि.सं. २०६७) काठ भुँडीपुराण प्रकाशन**) । प्राचीन मिथिलामा शिवलाई निन्दा गरेको प्रसङ्ग ऋग्वेदमा छ र त्यहाँ उनलाई 'शिश्न पूजक' भनिएको भेटिन्छ । परन्तु किराँत वंशीय रूद्रगणले धनु, गुलेली, डम्मरू, त्रिशुल र बञ्चरो जस्ता उपकरण आविष्कार गरी अन्य गणको तुलनामा आफूलाई सबल पारेको पनि थियो ।

वैदिक र तान्त्रिक दुवै शाखाका उपासकहरूले शिवलाई तन्त्र शास्त्र, योग, धनुर्वेद र सङ्गीत शास्त्रका प्रणेता मानेर आएका छन् । शैवदर्शनको सन्दर्भमा विमर्श गर्दा प्राय धर्मसँग जोडेर शैव धर्म, शैव परम्परा भन्दै आएको पाइन्छ । परन्तु प्रारम्भिक चरणमा शिवद्वारा कुनै धार्मिक मत या सम्प्रदायको प्रतिपादनभन्दा पनि लोककल्याणका लागि अवैदिक धारणा अघि सार्दै आएको देखिन्छ । त्यसैले शिव हिमाली भूखण्डका गणनायक थिए र ऋग्वेद पूर्वको ज्ञान विज्ञानका स्रष्टा थिए ।

शिवका विचार दृष्टि र आचारको अनुशीलन गर्नेहरू शैव भनिन्छन् । शैवमतलाई आगम अर्थात् तन्त्र मानेको पाइन्छ । शैवागम, शैव तन्त्र र शैव सम्प्रदाय भन्नेहरूले शिवद्वारा प्रवर्तित मूल विचारको तत्व विवेचना तर्फभन्दा वैदिक सनातनी धारासँग अवैदिक शैव संस्कृतिलाई समन्वय गर्नेतर्फ आफूलाई लगाउँदै आएका छन् । कतिपयले त 'पूर्वीय दर्शन' को परिधिभित्र शैवदर्शनलाई राख्दै राख्दैनन् । धार्मिक आस्था अँगाल्नेहरूले नकुलिस, पाशुपत,

सिद्धान्त शैव, माहेश्वर, कापालिक, अघोरी, कालामुख, लिङ्गायत आदिको उल्लेख गर्दछन् **(पृ. ७३९, शिवराज आचार्य, वि.सं. २०६२)।**

परन्तु वीरशैव र लिङ्गायत एउटै धारा हो । शैव सिद्धान्त तामिल शैवधारा मानिन्छ । यसले जगत र जीवको द्वैध सत्ता स्वीकार्छ र शिवलाई चर अचरको स्वामी मान्दछ । यसलाई **'द्वैत शैव'** भनेर पनि उल्लेख गर्ने गरिन्छ । श्रीकण्ठ या अद्वैत-शैव धाराले ब्रह्म र शिव एउटै सत्ताका सूचक हुन् भन्दछ । शैवदर्शनको धार्मिक धारणाहरू अन्यान्य पनि छन् जसमा काश्मिरी शैवधाराको विशेष उल्लेख गर्ने गरिन्छ । यस धाराको प्रवर्तक वसुगुप्त थिए र उनले 'शिवसूत्र प्रकाश' नामक ग्रन्थ लेखेका छन् । यस धाराले पनि शिवलाई परमसत्ता मान्दछ । पाशुपत र कापालिक शैव पनि छँदै छन् । यी शैव अन्य दुई सम्प्रदाय हुन । यिनमा पहिलो वैदिक परम्परामुखी छ र दोस्रो अवैदिक छ ।

यद्यपि कापालिक धाराले शैव धर्मको मूल प्रवाहको रूपमा आफूलाई कहिल्यै प्रस्तुत गर्न सकेन र आज पनि त्यो ऐंफेरुसरह शैवदर्शनमा कताकति भुन्डिएको पाइन्छ । जातपात नमान्ने, वैदिक कर्मकाण्डका आलोचक र भैरवरूपी शिवका उपासक शैवहरूकै धारामा नाथहरूलाई पनि गनिन्छ । स्थान विशेषका आधारमा पशुपतिनाथ, डोलेश्वरनाथ, गोरखनाथ, विश्वनाथ, केदारनाथ, अमरनाथ र वैद्यनाथजस्ता रूपमा शिव उपासनाका विकल्पहरू रचिएको परिप्रेक्ष्य शैवागमको स्वरूपभित्र रहेका छन् । अर्धनारीश्वर शिवका रूपमा शाक्त तन्त्रसँग सम्बन्धित शैवदर्शनको धार्मिक धारणा नेपाली दर्शन परम्परामा रही आएको छँदैछ । पछि

शुक्लयजुर्वेद कालमा वैदिक सनातन धाराको प्रभावमा खासगरी याज्ञवल्क्यद्वारा शुक्ल यजुर्वेदमा शिवको महिमा गान गरी उनलाई रूद्रदेव, देवाधिदेव, महादेव भन्दै पूज्य बताउँदै स्तुतिगान गरिएपछि शिवत्व कल्याण भाव मात्र रहेन ।

विश्वको पुरानो दर्शन बोनबाट लिइएका तान्त्रिक आचार विधि, प्राकृतिक स्वभाववादी चिन्तनदृष्टि र पितृहंसलाई वंशरक्षक इष्टदेवको रूपमा स्वीकार्दै जाँदा शिवदर्शनको एउटा शाखासरह 'शैवधर्मदर्शन' देखा पर्‍यो । धार्मिक आवरणमा तान्त्रिक विधि अँगाल्ने चलन पुराना सबै सभ्यताहरूमा देखिन्छन् । प्रायः सबै जातीमा पितृ र प्रकृति पुज्ने, रोगव्याधीमा टुनामुना गर्ने र जडीबुटी प्रयोग गर्ने झाँक्रीवादको पोनधारणा रहेकै देखिन्छ । काल्पनिक कथाहरूद्वारा पालित पोषित पुरेतवादको विकास नै लामा झाँक्री, ओझा बिजुवा, पण्डु पुरेत र ठाकुर-गुरौहरूका माध्यमबाट भएको थियो । अगोचर शक्तिको कल्पना भावनात्मक सोचको उपज थियो । त्यसबाट बिस्तारै मूर्त प्रकृतिका ठाउँमा अमूर्त प्रेतात्मा स्थापित भयो ।

शिवको अर्थ नै कल्याणकारिता हो । त्यसैले शैवदर्शन मानव कल्याणमा समर्पित दर्शन हो । परोपकारको पथ प्रदर्शक हो शिवलाई शुक्लयजुर्वेदमा पशुरक्षक, रोग उपचारक, जडिबुटीका ज्ञाता एवम् बलवान् व्यक्तिको रूपमा महान् योगी भनेर स्तुति गरिएको पाइन्छ । उहाँलाई किराँतेश्वर महादेव, महायोगी, विद्वान्, योद्धा, तपस्वी भनेको पाइन्छ (पृ.२२३ टीकाप्रसाद राई, **'संस्कृति विभिन्न चिन्तनमा' निर्माण संस्कृति विशेषाङ्क सन् १९९९, सम्पा. पवन चामलिङ, नाम्चीः सिक्किम)** । श्वेताश्वर उपनिषद्ले शिवलाई पुरुष र उनको शक्तिलाई प्रकृति भनेको छ भने तिब्बतमा शिवलाई ल्हा वाङ्चुक छेन्पो नामबाट पुज्ने गरिन्छ । शिव हिमाली भूमिका कुलदेवता थिए ।

तर उनलाई अकुल मानिन्छ किनभने शिवको कुनै गोत्र छैन । शेर्पाहरू शिवलाई नै आफ्नो कुलदेवता मान्दछन् भने मगरहरूले नागवंशीय इन्द्रका रूपमा शिवलाई हेर्छन् । द्रविड, झागड र पासवानहरू आफ्नो इष्टदेव मान्दछन् भने पश्चिम नेपालका खसहरू शिवलाई मष्टा-महाअष्टको नाममा पूज्दछन् । नेवारहरू भैरवका रूपमा शिवलाई लिन्छन् भने तराईका थारूहरू शिव-पार्वतीलाई ठाकुर-ठकुरानी मानेर उपासना गर्दछन् । नेपाल राष्ट्रका कतिपय ब्राह्मण, क्षत्रीहरू पनि शिवलाई आफ्नो

कुलदेव, इष्टदेवका रूपमा पूजा अर्चना गर्दछन् । मगरहरूले त आफूलाई शिवकै सन्तान बताउँछन् (पृ. १६, **मगर वंशावली, कोइ्पी-४, लुकबहादुर राना**) ।

यसरी शिव बहुजातीय आस्थाको प्रतीक बन्न पुग्दछन् । तर पनि उनको दार्शनिक दृष्टिकोणतर्फ आवश्यक ध्यान दिइएको पाइँदैन । धर्मशास्त्रीय विवेचना या भक्ति भावनाभन्दा अलग ढङ्गले दार्शनिक दृष्टिकोणको शोध खोज र विश्लेषण गरिन्छ । त्यसैले धर्म दर्शनका रूपमा शैव मार्गको कुरा र शिवदर्शनको तात्विक विवेचना भिन्न हुने गर्दछ ।

शैवदर्शनको तत्व मीमांसा

शिवको दर्शन शैवदर्शन भन्ने सहजभाव भए पनि यसलाई हिन्दु सनातनी धर्मदर्शनको तीन मुख्य शाखा-शाक्त, शैव र वैष्णवमध्ये एक मानेको पाइन्छ । त्यसो त कतिपयले बौद्ध दर्शनलाई समेत हिन्दु सनातनी वृत्तभित्रै पार्ने गर्दछन् । परन्तु विचारधारात्मक विशेषताका आधारमा र कालक्रमिकताको दृष्टिले पनि यी चारवटै दार्शनिक चिन्तन र यिनका पद्धतिहरूमा प्रशस्त भेद छन् ।

धर्मदर्शनका आधारमा हेर्दा पनि चार हाँगाका छुट्टाछुट्टै उपासना पद्धति, कर्मकाण्ड र आराध्य देवीदेवता छन् । ब्रह्मा, विष्णु र शिवलाई जोडेर ॐ बनेको धारणा त निकै पछिको हो । त्यसअघि प्रकृतिपूजक बोन र मातृत्वपूजक शाक्तदर्शन प्रचलनमा आइसकेको थियो । लिङ्गायत भावधारामा शिवको बिम्ब बन्नुअघि तान्त्रिक बिम्ब त्रिकोण, षड्कोण र वेदी विन्यास भइसकेका थिए । श्रीयन्त्र पूजनको पुरानो परम्परालाई नै पछि वैदिक तन्त्र परम्पराले अँगाल्यो । त्यसैले शिवपूजनमा शक्तिरूपी प्रतीक श्रीयन्त्रलाई मुख्य पूजास्थल बनाइन्छ । शतरूद्रीमा समेत जलहारीको पानी खस्ने ठाउँमा थालीमाथि श्रीयन्त्र राखिन्छ (पृ. १५९ **चेतोनाथ शर्मा आचार्य, हाम्रा धार्मिक चाडपर्व (वि.सं. २०४५) काठमाडौं : सनातन धर्म सेवा समिति**) ।

योनी र लिङ्गको संयुक्त स्वरूप जस्तै श्रीयन्त्र पनि तान्त्रिक पद्धतिको त्यस्तै प्रतीक हो । तन्त्रमा अधिक प्रयोग हुने श्रीयन्त्रका नौवटा त्रिकोण पनि लिङ्ग र योनीकै प्रतीक हुन् । तलबाट माथिपट्टि फर्केका त्रिकोण लिङ्ग र तलतिर फर्केका त्रिकोण योनीका प्रतीक हुन् (पृ. ३२०, **जगमान गुरुङ, दर्शनावली एक, वि.सं. २०६८, काठः ने.प्र.प्र.**) । लिङ्ग र योनीको संयोगमा सृष्टि अघि बढ्ने धारणा शैवदर्शनको मियो हो । यही धारणालाई शैव संस्कृति मान्ने हाम्रो पौराणिक ग्रन्थहरूलाई शिवदर्शनको स्रोत बनाइएको छ ।

ईसापूर्व एक हजारदेखि पाँच सय वर्षसम्मको कालखण्डमा हाम्रो हिमवत् खण्ड, **महाभारतवर्ष**, अर्थात् प्राचीन नेपालमा किराँती शिव सभ्यता र सँस्कृतिको बर्चश्व थियो । त्यसैले शिव, विष्णु र ब्रह्मालाई जोड्ने गरी साँस्कृतिक समन्वयका रूपमा त्रिदेवको धारणा विकसित भयो । शिवलाई सम्मान दिएर एउटा नयाँ दृष्टि प्रवर्द्धन गरियो र महादेवका तीन आँखा बनाइयो । तेस्रो आँखा समन्वयकारी दृष्टिकोणको सूचक रहिआएको छ । यसबाट के प्रष्टिन्छ भने शैवदर्शनले आफ्ना पूर्ववर्ती विचार र विश्वासको परम्परासँगै समकालीन नयाँ विचार र समाजलाई अन्तरजातीय सम्मिलनको बाटो दिने काम गऱ्यो ।

शैवदर्शनको तत्वमीमांसा अनुसार प्रकृति अर्थात् विश्व ब्रह्माण्ड भू, भूव, स्व, सौर र वरुणद्वारा निर्मित छ । भू भनेको पृथ्वी, भूव-अन्तरीक्ष, स्व-जीव, सौर-सूर्य र वरुण-जल गरी जगत् सृष्टि, सञ्चालन र सम्वर्धनका मुख्य पाँच तत्व छन् । यी पञ्चमहाभूत मानिन्छन् । यसलाई पृथ्वी, जल, तेज, वायु र आकाशसँगै तुलना गर्न सकिन्छ । दुवै मिल्दो जुल्दो पनि छ । तर जीवलाई भौतिक पदार्थ मान्नु शैवदर्शनको भिन्नता हो । पदार्थ तत्वको मुख्य गुण चिसो र तातो अर्थात् आगो र पानीको जस्तो वैपरीत्यमा द्वैतभाव हुन्छ । यिनै दुई तत्वलाई शैवदर्शनले 'सौम्य तत्व' र 'आग्नेय तत्व' मान्दछ । अघिल्लो शान्त, पछिल्लो गतिशील प्रकृतिमा व्यक्त हुने गर्दछ ।

> **"शैवदर्शनले धरतीका मनुष्यको हितलाई महत्व दिने हुँदा यसको ज्ञानशास्त्र पनि लोक, समाज र समयसँगै हिँडेको देखिन्छ । जीवनलाई स्वस्थ र सबल पार्न योगशास्त्र, भाषा व्यवस्थित पार्न व्याकरण शास्त्र, मनोदशा सन्तुलित गर्न तन्त्रशास्त्र, सुरक्षाका लागि धनुर्वेद र सामाजिक उत्सव सम्पन्न गर्न सङ्गीत-नाट्यकला जस्ता ज्ञानको प्रादुर्भाव विकास एवम् बिस्तार गर्ने गराउने व्यक्तित्वका रूपमा शिवलाई लिइन्छ ।"**

शिव र रूद्र स्वभाव भनेर पनि यी दुई विपरीत पक्षलाई हेरिन्छ । जल शान्त हुन्छ, अग्नि अशान्त भन्ने गरिन्छ । तर अग्निले पनि आफ्नो शान्त अवस्था सूर्य रूपमा व्यक्त गर्दछ र जगतलाई कल्याण गर्दछ । त्यसैले शिवत्व सर्वमङ्गलको भावमा रहन्छ भन्दै शैवदर्शनको तत्वबोधमा समेत कल्याणकारितालाई प्राथमिकतामा राखिन्छ । मानव कल्याणको मियोमा घुम्दै प्रकृति र पूर्खा पुज्ने पुरानो बोन (पोन) दर्शनबाट प्रभावित शाक्त परम्परा मातृत्व पूजक दर्शन थियो । शैवदर्शनले मातृत्व र पितृत्वको समन्वयमा अर्धनारीश्वर भावमा, उमा महेश्वर- शिवशक्ति मिलनको आदर्श अघि सार्दछ ।

एकातर्फ तान्त्रिक परम्परा र अर्कोतर्फ पञ्चाक्षरी मन्त्रलाई महत्व दिँदै **ॐ नमशिवाय:** अँगाल्नुले पनि शिवसंस्कृतिमा रहेको समन्वयकारी स्वरूप छर्लङ्ग हुन्छ । बुद्धकालीन किराँती समाजमा मात्र बोन दर्शन र तन्त्रको प्रभाव रहेको नभएर त्यसकालमा आर्यहरू समेत शैवदर्शनको प्रभावमा थिए । त्यही प्रभावको फलस्वरूप अथर्ववेद विस्तार गरिएको थियो । त्यसअघि त त्रिवेदको परम्परा थियो । चार्वाकले तीन वेदका सन्दर्भमा नै आफ्ना मत व्यक्त गरेका छन् । प्राचीन बोन, मातृपूजक शाक्त र शैवको प्राकृतिक यथार्थपरक जीवनदृष्टिबाट गुज्रेर नै बौद्धदर्शनले आफ्ना मान्यता विकसित गरेको थियो । ब्रह्मवादी वेदान्तको आलोचक बनेको थियो । मनुवादी हिंसा संस्कृतिको विकल्प अघि सारिएको थियो ।

शैवदर्शनअनुसार जगत् मित्थ्या होइन । जब आकाश, वायु, अग्नि, जल, पृथ्वीहरू क्रमशः पैदा भए र ती तत्वहरू प्रत्यक्षमा छन्- सत्य छन् भने त्यसबाटै निर्मित जगत् कसरी मित्थ्या हुन सक्छ ? किनभने प्रत्यक्षलाई अनुमान चाहिँदैन । प्रकृतिबाटै बुद्धि, ख्याति र मति पैदा भए । पाँच पाँच कर्मेन्द्रीय र ज्ञानेन्द्रीय बने, एउटा मन बन्यो । मनले अहँ, तन्मात्र, शब्द, आकाश, स्पर्श, वायु, तेज, रस, जल, गन्ध र पृथ्वी उत्पत्ति गऱ्यो । त्यसपछि चौबिस तत्व र चराचर पैदा भए । ब्रह्माण्डीय

आवरण, पानी हावा र आगोद्वारा घेरिएको छ । सूर्य र चन्द्रमाले प्रकाशित गर्ने भूलोक पृथ्वी हो ।

पृथ्वी जस्तै चन्द्रमा, बुध, शुक्र, बृहस्पति र शनि गरी सात ग्रहहरू र नक्षत्र मण्डल छन् । शिवपुराणअनुसार ब्रह्माले आफैँलाई शतरूपा र मनुमा विभक्त गरी मनुष्य सृष्टि गरे **(पृ. १४५ शिवपुराण, उमा संहिता सम्पा. डा. विनय, नयाँदिल्ली : डायमण्ड पाकेट बुक)**। शिवका पञ्चकीर्तिमा संसारको रचना (सर्ग) पालनपोषण (स्थिति) विनास (संहार) परिवर्तन (तिरोभाव) र सर्गमुक्ति (अनुग्रह) अर्थात् संसारबाट बाहिरिनु रहेका छन् । यसकै आधारमा पञ्चलिङ्ग प्रतिक बनाइएका छन् । स्वयम्भू लिङ्ग, विन्दु लिङ्ग, प्रतिष्ठित लिङ्ग, चर लिङ्ग र गुरुलिङ्गलाई पञ्चलिङ्ग मानिन्छ । संसार विन्दु र नादको संयोगमा अडिएको छ 'माता देवी विन्दु रूपा: नादरूपँ शिव: पिता' भन्दै शक्तिको नाम विन्दु र शिवको नाम नाद मानिन्छ । यसलाई कल्याणकारी वैपरीत्य मानेको पाइन्छ ।

योग कारणमय हुन्छ र कार्य कारण र योगको आधारमा सम्पन्न हुन्छ । यी त्रितत्वबिना सजीव या निर्जीव कसैको अस्तित्व निरूपण गर्न सकिँदैन । पदार्थ र तिनका गुणको आधारमा प्रकृतिवोध गरिन्छ । प्रकृति स्वभावतः द्वन्द्वात्मक छ । त्रिगुणात्मक भिन्नतासँग अभिन्नता छ ।

वैपरीत्य भावमा दिक् बोध भए भैँ क्रियाको प्रतिकृया पनि स्वभावतः भौतिक एवम् तात्विक हुने गर्छ । वास्तवमा भौतिक पदार्थको संयोग र वियोगबाटै जगतको सृष्टि अघि बढ्छ । शिवले लोकहितका लागि शिवत्व, जगत् सञ्चालनका लागि ममत्व (शक्ति) र समग्र सन्तुलनका लागि योगलाई त्रितत्व वनाए ।

शिवले मातृत्व भावलाई महत्व दिएर नै मातृका पूजाको परम्परा स्वीकारेर सात ग्रह जस्तै सात बार बनाए । पहिलो बार आदित्य हो भने त्यसपछि सोम, मङ्गल, बुध, बृहस्पति, शुक्र र शनी छन् । सुवर्णमय अण्डाबाट सृष्टि अघि बढेको, पहिले पानी र पानीबाट जीव विकास भएको तत्ववोध शिवपुराणले गराउँछ **(पृ. ३०, रूद्र संहिता, श्रृष्टि खण्ड शिवपुराणु पूर्ववत्)** । शैवदर्शनको तत्व मीमांसाले पदार्थलाई दुई स्वभावमा विवेचना गर्दछ । पहिलो शान्त, दोस्रो अशान्त । शान्त स्थीर हुन्छ, अशान्त गतिशील हुन्छ । अन्न र वनस्पति शान्त पदार्थ हुन् भने अग्नि, वायु र जल अशान्त मानिन्छन् । जल, अग्नि र वायु सदैव गतिशील रहने तत्व हुन् । यिनले विश्वलाई नै मङ्गलमय स्थितिमा रहोस् भनेर आफूलाई गतिशील राख्दछन् ।

प्राकृतिक गतिशीलतालाई समेत कल्याणकारी बनाउने धारणा शिवदर्शनमा छ । शिवपुराण लेखिँदा केवल सात ग्रहको धारणा रहेको देखिन्छ । पाशुपत दर्शन भनेर गर्ने विवेचनामा पनि पदार्थको उल्लेख गर्दा पाँचवटा नै कार्य, कारण, योग, विधि र दुःखान्त उल्लेख गरिएको छ । परन्तु कार्यभित्र विद्या, कला र पशुत्व रहन्छ र कारणमा स्वयं शिव छन् भन्दै कार्य र ज्ञानको साधन योगलाई जीव र अजीवको सम्बन्धले जोड्छ । दुःखको अन्त्य मोक्षलाई दुःखान्त मानिएको छ ।

प्रकृति र पुरुष शिवदर्शनमा पाइने तत्वमध्ये अविभाज्य एक बनेको छ । यही एकत्व भावका आधारमा शैवदर्शनलाई समेत 'अद्वैत चिन्तन' भन्नेहरू पनि छन् । अविभाज्य एक भनेको दुई मिलेको एक हो । शिव र शक्ति मिलेको, उमा र महेशको एकत्व अथवा पदार्थ र चेतनाको अन्तरनिर्भरताको अस्तित्व हो । त्यसैकारण शैवदर्शनमा एक विभाजित भएर दुई र दुई संयुक्त भएर एक बन्नु प्रकृति र पुरुषको स्वभाव हो । तत्वको आन्तरिक गतिमा रहने सौम्यता र चञ्चलतालाई स्थीरता र प्रवाहमय देख्नु अस्तित्वको आधार ठम्याउनु हो । पशु र मनुष्यको मिलनसम्म विस्तारित गणेशको कथाबाट व्यक्त हुने सद्भाव जैविक मिलनमा सीमित मानिँदैन ।

त्यसरी नै शैवदर्शनको तत्व मीमांसामा पाइने सामाजिक तत्वबोध यसको अर्को महत्वपूर्ण विषय छ । यसमा योगशास्त्र, तन्त्रमन्त्र, शान्तिपूर्ण सहअस्तित्व, हिमाली संस्कृतिको बाहुल्य, अन्तरजातीय सम्मिलन,

सङ्गीत नाट्यको मनोविनोद, धनुर्वेदको विस्तार तथा मातृप्रधानताको परिवारिक सम्बन्धले थप मङ्गलभाव व्यक्त गर्दछ। यी कुरालाई शैवदर्शनको सामाजिक परिप्रेक्ष्यका रूपमा छुट्टै छलफल गर्न सकिन्छ। परन्तु परम्परागत धार्मिक भावनावद्ध भएर हेर्दा भने यी कुराहरू देख्न सकिने हुन्छन्।

शैवदर्शनको ज्ञानशास्त्र

शैवदर्शनले धरतीका मनुष्यको हितलाई महत्व दिने हुँदा यसको ज्ञानशास्त्र पनि लोक, समाज र समयसँगै हिँडेको देखिन्छ। जीवनलाई स्वस्थ र सबल पार्न योगशास्त्र, भाषा व्यवस्थित पार्न व्याकरण शास्त्र, मनोदशा सन्तुलित गर्न तन्त्रशास्त्र, सुरक्षाका लागि धनुर्वेद र सामाजिक उत्सव सम्पन्न गर्न सङ्गीत-नाट्यकला जस्ता ज्ञानको प्रादुर्भाव विकास एवम् बिस्तार गर्ने गराउने व्यक्तित्वका रूपमा शिवलाई लिइन्छ। शैवदर्शनको सामाजिक सन्दर्भ नियाल्दा 'नर नारी बराबरी' भन्ने भावधारा सँगै अन्तरजातीय समता र ममताको दृष्टिकोणलाई अघि सारेको देखिन्छ।

पशुपालनको युगमा रहेर पनि शिव सभ्यतामा घोडा सघाउने काम भइसकेको देखिन्न। जबकी बुद्ध कालमा घोडाको बग्गीको प्रचलन थियो। याज्ञवल्क्य गाडा-लडिया चलाउने समाजमा थिए। तर शिव गोरु चढेर हिँड्थे। पहाडी प्रदेशमा खरानी घस्ने कामले शरीरलाई तातो राख्न मद्दत पुग्दथ्यो। त्रिज्ञान एक संज्ञानको सारमा शैव ज्ञान शास्त्रले शाक्त, शैव र वैदिक चिन्तनधारालाई सम्यक संयोजन गरी ओम्को ब्याख्या स्थापित गरियो। ओम् (ॐ) मा अ-शिव-अकुल, उ-उमा-शक्ति (उर्जा) र म अर्थात् अस्तित्व बोधको संयोग रहेको बताइन्छ। पञ्चमहाभूतसँग पञ्चलिङ्ग र पञ्चमुखको तान्त्रिक ब्याख्या जस्तै त्रिशक्ति योगको ज्ञान ओमसँग जोडिन्छ। ओम् त्रिवर्णको योग हो। अ-उ-म लाई ब्रह्मा, विष्णु र महेश्वरसँग जोडेर एकत्व, समत्व र शिवत्वको मेल भन्दै विन्दु र नादको सम्मिलन स्वीकारियो।

शिवशक्ति एकत्व भावलाई विद्याको स्रोत मान्ने धारणा यसमा छ। शैवदर्शनको प्रभावमा नै वैदिक आर्यहरूले पनि पछि ओम्लाई ऋचा पाठ गर्नुअघि उच्चारण गर्ने चलन बसाले। त्यसअघि ओम् प्रकृति पूजक पोन (Bon) लिङ्ग पूजक शैव र मातृत्वपूजक शाक्तहरूमा प्रयोग भई आएको थियो। शाक्तको अर्थ हो शक्तिको भक्ति। शाक्तमतले मातृ शक्तिका रूपमा विश्व चलाउने देवी एउटा छिन् तिनले नै ठान्दछ र शिवलाई पनि उनैले शक्ति प्रदान गर्दछिन् भन्दछ। वास्तवमा शैव ज्ञान परम्परामा आर्य अनार्य भेद थिएन र उनले सबैलाई ज्ञान दिन्थे। अर्जुनले पनि शिवसँग धनुर्विद्या सिकेको कुरा महाभारतमा उल्लेख छँदैछ।

शिवको ज्ञानशास्त्रबारे शिवपुराणमा सप्तसंहिता उल्लेख छ। त्यसमा विध्नेश्वर, रूद्र, शतरूद्र, कोटीरूद्र, उमा, कैलाश र वायवीय नामका ती संहितामा तत्कालिक ज्ञानको झलक पाइन्छ। यद्यपि कतिपय ज्ञान आधुनिक विज्ञानले पुष्टि गरेका विषय पनि छन्। जस्तो कि शिवपुराणमा जीवविकासको प्रकृया वर्णन गर्दै सनतकुमारले व्यासलाई बताउँछन्। 'जीवको प्रविष्टि गर्भमा तब हुन्छ जब वीर्य स्त्रीको रज रक्तमा मिल्दछ। त्यसपछि एक दिनमा बूँद झैं, पाँच रातमा फोका झैं र सात रातमा मांसपिण्ड बन्दछ। दुई महिनामा गर्दन, काँध, पीठ, छाति, पेट, हातखट्टा बन्दछन्।

तेस्रो महिनामा अंङ्कुर सन्धि, चौथोमा औंला, पाँचौमा मुख नाक कान, छैठौँमा दाँत कानको प्वाल र सातौंमा गुदद्वार नाभी बनेर आमाको गर्भमा सात महिना पूरा हुँदा सम्पूर्ण अङ्ग प्रत्यङ्ग पूर्ण हुन्छ। त्यसपछि सप्रने बलियो बन्ने मात्र हो' (पृ. १४३, शिवपुराण, उमा संहिता पूर्ववत्)। शैव ज्ञानशास्त्रले के भन्दछ भने समयसँग ज्ञान र इच्छाको समन्वयमा जीवका कार्यकलापहरू सञ्चालित हुन्छन्। उनीहरूका ज्ञान आ-आफ्ना शुभ-अशुभ कर्मद्वारा हासिल हुन्छ। सत्व-रज-तमको त्रिगुण प्रकृतिजन्य भएको हुँदा बुद्धिको उत्पादन पनि अनुभवजन्य ज्ञानका रूपमा त्रिगुणद्वारा प्रभावित हुने गर्दछ। यही क्रममा २५ तत्वको ज्ञान हासिल हुन्छ। त्यसो त छैटौं शदीसम्म भारतमा शैवदर्शनको वर्चश्व थियो।

कालीदास, भवभूति, सुबन्धु र वाणभट्ट जस्ता व्यक्तित्व शिवका उपासक थिए (पृ.४४०-४४१, वी. डी. महाजन, प्राचीन भारतको इतिहास (ई. सं. २०१५) नईदिल्ली : एस चन्द्र एन्ड कम्पनी प्रा.लि.)। त्यसो त आठौं शदीका शङ्कराचार्य शैवदर्शनबाट प्रभावित थिए। उनले प्रशस्तै शिवस्तुति गाएका छन्। शैवधर्मलाई अद्वैत वेदान्ती व्याख्या गर्दै आफ्नो ब्रह्मवादी मायावादलाई स्थापना गरेका उनी शिवभक्त आचार्य बन्न पुगे त्यसैले शङ्कराचार्यका चेलाहरूले उनलाई शिवकै अवतार भन्दछन्। यता नेपालमा भने आठौं शदीदेखि बाह्रौं शदीसम्मको समय शैव र बौद्ध तन्त्रको समन्वयकाल जस्तै रह्यो, जसको प्रभाव स्वरूप 'नेपाल महात्म्य' ले शिव र बुद्धको पूजा गर्नु एउटै कुरा हो भन्ने दृष्टिकोण अघि सार्‍यो।

हरिहरको साँस्कृतिक सोच जस्तै नै शिव-बुद्ध समन्वयको भावधारा पनि प्रबल नै रह्यो। विष्णु र शिवको एकात्मक रूप हरिहर, हरिशङ्कर खस संस्कृतिको एउटा विशेषता नै बनेको देखिन्छ। दर्शनका दृष्टिले हेर्दा यस्ता सम्मिलनकारी सोच जीवनका व्यावहारिक पक्ष बनेर आएका छन् र ज्ञान र व्यवहारको मिलनका रूपमा रहेका छन्।

शैवदर्शनको धर्मशास्त्र

प्राचीन कालका मानिसले धर्मका रूपमा झाँक्री, जादूटुना तथा भूतप्रेत र पितृहरूको पूजा गर्ने चलन सुरु गरे। त्यसपछि प्रकृति पूजा सुरु भयो। मानिसले ढुङ्गा, पहाड, नदी, समुद्र, आकाश, पृथ्वी,

प्राचीन कालका मानिसले धर्मका रूपमा झाँक्री, जादूटुना तथा भूतप्रेत र पितृहरूको पूजा गर्ने चलन सुरू गरे। त्यसपछि प्रकृति पूजा सुरू भयो। मानिसले ढुङ्गा, पहाड, नदी, समुद्र, आकाश, पृथ्वी, सूर्य, चन्द्रमा जस्ताको पूजा गर्न थाले। यसै क्रममा वनस्पतिको पूजा सुरू भयो। यस्तो प्रकृति पुज्ने चलन संसारैभर थियो। प्रारम्भिक धर्मको रूपमा नेपालीले पनि बोन दर्शन, तन्त्र एवम् झाँक्री पूजे। आफ्ना दिवङ्गत पूर्खा पितृसँग सम्पर्क गरी कुरा गर्ने गराउने काम झाँक्रीले गर्दथे। रोगको उपचारमा जडिबुटी, तन्त्रमन्त्र प्रयोग गर्दथे। संसारका सबै सभ्यता र संस्कृतिमा यस्तो चलन रहेको थियो।

शैवदर्शनको प्रारम्भिक अवस्था ऋग्वेदभन्दा पहिलाको हो । शिव यसका प्रणेता थिए । ऋग्वेदमा उनलाई 'शिश्नपूजक' भनी निन्दा गरिएको भए पनि प्रकृतिलाई महत्व दिने मातृप्रधान समाजको तान्त्रिक चिन्तन बनेर शैवदर्शन रहेको छ । शैवदर्शन नेपाली चिन्तन परम्परामा तेस्रो ज्ञानधारा हो । पहिलो बोन दर्शन हो र दोस्रो मातृत्व पूजक तन्त्र दर्शन थियो । शैवदर्शनपछि ब्रह्मवादी याज्ञवल्क्यको हिन्दु सनातनी धारा चौथो देखा पर्छ । त्यसपछि बुद्धको मानवतावादी दर्शन आयो । शान्ति र अहिंसालाई मियो बनाएको बुद्धवादपछि नेपाली चिन्तनमा मौलिक र व्यवस्थित दर्शन देखा परेन भन्ने गरिन्छ ।

सूर्य, चन्द्रमा जस्ताको पूजा गर्न थाले । यसै क्रममा वनस्पतिको पूजा सुरु भयो (पृ.४१, लीलाप्रसाद सापकोटा, **विश्वका प्रमुख धर्म**, (विसं. २०७२) काठः ने.प्र.प्र.) । यस्तो प्रकृति पुज्ने चलन संसारैभर थियो । प्रारम्भिक धर्मको रूपमा नेपालीले पनि बोन दर्शन, तन्त्र एवम् झाँक्री पूजे । आफ्ना दिवङ्गत पूर्खा पितृसँग सम्पर्क गरी कुरा गर्ने गराउने काम झाँक्रीले गर्दथे ।

रोगको उपचारमा जडिबुटी, तन्त्रमन्त्र प्रयोग गर्दथे । संसारका सबै सभ्यता र संस्कृतिमा यस्तो चलन रहेको थियो । 'शामन धर्म' अथवा झाँक्रीतन्त्र, बोनदर्शन आदि नामले त्यसलाई जानिन्थ्यो । नदी वन जंङ्गल र पर्वतका मालिक उही प्रेतात्मा मानिन्थ्यो । प्रेतपूजा पितृपूजा बन्दथ्यो । पछि आएर प्रकृतिको सट्टा प्रतिक पूजा, वीरपूजा हुँदै ब्रह्म र ईश्वर जस्ता अगोचर काल्पनिक शक्तिसत्ताको धारणा हुर्कियो । यही काल्पनिक रहस्यले धर्मको रूप लियो । सुरुसुरुमा प्रकृतिको ताडनावाट तर्सेर-भयमय मनको उपज बनेर जन्मेको धर्मलाई पछि क्रमश जाति र क्षेत्रहरूमा सीमित नगरीकन संसार चलाउने कुनै शक्तिको कल्पनासँग जोडेर व्यापक बनाइयो । शैवदर्शनमा पनि शिव-शक्तिको मिलन विन्दुको धारणा रहस्यात्मक बनाइएको पाइन्छ । जवकी शिव र शक्ति दुई प्राकृतिक वैपरित्य हुन् र विन्दु ती दुईको मिलन ।

विन्दुलाई कुण्डलिनी मानेर शक्तिले घच गरेपछि शिवले सृष्टितत्व त्रियक्द्धारा पदार्थ पैदा गर्दछन् । पदार्थमा त्रिगुण हुन्छ- सत्व रज तम । यी स्वाभविक गुणलाई अस्वाभाविक भावले श्रृंगारी पति, पशु र पाशको धारणा अघि सार्दै शैवधर्मको व्याख्या गर्न थालियो । स्वयं शिवलाई सगुण र निर्गुण मान्ने धारणा सँगै साकार शिव र निराकार ब्रह्मको समन्वय गरियो । पछि ईश्वरीय शक्तिप्रतिको परम भक्तिमा मात्र देवताका पनि देवता महादेवताको अनुकम्पा प्राप्त हुन्छ भन्दै शिवलाई सबै देवीदेवतामा ठूलो बनाइयो । एउटै शिव शक्तिरूपा देवी र देवता बन्न पुगे ।

शिव शक्तिको मिलन विन्दुमा रहेको प्रकृति र प्रवृति दुवैलाई रहस्यवादी बनाउँदै लगियो । शिवको शक्तिका रूपमा उमा (शक्ति) लाई लिने मतलाई कतिपयले शाक्त दर्शनको नामले पनि विवेचना गर्दै आएका छन् । परन्तु शाक्त मतमा सृष्टिको सारभूत तत्व या शक्ति प्रजनन्ता अर्थात् मनुष्यको पुनर्उत्पादन हो र त्यो गुह्य, रहस्यमयी र साधनापरक छ । देवीपूजाको प्राचीन परम्परा, मातृप्रधानताको प्रभावलाई शैवहरूले स्वीकारेका छन् । पशुबलिदेखि नरबलिसम्म विस्तारित शक्तिपूजाको आनुष्ठानिक कर्म विधि निकै फरक फरक छ । शैवतन्त्रका रूपमा शक्ति साधनाको विशिष्ठ शैली बनेर अवैदिक जनगणलाई वैदिक कर्मकाण्ड तर्फ तान्ने क्रममा अनेकौं तान्त्रिक विधि परस्परमा स्वीकारिए ।

त्रिवेदको परम्परा भङ्ग गर्दै जनजातीय तन्त्र संस्काररीति थिति र धार्मिक विश्वासहरूमा समेत समन्वयकारी सोच लिएर नै अथर्व वेद विस्तार गरियो । त्यसैले शैवदर्शनले आध्यात्मिकतालाई फगत ईस्वरीय कल्पनाका रूपमा नहेरी मानव जातिको बौद्धिक सभ्यताको रूपमा समेत हेर्ने दृष्टिकोण दिएको छ । यद्यपि ईस्वरवादी तप्काले मातृ शक्ति र पितृशक्तिको एकता र समता भावको उमा-महेश्वर अथवा अर्ध-नारीश्वरको सांस्कृतिक भावधारालाई विसङ्गति पूर्ण बनाउँदै लग्यो । नकुलिशले पाशुपत धाराको प्रत्ययवादी व्याख्या गर्दै ईश्वरीय कामना नै कार्यको कारण बताएर प्रकृतिवादी शैवदर्शनलाई ईश्वरवादी बनाउनु पुगे । फलतः प्राचीन किराती सभ्यतासँगको सम्बन्ध टुटाएर हिन्दु सनातनी ईश्वरवादको एउटा धार्मिक हाँगोका रूपमा शैवधर्म दर्शन स्थापित भयो ।

शैवदर्शन र पाशुपत दर्शन जे नाम दिए पनि प्राचीन शिव संस्कृतिसँग सम्बन्धित शैवदर्शनको सार र स्वरूप दुवैलाई गञ्जागोल गरी शिवभक्तहरूको एउटा धार्मिक सम्प्रदाय बनाइएको शैव धर्म र दर्शनको सारमा होइन, चारखुट्टे धर्ममा परिणत भयो । लौकिक यथार्थमा उभिएको प्राचीन किराँत दर्शन-शैवदर्शनका चार धार्मिक शाखामा रूपान्तरित भयो । प्रकृतिको सत्यलाई मनको सत्यले जितेपछि अनौठा कर्मकाण्डहरू जन्मन्छन् । शैवधर्ममा पनि अघोरी सम्प्रदायको उपस्थितिले यही भन्दछ । शैवदर्शन अनुसार मानिसले सचेतन र अचेतनको द्वन्द्वात्मकतामा आफ्ना सुकर्म र कुकर्म गर्दछन् ।

सत्य प्रकृतिमा रहेको छ । सत्यलाई प्रकृति बाहिर होइन, भित्रै देख्नु र ज्ञान, कर्म, योग र आचार आफ्नै भोगाइका विषय हुन् भनी स्वीकार्नु अनि तिनलाई मानव कल्याणसँग जोड्नु जस्ता विशेषतालाई त्यागेर शैव धर्मले मनको तरङ्ग र अहंलाई महत्व दियो । प्रकृति, समाज र मानवको कल्याणतर्फ भन्दा ती सबैबाट वैराग्य लिई गाँजा, भाङ धतुरोको भक्त बनायो । त्यसैले शैवमतको चर्चा गर्दा दर्शनको स्तरमा भन्दा धर्मशास्त्रीय व्याख्या हुन थाल्यो ।

शैवधर्मका चार शाखा छन्- पाशुपत, शैव, कापालिक र कालामुख (पृ. २८ प्रेम खत्री, **नेपालका धार्मिकमत र सामाजिक संरचना** (विसं. २०६०) काठः एम के प्र.) । पाशुपत सम्प्रदायले धर्मका चार पाऊ छन् भन्दै- ज्ञान, क्रिया, चर्या र योग उल्लेख गर्दछ । परन्तु ती सब अलौकिकतासँग नै सम्वद्ध रहेको वताउँछ । जबकी शैवदर्शनको सामाजिक सन्दर्भमा योग, भाषा, सङ्गीत, नृत्य, त्रिशुल-धनुर्वाण अलौकिक उपकरण बन्नै सक्दैनन् र थिएनन् पनि ।

योग जीवनलाई स्वस्थ राख्ने साधना थियो र छ । शैवदर्शनले योगलाई 'राजयोग' नाम दिएको छ । यसका सूत्रहरूको सङ्कलनलाई 'शिवसंहिता' भनिन्छ । अवैदिक धाराको चिन्तन र पद्धतिलाई वैदिक भावधारातर्फ लगेपछि

नै शैव धर्मदर्शनका षडाङ्ग-नकुलिश-पाशुपत सिद्धशैव, वीरशैव, प्रत्यभिज्ञा, क्रमशक्ति र कुलदर्शी रूप प्रकट भएका हुन् (पृ. २३८ **विद्यानाथ भट्ट दर्शनावली एक, २०६८ ने.प्र.प्र**) । नकुलिश इशापूर्व १०५ तिरका तान्त्रिक साधु थिए। यिनको 'पाशुपत सूत्र' नामक रचना छ । नेपालमा यस धाराको वर्चश्व छ ।

पशुपति नाथको मन्दिर स्थापना गर्ने हरिदत्त बर्मा मानदेव प्रथमभन्दा पहिलेका शिवभक्त मानिन्छन् । वीर शैवधारालाई लिङ्गायत पनि भनिन्छ । कापालिकबाट कालामुख सम्प्रदाय बने र यिनीहरू खप्परमा खाने, मसानमा बस्ने, खरानी घस्ने, भैरव उपासना गर्ने एवम् जटा पाल्ने गर्दछन् । कापालिकहरू शिवलाई कल्याणको होइन, मृत्यूको देवता मान्दछन् । यिनीहरूले रूद्रको नाममा नरबली समेत दिने गर्दथे। यिनीहरूले शैवयोगलाई 'रूद्रयोग' भन्दछन् । रूद्रयोगको उल्लेख वायु पुराणमा पनि पाइन्छ । कौलाचारीलाई अघोरी मान्ने गरिएको छ। यिनले पञ्चमकारको भोगलाई साधना मान्दै आएका छन् ।

प्रत्यभिज्ञाले कामेश्वर र कामेश्वरीका रूपमा शिव र शक्तिको उपासना गर्दै इच्छा, आनन्द, ज्ञान् क्रिया र चैतन्यद्वारा जगत सञ्चालन हुने धारणा राख्दछ । यसलाई काश्मिरी शाक्त तन्त्रको रूपमा समेत हेरिन्छ । क्रमदर्शीधारा काली उपासनाको तान्त्रिक धारा हो । यसले कालीलाई शिवको शक्तिरूपा पार्वती मान्दछ । देवीपूजाको यो धारा शैवतन्त्रमा मातृपूजक पुरानो परम्पराको प्रभावस्वरूप सम्मिलित भएको हो ।

शिवपूजाको परम्परालाई वैदिक आर्यहरूले हिन्दुकरण गरी शतरूद्रीको रूप दिए । याज्ञवल्क्यले शुक्लयजुर्वेदमा रूद्राध्याय नै बनाएर आर्य-किराँत एकता अघि बढाए । शैव परम्पराका रूपमा जातीय सद्भाव, नरनारी समानता र लोकमा विश्वास राख्ने रहेको हुँदा शैव धर्मले आफ्नो सामाजिक प्रभावलाई निरन्तर कायम राख्न सकेको देखिन्छ ।

शैवदर्शनले मृत्यूपछि मात्र पुगिने परलोक मान्दैन, धर्मशास्त्रीय सोचमै पनि धरतीको सर्वोच्चता स्वीकार गर्दछ । त्यो पवित्र स्थल कैलाश हो भन्दै प्रकृतिको शक्तिमा भक्ति राख्ने हुँदा मानिस मरेपछि प्रकृतिमै बिलाउँछ, अर्थात शिवमा विलिन भएर कैलाशमा हराउँछ भन्दछन् । श्रृष्टिको प्रारम्भ कैलाशबाट भयो, हिमाली भूमिबाट भयो भन्ने भाव शिवधर्ममा भेटिन्छ । पशुपति पुराणमा भने काठमाडौँको उत्तरतर्फ रहेको शिवपुरी पहाडलाई मृगेन्द्रशिखरको नामबाट चर्चा गरी बागमती उत्पन्न तीर्थका रूपमा उल्लेख गरिएको छ । ६४ शिवलिङ्गको महिमा गाइएको छ ।

२२ अध्यायको उक्त पुराणमा किराँतलाई म्लेच्छ भनिएको पाइन्छ । पुलस्त्य ऋषिले भीष्मपितालाई बताएको आख्यानमा नेपालको पनि उल्लेख छ 'ने नाम्ना मुनिना पूर्व पालनात्पुण्यकर्मणाः । अयं हि हिमवत् कुक्षौ नेपाल इति च्योच्यते' (**पृ. १५० अध्याय २२ श्लोक १, पशुपति पुराण**)। श्रीमद्पशुपति पुराणले धार्मिकता पूर्ण कथासँगै 'शिव सहस्रनाम' सुनाउँछ । उक्त पुराणले पशुपतिको महिमा गान गर्दै-गराउँदै पछि लेखिएको आभास दिन्छ ।

शैवदर्शनको आचार शास्त्र

आचारणको अवलोकन गर्ने शास्त्रका रूपमा रहेको आचार शास्त्र दर्शनका मुख्य हाँगामध्ये एउटा मानिन्छ । सामाजिक नैतिक विधि-व्यवस्थालाई निर्धारण र पालना गर्ने गराउने व्यावहारिक विषयलाई यसमा हेरिन्छ। यो सामान्य दैनिक जीवन पद्धतिदेखि विशिष्ठ व्यवहार मर्यादा र अनुष्ठानिक कार्यमा समेत बिस्तारित हुन्छ। आय-आर्जन गर्ने र त्यसको सुप्रवन्ध गर्ने कामसँगै मठ-मन्दिर गुम्वा सत्तल बनाउने दान गर्ने काम द्रव्य धर्म मानिन्छ भने पूजा-पाठ, प्रार्थना, तीर्थाटन आदिलाई देहधर्म भनिन्छ ।

शिवपुराणअनुसार धर्मका यिनै दुई प्रकार छन् : द्रव्य धर्म र देह धर्म । यिनलाई वैकल्पिक अर्थमा पनि व्याख्या गर्न सकिन्छ। नैतिक मूल्यको अर्थमा शुभ-अशुभ, राम्रो-नराम्रो र कल्याण-अकल्याण जस्ता द्वैध पक्षलाई पनि आचारशास्त्रीय विषय बनाइन्छ । शिवद्वारा पालित रक्षित भन्ने अर्थमा 'न' भनेको शिव इ भनेको पार्वती पाल' भनेको पालित भन्ने अर्थमा नेपालको अर्थ निरूपण गरी हाम्रो देशलाई नै शिवको देश 'नइपाल' भनेको पनि पाइन्छ (**नश्व नेता तथा नौका सुगतः शिव ईश्वर/इभारस्तु तथैवोक्त उमा पर्वत नन्दिनी ॥ एकाक्षर कोश**)। शिवको सन्दर्भलाई आचरणको आधारमा हेर्दा विष, भाङ धतुरो खाने, सुरा मदिरा पिउने जस्ता कुरा पनि सामुन्नेमा आउँछन् ।

परन्तु 'शिवसंहिता' मा भने योगसाधक शैवहरूका लागि ती सबै वर्जित छन् । अमिलो पिरो र तीतो नखाने, मीठो र नम्र बोल्ने, खाना खानेबित्तिकै योगासन नगर्ने जस्ता थप आचार विधि उल्लेख गरिएको पाइन्छ (**शिवसंहिता विसं. २०५४, अनुवादकः ठाकुरकृष्ण उप्रेती, काठमाडौँ**) ।

शिव उपासना विधि भने तान्त्रिक, वैदिक र गुह्य गरी तीन प्रकारका छन् । नामअनुसार कर्म अनुष्ठान गरिने हुँदा आचार विधिमा भिन्नता देखिन्छ । भैरव रूपमा गरिने पूजा विधि र नाथ रूपमा गरिने अनुष्ठानिक कर्ममा भिन्नता छ । आकारमा प्रदर्शित रूप, वस्त्र, अलंकार र औजारमा कतिपय भिन्नता पाइन्छ । छालाको लुगामै कतै बाघको त कतै मृगको छाला लगाएको र त्रिशूल डम्मरू रूद्राक्षको मालासँगै घाँटीमा सर्प, टाउकोमा चन्द्रमा, निधारमा त्रि-पुण्ड भष्म, कानमा कुण्डल, हातमा कमण्डलु जस्ता आभूषण रहेको देखिन्छ ।

'शैवयोग' शैवदर्शनको मुख्य आचार विधि हो । शान्ति र समन्वय शैवआचार शास्त्रको अर्को महत्वपूर्ण नीति देखिन्छ । युद्धविरोधी मात्र नभएर पारस्परिक सम्झौता गराई सहजीवनमा सबै बाँचुन् भन्ने सोचाइले शिवद्वारा आर्य-अनार्यलाई उपदेश गर्नुका साथै कतिपय घटनामा आफैंले पीडा सहेर अर्थात् विष पिएर ! अरूलाई अमृत बाँडेको पाइन्छ । यस प्रसङ्गमा शैव योग व्यक्तिपरक मात्र नरही सामाजिक पनि देखिन्छ । शैवदर्शनको आचारशास्त्र परोपकारवादी थियो भन्न सकिन्छ ।

सामाजिक सम्मिलनका रूपमा जातीय विभेद नमान्ने सोच र व्यवहार अर्को महत्वपूर्ण आचार बनेको छ । उमा-महेश्वर अथवा गौरी-शङ्कर जे भने पनि शिवले पुरानो मातृप्रधान समाजका कतिपय चलनलाई अँगाल्दै अघि बढेको पाइन्छ । गणेशको जन्म नै अनौठो मिथकमा बाँधिएको छ । वस्तुत त्यो मातृप्रधान समाजको सूचक छ । योनी र लिङ्गको संयुक्तरूपमा शिवको प्रतीक जो वनाइएको छ त्यो पनि प्राचीन मातृप्रधानताको समाजकै तान्त्रिक संस्कारमा आधारित छ ।

लिङ्ग र जातिको भेदलाई अस्वीकार गर्नु शैवआचारको महत्वपूर्ण कुरा हो । शिकारी सभ्यता कालका जे आचार विधि शैवहरूमा देखिन्छन्, ती पुराना शाक्त धाराको देवी पूजक व्यवहारका अवशेष पनि हुन् । जस्तो कि पहिले पहिले पशुवली मातृदेवीलाई चढाइन्थ्यो, पछि त्यसलाई शैवहरूले भैरव पूजामा सामेल गरे ।

निष्कर्ष

शैवदर्शनको प्रारम्भिक अवस्था ऋग्वेदभन्दा पहिलाको हो । शिव यसका प्रणेता थिए । ऋग्वेदमा उनलाई 'शिश्नपूजक' भनी निन्दा गरिएको भए पनि प्रकृतिलाई महत्व दिने मातृप्रधान समाजको तान्त्रिक चिन्तन बनेर शैवदर्शन रहेको छ । शैवदर्शन नेपाली चिन्तन परम्परामा तेस्रो ज्ञानधारा हो । पहिलो बोन दर्शन हो र दोस्रो मातृत्व पूजक तन्त्र दर्शन थियो ।

शैवदर्शनपछि ब्रह्मवादी याज्ञवल्क्यको हिन्दु सनातनी धारा चौथो देखा पर्छ । त्यसपछि बुद्धको मानवतावादी दर्शन आयो । शान्ति र अहिंसालाई मियो बनाएको बुद्धवादपछि नेपाली चिन्तनमा मौलिक र व्यवस्थित दर्शन देखा परेन भन्ने गरिन्छ । परन्तु मानवताको सन्दर्भमा जयपृथ्वीबहादुरको सोच निकै महत्वपूर्ण छ । नेपाली दर्शनको ऐतिहासिक परिप्रेक्ष्यमा यिनै पाँच मूलधारका दृष्टिकोण छन् र यिनको प्रभाव अहिले पनि छँदैछ ।

यिनै दार्शनिक चिन्तनका हाँगाबिगा, धार्मिक सम्प्रदाय बनेर अनेकौं मत-मान्यता देखा परेका छन् । अनेकौं देवी, देवता र आख्यान प्रचलित छन् । वैदिक धारामा होस् या अवैदिक शैवदर्शनमा पनि अनेकौं मतभिन्नताका साथ नेपाली दर्शन विस्तारित छ ।

कथाका आधारमा मनाइने जात्रा, पर्व र ब्रतहरूले धार्मिक भावनालाई व्यक्त गरे पनि, सन्त-महन्त, वाबा-माताका लीलाले दर्शनलाई भन्दा आस्थाका अन्धविश्वासलाई नै व्यक्त गरेका छन् । त्यसैले शैवदर्शनको सन्दर्भमा पनि शैव धर्मको वृत्तबाट बाहिर निस्केर समग्र शैव सोच, सिद्धान्त, संस्कृति र समाजको अध्ययन गरिनुपर्छ । दर्शनलाई धर्मभित्रबाट होइन, धर्मलाई दर्शनको वृक्षमा रहेको एउटा शाखाका रूपमा हेर्नु पर्दछ । तबमात्र दर्शन शास्त्र र धर्म शास्त्रको सही अस्तित्व बोध गर्न सकिन्छ । नेपालका मौलिक दर्शनसँगै शैवदर्शनको पनि यथार्थ ठम्याउन सकिन्छ ।

सन्दर्भ ग्रन्थ

१. आचार्य, चेतोनाथ, **हाम्रा धार्मिक चाडपर्व** (विसं.२०४५) काठमाडौँ : सनातन धर्म सेवा समिति ।

२. जगमान गुरूङ, **दर्शनावली**- एक (विसं २०६८) काठ. नेपाल प्रज्ञा प्रतिष्ठान ।

३. टीकाप्रसाद राई, **निर्माण** संस्कृति विशेषाङ्क (ई.१९९९) नाम्थी, सम्पा. पवन चामलिङ, सिक्किम ।

४. ठाकुरकृष्ण उप्रेती, (अनुवादक) **शिव संहिता** (विसं.२०५४) काठमाडौँ ।

५. पद्मप्रसाद भट्टराई, **पौरस्त्य दर्शन : एक चिन्हारी** (विसं. २०५४) काठमाडौँ ।

६. प्रभाकर माचवे, **विभिन्न धर्म मे ईस्वर कल्पना**, पटना : विहार हिन्दी ग्रन्थ एकेडेमी ।

७. प्रेम खत्री, **नेपालका धार्मिक मत र सामाजिक संरचना** (वि.सं. २०६०) काठमाडौँ ।

८. परमहंस योगानन्द, **योगीकथामृत** (ई.२००८) भारत : योगद सत्संग सोसाइटी ।

९. मोदनाथ प्रश्रित, **गणयुगदेखि राष्ट्रयुग सम्म**, (वि.सं. २०७०) काठमाडौँ माइलस्टोन प्रकाशन ।

१०. विष्णु प्रभात, (सम्पा) **प्रज्ञा दर्शन कोश** (वि.सं. २०९०) ।

११. विनय (सम्पा) **शिव पुराण**, डायमण्ड पाकेट बुक, दिल्ली ।

१२. विद्यानाथ भट्ट, **दर्शनावली** एक (वि.सं. २०६८) काठमाडौँ ने.प्र.प्र ।

१३. लीलाप्रसाद सापकोटा, **विश्वका प्रमुख धर्म** (वि.सं. २०७२) ने.प्र.प्र ।

१४. लुकवहादुर राना- **मगर वंशावली**, कोङ्पी- ४ काठमाडौँ ।

१५. शिवराज आचार्य कौडिन्यायन, **वैदिक धर्म : मूलरूपमा** (वि.सं. २०६२) काठमाडौँ

१६. योगी नरहरिनाथ (सम्पा) **श्रीमत्पशुपति पुराणम्** (वि.सं. २०११) भीमप्रसाद, टङ्गाल, काठमाडौँ ।

१७. हनुमानप्रसाद पोद्दार, **संक्षिप्त शिवपुराण** (वि.सं. २०५१) सत्रौ संस्कं गोरखपुर : गीताप्रेस भारत ।

१८. सूर्यमणि अधिकारी, **खससाम्रज्यको इतिहास** (वि.सं. २०६७) काठमाडौँ भूँडीपूराण प्रकाशन ।

❖❖❖

पशुपतिनाथको पूजा उपासनामा श्रीयन्त्र



✍ **विदुरप्रसाद पौडेल**
पूर्वउपकूलपति
नेपाल संस्कृत विश्वविद्यालय

शैव दर्शनमा शिवलाई प्रकाश र शक्तिलाई विमर्श मानिएको छ। प्रकाश सूक्ष्म र विमर्श अलि स्थूल भए पनि त्यो विमर्श पनि वस्तुतः प्रकाश नै हो। सूक्ष्म हुँदै जाँदा त्यही विमर्श प्रकाश हुन्छ। स्थूल हुँदै जाँदा त्यही प्रकाश विमर्श बन्छ। जस्तै, शिव र पार्वती हुँदा शिव प्रकाश र पार्वती ऽ शक्ति ऽ विमर्श मानिन्छ भने तिनै शिव ऽ प्रकाश राधा बन्दा विमर्श र काली ऽ पार्वती कृष्ण हुँदा प्रकाश मानिन्छन्। अग्नि र सोमको रै र प्राणको पनि गति हुन्छ।

सामान्य रूपमा भन्दा पाशुपत, अघोर, कालमुख, नाकुलीश, वीरशैव आदि सबै मतलाई शैवमत नै भनिन्छ । ईश्लाम र यहुदी आदि धर्म प्रचारभन्दा पहिले मध्यपूर्वमा र क्रिश्चियन धर्म प्रचारभन्दा पहिले पाश्चात्य देशका प्रायः सबै जातीमा कुनै न कुनै रूपमा लिङ्ग पूजाको प्रचलन थियो भनेर धेरै विद्वान्ले लेखेका छन् ।

नेपालमा पशुपतिनाथ छन् । यो पाशुपत क्षेत्र हो । सर्वान् अविशेषेण पश्यतीति पशुः र पतिः मालिक पशुपति शब्द वेद तन्त्र पुराण सबैमा पाइन्छ । पशुपति शब्दको अर्थ शिवपुराण वायवीय संहितामा यस्तो छ :-

"सः पश्यति शरीरं तच्छरीरं तं न पश्यति
तौ पश्यति परः कश्चित् तावुभौ तं नपश्यतः ॥
ब्रभाद्याः स्यावरान्ताश्च पशवः परिकीर्तिताः
पशूनामेव सर्वेषां प्रोक्तमेतन्निदर्शनम् ॥
स एष बध्यते पाशैः सुखदुःखाशनः पशुः
लीलासाधनभूतो य ईश्वरस्येति सूरयः ॥
अज्ञो जन्तु रनीशोद्रयमात्मनः सुखदुःखयोः
ईश्वरप्रेरितो गच्छेत्स्वर्गं वा श्वभ्रमेव वा ॥

पशुपतिलाई यजमान मूर्ति भनिन्छ। यजमान अक्षर, कूटस्थ साक्षी द्रष्टा भन्नु एकै हो । ॐ पशुपतये ऽ यजमानमूर्तये नमः । यजमानमूर्ति शब्द बहुब्रीहि समस्त हो । मलमायादिभिः पाशैः स बध्नाति पशुन् पतिः चतुर्विंशतितत्वानि मायाकर्म गुणास्तथा विषया इति कथ्यन्ते पाशा जीवनिबन्धनाः ॥

यिनीहरूलाई पाश भनिन्छ । घृणा, शङ्का, भयं, लज्जा, जुगुप्सा, चेती, पञ्चमी । कुलं शीलं च जातिश्च अष्टौ पाशाः प्रकीर्तिताः ॥ यी आठलाई पनि पाश भनिन्छ। अर्को अर्थमा, आणवमल, मायिकमल र कार्ममललाई पनि पाश भनिन्छ । यी सबैबाट छुटेको र छुटाउन सक्नेलाई पशुपति भनिन्छ । पाशुपत मतअनुसार त्रिगुणात्मिका प्रकृतिभन्दा पर माया त्यसभन्दा पर महामाया छ ।

मायादेखि माथि महामायाको क्षेत्रमा प्रवेश गरेका सबैलाई पशुपति भनिन्छ । यी प्राकृत सृष्टिभित्र पर्दैनन् । महामायाभन्दा पर चितिशक्ति त्यसभन्दा पर पराशक्ति छन् । यतिसम्मको प्रतीक योनी अर्थात् अर्घा हो र त्योभन्दा पर महाचैतन्य छ । यसैलाई पशुपतिनाथ भनिन्छ । त्यसको प्रतीक लिङ्ग हो । कल्पित पराशक्तिको उदयले महाचैतन्य नै लिङ्ग रूपमा कल्पित हो ।

लीनमर्थं गमयति वा लीयते अस्मिन् । यी व्याख्या प्रतीकात्मक मात्र हुन् । प्रस्थान भेदले ईश्वर-माया प्रकृति-पुरुष शिव-शक्ति भन्ने गरिन्छ । परमार्थमा सत्तामात्र अनुस्यूत छ न त्यो न यो सत्तामात्र बुझ्नुपर्छ । आकाशं लिङ्गमित्याहुः पृथिवी तस्य पीठिका आलयः सर्व देवानां लयनाल्लिङ्गमुच्यते । यहाँको पृथ्वी शब्दले माया, प्रकृति वा परासम्म बुझ्नु पर्ने हुन्छ । आकाश शब्दले महाचैत्यनाकाश बुझ्नुपर्छ ।

वस्तुतः महेश्वर अलिङ्ग छन् । पशुपतिनाथलाई अंकी बुझ्नुपर्छ । अंकीको ज्ञान त्यस बेलामा मात्र हुन्छ जसमा त्यसका सम्पूर्ण अंकको ज्ञान हुन्छ । अंक सम्पन्न नभए अंकी पूर्ण हुन्न । त्यसैले पशुपतिलाई राम्रो गरी बुझ्न पशुपति मन्दिर र परिसरका र पशुपतिसँग सम्बद्ध राख्ने बाहिरका शक्त र शक्तिलाई यथावत् बुझ्नु पर्ने हुन्छ ।

पाशुपत क्षेत्र जत्रो छ त्यसको अवस्थिति देवाधिष्ठान कोण उपकोण आदिको ज्ञानले त्यसको चक्राकारता बुझ्नुपर्छ । उपासकहरूलाई उपासनाको सिद्धिले

कर्म एवं कर्मफलको आसक्तिबाट मुक्त भई कर्म गर्नु नै सच्चा सन्यास हो ।

त्यसको प्रत्यक्ष साक्षात्कार हुन्छ भने अरू अनुसन्धाताले विद्वत्ता, योग्यता र लगनशीलताले यी कुरा बुझ्न सक्छन् ।

पशुपतिनाथ सम्पूर्ण दिव्य शक्तिका अधिष्ठान हुन् । अदिव्यऽस्थूल शक्तिहरू दिव्य शक्तिको अधीनमा र दिव्य शक्तिहरू एकै महादिव्य शक्तिको अधीनमा छन् । महादिव्य शक्ति र पशुपतिनाथमा भेद छैन । स्त्रीत्व, पुरुस्त्व, नपुंसकत्व विवक्षाधीन हुन् । परब्रम्ह शब्द नपुंसक लिङ्ग भए पनि नपुंसकताको भाव त्यसमा छैन ।

आगम शास्त्रमा पञ्च महाभूतलाई पञ्चप्रेत भनिन्छ । मन्दिर वरिपरि जुन अष्टभैरवले खुट्टाले टेकेका प्रेत छन्, ती खुट्टाको विन्यास कहाँ कहाँ छ ? त्यो तत्व त्यति व्याप्त छ भन्ने बुझिन्छ । त्यसैगरी अष्ट भैरवीका मुद्रा भङ्गीमा पनि कुनै अर्थ छैन, यो मेरो विचार हो । यी कुरालाई पुष्टि गर्ने आगम-निगमको खोज गर्नु जरुरी छ ।

त्यसैगरी, पशुपति परिसरको वासुकी मन्दिर र पशुपतिकी प्रिय वत्सलाको तोरणमा विभिन्न मुद्रामा मैथुनाकार देख्न सकिन्छ । यी मुद्राबाट सबै आम्नायका मन्त्रोद्धार हुन्छन् भनेको पाइन्छ । जस्तै, 'सपरीतरतासनम् पूर्वाम्नायसूचकम् सर्गप्रवृत्तशिवशक्त्यात्मकं ब्रभ । विपरीतरतासनम्- दक्षिणाम्नायसूचकम् स्थितिप्रवृत्तशिवशक्त्यात्मकं ब्रभ..' आदि ।

यस्तै, कुन देवताको जात्रा कुन देवताकामा कहाँ कहाँ लगिन्छ, कुन कुन देवता कस कसकहाँ जात्रामा आउँछन् । यी कुराका रहस्य आगमका मूलसँग जोड्नै पर्छ अन्यथा यी कुरा रूपैयाँ पैसा खर्च गर्दा चल्ने तर खास विद्वान् साधकका चित्तलाई निगम आगम युक्तिसहित स्पर्श नगर्ने हो भने निरन्तर चल्न सक्दैनन् ।

श्रीयन्त्र लेख्नुभन्दा पहिले पशुपतिको जुन पूजा हुन्छ । त्यो पूजा पनि धर्मशास्त्रहरूमा वर्णित शिवपूजा जसरी मात्रै हुन्छ भन्ने छैन । श्रीयन्त्र लेखेपछि जुन पूजा हुन्छ, त्यो पनि सामान्य श्रीयन्त्र साधकले गर्ने पूजाभन्दा कतै कतै भिन्न छ । यो कुरा तत्कालीन मूलभट्ट महाबलेश्वरले भनेका थिए । 'हामी पनि शिव र श्रीयन्त्रको पूजा गरेर आएका हौं तर यहाँ कतै कतै मिल्दैन । हामीलाई पहिले मूलपूजारीले जे सिकाए त्यसै गर्छौं' भन्थे ।

पशुपतिको शिरैमाथि एक ठूलो चाक्लो यन्त्राकार तोरण टाँगिएको छ । आगम निगम भिडाएर त्यसको राम्रो अध्ययन हुनु जरुरी देख्छु । त्यसो गर्न सके पशुपतिको यथार्थ स्वरूप बुझ्न केही हदसम्म मद्दत मिल्ने छ । विक्रम, शक, नेपाल र ईश्वी सम्वत् हालेर नयाँ र पुरानो छुट्याउने काम इतिहासविद्को हो ।

जसलाई जीवनको रहस्यको खोजी छ, त्यस्तालाई ऐश्वर्य, माधुर्य, आनन्दयुक्त, आत्मश्लिष्ट रहस्यपूर्ण वस्तु फेला पार्नु पर्ने हुन्छ । त्यतिमात्र होइन, त्यो आफैँ बन्नु पर्ने हुन्छ । त्यसैले आआफ्नो सम्प्रदाय अनुसारका प्रवृत्ति विश्वभर नै देखापर्छन् ।

पशुपतिनाथको ईशान मुखमा श्रीयन्त्र लेखेर जुन पूजा हुन्छ त्यो गोप्यंजस्तै हुन्छ । माथिबाट श्रीयन्त्रका कोणहरूको नाम लिँदा'विन्दु-त्रिकोण-वसुकोण-दशारयुग्म-मन्वस्र-नागदलसंयुत-पोडशारं-वृत्तत्रयञ्च धरणीसदनत्रयञ्च श्रीचक्रमेतदुदितं परदेवतायाः' यस्तो रूप हुन्छ भने तलबाट गन्दा निम्नरूप हुन्छ । भूपूस्त्रिवृत्तकमथेन्दुकलारविन्दमष्टारकं सुमनुकोणमथो दशारम् । दिक्कोणकञ्च गजकोणमथ त्रिकोणम् वन्दे सुविन्दुसहितं परयन्त्रराजम् । यसका साधारणतया १० आवरण हुन्छन् भने अन्तिमको विन्दुलाई बिस्फोटन गरी उपसना पूजा गर्दा अरू ६ आवरण बढ्छन् ।

पहिलेका १० आवरणमध्ये प्रथम आवरणमा चार्वाक दर्शन, द्वितीयावरणमा जितेन्द्रीय दर्शन, तृतीयावरणमा बौद्धदर्शन, चतुर्थावरणमा गाणपत्यदर्शन, पञ्चमावरणमा न्याय-मीमांसा-वैशेषिक-पातञ्जल-सांख्य-वेदान्त षड्दर्शन, षष्ठावरणमा वैदिक दर्शन, सप्तमावरणमा सौरदर्शन, अष्टमावरणमा वैष्णवदर्शन, नवमावरणमा शाक्तदर्शन, दशमावरणमा शैव दर्शनको पूजा गरिन्छ भने त्रयोदशवरणमा कौलदर्शनको पूजा हुन्छ ।

उमा (शक्ति) लाई लिङ्ग पुराणमा सनतकुमार आदि सिद्धऋषिहरूसँग शिवको संवादमा शिवाज्ञारूपा, श्रुति स्मृतिरूपा, प्रकृतिविकृति भिन्नरूपा, अनिर्वचनीया ब्रह्मविद्यारूपा भनिएको छ । त्यसै पुराणमा शिवा भिन्नरूपा पनि भनिएको छ ।

गुहेकाली स्तोत्रमा निर्गुणाम्, आत्मप्रबोधातीतगोचराम्, कैवल्यरूपाम् निर्गुण आत्मज्ञानपछि अनुभूतिमा आउने कैवल्यस्वरूप भनेर शक्तिलाई भनिएको र शिवको पनि त्यही स्वरूप पर्ने हुँदा दुईमा भेद गर्ने कुनै उपाधि वा हेतु छैन । अर्को कुरा सबै अधिकांश दार्शनिकहरूले 'शक्ति शक्तिमतो रभेदात्' अर्थात् शक्ति र शक्तिमान्मा अभेद छ भन्ने कुरा प्रतिपादन गरेका छन् । मीमांसा दर्शनअनुसार दुईवटा वस्तु संयुक्त भएर एक हुँदा एक कर्म भए पनि संयोग पृथकत्व न्यायले पृथक् गरेर त्यसमा अलग अलग उपासना अर्चन क्रिया हुनसक्छ ।

अर्घा र लिङ्ग संयुक्त भएर एक भएका भए संयोग पृथकत्व न्यायले छुट्याएर अलग अलग अर्चा उपासना आदि क्रिया हुन सक्थ्यो । तर, अर्घा र लिङ्गको अलग अलग पूजा कहिले पनि कहीँ पनि देखिँदैन । त्यसैले यसलाई अखण्ड र एकै मान्नु पर्ने हुन्छ । लिङ्गमा शिवशक्ति यी पनि हुन् । 'आकाशं लिङ्गमित्याहुः पृथिवी तस्य पीठिका' जस्ता पङ्क्तिलाई पनि अमेदमै अर्थ समन्वय गर्नुपर्छ ।

शैव दर्शनमा शिवलाई प्रकाश र शक्तिलाई विमर्श मानिएको छ । प्रकाश सूक्ष्म र विमर्श अलि स्थूल भए पनि त्यो विमर्श पनि वस्तुतः प्रकाश नै हो । सूक्ष्म हुँदै जाँदा त्यही विमर्श प्रकाश हुन्छ । स्थूल हुँदै जाँदा त्यही प्रकाश विमर्श बन्छ । जस्तै, शिव र पार्वती हुँदा शिव प्रकाश र पार्वती ऽ शक्ति ऽ विमर्श मानिन्छ भने तिनै शिव ऽ प्रकाश राधा बन्दा विमर्श र काली ऽ पार्वती कृष्ण हुँदा प्रकाश मानिन्छन् ।

अग्नि र सोमको रै र प्राणको पनि गति हुन्छ । त्यसैले प्रकाश र विमर्श, अग्नि र सोम, रै र प्राण जस्तै एउटै तत्व नै शिव र शक्तिरूपमा स्फूर्त भएको छ । यसमा पार्थक्य छैन । स्वतन्त्र नै स्वातन्त्र्य बन्छ । शिवाद्वैतवाद र शाक्ताद्वैतवाद भनेको यही हो ।

अतः श्रीयन्त्रको पूजा उपासनामा चाहे आस्तिक चाहे नास्तिक कसैका पनि भाव छुट्दैनन् । मस्तक रूप सदाशिवमा यसको पूजा हुन्छ । अतः पशुपतिले सबैलाई समेटेको देखिन्छ । त्यसैले जडाद्वैत, चैतन्याद्वैत, शून्याद्वैत, द्वैताद्वैत, अचिन्त्य अभेदाद्वैत विशिष्टाद्वैत शाक्ताद्वैत शैवाद्वैत आदि सबैवाद पशुपतिनाथमा समेटिएका छन् । शिवपुराणमा कैलाश संहिताअनुसार पशुपतिनाथको समग्र रूपमा रूप ॐ कारको वाच्यार्थ र लक्ष्यार्थ हो ।

प्रपञ्च, राष्ट्र र प्राणी मात्रका शरीर सबै राष्ट्र हुन् । यजमानमूर्ति पशुपति ब्रम्हरूप भएकाले प्राणी मात्रका आराध्य हुन् । त्यसैले पशुपतिनाथलाई राष्ट्रदेव र आराध्यदेव पनि भन्ने गरिन्छ । समग्र रूपमा अध्ययन त विश्वविद्यालयका सम्वद्ध विभागले गर्दै जाँदा सबै कुरा खुल्दै जान्छ ।

❖❖❖

धार्मिक समन्वयको उज्ज्वल नमूना शङ्करनारायणको मूर्ति

✍ प्रा. दिनेशराज पन्त
प्राज्ञ

हाँडीगाउँको सत्यनारायण स्थानमा रहेको गरुड स्तम्भमा द्वैपायन व्यासको स्तोत्र कुँदिएको छ । त्यसका रचयिता अनुपरम हुन् । अनुपरमका छोरा भौमगुप्त हुन् । अनुपरमले त्यस अभिलेखमा दार्शनिक तर्कद्वारा बौद्धमतको खण्डन गरेका छन् । अनुपरमको यो अभिलेख छोडेर लिच्छविकालका अरू कुनै अभिलेखमा अरू सम्प्रदायप्रति आक्षेप गरिएको पाइँदैन । आफ्ना अनुयायी स्वामीवार्तले राखेको शङ्करनारायणको मूर्ति विषयक कुरामा भौमगुप्तको पनि अनुमति थियो भन्ने स्पष्ट छ ।

नेपालको इतिहासमा लिच्छविकालको विशेष महत्व छ । लिच्छविकालको यसरी महत्व हुनुमा त्यसकालका प्रौढ गद्य र पद्यले अलङ्कृत अभिलेख, त्यसकालमा देखिएको धार्मिक समन्वय आदि छन् । यस सानो निबन्धमा लिच्छविकालमा देखिएको धार्मिक समन्वयको उज्ज्वल नमूनाको विषयमा केही कोर्ने प्रयास गरिएको छ ।

राजा मानदेवको चाँगुको स्तम्भलेखमा सम्वत् ३८६ ज्येष्ठ लेखिएको छ । चाँगुको स्तम्भलेखमा देखिएको सो सम्वत् शकसम्वत् हो । लिच्छविकालमा चलेका सम्वत् कार्तिकादि हुन् भन्ने कुरा प्रमाणबाट सिद्ध भइसकेकाले ३८७ त्यस स्तम्भलेखको समय हुन आउँछ । त्यस स्तम्भलेखमा राजा मानदेवले चाँगुका नारायण (विष्णु) को पूजा गरेको बयान परेको छ ।

त्यस स्तम्भलेखमा मानदेवले आफ्ना बाबु धर्मदेव, बाजे शङ्करदेव तथा बराज्यू वृषवदेवको पनि वर्णन गराएका छन् । त्यहाँ वृषवदेवलाई व्यायामसंक्षेपकृत् (लडाइँ भिडाइँ कम गर्ने) भन्ने विशेषण लगाइएको छ । यताबाट वृषवदेव बौद्धधर्मतिर ढल्केका थिए कि भन्ने आभास पर्छ । हाम्रो यस आभासलाई राजा द्वितीय जयदेवको सम्वत् १५७ कात्तिक (वि.सं. ७९०) को शिलालेखको यस श्लोकले स्पष्ट पार्छ :-

श्रीमान् बभूव वृषवदेव इति प्रतीतो
राजोत्तमः सुगतशासनपक्षपाती ॥

(बौद्ध धर्ममा झुकेका श्री वृषवदेव भनी प्रख्यात भएका असल राजा हुनुभयो ।)

यताबाट वृषवदेव बौद्ध थिए भन्ने स्पष्ट हुन्छ । मानदेवले चाँगुका नारायण (विष्णु) को पूजा गरी स्तम्भलेख राखेका हुन् भन्ने कुरा माथि भनियो । यसैगरी, मानदेवले आफ्नी आमा राज्यवतीको पुण्यवृद्धिका लागि वानावतार विष्णुको मूर्ति स्थापना गरेको थिए ।

मानदेवले शिवलिङ्गको स्थापना गरेको तथा मानविहार बनाउन लगाएको उल्लेख पाइएको कुरा पनि यस प्रसङ्गमा सम्झनुपर्छ । मानदेवकी रानी क्षमसुन्दरी तथा गुणवतीले शिवलिङ्गको स्थापना गरेका तथा मानदेवकी बडामहारानी भोगिनीतर्फकी छोरी विजयावतीले शिवलिङ्गको स्थापना गरेको देखिएकाले मानदेवको घरमा धार्मिक समन्वय पूर्णरूपमा थियो भनेर मान्नैपर्छ ।

यसरी नेपालको इतिहासको सुरुदेखि नै धार्मिक समन्वयको स्पष्ट प्रमाण उपलब्ध हुन थाल्छ । लिच्छविकालमा धार्मिक समन्वयका यस्ता प्रमाण अनगिन्ती पाइन्छन् । अब हाम्रो प्रकृत विषय शङ्करनारायणबारे केही लेखिन्छ ।

राजा मानदेवपछि उनका छोरा महीदेव तथा नाति वसन्तदेव क्रमैसँग राजगद्दीमा बसेको प्रमाण पाइन्छ । वसन्तदेवपछि मनुदेव, वामनदेव, रामदेव तथा गणदेव राजा भएको कुरा अभिलेखबाट थाहा हुन्छ । तर यिनीहरूको परस्परको नातासम्बन्धबारे हामीलाई केही थाहा छैन । साथै वसन्तदेवपछि गणदेवअघि यी मात्र राजा भए, अरू भएनन् भन्न सक्ने स्थितिमा पनि हामी छैनौं । केवल अभिलेखमा यी राजा देखिएकाले यी राजाहरू भए भनेर निर्धक्कसँग हामी भन्न सक्छौं ।

पशुपति देउपाटनमा गणदेवको पालामा वि.सं. ६२३ को स्वामीवार्तको शिलालेख छ । त्यस शिलालेखको सुरुमा पहिले ॐ लेखी त्यसपछि यस्तो लेखिएको छ :-

पत्योर्न्नौ पश्य हे श्रीर्युगलममिथुनं शूलभृच्छार्ङ्गपाण्योरेकैकस्यात्र
किन्तन्न सुकरमनयोस्तौ यदेकत्र पृक्तौ ।
मूर्तित्या (गेन) नूनं सखि मदनरिपोरेवमुक्त्वा भवान्या
यो दृष्टो जातु तस्मै सततमिह नमोस्त्वर्द्धशौरीश्वराय ॥

यस श्लोकमा पार्वतीले लक्ष्मीलाई यस्तो भनेको वर्णन गरिएको छ :-

हे सङ्गिनी लक्ष्मी, त्रिशुल र धनु हातमा लिएका हाम्रा पतिहरूको जोइपोइबेगरको जोडा हेरन । यी दुवैले एक्लैले गर्न नसक्ने काम के थियो र यिनीहरू आफ्नो आफ्नो रूप छोडी मिलेका होलान् । यस्तो भनी पार्वतीले हेरिएका शङ्करनारायणलाई सधैं नमस्कार छ ।

पत्योर्न्नौ पश्य हे श्रीर्युगलममिथुनं शूलभृच्छार्ङ्गपाण्योरेकैकस्यात्र
किन्तन्न सुकरमनयोस्तौ यदेकत्र पृक्तौ ।
मद्भित्या (तस्य) नूनं सखि मदनरिपोरेवमुक्त्वा भवान्या
यो दृष्टो जातु तस्मै सततमिह नमोस्त्वर्द्धशौरीश्वराय ॥

हे सङ्गिनी लक्ष्मी, त्रिशूल र शार्ंग हातमा लिएका हाम्रा पतिहरूको जोइपोइ बेगरको जोडा हेरन । कामदेवका शत्रु (ती) (महादेव) मसँग छुट्टिनाले ती दुइटै (महादेव विष्णु) एक भई मिलेका हुन् । अब त यी दुइटामा एउटा एउटाले पनि गर्न नसकिने काम यहाँ के होला र ? पार्वतीले यसो भनेर कुनै दिन जसलाई हेर्नुभएथ्यो । ऊ अर्ध शङ्करनारायणलाई सधैं नमस्कार होस् । (संस्कृत सन्देश, १ वर्ष ८ अंकका १७, १८ पृ.)

रेनिइरो नोलीको पाठमा मद्भित्या (तस्य) को ठाउँमा मूर्ति (त्य-क्त्वेव) पाठ छ- नेप्लिज इन्स्क्रिपसन्ज इन् गुप्त क्यार्अक्टर्जको २८ पृ.) । धनवज्र बज्राचार्यको पाठमा यी दुवै पाठको सट्टा मूर्तित्या (गेन) पाठ छ । बज्राचार्यको अनुवाद तल लेखिएबमोजिम छ :-

हे सङ्गिनी लक्ष्मी, त्रिशुल र धनु हातमा लिएका हाम्रा पतिहरूको जोइपोइबेगरको जोडा हेरन । यी दुईवटामा एउटा एउटाले पनि गर्न नसकिने के थियो र यसरी आफ्ना रूप छोडी मिलेका हुन् । पार्वतीले यसो भनेर कुनै दिन जसलाई हेर्नुभएथ्यो । उहाँ अर्धगौरीश्वर (शङ्करनारायण) लाई सधैं नमस्कार छ ।

(लिच्छविकालका अभिलेखको १९९ पृ.)

यसरी यहाँ तीन थरीका तीनवटा पाठ आएको स्पष्ट देखिएको छ । बाबुरांहरूको अनुवादमा मदनरिपोः यस पदको अर्थ आएको छैन ।

यसको उत्तर सोही शिलालेखको अर्को पद्यमा यसरी दिइएको छ :-

भिन्ने पुंसां जगति च तथा देवताभक्तिभावे
पक्षग्राहभ्रमितमनसां पक्षविच्छित्तिहेतोः ।
इत्यर्द्धाभ्यां समुपरिचितं यन्मुरारीश्वराभ्या
मेकं रूपं शरदिजघनश्यामगौरं तदव्यात् ।

(संसारमा मानिसको भिन्नाभिन्नै देवतामा भक्तिभाव हुन्छ । पक्षपातमा परेर मनमा भ्रम भएका ती मानिसको पक्षपात हटाउन विष्णु र महादेवले आधाआधा भई यसरी जुन एउटै रूप लिनुभएको छ, शरद् ऋतुको मेघजस्तो कालो र गोरो भएको त्यस (रूप) ले रक्षा गरोस् । (लिच्छविकालका अभिलेख, १९९, २०० पृ.) ।

यसरी मानिसका मनमा रहेको पक्षपात हटाउन र सबै देउता एउटै हुन् भन्ने भावना जगाउन यस्तो मूर्तिको कल्पना गरिएको हो भन्ने कुरा कविले स्पष्ट पारेका छन् । महादेवलाई पुज्ने मानिस र विष्णुलाई पुज्ने मानिस पाइए तापनि महादेव र विष्णुको संयुक्त रूपलाई पुज्ने मानिस पाइएलान् वा नपाइएलान् भन्ने शङ्काले यी परमेश्वर शक्तिशाली छन्, यिनमा गरेको भक्ति खेर जाँदैन भनी शिलालेखमा यसरी लेखिएको छ :-

मानदेवले शिवलिङ्गको स्थापना गरेको तथा मानबिहार बनाउन लगाएको उल्लेख पाइएको कुरा पनि यस प्रसङ्गमा सम्झनुपर्छ । मानदेवकी रानी क्षमासुन्दरी तथा गुणवतीले शिवलिङ्गको स्थापना गरेका तथा मानदेवकी बडामहारानी भोगिनीतर्फकी छोरी विजयावतीले शिवलिङ्गको स्थापना गरेको देखिएकाले मानदेवको घरमा धार्मिक समन्वय पूर्णरूपमा थियो भनेर मान्नैपर्छ । यसरी नेपालको इतिहासको सुरुदेखि नै धार्मिक समन्वयको स्पष्ट प्रमाण उपलब्ध हुन थाल्छ ।



योसौ सर्व्वत्रिभुवनगुरुः श्रेयसाञ्चाधिवासो
यस्मिन् बद्धा नियमितफलाः सम्पदः पुण्यभाजाम्
नानारूपं भुवनमखिलं धार्य्यते येन चेदं
तस्मिनन्भक्तिर्न भवति वृथा शुद्धचित्ताशयानाम् ॥

(जो तीनै लोकमा सबभन्दा ठूला र कल्याणका घर पनि हुनुहुन्छ, पुण्यात्माहरूले जसलाई अर्पण गरेको सम्पत्ति ठिक ठिक फल दिने हुन्छ, नानारूप भएको संसारलाई जसले अड्याइराख्नु भएको छ, मनको अठोट शुद्ध पारिसकेकाले उहाँ (परमेश्वर) मा गरेको भक्ति सित्तै खेर जाँदैन (लिच्छविकालका अभिलेख, १९९, २०० पृ.)।

सबै व्यक्तिले आआफ्नो श्रद्धाअनुसार कुनै पनि देवताको पूजा गर्ने र त्यसमा अरूले हस्तक्षेप गर्ने होइन कि समन्वय ल्याउने चलन लिच्छविकालमा सुरुदेखि नै थियो भनी माथि भनिसकिएको छ। यति हुँदाहुँदै पनि दुई देवता (महादेव र विष्णु) लाई एउटै देवताको रूपमा एउटै मूर्तिमा ल्याउनु धार्मिक समन्वयको उज्ज्वल नमूना हो भनी मान्नैपर्छ।

त्यसपछि अर्को श्लोकमा,
पुण्यानि येप्यु भयलोकसुखावहानि
कुर्व्वन्ति हि प्रतिदिनं विगताभिमानाः
कृत्वापि तेत्र विधिवद्धिषयोपभोगं
स्वैः कर्मभिः सुकृतिनो दिवमावसन्ति

(जसले अहंकार नलिएर दुवै लोकमा सुख दिने धर्मकर्म दिनका दिन गर्दछन्, ती धर्मात्माहरू ता यस लोकमा राम्रोसँग सुखभोग गरेर पनि आफ्ना धर्मकर्मले स्वर्गमा बस्न पाउँछन् (लिच्छविकालका अभिलेख, १९९, २०० पृ.)।

यस श्लोकमा अहंकारको निन्दा गरिएको छ तथा अहंकाररहित मनुष्य नै इहलोक तथा परलोक दुवैको सुखभोग गर्न समर्थ हुन्छ भन्ने भाव दर्शाइएको छ। माथिल्लो श्लोकमा अहंकार नलिई धर्मकर्म गर्दा इहलोक तथा परलोक दुवै प्राप्त हुन्छ भनी भन्ने स्वामीवार्तले म यस्तै हुँ भन्ने भाव तलको श्लोकमा दर्शाएका छन् :-

पुंसां पापकृतामधः सुकृतिनामूर्ध्वङ्गतिर्द्धीमता
मित्येवं प्रविचिन्त्य निश्चितमतिः संप्रज्ञया प्रज्ञया
दृष्टादृष्टविधिप्रयोगनिपुणो वार्त्तः स्वपुण्याप्तये
मूर्त्तिङ्केशवशङ्कराद्धं रचितामस्थापयद्भक्तितः ॥

(पापी मानिसको अधोगति, धर्मात्मा बुद्धिमान्को उँभोगति हुन्छ भन्ने कुरालाई राम्रोसँग पक्डन सक्ने बुद्धिले विचार गरेर अठोट बाँधी यो लोक परलोक दुवैतिरको काम गर्न सिपालु भएका

हे सङ्गिनी लक्ष्मी, त्रिशूल र शार्ंग हातमा लिएका हाम्रा पतिहरूको जोड्पोइ बेगरको जोडा हेरन। कामदेवका शत्रु (ती) (महादेव) मसँग छुट्टिनाले ती दुइटै (महादेव विष्णु) एक भई मिलेका हुन्। अब त यी दुइटामा एउटा एउटाले पनि गर्न नसकिने काम यहाँ के होला र ? पार्वतीले यसो भनेर कुनै दिन जसलाई हेर्नुभएथ्यो।

संसारमा मानिसको भिन्नाभिन्नै देवतामा भक्तिभाव हुन्छ। पक्षपातमा परेर मनमा भ्रम भएका ती मानिसको पक्षपात हटाउन विष्णु र महादेवले आधाआधा भई यसरी जुन एउटै रूप लिनुभएको छ, शरद् ऋतुको मेघजस्तो कालो र गोरो भएको त्यस (रूप) ले रक्षा गरोस्।

स्वामीवार्तले आफ्नो र आफन्तको पनि पुण्य बढाउन विष्णु र महादेवको आधाआधा जीउबाट बनेको मूर्तिलाई भक्तिपूर्वक स्थापना गरे (लिच्छविकालका अभिलेख, १९९, २०० पृ.)।

सम्वत् ४८७ प्रथमाषाढशुक्लद्वितीयायाम्भट्टारकमहाराज श्रीगणदेवले कालमपरिमित समाज्ञापयति परमदैवतश्रीभौमगुप्तपादानुध्यातो विदितविनयः शश्वत्कुशलकर्म्मण्युपहितपरमानुग्रहः प्रकृष्टकुलजन्मा दिवमुपगतयोर्म्मातापित्रोरात्मनश्च पुण्योपचितये स्वाभिवार्त्तः सकलभुवनसम्भवस्थितिप्रलयकारण मनादिनिधनं भगवन्तमिह शङ्करनारायणस्ववामिनं प्रतिष्ठापितवान्।

(सम्वत् ४८७ प्रथमाषाढशुक्ल द्वितीयामा भट्टारक (गद्दीनशीन) महाराज श्रीगणदेवबाट धेरै कालसम्म राज्य गरिरहनुभएको समयमा परमदैवत श्रीभौमगुप्तका पाउको अनुग्रह पाएका, अनुशासन जानेका, सधैं ठूलो काममा ठूलै अनुग्रह देखाएका, ठूलो कुलमा जन्मेका स्वामीवार्तले स्वर्गमा गएका आमाबाबुको र आफ्नो पनि पुण्य बढाउन सारा संसारको सृष्टि स्थिति प्रलयका कारण भएका, आदि र अन्त्य (जन्म र मरण) नभएका भगवान् शङ्करनारायण स्वामीलाई यहाँ स्थापना गरे (लिच्छविकालका अभिलेख, १९९, २०० पृ.)।

यताबाट राजा गणदेवको पालामा भौमगुप्तका अनुयायी स्वामीवार्तले स्वर्ग गएका आमाबाबुको र आफ्नो पुण्य बढाउन सम्वत् ४८७ आषाढ (वि.सं. ६२३) मा शङ्करनारायणको स्थापना गरी यो शिलालेख राखेको देखिन्छ।

भौमगुप्त सम्वत् ४७९ वैशाख (वि.सं ६१५) देखि सम्वत् ५१२ ज्येष्ठ (वि.सं ६४८) सम्म शासनमा शक्तिशाली रहेको कुराको स्पष्ट उल्लेख पाइन्छ। त्यस बीचमा राजगद्दीमा क्रमशः गणदेव, गङ्गादेव तथा शिवदेव बसेका थिए। सम्वत् ४८९ श्रावणपछि सम्वत् ५१२ ज्येष्ठअघि अहिलेसम्म पाइएका सम्वत् ४९२ वैशाख (वि.सं. ६२८) तथा सम्वत् ४९५ (वि.सं. ६३०) का शिलालेखमा भने राजा तथा भौमगुप्तको उल्लेख छैन। शिवदेवको सुरुको शिलालेखपछि भौमगुप्त हराउँछन् तथा केही कालपछि त्यो ठाउँ अंशुवर्माले लिन्छन्।

समीवार्तले आफ्नो शिलालेखमा भौमगुप्तलाई परमदैवत भन्ने विशेषण लगाएका छन्। मरमदैवतको शब्दार्थ ठूला देवता तथा भावार्थ धर्मनिष्ठ शासक भन्ने हुन्छ। भारतका धर्मनिष्ठ शासकहरूले यस पदवीको उपयोग गरेको उदाहरण पाइन्छ। यसभन्दा अघि र पछिका शिलालेखमा भौमगुप्तको दर्जा सर्वदण्डनायक महाप्रतिहार छ। तर स्वामीवार्तले भौमगुप्तको दर्जा सर्वदण्डनायक महाप्रतिहार दर्जाको उल्लेख नगरी परमदैवत भन्ने विशेषण लगाएकाले उनी

भौमगुप्तका अनुयायी थिए भन्ने देखिन्छ । स्वामीवार्तले आफूलाई परमदैवतश्रीभौमगुप्तप्तपादानुध्यात: (परमदैवत श्रीभौमगुप्तका पाउको अनुग्रह पाएका) भन्ने विशेषण लाएका हुनाले उनी भौमगुप्तका अनुयायी हुन् भन्ने कुरा अझ स्पष्ट हुन्छ ।

हाँडीगाउँको सत्यनारायण स्थानमा रहेको गरुड स्तम्भमा द्वैपायन व्यासको स्तोत्र कुँदिएको छ । त्यसका रचयिता अनुपरम हुन् । अनुपरमका छोरा भौमगुप्त हुन् । अनुपरमले त्यस अभिलेखमा दार्शनिक तर्कद्वारा बौद्धमतको खण्डन गरेका छन् । अनुपरमको यो अभिलेख छोडेर लिच्छविकालका अरू कुनै अभिलेखमा अरू सम्प्रदायप्रति आक्षेप गरिएको पाइँदैन ।

आफ्ना अनुयायी स्वामीवार्तले राखेको शङ्करनारायणको मूर्ति विषयक कुरामा भौमगुप्तको पनि अनुमति थियो भन्ने स्पष्ट छ । यसरी भौमगुप्तले धार्मिक समन्वयको विचारले आफ्ना बाबुको भन्दा धेरै उदार दृष्टिकोण लिएको देखिन्छ । भौमगुप्त धेरै कालसम्म शासनमा रहेका हुनाले पनि सबैलाई समन्वय गर्ने सिद्धान्ततिर उनी लागेका हुन् ।

नेपालको इतिहासमा लिच्छविकालको विशेष महत्व छ । लिच्छविकालको यसरी महत्व हुनुमा त्यसकालका प्रौढ गद्य र पद्यले अलङ्कृत अभिलेख, त्यसकालमा देखिएको धार्मिक समन्वय आदि छन् । यस सानो निबन्धमा लिच्छविकालमा देखिएको धार्मिक समन्वयको उज्ज्वल नमूनाको विषयमा केही कोर्ने प्रयास गरिएको छ । राजा मानदेवको चाँगुको स्तम्भलेखमा सम्वत् ३८६ ज्येष्ठ लेखिएको छ । चाँगुको स्तम्भलेखमा देखिएको सो सम्वत् शकसम्वत् हो ।

भौमगुप्तका अनुयायी स्वामीवार्तको महादेव र विष्णुलाई एउटै रूपमा परिणत गरी एउटै देवता बनाउने यो कल्पना स्परणीय छ । यसले आफ्नो इतिहासको सुरुदेखि नै धार्मिक समन्वयको सिद्धान्तमा जोड दिँदै आएको नेपाली परम्परामा अझ बल थपेको छ ।

१. सेवा, ३ वर्ष १ अंकको २८ पृ.
२. लिच्छविकालका अभिलेख, १०-११ पृ.
३. आनन्दभूमि, ८ वर्ष २ अंक, ९-१० पृ.
४ लिच्छविकालका अभिलेख, ३४-३५ पृ.
५. ऐजन ४१, ४३, ७७ पृ.
६. ऐजन ३९, ६५ पृ.
७. ऐजन ८२, ८३ पृ.
८. ऐजन ९४, ९५ पृ.
९. ऐजन १६५, १६८, १७५, १८७ पृ.
१०. यो शिलालेख सर्वप्रथम २०१० मा बाबुराम आचार्य तथा नयराज पन्तद्वारा छापिएको हो । त्यहाँ यस श्लोकको पाठ र अनुवाद माथि दिएबमोजिम छ ।
११. लिच्छविकालका अभिलेखका १८२, १८३, १८७, १९३, १९८, १९९, २०४, २०५, २१४, २१५ पृ.
१२. ऐजन २०८, २०९, २११ पृ.
१३. इन्डियन एप्यग्र्याफ्इकाल ग्लसरी, २३६ पृ.
१४. लिच्छविकालका अभिलेख, १८२, १८३, १८७, १८९ १९३, २०४, २१५ पृ.
१५. नुवाकोटको ऐतिहासिक रूपरेखाको ऐतिहासिक सामग्री खण्डको ३ पृ.
१६. कन्ट्रीब्युसन्स टु नेप्लिज, ६ वर्ष १ अंकका ६८, ७४, ७६ पृ.

सन्दर्भ सामग्री

- ज्ञानमणि नेपाल, लिच्छविकालका विद्वान् अनुपरम: उनको परिवार र धर्म, कन्ट्रीब्युसन्स टु नेप्लिज स्टडिज (नेपालविषयक विद्यासम्बन्धी लेख) ६ वर्ष १ अंक ६७ । ८४ पृ, त्रिभुवन विश्वविद्यालय नेपाल र एसियाली अनुसन्धान केन्द्र, काठमाडौं, २०३५ ।
- दिनेशराज पन्त, नेपालको पहिलो सामाजिक सेवा, सेवा ३ वर्ष १ अंक, २६ र २८ पृ., सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् सामुदायिक सेवा समन्वय समिति, काठमाडौं, २०३६ ।
- दिनेशराज पन्त, लिच्छविकालका बौद्ध राजा वृषदेव, आनन्दभूमि ८ वर्ष २ अंकका ९ र १० पृ., आनन्दकुटी विहार गुठी, काठमाडौं, २०३७ ।
- दिनेशचन्द्र सरकार, इन्डियन एप्यग्र्याफ्इकाल ग्लसरी (भारतीय अभिलेखका शब्दकोष), मोतीलाल बनारसीदास दिल्ली काशी पटना, २०२२ ।
- धनवज्र वज्राचार्य, लिच्छविकालका अभिलेख, त्रिभुवन विश्वविद्यालय नेपाल र एसियाली अध्ययन संस्थान, काठमाडौं, २०३० ।
- धनवज्र वज्राचार्य, टेकबहादुर श्रेष्ठ, नुवाकोटको ऐतिहासिक रूपरेखा, त्रिभुवन विश्वविद्यालय नेपाल र एसियाली अध्ययन संस्थान काठमाडौं, २०३२ ।
- बाबुराम आचार्य, नयनराज पन्त, लिच्छविसमयाभिलेख: (लिच्छविकालको अभिलेख), संस्कृत सन्देश १ वर्ष ८ अंकका १६ र १९ पृ., नरहरिनाथ बुद्धिसागर पराजुली काठमाडौ, २०१० ।
- रेनिइरो नोली, नेप्लिज इन्सिक्रिप्सन्स इन गुप्त क्यारवृट्ज (नेपालका गुप्ताक्षरी अभिलेख) १ भाग, इस्तिनुतनो इतालियानो पेरइल मेदिओ एद एस्त्रेमो ओरियेन्ते रोम, २०१३ ।

❖❖❖

श्रीपशुपतिनाथ प्रदक्षिणा र प्राचीन दर्शन पद्धति



✍ वरुण खतिवडा
सहसहायक
पशुपति क्षेत्र विकास कोष

गौरीघाट स्नान, किराँतेश्वर दर्शन, पूजनपश्चात् गुह्येश्वरीतर्फ अगाडि बढिन्छ । गुह्येश्वरी मन्दिर नपुग्दै दाहिने लहरमा श्रीलोकेश्वर, श्रीपृथ्वीश्वर, श्रीत्रिभुवनप्रकाशेश्वर र ढुङ्गाबाट बनेको मन्दिर श्रीदुर्गभक्तेश्वर, श्रीललितमुक्तेश्वर तथा श्रीराधाकृष्ण आदि स्थापित देवताहरूलाई प्रणाम वा सत्तलभित्र पसी पूजा गर्ने चलन छ । केही समयअघि वागमती नदीको किनारमा घाट छ, त्यहाँ स्नान र सेचनपश्चात् घाटको सिँढी हुँदै जाँदा पिपल वृक्ष, श्रीहनुमान, श्रीउमामहेश्वर, श्रीविष्णुपादुका, श्रीगायत्री, बालात्रिपुरासुन्दरीको मूर्तिलाई स्पर्शन र अभिवादनपछि घाटको पल्लो छेउमा उत्तर हुँदै बगेकी वागमती पुगिन्छ, जसलाई उत्तरबाहिनी भनिन्छ ।

रुद्र वा शिवको अनेकौं नाममध्ये 'पशुपति' शिवको प्रमुख नाम हो । रुद्रसम्वन्धी वशिष्ठको सूक्त (७/४७/१/४) मा धनूर्धारी, अजेय, तीक्ष्ण आयूध धारण गर्ने रुद्रले प्रार्थना सुन्ने उल्लेख छ । आफ्नो तेजोमय वाण अन्तरिक्षस्थ विद्युत्, जो पृथ्वीमा घुम्दछ, हामीलाई नष्ट नगरुन् । हामीलाई रोगव्याधीले ग्रस्त नगर, हजारौं औषधिको ज्ञाता हे रुद्र ! हाम्रा पूत्र पौत्रलाई रक्षा गरजस्ता थुप्रै प्रार्थना पाउनुले पशुपति वा रुद्रदेवको अवस्थिति प्राचीन सभ्यतामा रहेको हामी पाउँछौं ।

सिन्धुघाँटीको सभ्यतामा मोहनजोदारोको उत्खनन्मा प्राप्त मुद्रा चित्रमा त्रिशीर्ष श्रृंग मुकुटधारी योगासनमा बसेका पशुपति रूप शिवको मूर्ति उत्कीर्ण छ । यस मूर्तिको घाँटीमा माला छ भने आसनको तलतिर मृग वा जनावर देखिन्छ । त्यस्तै, दाहिनेपट्टि हात्ती र बाघ, बायाँपट्टि गैंडा र महामहिषको रूपांकन हुनुले सिन्धु सभ्यतामा पनि श्रीपशुपतिको अवस्थिति दर्शाउँछ । शिवको अर्ध परिक्रमा गर्ने र सौभ्य मुख जसले ईशान रूप शिवको पनि प्रतिनिधित्व गरेको मानिन्छ, त्यो पश्चिम मुख सद्योजात हो । अतः साधारणतः भक्तगणको कल्याण सिद्धि एवम् मुक्त भावनाले उपाश्यवक्त्र पश्चिम नै हो । अतः यही मुखको दर्शन गर्ने र विशेष सुविधा र चलन छ ।

भौतिक सुख सुविधा, इष्टसिद्धिका लागि दक्षिण मुख उपासना गरिने अघोरवक्त्र भैरव रूप हो । भौतिक कामना गर्ने गृहस्थ एवम् राजा राज्याधिकारीहरूको निमित्त अघोर रूप शिवको नै उपासना गर्ने गरिन्छ । हाम्रो देश शिवशक्तिद्वारा संरक्षित देश हो । हाम्रा पूर्वजले शिवभन्दा अगाडि शक्तिलाई प्रमुखता दिइएका छन् । शिव निश्कल परमतत्व मानिन्छन् र अव्यक्त शिवको विमर्शरूप शक्ति हुन् । जसलाई हामी आदी प्रकृति भन्छौं र प्रकृति रूप दृश्य शक्ति हो । लयात्मक रूपले शिवसम्म पुग्न विकसित श्रृष्टिका देवताको दर्शन पूजन गर्दै हामी परम तत्वतिर उक्लन्छौं । यसैकारण हामी कुनै पनि पूजा कर्म, यज्ञयज्ञादि सम्पन्न गर्दा श्रीगणेशको पूजा गर्छौं ।

गणेशको पूजासँगै अंगदेवताको अनुचर, पार्षद् र आवरण देवताको पूजन पछि मुख्यदेवताको पूजा गर्छौं । यो शास्त्रीय एवम् धार्मिक पूजा क्रम हो । कुनै पद्दतिद्वारा मूलभूत देवताको पूजापछि अंगदेवताको पनि पूजा क्रम चलेको पाइन्छ । तर गणेश, कलशमा पाञ्चायन आदि देवताको आह्वान र पूजा त गर्ने नै गरिन्छ । साधारणतया कुनै दरवारमा प्रवेश गर्दा ढोके, पाले, प्रतिहार, महाप्रतिहार (सचिव) सबैको अनुमोदन पछि नै मुख्य ठाउँमा पुग्न पाइन्छ । पशुपति क्षेत्रमा प्रमुख नौ शक्तिपीठ छन् । नौ ईनार, नौ डवली, नौ धाराहरूको पनि उल्लेख छ । यो नवचक्रको संकेत गर्ने विषय हो ।

परिक्रमा

पशुपतिसम्बन्धी धार्मिक पुस्तकहरूमा पशुपति क्षेत्रभित्र वाग्मती स्नानका निमित्त गौरीघाटको वर्णन गरिएको छ, जहाँ किराँतरूपी शिवको उपासना गर्ने पार्वतीले पनि स्नान गर्नुहुन्थ्यो (स्वस्थानी, हिमवत्खण्ड) । यसकारण भक्तजनका निम्ति स्नानार्थ गौरीघाट पुग्नु पर्ने हुन्छ । त्यहाँको स्नान र सेचन गरी गौरीको भावना गरी पूजा गरिने गौरीशिलाको दर्शन र पूजन गरिन्छ । साथै, घाटमा अवस्थित हनुमान, लक्ष्मीनरसिंह लगायत विभिन्न देवदेवीको परिक्रमा र दर्शन गर्ने गरिन्छ ।



गौरीघाट उक्लेर पुलबाट पारी गएपछि ढुङ्गाको सिँढी चढी किराँतेश्वर शिवलिङ्गको दर्शन, पूजन गर्ने गरिन्छ (हिमवत्खण्ड १५२) । यसले पौराणिक कथाको आद्यरूपको दर्शनक्रमको एक अध्याय सम्पन्न हुन्छ । गौरीघाट स्नान, किराँतेश्वर दर्शन, पूजनपश्चात् गुह्येश्वरीतर्फ अगाडि बढिन्छ । गुह्येश्वरी मन्दिर नपुग्दै दाहिने लहरमा श्रीलोकेश्वर, श्रीपृथ्वीश्वर, श्रीत्रिभुवनप्रकाशेश्वर र ढुङ्गाबाट बनेको मन्दिर श्रीदुर्गाभक्तेश्वर, श्रीललितमुक्तेश्वर तथा श्रीराधाकृष्ण आदि स्थापित देवताहरूलाई प्रणाम वा सत्तलभित्र पसी पूजा गर्ने चलन छ ।

केही समयअघि वाग्मती नदीको किनारमा घाट छ, त्यहाँ स्नान र सेचनपश्चात् घाटको सिँढी हुँदै जाँदा पिपल वृक्ष, श्रीहनुमान, श्रीउमामहेश्वर, श्रीविष्णुपादुका, श्रीगायत्री (?) बालात्रिपुरासुन्दरीको मूर्तिलाई स्पर्शन र अभिवादनपछि घाटको पल्लो छेउमा उत्तर हुँदै बगेकी वाग्मती पुगिन्छ, जसलाई उत्तरवाहिनी भनिन्छ । यसको ज्यादै महत्व भएको हुँदा स्नान, सेचन गरिन्छ । यसरी शुद्ध भइसकेपछि भगवती गुह्येश्वरीको उत्तरपट्टिको मुख्य ढोकाबाट प्रवेश गरी सिँढी चढी चोकमा पुगिन्छ । गुह्येश्वरी प्राङ्गणमा नवदुर्गा आदि देवगणको मूर्तिहरू छन् । तिनीहरूको दर्शन गर्दै मूल मन्दिरको प्रदक्षिणा गरिन्छ । गुह्येश्वरीको पश्चिम फर्केको ढोकाबाहिर श्रीनित्यनाथ, श्रीशङ्कराचार्य, श्रीसिद्धेश्वर तथा अखण्ड धूनीको दर्शन गरेर मात्र गुह्येश्वरी मन्दिरभित्र प्रवेश गरिन्छ ।

गुह्येश्वरी मन्दिरभित्र श्रीगणेश, श्रीभैरव, मातृकादेवीहरू, श्रीवासुकी नागराज, श्रीयन्त्र, मनसादेवी तथा दुर्गादेवी आदि देवदेवीको अंगदेवताका रूपमा प्रतिष्ठित छन् । सबै देवीदेवताको पूजन, दर्शन गरी पश्चिम फर्केर कुण्ड रूपमा निवास गर्ने श्रीभगवती गुह्येश्वरीदेवीको स्वर्ण कलशमाथि पूजा र बन्दना गरिन्छ । सँगै रहेको भैरव प्रतीक स्वर्णमण्डित स्थन्डिलको दर्शन, स्पर्शन, पूजन पनि गरिन्छ । गुह्येश्वरीको पीठबाट पश्चिम ढोकाबाट निस्कँदा फराकिलो सिँढी चढ्दै उक्लेपछि मृगस्थलीमा पुगिन्छ, जहाँ भगवान् शिवले मृगको रूप लिई विचरण गरेको हुँदा यो ठाउँ पवित्र छ । हाल शिवरूपी मृगको प्रतीकको रूपमा पशुपति क्षेत्र विकास कोषले मृगवाटिका निर्माण गरिसकेको छ ।

मृगस्थली पुगेपछि बाटोबाट पश्चिम बाटोकै किनारामा शिखरशैलीको गोरखनाथको मन्दिर, गोरखनाथको दर्शन, गोरखनाथको पादुका पीठको दर्शन गरिन्छ । प्राङ्गणको दक्षिणतर्फ भैरवनाथ, मनकामनाको दर्शन, पूजन गर्ने परम्परा छ । प्राङ्गणको दक्षिणतर्फको जंगलको बीचमा विश्वरूपको मन्दिरमा दर्शन गर्ने परम्परा छ । विशिष्ठ शैलीमा बनेको यो मन्दिरभित्र युगसनदद्ध विश्वरूपाको विग्रह स्थापित छ । त्यहाँ दर्शन पूजनपछि पहिलेकै ठाउँमा आई श्रीगणेश, हनुमान तथा पशुपतिपट्टि झर्ने सिँढीको सुरुमै पश्चिम उत्तरपट्टि स्थापित रत्नेश्वरको दर्शन अनिवार्य मानिन्छ (लोकमान्यता, २०७२ सालको भूकम्पले विश्वरूपा मन्दिर क्षतिग्रस्त भएको छ) । सिँढीबाट झर्दा वाग्मती नपुग्दै बायाँपट्टि जाने एउटा ढोका छ, त्यहाँबाट भित्र प्रवेश गरेपछि रावगणले कैलाश पर्वत उचालेको लिच्छविकालीन मूर्ति छ, जुन भाँचिएको अवस्थामा छ ।

तल ओर्लेपछि दुई बालकसहितको श्रीविष्णुको मूर्ति भएको मन्दिर छ, जसलाई रामचन्द्र मन्दिर भन्ने गरिन्छ । त्यसैलाई लवकुशसहित रामको मूर्ति भन्ने भक्तजनमा प्रसिद्ध छ । त्यहीभित्रका अन्य मन्दिरमा लक्ष्मीनारायण, सीता र भाइहरू सहितको रामको मन्दिर हनुमान आदि देवताको दर्शन गर्ने परम्परा छ । त्यहाँबाट वाग्मती झर्ने एउटा ढोका छ, बाहिर निस्केर अलि पर पुगेपछि मृगस्थलीबाट बहेकी तिलगङ्गा नदी वाग्मतीमा मिल्न आएको भेटिन्छ । त्यहाँ घरैघरको बाटोको छेउमा त्रिविक्रम भगवान् विष्णुको वामन रूपको पुरातन मूर्ति प्रतिष्ठित छ । सोको दर्शन, पूजन

गर्ने परम्परा छ (लोक चलन)। त्यहाँबाट चक्रपथ पारीपट्टि श्रीपशुपतिको नवशक्तिपीठ मध्ये श्रीवज्रेश्वरीको पीठ भेटिन्छ। त्यहाँ महालक्ष्मीको दर्शन पूजन गर्ने परम्परा छ। त्यहाँबाट परिक्रमा गरी उत्तरतर्फ अगाडि जाँदा राजराजेश्वरी पुगिन्छ।

प्राचीनकालमा यही नै परिक्रमा मार्ग हो तर चक्रपथ बनेपछि पुरानो बाटो अस्तव्यस्त भएको छ। राजराजेश्वरीमा नवदुर्गाहरूको मूर्ति स्थापित छन्, त्यहाँ पूजाअर्चनापछि सरस्वतीको दर्शन गरेर घाटैघाट हुँदै पशुपतितर्फ अगाडि बढ्दा श्रीमंगलागौरीको दर्शन पूजन गरी उत्तरतर्फ श्रीभष्मेश्वरको मन्दिरमा पुगिन्छ। भष्मेश्वरको दर्शनपछि वत्सलेश्वरी प्राङ्गणमा रहेको जम्मूद्वीप, पञ्चगणेश, अनन्तनारायण, महादेव, धर्मराज, चित्रगुप्त (सूर्यमण्डल) साथै वत्सलेश्वरी माताको यन्त्रमय विग्रहको दर्शन गरिन्छ। भगवान् शिवरूपी पशुपतिनाथको सहचारिणी पार्वतीको रूपमा श्रीवत्सलेश्वरीको मान्यता छ। यसर्थ यो पीठ प्राचीन पीठ हो।

श्रीवत्सलादेवीको दर्शन र अभिवादनपछि उत्तरतर्फ जाँदा आर्यघाट पुगिन्छ। आर्यघाटमा श्रीपशुपतिनाथको निर्माल्य (जल) बगेर वाग्मतीमा मिसिन आउँछ, जसलाई ब्रह्मनाल भनिन्छ। त्यहाँको जल सेचन गरी शुद्ध भई मृगरूपी श्रीमहादेवको अर्थात् मृगेश्वरलाई जल चढाइन्छ। शिवरूपी विरूपाक्षको प्राचीन

विग्रह जसलाई कली भन्ने गरिन्छ। पूजन दर्शन गरिन्छ। त्यही सँगै गङ्गामाताको मूर्ति भएको मन्दिर छ, त्यहाँ पनि दर्शन पूजन गरेपछि सोही बाटो फर्केर अनन्तनारायण पछाडि कागेश्वर महादेवको दर्शन हुँदै वटुकभैरव अर्थात् आकाशभैरवको दर्शन गरिन्छ।

लक्ष्मीको निललक्ष्मी (निल सरस्वती) को दर्शन गरी, वत्सलेश्वरी प्राङ्गणकै पशुपति छिर्ने ढोकाबाट भित्र पसेपछि श्रीविश्वनाथ, परदेशी भिमसेनको दर्शन पूजन गरी सिँढी उक्लेर चौसट्ठी लिङ्गलाई दक्षिण पार्दै १०८ शिवलिङ्ग अलंकित स्वर्ण पश्चिम द्वारबाट श्रीपशुपतिनाथको प्राङ्गणमा पस्नेबित्तिकै श्रीकिर्तीमुखको दर्शन गर्ने परम्परा रहेको छ। त्यसपछि श्रीगणेश, महादेव, शङ्करनारायण, छत्रचण्डेश्वर तथा सूर्य र गोरखनाथको दर्शन गरी उन्मत्तभैरवको दर्शन र पूजन गर्दै यज्ञशालाभित्रको अष्टमातृका गणहरूको दर्शन गर्ने परम्परा छ। यज्ञशालाबाट बाहिर आएपछि प्राङ्गणमा नै स्थापित नवग्रहको दर्शन र परिक्रमा गरिन्छ (प्रचलित परम्परा)। त्यसपछि त्रिनेत्र हनुमानको दर्शन गर्दै द्रव्येश्वर, तुलसी मठ र नाट्येश्वर तथा पूर्वपट्टि ब्रह्माको दर्शन गरिन्छ।

त्यहाँबाट ठूलो त्रिशूलमुनि पश्चिम फर्केर रहेकी अन्नपूर्ण, दक्षिण फर्केका ज्वरहरेश्वर (त्रिशिरा) को दर्शन हुन्छ। नजिकै रहेको चण्डेश्वर, चन्द्रप्रकाशेश्वर दर्शन गर्दै उत्तर पूर्वको सिँढी उक्लेर डबलीको पूर्व छेउमा जाँदा मण्डप शैलीमा निर्मित वासुकिनारायणको मन्दिर छ, त्यहाँको दर्शन पूजन गर्ने परम्परा छ। वासुकि दर्शन नगरी श्रीपशुपतिनाथको दर्शन गरे निष्फल हुने शास्त्रीय वचन पाइन्छ।

शास्त्रीय वचन र परम्पराअनुसार श्रीपशुपतिनाथको निर्माल्य नाघ्न नहुने भएकाले अर्ध्व परिक्रमा गरिन्थ्यो। श्रीवासुकिबाट पूर्वतर्फ झर्ने बाटो यसैकारण सानो थियो। चालीस दशकअघि बाटो फराकिलो पारिएको थियो। तर, परिक्रमाको नियम चाँही उत्तरबाट चण्डेश्वरको मन्दिरसम्म दर्शन गरी पश्चिम ढोकाबाट दर्शन गर्ने र दक्षिणबाट अघोर, तत्पुरुष र उत्तरको वामदेवको दर्शन गर्ने परम्परा थियो। उत्तरपट्टि बग्ने निर्माल्य उत्तरपूर्व कुनाबाट तल झारी पूर्वपट्टि वाग्मती झर्ने सिँढीको पूर्व भाटबाट वाग्मती पुऱ्याइएको हुँदा ननाघियोस् भन्ने उपायद्वारा परिक्रमा हुन्थ्यो।

आजकाल शास्त्रीय नियम सबैलाई थाहा नभएकाले पूर्ण प्रदक्षिणा गरिन्छ, जसमा वासुकि दर्शनपछि दक्षिणपट्टि श्रीशिव, श्रीनेमुनी, हरिहर, चाँगुनारायण आदि मूर्तिको दर्शन हुन्छ। प्राङ्गणका साना मन्दिरहरूमा लालगणेश र सो मन्दिरभित्र रहेको सिद्धेश्वर (निन्द्रेश्वर) महादेवको पूजन गरिन्छ। त्यसपछि सूर्यनारायणको दर्शन गरी निर्माल्य माथिको भागमा स्थापित जल शाहीनारायण दर्शन गरी पूर्वतर्फको पर्खालबाट गङ्गामाई मन्दिरको माथि बनेको श्रीयन्त्रको दर्शन गरी वाग्मतीतिर हेर्नु पर्दछ। श्रीशिवको निर्माल्य नाघ्न, खान शास्त्रीय निषेध भएकाले दोष निवारणका लागि श्रीको गर्भगृहमा विष्णुरूपी शिला शालीग्रामहरू स्थापना गरिएका छन्। शिवको जलमा शालीग्रामको जल मिसिएपछि जल प्रसाद ग्रहण

> **पशुपतिनाथको अगाडि मन्दिरभित्र पनि सानो नन्दी मूर्ति स्थापित छ। तथापि एउटा नन्दीको मूर्ति पृष्ठभागमा पारी अगाडिको जहाँ नन्दीभन्दा पहिले पशुपतिनाथकै महालिङ्ग दृष्टिगोचर हुने हुँदा र गर्भगृहका अन्य कुरा हेर्न चाहेमा मात्र भित्रको नन्दीमा आँखा पर्ने भएकाले उपयुक्त दोषबाट बच्न सकिन्छ।**

छ। तथापि एउटा नन्दीको मूर्ति पृष्ठभागमा पारी अगाडिको जहाँ नन्दीभन्दा पहिले पशुपतिनाथकै महालिङ्ग दृष्टिगोचर हुने हुँदा र गर्भगृहका अन्य कुरा हेर्न चाहेमा मात्र भित्रको नन्दीमा आँखा पर्ने भएकाले उपयुक्त दोषबाट वच्न सकिन्छ। शिवको पञ्चामनाय पञ्चवक्त्रको परिकल्पनामा भगवान् पशुपतिनाथको विग्रह स्थापित छ। ईशान वक्त्र (उर्ध्व वक्त्र) भावनाजन्य, शान्त्र, सौम्य, चित्त ज्योतिर्मय भएकाले र यसको प्रतीक सद्योजात रूप (पश्चिम वक्त्र) को दर्शन, साधु, सन्यासी, योगी निस्काम दर्शनार्थीका निम्ति उपयुक्त मानिन्छ। यसकारण प्रातकालमा दर्शन गर्न चाहने भक्तहरूका निम्ति पहिले पश्चिम ढोका नै खुलेको हुन्छ।

यसो भनेर योगी सन्यासीबाहेक अरूलाई निषेध गरिएको होइन, शिवको कुनै पनि रूप कल्याण प्रद छ र भुक्ति, मुक्ति, ऐश्वर्यका लागि उत्तिकै सभ्य छ। विशेष अनुष्ठानकर्ताका लागि विशेष मुखको दर्शन र पूजनको कुरा मात्र जानकारी गराइएको हो।

यसरी भगवान् श्रीपशुपतिनाथ विराजित क्षेत्र पाशुपत क्षेत्रको बाह्य एवम् अन्तरपरिक्रमाको र दर्शन पद्धतिको उल्लेख विभिन्न शास्त्रमा पाइन्छ।

ॐ तत्पुरुषाय विद्महे, महादेवाधीमयी तन्नोरुद्र प्रचोदयात्।

ॐ तत्पुरुषाय विदमहे, महादेवायद्दिमही नमोसद्ग तोदयान्।

गर्दा दोष निवारण हुँदा पशुपतिनाथसँगै शालीग्राम राखी नैवेद्य एवम् भोग लगाउने चलन छ।

विष्णुको प्रसाद त्याग नगर्दा दोष लाग्ने, शिवको प्रसाद ग्रहण गर्दा दोष लाग्ने। यी दुई परस्पर विरोधको निवारणका लागि शिव र विष्णुको संयुक्त प्रसाद चाँही ग्रहणशील भएको मानिन्छ। त्यस्तै, शिवको निर्माल्य प्रवाहित ठाउँमा जल शाहीनारायणको मूर्ति स्थापना गरिनु पनि दोष निवारणको धारणालाई पुष्टी गर्दछ। पूर्वदक्षिण कुनाको आग्नेय कोणमा मुक्तिमण्डल नामक मण्डप छ, जहाँ नित्य धूनी जगाइन्छ। पुराण वाचन, भजनकीर्तन भइरहन्छ जसलाई चौसठ्ठी स्तम्भ पनि भनेर जानिन्छ। त्यहाँको व्यासासन र सन्तानेश्वर महादेवलाई नमन गरी पूजा गरिन्छ। त्यहाँबाट अगाडि बढेपछि धर्मशिला भनिने दक्षिण ढोकाको सम्मुख प्राङ्गणमा बिछ्याइएको ताम्रपत्र जहाँ पूर्णिमा महास्नान, महाभोग लगाइन्छ। जसलाई दक्षिणपट्टि शीरमा र त्रिपुरासुन्दरीको दर्शन गरी दक्षिणतर्फ अघोरेश्वरको दर्शनगरिन्छ। सो दर्शन गर्न चारै ढोका खुलेको समय हुनुपर्दछ।

दक्षिण वक्त्रको दर्शन गर्दा दक्षिणबाट पूर्व दर्शन गरी फर्केर पश्चिम र उत्तर दर्शन गरी उत्तरबाटै पश्चिम हुँदै पश्चिमको दर्शन गर्नु पर्ने शास्त्रीय क्रम हुन्छ। शिवको दर्शन गर्दा नन्दीको पछाडिबाट दर्शन नगर्नु भनिएकाले भगवान् पशुपतिनाथको विग्रह सबै ढाकिने गरी बृहदकाय नन्दी पश्चिम ढोकाअगाडि स्थापना गरिएको छ। (स्कन्द पुराण नागर खण्ड)। पशुपतिनाथको अगाडि मन्दिरभित्र पनि सानो नन्दी मूर्ति स्थापित

सन्दर्भसामग्री

१) हिमवत खण्ड- गौरी तिर्थे क बला अ. १६० श्लोक ८४

२) ऐ यत ज्योतीर्लिङ्ग किराँतेश्वर अ. १५३

३) ऐ गुहेश्वरी महातिर्थे अ. १६१

४) ऐ उत्तर बाहिनी अ. १६१

५) भाषा वंशावलीमा उल्लेख नव शक्तिपिठ

६) स्कन्द पुराण नागरखण्ड

७) वशिष्ठ सूक्त

८) देवमाला वंशावली योगी नरहरीनाथ

९) कूलचन्द्र कोईराला नेपालका आराध्यदेव श्रीपशुपतिनाथ

❖❖❖

व्यञ्जन र स्वर वर्णमा 'शिव र शक्तिस्वरूप' !

✍ गोविन्द न्यौपाने

शिवजीका पाँच मुखबाट पाँच आम्नायको पादुर्भाव भयो। आम्नायको भेदले गर्दा नै विभिन्न पद्धति र विभिन्न देवीदेवताको शिव-शक्तिहरुको उत्पत्ति भएको देखिन्छ। अन्ततोगत्वा परमशिव र परमशक्तिको एकरूपता नै निराकार, निर्गुण, सर्वव्यापक, चैतन्य हो। सत्यम् शिवम् सुन्दरम् हो। शिवजीको पूर्वमुख तत्पुरुषबाट पूर्वाम्नाय, पश्चिममुख सद्योजातबाट पश्चिमाम्नाय, उत्तरमुख वामदेवबाट उत्तराम्नाय, दक्षिणमुख अघोरबाट दक्षिणाम्नाय र उर्ध्वमुख इशानबाट उर्ध्वम्नायको वर्णन गरिएको छ।

सनातन संस्कृतिमा चाररात्रिको महत्वपूर्ण स्थान रहेको छ । मोहरात्रि (श्रीकृष्णाष्टमी), कालरात्रि (विजयादशमी) सुखरात्रि (लक्ष्मीपूजाको रात्र) र शिवरात्रि जस्ता रात्र बोधार्थक पर्वहरूले रात्रिको दार्शनिकतामाथि प्रकाश पारेका छन् । दिन र रात अर्थात् अनन्त समयभन्दा माथि रहेका कालका पनि काल महाकाल शिवस्वरूप रहेको भन्ने चिन्तनमा शिवरात्रिको महत्व छ ।

शिव र शक्तिको संयोजनबाट नै सृष्टिचक्र प्रणालीको लय र प्रलय हुने शाश्वत सारमा ब्रह्मा, विष्णु र महेश्वर स्वरूपको त्रिदेव चिन्तन ॐकार चिन्तनमा झङ्कृत भएको छ । पुरुष र प्रकृति अर्थात् कर्ता र कारकको सम्बन्ध कारक भावार्थबाट सृष्टि र वियोजनबाट प्रलय हुने यस कार्य(कारण भावको अद्वैत दर्शनको बोधार्थ भएको छ (**राधाकृष्ण, भारतीय दर्शन, भाग २, पृष्ठ २२२**) ।

शक्तिविना शिव शव हुने भएकाले शिवशक्तिको एकात्मक स्वरूपमै सिर्जना हुने प्रकृतिको शास्वत चिन्तनलाई अभिव्यक्त गरिएको छ । त्यसकारण शिवशाक्त दर्शनका अनुयायी अर्थात् कौलमार्गीहरूले जीवित स्त्रीको योनीस्वरूपलाई पूजा अनुष्ठान गर्ने परम्परा रहेको यस चिन्तनलाई अभिव्यक्त गर्न शिवशक्तिका आलिङ्गनरत, ललितासन र सौम्यभाव स्वरूपका प्रतिमाहरू बनाउने प्रचलन काठमाडौं उपत्यकाका नेवार समुदायमा आजपर्यन्त जीवन्त छ ।

निर्वाण, मोक्ष, कैवल्य वा शून्यताको अवस्थालाई प्रतिकात्मक स्वरूपमा निर्माण गरिएका आलिङ्गनरत र मैथुनरत अवस्थाका प्रतिमाहरूको दार्शनिकतामा सृष्टिको कारकतत्व प्रकृति र पुरुष बीचको अद्वैत सम्बन्धलाई देखाइएको हुन्छ । प्रकृतिको बन्धनबाट माथि उठी शून्यस्वरूपको अवस्थालाई पनि यस प्रकृतिका प्रतिमाहरूको माध्यमबाट बोधार्थ गरिएको छ । शाक्त, शैव, महायानी र बज्रयानी बौद्ध परम्पराका तन्त्रसाधनामा शक्तिलाई विशेष स्थान दिइनुको दार्शनिक कारण यही नै हो । यसरी तान्त्रिक अनुष्ठानबाट सिद्धि प्राप्त भएपछि लिङ्गद्वारा दूध र पानी चुसेर आफ्नै स्खलित वीर्यका साथै स्त्रीको मद चुसेर आफ्नो मस्तकमाथि स्थापित गराई स्त्रीको सतित्व र आफ्नो ब्रम्हचर्य कायम राख्दै शून्यताको अनुभव गर्न सकिने रहस्य कुलार्णव तन्त्रमा व्याख्या गरिएको छ (धन शमसेर ज.ब.रा., **कुलार्णव-रहस्य पृ -१०५**) ।

वस्तुतः आर्यइतर मानिएको शैवदर्शनलाई वैदिक सभ्यताभन्दा पुरानो मानिएको छ । वैदिक सभ्यताभन्दा प्राचीन मानिएको सिन्धुघाँटीको सभ्यतामा पशुपति स्वरूपका नग्नमूर्तिहरू पुरातात्विक उत्खनन्बाट प्राप्त भएका छन् । प्रकृतिका भयानक, डरलाग्दा र रहस्यपूर्ण शक्तिबाट बाँच्न आदिम मानवले डर वा आस्थागत मनोविज्ञानको कारण शिवलाई रुद्रको रूपमा उपासना गरेको हो ।

ऋग्वेदमा हाम्रा पशुहरूलाई नमार, हामीलाई दुःख नदेऊ, बिजुली र चट्याङ नपारी दिनुहोस् भन्दै रुद्रोपासना गरेका ऋचाहरू छन् । सुरुमा भक्षक र विनासकारी शक्तिको रूपमा चित्रित देवता वैदिक कालमा कल्याणकारी र परोपकारी देवताको रूपमा पूजित छन् । अथर्व वेदमा उनलाई भव, सर्व, रुद्र, पशुपति, उग्र, भीम, महादेव र ईशान आदि नामबाट सम्बोधन गरिएको पाइन्छ । पछि उपनिषद् र महाकाव्यकाल (**रामायण र महाभारतकालीन समय**) सम्म आइपुग्दा आर्यहरूको चिन्तनमा शैवदर्शनले विशिष्ट स्थान प्राप्त गरेको देखिन्छ ।

आर्यहरूले शिवलाई कल्याणकारी देवताको रूपमा स्वीकार गरिसकेपछि यस दर्शनको विकासक्रममा अनेक प्रकारका शाखा उपशाखा र सम्प्रदायहरूको विकास भएको देखिन्छ । पाशुपत, शैव, कापालिक, कालामुख, लिङ्गयत र अघोरीबाबाहरू आदिका चिन्तनमा बोनधर्मबाट लिइएका तान्त्रिक आचारविधि, प्राकृतिक स्वभाववादी चिन्तन-दृष्टिको प्रभाव रहेको देखिन्छ **(विष्णु प्रभात, शैवदर्शन : संक्षिप्त विमर्श, नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा २०७४।७।३० मा आयोजित कार्यक्रममा प्रस्तुत)**। शैवदर्शन प्राकृतिक शास्वत चिन्तनमा आधारित दर्शन हो । सांख्य दर्शनले पञ्चमहाभूत, पञ्चतन्मात्रा, पञ्चज्ञानेन्द्रीय, पञ्चकर्मेन्द्रीय, महत् तत्व, अहङ्कार, प्रकृति-पुरुष र मन गरी २५ तत्वको चर्चा गरेजस्तै शैवदर्शनमा ३६ तत्वको चर्चा गरिएको छ ।

३६ तत्वलाई पनि तीन भागमा विभाजन गरिएको छ । (क) शिवतत्व- यसअन्तर्गत १) शिव, २) शक्ति । (ख) विद्यातत्व- यसअन्तर्गत १) सदाशिव, २) ईश्वर, ३) शुद्धविद्या । (ग) आत्मातत्व- यसअन्तर्गत १) माया, २ कला, ३) विद्या, ४) काल, ५) नियति, ६) राग, ७) पुरुष, ८) प्रकृति, ९) बुद्धी, १०) अहंकार, ११) मन, १२) श्रोत, १३) त्वक, १४) चक्षु, १५) जिब्रो, १६) घ्राण, १७) वाक, १८) पाणि, १९) पाद, २०) गुदा, २१) उपस्थ, २२) शब्द, २३) स्पर्श, २४) रूप, २५) रस, २६) गन्ध, २७) आकाश, २८) वायु, २९) तेज, ३०) जल र ३१) पृथ्वी । जीवले सांसारिक भवचक्र (८४ लाख योनी) हरूको भेदन गरी शिव र शक्तिको साम्य स्वरूपको पूर्णता प्राप्त गर्नुपर्छ अर्थात् समयभन्दा माथि उठी पूर्ण ॐकारको स्वरूपमा रहनुपर्छ भन्ने नै शिवत्वको सार हो ।

मोक्षो हि नाम नैवान्यः स्वरूपप्रथनं हि तत्- अभिनवगुप्त

आफ्नो सत्य स्वरूपमा निरन्तर स्थिर रहनु नै मोक्ष हो । यो नै शैवदर्शनले दिग्दर्शन गरेको जीवात्माले प्राप्त गर्ने पराकाष्ठा हो । यो नै शिवस्वरूप हो जुन शक्तिको अनुग्रहबाट प्राप्त हुन्छ । चित्तको क्लेश विनास भइसकेपछि जीवले चैतन्य स्वरूपमा अवस्थित हुन्छ । त्यसकारण जीव र शिवमा भेद छैन । यो अभेदको स्थिति हो, अद्वैतको स्थिति हो । जीव र ब्रह्ममा भेद छैन । मायाले गर्दा नै भेद देखिएको हो । माया नै अविद्या हो । अविद्याले नै जगतको रचना गर्दछ । **ब्रह्मसत्य जगत्मिथ्या जीवो ब्रह्मैव नापरः** भन्ने आद्य जगद्गुरु शङ्कराचार्यको अद्वैत वेदान्तको मर्मले पनि यसैलाई पुष्टि गर्दछ । अज्ञानको कारणले मात्रै भेद देखिएको हो । द्वैत देखिएको हो । साधना र उपासनाका विभिन्न आयामबाट अविद्या (अज्ञान) को नाश गरिन्छ । साधकहरूको भावभूमि, मनोवस्था र विभिन्न कुरालाई दृष्टि राखेर शैवदर्शनअन्तर्गत विभिन्न योग, तन्त्र, भक्ति, उपासना, कर्मका साधनाहरू निर्देश गरिएको हो ।

सौम्य स्वरूपका शिव एवम् रौद्र स्वरूपका भैरव दुवै काठमाडौँ उपत्यकामा पुजिएजस्तै आर्यपुत्री गौरी र किराँती शङ्कर पनि एकैसाथ पुजिन्छन् ।

शिवजीका पाँच मुखबाट पाँच आम्नायको पादुर्भाव भयो । आम्नायको भेदले गर्दा नै विभिन्न पद्दति र विभिन्न देवीदेवताको शिव-शक्तिहरूको उत्पत्ति भएको देखिन्छ । अन्ततोगत्वा परमशिव र परमशक्तिको एकरूपता नै निराकार, निर्गुण, सर्वव्यापक, चैतन्य हो । सत्यम् शिवम् सुन्दरम् हो । शिवजीको पूर्वमुख तत्पुरुषबाट पूर्वाम्नाय, पश्चिममुख सद्योजातबाट पश्चिमाम्नाय, उत्तरमुख वामदेवबाट उत्तराम्नाय, दक्षिणमुख अघोरबाट दक्षिणाम्नाय र उर्ध्वमुख इशानबाट उर्ध्वम्नायको वर्णन गरिएको छ । आम्नायोपासनाको बारेमा कुलार्णव तन्त्रमा भनिएको छ :-

मन्त्रयोगं विदुः पूर्वं भक्तियोगञ्च दक्षिणम्
पश्चिमं कर्मयोगञ्च ज्ञानयोगं तथोत्तरम्

पूर्वाम्नायमा मन्त्रयोग, दक्षिणाम्नायमा भक्तियोग, पश्चिमाम्नायमा कर्मयोग अनि उत्तराम्नायमा ज्ञानयोग र उर्ध्वाम्नायमा चारै प्रकारका योग समष्टि गरी राजाधिराज योगबाट उपासना गर्नुपर्छ । शाक्त शैवको सम्वन्ध अक्षर दर्शनमा सम्माहित भएको देखिन्छ । कहिले नाश नहुनु नै अक्षरको दार्शनिक भावार्थ हो । व्यन्जन वर्णका कदेखि क्षसम्मका वर्णहरू शिवस्वरूप हुन्छन् । ती समष्टि र व्यष्टि रूपबाट छत्तीस तत्वात्मक हुन्छन् भने अकारदेखि विसर्गसम्मका अर्थात् स्वर वर्णहरू शक्तिस्वरूप रहेका हुन्छन् । यिनै शिवशक्ति स्वरूप स्वर र व्यन्जन वर्णहरू परस्पर मिलेर शब्दार्थको प्रतिपादन गर्दछन् । शिवस्वरूप व्यन्जन वर्ण आफू स्वतन्त्र हुँदैन । यी शक्तिस्वरूपको अधीनमा हुन्छन् र शक्तिस्वरूप स्वरचाहिँ सदा स्वतन्त्र हुन्छन् ।

अतः शिवबाट व्यन्जन वर्णको उद्धार र शक्तिबाट स्वर वर्णको उद्धार हुन्छ भन्ने तान्त्रिक दर्शन छ । यस भावलाई रतासनको चित्रमा पुरूपबाट व्यन्जन वर्णको र स्त्रीरूपबाट स्वर वर्णको भावमा देखाइएको हुन्छ (धन शमशेर जवरा, कामकाल रहस्यको प्रस्तावना खण्डबाट) । खासमा शाक्त शैव तन्त्र साधनामा स्वर वर्ण र व्यन्जन वर्णको आधिष्ठात्री देवीदेवताको कल्पना गर्नुमा नै यस दर्शनको सार छ (**धन शमशेर जवराको कामकला रहस्य**) । हामी हिन्दूहरू प्रकृतिपूजक अर्थात् लिङ्गपूजक हौं । संसारको शास्वत सत्यलाई लिङ्ग-योनीको सम्बन्धबाट अभिव्यक्त गरिएको छ । यसै शैवमतलाई अनुभव गर्न धार्मिक, सांस्कृतिक, तान्त्रिक अभ्यास र अनुष्ठानहरूमा लिङ्गोपासनालाई स्वीकार गरिएको छ । लिङ्ग-योनीयुक्त शिवलिङ्गलाई एकातिर आकाश र पृथ्वीको प्रतीकात्मक स्वरूपमा देखाइएको हुन्छ भने अर्कोतिर शिवलिङ्गका पञ्चमुखले पञ्चमहाभूतको बोधार्थ गरेको हुन्छ ।

शिव-शक्तिको सौम्यपरक प्रतिमाहरूमा सृष्टिको सृजनशीलतालाई चित्रण गरिएको छ भने शिवशक्तिको रौद्र स्वरूपका प्रतिमाहरूमा प्रलय दर्शनलाई चित्रण गरिएको हुन्छ । यसरी हेर्दा अर्धनारीश्वर र युगल स्वरूपको शिवशक्तिले प्रेमको उच्चतम अवस्थामा संसारको सृजना हुने र संहारकर्ता शिवको नटराज स्वरूपमा अहं र मायाको सम्हार हुने तथ्य हातमा लिएको आगो र

> **“शक्तिबिना शिव शव हुने भएकाले शिवशक्तिको एकात्मक स्वरूपमै सिर्जना हुने प्रकृतिको शास्वत चिन्तनलाई अभिव्यक्त गरिएको छ । त्यसकारण शिवशाक्त दर्शनका अनुयायी अर्थात् कौलमार्गीहरुले जीवित स्त्रीको योनीस्वरूपलाई पूजा अनुष्ठान गर्ने परम्परा रहेको यस चिन्तनलाई अभिव्यक्त गर्न शिवशक्तिका आलिङ्गनरत, ललितासन र सौम्यभाव स्वरुपका प्रतिमाहरू बनाउने प्रचलन काठमाडौँ उपत्यकाका नेवार समुदायमा आजपर्यन्त जीवन्त छ ।”**

सम्पूर्ण शरीर ढाक्ने गरेर राखिएको आगोको प्रभावमण्डलबाट प्रष्ट हुन्छ ।

नेपाल शैव-शाक्त भूमि हो । नेपाल राज्यको उत्पतिमा शैव-शाक्त धर्म र दर्शनले विशेष प्रभाव पारेको छ । पौराणिक-धार्मिक शास्त्रहरूमा नेपाललाई शिव-शक्तिको तपोस्थलको रूपमा चित्रण गरिएको छ । यहाँका हिमालय र पर्वतहरू शिव-पार्वतीका आश्रयस्थल हुन् । शिव हिमाली भूमिका कुल देवता हुन् । यहाँका आदिवासी जनजातिले शिवजीलाई कुलदेवताको रूपमा अङ्गालेको पाइन्छ । शिव-पार्वतीलाई किराँतहरू पारुहाङ्ग र सुम्निमाको स्वरूपमा पूजा गर्दछन् भने पश्चिम नेपालका खस जातिले शिवजीलाई मष्टो स्वरूपमा पूजा गर्दछन् । यस्तै, मगरहरूले शिवजीलाई नागवंशीय इन्द्रको स्वरूपमा पुजा गर्ने गर्दछन् (**मगर वंशावली**) । यहाँका नदीनाला, हिमालय, पाखा पर्वत र वन पैदावरहरू शैव धर्म र दर्शनसँग सम्बन्धित छन् भने विशेषगरी काठमाडौँ उपत्यकाका नेवार समुदायले शिव-शक्तिको विशेष रूपमा उपासना गर्ने गरेका छन् ।

नवदुर्गा, अष्टमातृका, सप्तमातृका र दस महाविद्याले राष्ट्रको रक्षा गर्छन् भन्ने विश्वासमा यहाँका नेवार समुदायले शाक्त-शैवदर्शनलाई अङ्गाली त्यसै अनुरूपको कला-वास्तुकला, संस्कृति, सम्पदा र पर्वपरम्पराहरूको विकास गरेका छन् । सयौँ मठ, मन्दिर, शिवालय, देवालय लगायतका धार्मिक तीर्थस्थलमा आज पनि उत्तिकै आस्थाका साथ अनुष्ठान र अभ्यास गरिन्छ । यस आधारमा आराध्यदेव शिवजीलाई सवै धर्म र संस्कृतिका साझा देवताका रूपमा स्वीकार गरिएको छ । शाक्त शैवदर्शनको प्रारम्भिक अवस्था ऋग्वेदभन्दा पहिलाको स्वीकार गरिएको छ । शिव यसका प्रणेता हुन् । ऋग्वेदमा शिवलाई शिष्नपूजक (लिङ्गपूजक) भनी निन्दा गरिएको भएता पनि प्रकृतिलाई महत्व दिने मातृप्रधान समाजको तान्त्रिक चिन्तन बनेर शैवदर्शन रहेको छ ।

शाक्त शैवदर्शन नेपाली चिन्तन परम्परामा तेस्रो ज्ञानधारा हो । पहिलो बोनदर्शन हो र दोस्रो मातृत्वपूजक तन्त्रदर्शन हो । शैवदर्शनपछि ब्रम्हवादी याज्ञवल्क्यको हिन्दू सनातनी धारा चौथो धारा हो । त्यसपछि बुद्धको मानवतावादी दर्शन देखा परेको छ । नेपालमा शैव उपासनाको परम्परालाई हेर्दा सौम्य रूपका शिव र शक्ति दुवैको समन्वय नै मुख्य चरित्रको रूपमा देखा पर्दछ । सौम्य स्वरूपका शिव एवम् रौद्र स्वरूपका भैरव दुवै काठमाडौँ उपत्यकामा पुजिएजस्तै आर्यपुत्री गौरी र किराँती शङ्कर पनि एकैसाथ पुजिन्छन् । यसैले शाक्त शैवदर्शनको सन्दर्भमा अध्ययन गर्दा धर्मको वृत्तबाट माथि उठी समग्र शैव सोच, सिद्धान्त, संस्कृति र समाजको अध्ययन गर्नुपर्छ । दर्शनलाई धर्मभित्र होइन, धर्मलाई दर्शनको आँखाबाट हेर्नुपर्छ, तबमात्र धर्मशास्त्र र दर्शनशास्त्रको सही अस्तित्व वोध गर्न सकिन्छ ।

❖❖❖

धर्म र जीवन



✍ विष्णुराज शिवाकोटी
समाजसेवी

'तिम्रो शरीर देवालय, शिवालय र भगवान्‌को पवित्र मन्दिर हो । यसमा तामसिक आहार, नकारात्मक विचार एवम् भावनाहरूलाई स्थान नदेऊ ।'

यो वाक्य जीवनलाई सकारात्मक र सही दिशा प्रदान गर्ने शक्तिशाली सद्‌विचार हो । वास्तवमै ईश्वरले मानिसलाई यो संसारमा महान् काम गर्न पठाएका हुन् । केही प्रतिशतले मात्र यो जीवन दर्शन बुझेका होलान् । जसले बुझेर र अघि बढे, तिनैले यो विश्वलाई सञ्चालन गरिरहेका छन् । देशलाई समृद्धिको बाटोमा दोहोऱ्याउनेहरू यस्तै उच्च विचारबाट प्रदर्शित हुन्छन् ।

जीवनलाई हरक्षण खुसी र सुखी बनाउनेहरूले नै हो, समदर्शी भाव राख्ने अनि सर्वव्यापी चिन्तन गर्ने । अरूलाई सम्मान गर्ने, अरूको सेवा गर्ने, सकारात्मक हुने, आशावादी हुनेले नै हो संसार जित्ने पनि । सगरमाथाको उचाई चुम्ने पनि यस्तै सिद्धपुरुष हुन् । विश्व सन्दर्भ हेर्ने हो भने अधिकांशले यो सर्वोच्चता समाउन सकेका छैनन् । त्यो सत्प्रयाससमेत गर्न सकेका छैनन् । सत्प्रयास रोज्नु नै जिन्दगीलाई सबैभन्दा बढी चुनौती दिनु हो ।

हामी सबैले एकपटक आफैँलाई नियालौं । ईश्वरले महान् काम गर्न पठाएका हामी कतिले त्यो गर्न सक्यौं ? यसको पछाडिका कारण के कति खोज्यौं ? सद्‌विचार राख्नेहरूलाई आधार मान्ने हो भने कतै हामी भोग र भयमा रुमलिएका त होइनौं ?

सुखको खोजमा कुन बाटो समाउने भन्ने नबुझेरै मानिस आज दुःखको सागरमा छ । गलत बाटो रोजेकै कारण आज मानिसले आफ्नो धर्म छोडेर दुःखको सागरमा पुगेको हो । भोक, गरिबी, अभाव, अपराध, बेरोजगारी, हिंसाजस्ता कारण आज देशमा

सुखको खोजमा कुन बाटो समाउने भन्ने नबुझेरै मानिस आज दुःखको सागरमा छ । गलत बाटो रोजेकै कारण आज मानिसले आफ्नो धर्म छोडेर दुःखको सागरमा पुगेको हो । भोक, गरिबी, अभाव, अपराध, बेरोजगारी, हिंसाजस्ता कारण आज देशमा थुप्रै समस्या थपिएका छन् । स-साना स्वार्थमा रुमलिएका छन् मानिस । मानिसको अनुहारमा मुस्कान देख्न पाइन छोडेको छ । 'हरक्षण मुस्कुराउ, प्रसन्न बन । अरूलाई सम्मान गर, सबैबाट सल्लाह लेऊ । बुबाआमा र अरूको सेवा गर, उनलाई सुख देऊ । यसो गरे तिमीलाई पनि सुख एवम् सहयोग मिल्ने छ' भनिएको छ तर खै ? यसो किन हुन सकिरहेको छैन ?





थुप्रै समस्या थपिएका छन् । स-साना स्वार्थमा रुमलिएका छन् मानिस । मानिसको अनुहारमा मुस्कान देख्न पाइन छोडेको छ । 'हरक्षण मुस्कुराउ, प्रसन्न बन । अरूलाई सम्मान गर, सबैबाट सल्लाह लेऊ । बुबाआमा र अरूको सेवा गर, उनलाई सुख देऊ । यसो गरे तिमीलाई पनि सुख एवम् सहयोग मिल्ने छ' भनिएको छ तर खै ? यसो किन हुन सकिरहेको छैन ? हामी किन दिएर लिन बिर्सिंदैछौं ? गरेर पाउने यथार्थ किन आत्मसात गर्न सक्दैनौं ?

मलाई लाग्छ, यी सबैको कारण मानिस आज सम्पत्ति र सुखका लागि अस्तव्यस्त जिन्दगी दौडिरहेछ । त्यो पनि गन्तव्य नबुझेरै । अरूको देखेर आफूलाई त्यहाँ राख्छ, त्यही पाउने सोच्छ तर आफ्नो धरातल कहिल्यै नाप्दैन । सबैभन्दा चुरो कुरो मान्छेले आफूलाई चिन्दैन । चिन्ने प्रयाससमेत गर्दैन । आफूलाई नचिनी अरूलाई चिन्न सम्भव छैन ।

आफूलाई चिन्न सर्वप्रथम हरेक मानिस शारीरिक एवम् मानसिक रूपमा स्वस्थ्य हुनुपर्छ । यसका लागि योग र ध्यान अत्यावश्यक छन् । तर, आजका युवा योग र ध्यानको महत्व नबुझी त्यसलाई उपेक्षा गर्छन् । एउटा भनाई मनन् गरौं न, 'योग अज्ञानबाट ज्ञानतर्फ, जडबाट चेतन, निर्बलताबाट सबलता, जीवनबाट ब्रह्म, प्रत्यक्षबाट परोक्ष एवम् सीमितबाट असीमतर्फको आध्यात्मिक यात्रा हो ।'

धेरैलाई थाहा नहुन सक्छ, योग र ध्यान गर्नाले मानिसका ९९ प्रतिशत रोग निको हुन्छ । ध्यान स्वयंमा उपचार हो । सर्वप्रथम मानिसले आफ्नो धर्म चिन्नु पर्दछ । म को हुँ बुझ्नु पर्दछ । काम, क्रोध, लोभ र मोहबाट टाढा हुनु पर्दछ । क्रोध नहुने हो भने न द्वन्द्व हुन्छ न युद्ध ।

> **जीवनलाई हरक्षण खुसी र सुखी बनाउनेहरूले नै हो, समदर्शी भाव राख्ने अनि सर्वत्यापी चिन्तन गर्ने । अरूलाई सम्मान गर्ने, अरूको सेवा गर्ने, सकारात्मक हुने, आशावादी हुनेले नै हो संसार जित्ने पनि । सगरमाथाको उचाई चुम्ने पनि यस्तै सिद्धपुरुष हुन् ।**

जीवन चक्र जान्नु पर्दछ । हरेक प्राणीको जीवन चक्रसँग परिचित हुनुपर्छ र तिनलाई जस्ताको तस्तै स्वीकार्नु पर्दछ । यसले मानिसलाई आफ्नो स्वरूपमा रहिरहन मद्दत गर्छ । अज्ञान, असन्तोष, कामवासना, लोभ आदिले जीवनलाई 'धर्म' बाट अलग्याइदिन्छन् । मानिस क्रमशः कुकर्मतिर लम्कन्छ र अन्ततः उसले समाजहुँदै राष्ट्रलाई नै उधोगतितिर धकेल्दछ ।

म त भन्छु, मान्छे मान्छे हुनुपर्छ, समाज समाज हुनुपर्छ अनि राष्ट्र राष्ट्र बन्छ । 'संघर्षबिना विजय प्राप्त हुँदैन । अतः आफ्नो शक्तिलाई जानौं, जागृत गरी संगठित होऔं', यसका लागि यो सद्विचार सबैलाई मनन् गर्ने सुझाव दिन्छु 'बाधाहरूमा नरोकिनू, संकट एवम् प्रलोभनमा नझुक्नू, निन्दाबाट विचलित नहुनू, जबसम्म ध्येय प्राप्त हुँदैन, तबसम्म अगाडि बढिरहनू ।'

समाप्त

पिङ्गलास्थान, काठमाडौं

❖❖❖

देउपाटनमा पाइएको विजयदेवको लिच्छवि अभिलेख प्रकाश

✍ श्यामसुन्दर राजवंशी
पूर्वप्रमुख पुरातत्वअधिकृत

२०६६ सालको उत्तरार्ध तिरको समय हुनुपर्दछ ठ्याक्कै यही मिति भन्न सकिएन । त्यतिवेला अर्को अभिलेख भेटिएको रहेछ र त्यतिवेला पशुपतिक्षेत्र विकास कोषको कार्यालय कक्ष पशुपतिनाथ प्रागणको पश्चिमढोकासंगै त्यो अभिलेख राखिएको थियो । अभिलेख पाइएको सूचना पाएको दिन मै पश्चिमढोकामा गई बुझी हेर्दा सौभाग्यवश कार्यालय कक्षमै राखिएको पाए । यो अभिलेख हाल पशुपति क्षेत्र विकास कोषको हालको कार्यालय हातामा सुरक्षित राखिएको छ । यो अभिलेख अझै कसैबाट पनि पढेर प्रकाश गरेको देखिएको छैन ।

देउपाटन पाशुपत क्षेत्र प्राचीन अभिलेखहरू अधिक संख्यामा पाइने थलो हो । यो थलोको भूगर्भभित्र अझैं कैयन अभिलेखहरू दबिएका नहोलान् भन्न सकिन्न । सम्वत् ३८१ को अभिलेख पनि यही क्षेत्रमा भेटिएको हो । तर, त्यो अभिलेख पनि दुर्भाग्यवश अहिले त्यहाँबाट हराइसकेका छन् ।

पशुपतिनाथ प्रांगणबाट आर्यघाट ओर्लने ढोकाको खलुको रूपमा प्रयोग भइरहेको लामो शिलास्तम्भको खण्डित भागमा लिच्छवि लिपि अंकित देखापरेको थियो । त्यो पनि अहिले हेर्न नमिल्ने गरी छोपिसकेको अवस्था छ । यसले यता जनमानसमा लिच्छविकालको अभिलेखको महत्व कति छ भन्ने नै जनचेतना अझै आइसकेको छैन कि भन्ने कुरालाई चरितार्थ गर्छ ।

२०६६ सालको उत्तरार्द्धतिरको समय हुनुपर्दछ ठ्याक्कै यही मिति भन्न सकिएन । त्यतिबेला अर्को अभिलेख भेटिएको रहेछ र त्यतिबेला पशुपति क्षेत्र विकास कोषको कार्यालय कक्ष पशुपतिनाथ प्रांगणको पश्चिम ढोकासँगै त्यो अभिलेख राखिएको थियो ।

अभिलेख पाइएको सूचना पाएको दिन मै पश्चिम ढोकामा गई बुझी हेर्दा सौभाग्यवश कार्यालय कक्षमै राखिएको पाए । यो अभिलेख हाल कोषको हालको कार्यालय हातामा सुरक्षित राखिएको छ । यो अभिलेख अझै कसैबाट पनि पढेर प्रकाश गरेको देखिएको छैन । राष्ट्रिय अभिलेखालयले काठमाडौंको ३२ वडाका अभिलेख संकलन कार्यक्रममा संलग्न भएकाले यस अभिलेखको परिचय संलग्न गरी रेकर्डमा राख्नसम्म पाएको छ ।

त्यतिबेला त्यो लिच्छवि शिलालेख कुन ठाउँ कहाँनेर भेटिएको थियो भनी सोध्दा यही ठाउँ भनी कसैले भनेन । पछि सुन्नमा आएअनुसार देउपाटन पाचो गणेश देवलको हाता परिसरमा भेटिएपछि कोषलाई बुझाएको भन्नेसम्म सुनेको छु ।

जेहोस्, पाशुपत क्षेत्रमा पाइएको अभिलेख त्यहींको जिम्मेवार कार्यालयलाई बुझाएको हुनाले अहिलेसम्म पनि सुरक्षित हुन पाएको छ । शिलालेखको नाप ९० सेमी लम्बाइ र ३२ सेमी चौडाइ छ । अभिलेखको पाठ १६ पंक्ति छ । अभिलेखको लिपि लिच्छविकालको उत्तरार्धमा प्रचलित लिच्छवि लिपि र प्रौढ संस्कृत भाषा रहेको छ ।

अभिलेखको अन्तिम पंक्तिमा सम्वत् १७३ कात्तिक कृष्ण दिवा (चतुर्दश्याम्) पठनीय देखिन्छ । यस अभिलेखका पाठमा अधिकांश अक्षरमध्ये कति पाप्रो उप्केर गई क्षय भएको त कति अक्षर देखिए पनि खिइएकाले पढ्न अति कठिन अवस्था भएकाले पण्डितहरूले यस पाठमा परिष्कार प्रदान गरी सुधार गरी दिनुभयो भने आभारी हुनेछु ।

पाठः

१. (चन्द्रमा चिह्न) विश्रुस्त प्रतिमल्ल संयुक्तवलीदा (ता १.............. ध्वजौ परत्रे वौध्युढ क्षमामण्डलः विख्यातो भुवि राष्ट्रकूट तिलकोभीमान राजात्मजोः श्रीमान् प्रति .ज

२. भुवितया प्राप्तार्थनामा नृपति ॥ वोम्या जगविहरे....... वम्म विध धर्मःया..... (यस्य) दिगन्तराणि धवली कुर्व्वन्ति शुद्धं यशः । भक्त्या वर्जितचेतसो भगवतः कर्म्महिषो .ग्र.

३. यश्चप्राप्तमनोरथाचमूल .... म्याचपि.. खिप........................ भृत्य पूर्व प्राप्तस्तम्प्रति मातुलं विजय देवस्यात्मजा.....

४. .... बहुनवः ॥ तं........... .... नरपतिःस्थित्वाचतुतीक्षणात् पप्रछश्रुत पूर्वमध्य वहितः स्व भागिनेय मातः

५. (ततो) भवित्रु चुस्त महता १२यथावत्पुरा..................... तनत्रिभिः सन्द वपु क्रमात् पत्तीनाम्महतांवलेन चतुरसैःश्रुरैन्नरेन्द्रात्मजः

६. १० प्रखमप्रयाणकवदात्त (जामाजय) .... तुङ्गाधि .... लोक.... यादिवसति नि (द्यु) सभट्टाद्विद्वेषिणम्सद्भारे । प्रीत (पंकज) देवमादिविहित

७. ....पिध्यासयं । साधुस्त मनयाचतन्नृ .... तयी. ....दभ(ल दुष्करकृत मिदत्तीर्णा प्रतिज्ञाप्य सौ । किन्नरमासे गत

८. ...भिरि....वर्द्धन राज्य .... जत्मसि (..) द्रोहस्य दिगन्तर प्रकटित क्षेत्रस्य लव्धान्नुतः

९. ..वभ..श्चै.... धर्मात्मनः श्रीमत .... फल प्राप्तयेद्यस्तुं युज्यात एक एवं गृहती (त्पातुं) क्षमान्निवृति

१०. सासिरितत्परिपो...रिवांक्षेभ्य सुरहवृत्ति ....पुण्य... ....नृपः ....दिनादिता निकतिचिष्ठित्वा चित्तोदैस्मुखी नेपालनिपतर (माण्य)

११. ....र्द्धनो.. या श्री कल्याण भटान्निवस्याम् ....शुचिरा शंङकरा पुरो.त्तन : ॥ . रे :प्राणिवधोद्युतैर्निजभुजावस्त्रम्भ दुरुतदभतै : प्र

१२. ... निवासं लवमूरतिभि स्वछन्द वारष्ठितैः । का दण्डोर्ज्जित दुजा (पण्डित) ... . ति साहसै वदितत्रा तैस्मपि ॥ शुरभट्टातिवलन सुत्तन

१३. (तदा सारै) सामन्तन्नत्रै : प्रकाशा ....मुजादिभिः जपमय ....(वष्ठिविसार्चतः राजास्वीय च तत : ॥

१४. ....विषभद्राणीम्महाकुटा.... (.............नृपति विप्रवर्म्मावर्द्धन..... ....पूर्णानुपम .विधाय च निजा नेपाल राज्या । श्रिय

१५. .....व भ दिवा भगवतो कृतां ....दिसोस्रतम् ॥

१६. सम्वत् १७३ कात्तिक कृष्ण दिवा (चतुर्दश्याम्) ॥

(यस पाठमा अस्पष्ट जस्तो देखिए पनि अनुमान गर्न सकिने कुरा ( ) कोष्ठभित्र राखिएको छ भने शब्दबीचको स्पेससहित अक्षर संख्यालाई . ले इंगित गर्ने प्रयास गरिएको छ ।)

संक्षिप्त भावार्थः

लिच्छवि सम्वत् १७३ (६७३) तद्नुसार विसं ८०६ र इसं ७४९ कात्तिक कृष्ण चतुर्दशीको दिन राजा विजयदेवले देवताको भावभक्ति प्रकट गरी मन्दिर जीर्णोद्धार लगायत भौतिक संरचना वनाएको वर्णन छ ।

यस कीर्त्ति स्थापनाको कार्यमा श्री कल्याणभट नाम गरेको व्यक्तिको पनि संलग्नता रहेको जानकारी यस पाठ व्यहोरा मा छ र साथमा शूरभट्ट, विप्रवर्म्मको नाम पनि उल्लेख आएका छन् । देव पूजनको लागि भूमि राखेको, यस कीर्त्तिलाई कसैले तोडफोड वा धर्मलोप जस्ता कार्य गरेमा पापलागोस र निदान गरेमा पुण्य लागोस जस्ता सन्देश दिएको झलक विल्कूल नदेखिने हुनाले देवदेवताको भक्तिभाव मात्र यो अभिलेखमा सन्दर्भ प्रकटित पाइन्छ ।

देउपाटन पाशुपत क्षेत्र प्राचीन अभिलेखहरू अधिक संख्यामा पाइने थलो हो । यो थलोको भूगर्भभित्र अझै कैयन अभिलेखहरू दबिएका नहोलान् भन्न सकिन्न । सम्वत् ३८१ को अभिलेख पनि यही क्षेत्रमा भेटिएको हो । तर, त्यो अभिलेख पनि दुर्भाग्यवश अहिले त्यहाँबाट हराइसकेका छन् । पशुपतिनाथ प्रांगणबाट आर्यघाट ओर्लने ढोकाको खलुको रूपमा प्रयोग भइरहेको लामो शिलास्तम्भको खण्डित भागमा लिच्छवि लिपि अंकित देखापरेको थियो ।

मन्तव्य

अभिलेखमा उल्लेखित सम्वत् १७३ कात्तिकको तद्नुसार विसं ८०६ र इसं ७४९ हुने हिसाब यस प्रकार छ । सम्वत् १७३ भनेको महासामन्त अंशुवर्माले ५०० अव्यक्त गरी छोटकरी रूपमा चलाएको संक्षिप्त लिच्छवि सम्वत्‌को निरन्तरता हो र यसको पूर्ण लिच्छवि सम्वत् ६७३ हो । यो ६७३ शक होइन, यो शक ६७१ को कात्तिकदेखि शक ६७२ को आश्विनसम्म रहन्छ । अझ प्रष्टै भन्ने हो भने शक पूर्व २ को लिच्छवि सम्वत् भएकाले कात्तिकदेखि फागुणसम्म शक ६७१ रहन्छ भने चैत्रदेखि आश्विनसम्म शक ६७२ हुन्छ भनी बुझ्न सकिन्छ ।

लिच्छवि सम्वत् ६७३ कात्तिकको समकालीन शक ६७१ कात्तिक हुने हुनाले तबमात्र शक ६७१ मा १३५ जोडे विसं ८०६ हुने र शक ६७१ मा ७८ जोडे इश्वी सन् ७४९ हुन आएको हो । यही शक ६७१ मा ३१८० जोडे कलिगत ३८५१ कात्तिक हुनेलाई यकिन मिति निश्चित गर्न सकिन्छ । तसर्थ शुद्ध सालवर्ष कलिगत ३८५१, विसं ८०६, इश्वीसन ७४९, शक ६७१ लि.सं ६७३ (१७३) कात्तिक कृष्ण चतुर्दशी हो । यो वर्ष कात्तिकमा कलिगत ५१२१ र लिच्छवि सम्वत् १९४३ हुने हुनाले यो अभिलेख १२७० वर्ष अधिको हो भनी निश्चित गर्न सक्छौं ।

❖❖❖

एकादशी, तुलसी र गङ्गा दशहरा

✍ अच्युतप्रसाद पौडेल
'चिन्तन', संस्कृतिविद्

कलियुगमा मानिसको उमेर निकै कम भएकाले यस्ता विशेष दिनहरू पहिल्याई पुण्य कमाउने प्रयास गर्नु नै सर्वोत्तम उपाय हो । फलाहार, जलाहार वा निराहारबाट एकादशी उपासना गर्ने गरिन्छ । एकादशी व्रत सकेसम्म जलसमेत ग्रहण नगरेर गरिने उपासना हो । नखाएर मात्रै व्रत उपासना हुने भने होइन । मुख्यकुरा वाणीको व्रत, श्रवणको व्रत, आचरण, तन, मन, धनको पवित्रता, इन्द्रीय निग्रह, देवपूजा, हवन, जप, अनुष्ठान, दान, क्षमाशीलता, सबै उपासनाका स्वरुप हुन् । एकादशीमा अन्न खास गरी चामलमा मानिसका दुष्कर्म (पाप) हरू बस्ने भएकाले अन्न नै ग्रहण गर्नु परे पनि चामलको भात र परिकार ग्रहण नगर्ने विधान छ ।

आषाढ शुक्ल हरिशयनी एकादशीदेखि आरम्भ हुने चतुर्मासको क्रम वैकुण्ठ चतुर्दशीमा सम्पन्न हुन्छ । हरिबोधिनी एकादशी नामैले स्पष्ट छ कि बोधिनी भन्नाले व्युँझने अर्थ लाग्छ । सुतल लोकमा बलिका ढोकामा आषाढमा शयन अर्थात् सुतेका श्रीविष्णु ब्युँझेर वैकुण्ठतिर लाग्ने दिन । चार महिनासम्म घर आँगनीमा पूजा गरी सजाइएको तुलसीको विहे स्वयं श्रीविष्णुसँग गराइने हामो धार्मिक मान्यता छ ।

एकादशी पर्वमा हाम्रो देशको राजधानी उपत्यकामा रहेका भक्तपुरको चाँगुनारायण, ललितपुरको विशंखु नारायण, काठमाडौँको फर्पिङस्थित शेषनारायण अनि स्वयम्भू पछाडिका इचंगुनारायणको दर्शन गर्न जाने भक्तको भीड नै देखिन्छ । एकादशी होस् व चतुर्मास सबैजसो दिनमा शिर भाग भनिएको शिवपुरीको काखैमा रहेको बूढानीलकण्ठमा भक्तको पाइला राख्ने ठाउँ हुँदैन । पूर्वीय धर्म दर्शनप्रति हुरुक्क हुने नेपालीको अत्यन्तै यस्ता विभिन्न पवित्र क्षेत्रहरू विश्व सम्पदा सूचीमा समेत परेका छन् । अत्यन्तै ठूलो पुण्य प्राप्त भई मानव मात्रले मानवीय सेवामा समर्पित हुन सिकाउने एकादशीको उदय र महत्वबारे शब्दले वर्णन गर्न कठिन छ ।

सृष्टिको उषाकालमा ब्रह्माजीको अंश, वंशमा तालजङ्घ असुरको उदय भयो । उसको पुत्र मुर दानवको उदयले संसारलाई भयभीत बनायो । देवताहरू राज्यच्यूत भए । शिव आज्ञाले श्रीविष्णुले मुर दानवलाई वध गर्ने आदेश दिंदा श्रीविष्णु नै युद्ध क्षेत्रमा पराजित भई भारतीय क्षेत्र वदरीकाश्रमको सिँहावती गुफामा सुत्नु पर्ने भयो । शयन गरिएका विष्णुका शरीरबाट सम्पूर्ण तेज सहितको एक कन्याको उदय भयो । ती कन्यासँग सम्पूर्ण शस्त्र अस्त्रदेखि युद्धकलाको सम्पूर्ण ज्ञान थियो । ती कन्या त्यही मुर दानवसँग युद्ध गर्न लागिन् । नृशंस र संहारकारी मुर दानव पराजित भयो तिनै कन्याबाट ! श्रीविष्णु पनि आफू जागा भएर ती कन्यालाई वरदान माग भन्दा उनले आफ्नो नाम एकादशी रहनु पर्ने र तीर्थमा श्रेष्ठ, विघ्ननाशक, सिद्धिदाता, धन, धर्म, मोक्षको कारक भई मानवलाई चाहेअनुसारको सिद्धि दिन सकूँ भन्ने वरदान मागेकीले 'हुन्छ' भन्ने श्रीविष्णुको आदेशअनुसार सत्ययुगदेखि नै एकादशीको उदय र महत्व बढ्दै आएको हो ।

शुक्ल र कृष्ण गरी दुई भेद भए पनि उस्तै सिद्धि दिने एकादशी हरेक महिनाको दुईवटाको दरले वर्षभरिमा चौबीस र पुरुषोत्तम मास दुई गरी जम्मा २६ वटा हुन्छन् । त्यसमध्ये तुलसीरोपण एकादशीको नामले चिनिने एकादशी भने जेष्ठ शुक्ल एकादशी 'निर्जला' एकादशी भने जेठ महिनामा पर्छ । यस दिनलाई तुलसीको मञ्जरी दल छर्ने एकादशी पनि भनिन्छ । यसपटक यो पर्व कोरोना लकडाउनकै सेरोफेरो २०७७ जेठ २० गते मंगलबार पर्न गयो भने हरिशयनी एकादशी अर्थात् तुलसी सार्ने एकादशी आषाढ १७ गते बुधबार परेको छ । चतुर्मासको समापन हरिबोधिनी एकादशी भने आउने मंसिर १० र ११ गते दुई दिन परेको छ । यस्तै, यसपालि पुरुषोत्तम माससमेत असोजमा पर्न गएकाले २०७७ सालका एकादशी २६ वटा परेका छन् ।

सामान्यतया द्वादशीयुक्त एकादशीलाई एकादशी भनिन्छ । दिनको प्रातः समय एकादशी, मध्यदिनभरि द्वादशी र भोलिपल्ट सूर्योदयअघि त्रयोदशी तिथि स्पर्श भएको एकादशीलाई त्रिस्पृशा एकादशी भनिन्छ ।

यस्तो पर्व परेमा अन्य एक हजारवटा एकादशीको पुण्य एकै दिनको उपासनाबाट लिन सकिन्छ। एकादशीमा दिन या रात उपासना गर्नाले ब्रह्महत्या, गोहत्यासम्मको दोषबाट मुक्ति पाइने र सयौँ अश्वमेध यज्ञ गरेको समेत फल पाइने हुन्छ। शुक्लपक्षको पुनर्वसु नक्षत्रले युक्त भएको एकादशी जया हो। शुक्लपक्ष श्रवण नक्षत्रले युक्त विजया हो, द्वादशी रोहिणी नक्षत्र परे जयन्ती हुन्छ र पुष्य नक्षत्र परेमा पापनाशिनी हुन्छ। यस्तो नक्षत्र विशेषको एकादशी परेमा एक वर्षसम्म नित्य एक पाथी तिल दान गरेको वा एक हजार एकादशीको उपवास गरेको पुण्य प्राप्त हुन्छ।

कलियुगमा मानिसको उमेर निकै कम भएकाले यस्ता विशेष दिनहरू पहिल्याई पुण्य कमाउने प्रयास गर्नु नै सर्वोत्तम उपाय हो। फलाहार, जलाहार वा निराहारबाट एकादशी उपासना गर्ने गरिन्छ। एकादशी व्रत सकेसम्म जलसमेत ग्रहण नगरेर गरिने उपासना हो। नखाएर मात्रै व्रत उपासना हुने भने होइन। मुख्यकुरा वाणीको व्रत, श्रवणको व्रत, आचरण, तन, मन, धनको पवित्रता, इन्द्रीय निग्रह, देवपूजा, हवन, जप, अनुष्ठान, दान, क्षमाशीलता, सबै उपासनाका स्वरूप हुन्।

एकादशीमा अन्न खास गरी चामलमा मानिसका दुष्कर्म (पाप) हरू बस्ने भएकाले अन्न नै ग्रहण गर्नु परे पनि चामलको भात र परिकार ग्रहण नगर्ने विधान छ। महिनामा एक दुई दिन अन्न त्यागले शरीरको पाचन क्षमता (मेटावोलिज्म सिष्टम) राम्रो भई शरीर निरोगी हुन्छ। मुख्य जठराग्नि पनि बलियो हुन्छ। आयुर्वेदले पाचन प्रणाली बिग्रने कारण नै सबै किसिमका रोगको उदय हुने बताएको छ। हिजोआजको वातावरण र जंकफूड, फाष्टफूड र पेय पदार्थ आदिले हाम्रो स्वास्थ्य कहाँ पुऱ्याएको छ सबैलाई थाहै छ।

व्रतको प्रभाव भने मनको दृढसंकल्प नै हो। मनोबल वृद्धि हो, चित्तशुद्धि हो, धर्म परायण र सात्विक भावको विकास हो। सत्य, धर्म, सदाचार व्यक्ति, समूह, समुदायबाट समग्र राष्ट्र निर्माणमा सहयोग पुग्छ। मनोमालिन्य र द्वन्द्वपूर्ण व्यक्ति र समाज भए भने मुलुक भनौं वा राष्ट्र अथवा पूरै ब्रह्माण्ड नै उजाड बन्ने कुरामा पनि दुई मत छैन। हिरोसिमा, नागाशाकी, ट्वीन टावर वा अन्य टाढा जान पर्दैन। देवत्व भावले दान पारमिताले सबैको संरक्षण हुन्छ। वैदिक चिन्तनको स्रोत भूमि नेपालमा रहेको धर्म, संस्कृतिको आज अन्य मुलुकले पनि अध्ययन अनुसन्धान गर्दैछन्। भावना शुद्ध गरी कार्य गरेमा त्यस्तै योजना, उद्देश्य, रणनीति, कार्यक्रमसँग सहभागी हुन सकेमा समग्र मुलुकको आर्थिक विकास छिटो र समानुपातिक पनि हुनसक्छ। हामी सबैले चाहेको शान्ति र अमनचयन त स्वतः हुन्छ नै।

देशमा शान्ति र अमनचयन छ। सबै निर्धक्क छन् भने राज्यले हातहतियार वा आपराधिक क्रियाकलापविरुद्ध ठूलो रकम खर्च गर्नु पर्दैन। त्यसमा गरिने खर्च सजिलै विकास निर्माणतिर लगाउन सकिन्छ। देशमा रामराज्य हुन्छ। करको नाममा जनताको ढाड सेक्न पनि पर्दैन। सुरक्षाकै लागि ठूला ठूला बुलेट प्रुफ गाडी र यानहरूको आवश्यकता पनि पर्दैन। हाम्रै गरिब र अल्पविकसित देश नेपालमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीदेखि सी जिन पिङसम्मको भ्रमणमा भएको सुरक्षा सावधानीबारे सबैलाई जगजाहेरै छ। हाम्रै धरोहर चाडपर्व दशैंतिहारमा सुरक्षा चुनौति देखिएकै हो। जनकपुरमा त्रेतायुगमा सुन जुहारतमा साँचो ताल्चा लाउन नपर्ने औषधिका नाममा सामान्य सिटामोलसम्म प्रयोग गर्नु नपर्ने रामायणमा लेखिएको छ।

काम्य र नित्य गरी व्रतको दुई स्वरूप छन्। उद्देश्य एवम् कामनापरक काम्य उपासना हुन्छ। कुनै इच्छा नराखी गरिने व्रत उपासना नित्य उपासना हो। एकादशी अनुष्ठान नित्यकर्ममा पर्छ। नित्य र निस्काम व्रतको प्रभावले झन् बढी उद्देश्य सफल बन्ने हुन्छ। कारण मानिसलाई आवश्यक भुक्ति र मुक्ति दुवै प्राप्त हुन आवश्यक छ, जुन एकादशी अनुष्ठानबाट मात्र सम्भव छ। एकादशी व्रती निरोगी हुन्छ, सुखी र समृद्धशाली हुन्छ। जुवा, कुभाषण, मिथ्या, परनिन्दाबाट टाढा हुन्छ। चोरी, हिंसा, क्रोधबाट टाढा हुन्छ भने आवेग र तनावरहित जीवन सञ्चालन हुने हुँदा व्यक्ति, समाज र पूरै राष्ट्र शान्त र समृद्ध हुन्छ।

तुलसी

एकादशीको दिन बिहानै तुलसीको र श्रीविष्णुको विशेष पूजा गरिन्छ। तुलसीको महत्व जीवनको उदयदेखि अन्त्यसम्म हुन्छ। कुश, तुलसी, पीपलको महत्व पूर्वीय संस्कृतिमा विश्वास गर्नेहरूका लागि जीवनको ह्दय झैं महत्व रहेको कुरा वैदिक साहित्यमा सर्वत्र चर्चा भएको पाइन्छ। आषाढ शुक्ल एकादशीदेखि चतुर्मासको आरम्भ हुन्छ। वास्तुपद्धतिअनुरूप प्रत्येक तिथि र बारका स्वामीहरू अलग अलग रहेका छन्।

द्वादशीका स्वामी विष्णु हुन्, विष्णु भन्नु तुलसी नै हो। तुलसीको शाब्दिक अर्थ 'तु' भन्नाले तुरीय अवस्था मानवको मस्तिष्क ज्ञानको अभिव्यक्ति बुझिन्छ। 'ल' को अर्थ वैराग्यको प्रतीक हाम्रो स्थूल शरीर भाग शेष अर्थात् 'लक्ष्मण' बुझिन्छ र 'सी' को अर्थ हुन्छ, हाम्रो हृदयको प्रतीक भक्ति 'सीता'! हाम्रो मस्तिष्कमा ज्ञान र विज्ञान, हृदयमा प्रेम (भक्ति) र बाह्य शरीरमा वैराग्यको त्रिवेणी भन्नु नै तुलसी उपासनाको मूल ध्येय हो।

वास्तुशास्त्रअनुसार बनेका या नबनेका घर, महल, मठ, मन्दिरहरूमा र चतुर्मास अवधि (आषाढदेखि कात्तिकसम्म) मा तुलसीको विशेष चिन्तन हुने गर्छ। तुलसी वृक्ष, उपासना वा मोठ भएका घरमा वास्तुदोष रहँदैन भनेर विभिन्न शास्त्रले उद्बोधन गरेका छन्। आवास गृहहरूमा अन्य वृक्ष, रुखहरूले छायाँ पारेको भए वास्तुदोष मानिन्छ भने तुलसी वृक्षको छायाँ परेमा वास्तुदोष मेटिन्छ। वास्तु परम्पराअनुसार तुलसीको मोठ, गमला आदि सजाउने कार्य उत्तर, पूर्व या पूर्वोत्तर गर्नुपर्छ। तुलसी वृक्षबाट विघ्न, बाधाहरू हट्छन्। मनका भय, अशान्तिहरू टाढा हुन्छन्। रोगनाशक शक्ति हुन्छ तुलसीमा!

तुलसी वृक्ष क्षेत्र आफैंमा पवित्र त हुन्छ नै नयाँ ऊर्जा पनि यसले दिन्छ । मृत्यु शैय्यामा पुग्न लागेकालाई यसले 'मृत्युसञ्जीवनी' को काम गर्छ । आयुर्वेद शास्त्रका प्रणेता 'धन्वन्तरि' ले तुलसीलाई सम्पूर्ण आयुर्वेद शास्त्रको प्राण भन्नुभएको छ । पूर्वीय दर्शनमा भरपूर विश्वास गर्ने हाम्रा लागि तुलसी जीवनको आरम्भदेखि मृत्युपर्यन्त 'जीवनसाथी' नै हो । तुलसी मञ्जरी (सुकेको पात) हरदम रहने घर, आवास गृहहरूमा प्रेत, पिशाच आदिको भय हुँदैन । शरीरसमेत निरोगी हुन्छ ।

आपत् उद्धारक बीजशक्ति तुलसीको उपासना गरेरै अपहृत सीतालाई रावणरूपी क्रोध, भय, हिंसाको अनि तनावको स्थितिबाट मुक्त गर्नु भएको थियो श्रीरामले ! पञ्चवटी क्षेत्रमा आफ्नै हातले जलसेचन गर्दै तुलसी प्रार्थना गरेको र उनै राम द्वापर युगमा कृष्ण भई धर्ती अवतरित भएर वृन्दावन सुरम्य भएको हो । वृन्दा भन्नु तुलसी नै हो, यसको विशालताले त्यो क्षेत्र वृन्दावन भएको हो ।

अघिल्लो जन्ममा 'गुणवती' ले तुलसी उपासना गरेकीले पछि श्रीकृष्णकी पत्नी सत्यभामा भएकी हुन् । उनका पिता सूर्य र तुलसीको उपासनाको कारण 'सत्राजित' भएका र पति 'चन्द्रदेव' पछि अक्रुर भई श्रीकृष्णका महामन्त्री बनेका हुन् । अघिको 'तुलसी' सत्यभामाको घर आँगनीको 'कल्पवृक्ष' भएको हो ।

तुलसी वृक्ष क्षेत्र आफैंमा पवित्र त हुन्छ नै नयाँ ऊर्जा पनि यसले दिन्छ । मृत्यु शैय्यामा पुग्न लागेकालाई यसले 'मृत्युसञ्जीवनी' को काम गर्छ । आयुर्वेद शास्त्रका प्रणेता 'धन्वन्तरि' ले तुलसीलाई सम्पूर्ण आयुर्वेद शास्त्रको प्राण भन्नुभएको छ । पूर्वीय दर्शनमा भरपूर विश्वास गर्ने हाम्रा लागि तुलसी जीवनको आरम्भदेखि मृत्युपर्यन्त 'जीवनसाथी' नै हो ।

तुलसी मञ्जरी (सुकेको पात) हरदम रहने घर, आवास गृहहरूमा प्रेत, पिशाच आदिको भय हुँदैन । शरीरसमेत निरोगी हुन्छ । अचेल 'हर्बल टी', 'तुलसी चिया' बिहानै पिउने चलन देखिएको छ । वास्तुपद्धतिअनुसार घरको पछाडि वा दक्षिण क्षेत्रमा तुलसीका मोठ वा गमलाहरू नराख्न बताइएको छ । पितृहरूका लागि तुलसी अनिवार्य हुन्छ । गाई, गोठ, गौशाला परिसर र तुलसी क्षेत्र परिसरमा ठूला ठूला कष्टहरू सहन गर्ने क्षमता हुन्छ ।

तुलसी दर्शनले शरीरको सबै प्रकारको अभिष्ट फल प्राप्त हुन्छ भन्ने सिद्धि भनौं साध्य पनि प्राप्त हुन्छ । घरघरमा तुलसीको स्थापना गर्नाले परमेश्वर सदा शिव सदैव प्रसन्न हुनुहुन्छ । तुलसी दललाई वैधृतियोग, व्यतिपातयोग, भृगुवार, मंगलबार, औंसी, पूर्णिमा तिथि, द्वादशी, आशौचसमय (मृत्युसूतक) र जन्मसूतकमा टिप्नु हुँदैन । तुलसीका सुप्रसिद्ध आठ नाममध्ये 'वृन्दा', 'वृन्दावनी', 'पुष्पसारा' 'नन्दिनी' हो जसको अर्थ हुन्छ- सारा विश्वलाई पवित्रतम बनाउने !

विश्व ब्रह्माण्डको उदय धर्तीको मूल तत्व पाँच भौतिक पदार्थ (माटो, पानी, वायु, अग्नि, तेज) हो । जलवायु, तेज, आकाश तत्वबाट सृजित यो सूक्ष्म ब्रह्माण्ड हाम्रो शरीरलाई वास्तुशास्त्रकै विषयवस्तुको सम्मिश्रण भनिएको छ । विशाल ब्रह्माण्डको प्रतीक संसार पनि वास्तुशास्त्रकै विषयवस्तुको सम्मिश्रण हो ।

वास्तुशास्त्रको स्रोत अग्निपुराण, अथर्ववेद, उपनिषद्हरूदेखि मत्स्यपुराणसम्म र अनेकौं पूर्वीय धरोहर साहित्य नै हुन् । यसैअन्तर्गतको छुट्टै पुराण ब्रह्मवैवर्त पुराणले तुलसीको व्यापक चर्चा गरेको छ । तुलसीसँग वायु प्रदूषण मुक्त गर्ने क्षमताको साथै जल प्रदूषणको मुक्तिको क्षमतासमेत रहेको छ । यमुनातटमा द्वापर युगमा तुलसी वृक्ष भए पनि हाल कलियुगका नदीकिनारमा तुलसी वृक्ष निषेध छ ।

जीवनका सञ्चालक जलशायी विष्णु र विष्णुको प्रतीक तुलसी अनि वर्षा ऋतुसँग घनिष्ट सम्बन्ध छ । वर्षाको पूर्वाभ्यास सँगसँगै अन्नको मूलस्रोत जलभण्डार वितरण यसै आषाढदेखि नै हुने गर्छ । बिस्तारै जलको वर्षा कम हुँदै जीवनको मूल स्रोत अन्नभण्डारको थालनी कात्तिक मार्गसँगै तुलसीको पूजा समापन हुने गर्छ । जीवनको उदय भनौं, सृष्टि जलबाटै हुने हो र रक्षा अन्नबाटै हुने हो ।

जल र अन्न दुवैका लागि वायु अनि पृथ्वी (माटो) आवश्यक छ । सँगसँगै पाक शक्ति पनि आवश्यक छ । यी सबैको समष्टि भन्नु वास्तु पद्धतिको संरचना हो । जीवन पनि वस्तुकै परिचायक वा पर्याय हो । यसर्थ जीवन र जगत् व्यवस्थित सञ्चालनका लागि प्राप्त पूर्वीय चिन्तन मुताविक आफूलाई सहज ग्रहण गर्ने क्षमता राख्दा आफू, आफ्नो परिवार, समूह, समाज, राष्ट्र र पूरै विश्व एउटा परिवारमय हुनपुग्छ ।

गङ्गा दशहरा

ज्येष्ठेमासि सिते पक्षे दशम्यां बुधहस्तयो :
व्यतिपाते गरानन्दे कन्याचन्द्रे वृषे रवौ
दशयोगे नर स्नात्वा सर्व पापैः प्रमुच्यते
नमोभगवत्यै दशपापहरायै गङ्गायै नारायण्यै
रेवत्यै शिवायै दक्षायै अमृतायै विश्वरुपिण्यै
नन्दिन्यै ते नमोनम :

वृष राशिका सूर्य, कन्या राशिका चन्द्रमा, व्यतिपातयोग, हस्तानक्षत्र, बुधबार, शुक्लपक्ष, दशमी तिथि, जेठ महिना विभिन्न दश योग मिलेको पावन दशहरामा पावन तीर्थमा स्नान गर्नाले मानिसका सबै खाले पाप नास हुन्छन् । पाप भन्नु प्रदूषण हो, तन, मन, धनको विकार अर्थात् प्रदूषण । मानिसका १० इन्द्रीय छन् । मन, बुद्धि र अहंकारसमेत १३ तत्वले सदैव खराब गरिरहेका हुन सक्छन् ।

मानिसले गर्ने सबै किसिमका दुष्कर्मलाई तीन भागमा विभाजन गरेर हेर्ने गरिन्छ, (क) कायिक (ख) वाचिक र (ग) मानसिक । कायिक भन्नाले शरीरद्वारा हुने दुष्कर्म भन्ने बुझिन्छ । अर्काको कुनै वस्तु आफूले विनास्वीकृति ग्रहण गर्नु, हिंसाजन्य कार्य गर्नु, कामाशक्त हुनु, शारीरिक पाप हो । कठोर वाणी, भ्रामक कुरा गर्नु, मित्थ्या

भाषण, अर्काको निन्दा, छिद्रान्वेषण गर्नु वाचिक दुष्कर्म छन् । मानसिक पाप भन्नाले अरूको हितमा ठेस पुग्ने कार्य, अरूप्रति दूराग्रह अरूप्रतिको हानि-नोक्सानी मनले गर्ने कुनै खराबी भन्ने बुझिन्छ ।

मानिसका १० इन्द्रीयले गर्ने पाप प्राय: आफूलाई थाहा नभएरै पनि भइरहेको हुन्छ । गङ्गा दशहरामा पर्ने विशेष पर्वमा स्नान, दान गर्नाले, भागीरथी, गङ्गा, यमुना वा पवित्र कुनै जलाशयमा स्नान गर्नाले इन्द्रीयजन्य दोषबाट मुक्ति मिल्ने कुरा शास्त्रकारहरूले पुष्टि गरेका छन् । त्यतिमात्रै होइन, पावनी गङ्गाको सयौं योजन परबाटै नामोच्चारण गर्नाले मानिस सबै खाले पापबाट मुक्ति हुने कुरा विभिन्न धर्मशास्त्रमा वर्णित छ । प्राण निस्कने बेला गङ्गाको नाम लिनेले फेरि आमाको गर्भमा बास लिएर विभिन्न कष्ट सहनु नपर्ने पनि शास्त्रहरूमा छ । पृथ्वीका प्राणीहरूलाई सद्गति प्रदान गर्न धर्तीमा गङ्गा अवतरण भएको दिनलाई गङ्गा दशहरा भनिन्छ ।

सत्ययुगका सूर्यवंशी राजा सगर वीर, प्रतापी, दानी, ज्ञानी र धार्मिक एवम् कर्मकाण्डमा विश्वास गर्ने प्रतापी थिए । उत्तर हिमालयदेखि दक्षिण समुद्रतटसम्म एकछत्र एवम् विशाल राज्य भएका सगरका छोरा वैरागी भई राजप्रासाद छोडेर वनमा बसेका थिए । वनमा एक कन्यासँग बिहे गरी उतै बस्थे । जेठो छोराले राज्यधर्म पालन नगर्ने देखेर पुत्रेष्टि यज्ञबाट सगर राजाले अन्य ६० हजार छोरा एकैपटक प्राप्त गरे ।

पुत्रबलवाट राजा पृथ्वीकै लागि चक्रवर्ती सम्राट बन्न पुगे । वीरता प्रर्दशनका लागि सय अश्वमेध गर्दा ९९ यज्ञ पूरा हुँदा देवेन्द्र डराएर यज्ञ भङ्ग गर्ने प्रयास गर्दा संसार विजयका लागि यज्ञमा छोड्न तयार गरेको घोडा इन्द्रले चोरेर लगे । स्वर्गमा त्यो घोडा राख्न नमिल्ने भएकाले सागरतटमा तपस्यारत कपिल आश्रममा त्यो घोडा छोडिदिए ।

उता सगरपुत्रहरू घोडा खोज्न पृथ्वीतटमा घुम्दा सागरतटको कपिल आश्रममा घोडा देखेपछि घोडाचोर यही रहेछ भन्दा कपिलमुनिको ध्यान भङ्ग भयो । कपिलमुनिको तेस्रो आँखाबाट निस्केको क्रोधाग्निका कारण सगरका ६० हजार पुत्र त्यहीं भष्म भए । पुत्रहरू नफर्केका कारण चिन्तित सगरले अघि वनवासमा बिहे गरी पुत्र अंशुमानलाई जन्म दिई मृत्यु भएका असमाञ्जसलाई स्मरण गरे । तर, उनको मृत्यु भइसकेकाले सन्तति अंशुमानलाई बोलाई सय अश्वमेध गर्दा पुत्रहरू ६० हजार नष्ट भएको, घोडा हराएको सबै वृत्तान्त सुनेर अंशुमान आफ्ना काकाहरू खोज्न हिँडे । दक्षिण क्षेत्र सागरतटमा पुगेका अंशुमानलाई त्रिकालदर्शी कपिलले सारा वृत्तान्त बताएर मेरो ध्यान भङ्ग गर्ने तिम्रा काकाहरू यहीं डढेर खरानी भएका र यिनको उद्धार गर्ने इच्छा भए स्वर्गमा रहेकी गङ्गा अवतरण गराउने प्रयास गर भन्ने उपदेश प्राप्त गरे ।

पुत्रशोकले विह्वल भएका राजा सगरले राजपाठ अंशुमानलाई बुझाएर माता गङ्गाको आराधना गर्दा गर्दै देहत्याग गरे । वनमा आफ्ना पूर्खा सगरको देहत्याग गरेको सुनेपछि अंशुमान पनि विरक्त भए, गङ्गाको अवतरण गराउने प्रयत्न हुँदाहुँदै पुत्र दिलिपलाई राज्य दिई वनमा तप गर्न हिँडे । केही समयपछि दिलिपको पनि अवसान भयो । दिलिपका पुत्र थिए भगीरथ । भगीरथलाई याद भयो, आफ्ना पूर्खा सगर, अंशुमान, दिलिप तीन पुस्ताको प्रयत्न खेर गएको । धर्तीमा गङ्गा अवतरण गर्न नसक्नुको कारण बुझ्दा उनलाई स्पष्ट भएछ- गङ्गा भगवान् श्रीविष्णुको पाउमा बस्ने र श्रीविष्णुको सेवाबिना गङ्गा अवतरण नहुने ।

भगीरथ अब आफ्नो राज्य पुत्रलाई सुम्पेर केवल वायु आहार गर्दै हिमालयमा हजारौं वर्ष तप गर्न लागे । लामो समयको कठोर व्रतका कारण भगीरथका नाकका प्वालहरूबाट अग्निका ज्वाला निस्कन थाल्दा देवताहरू डराएर त्यो अग्निको ज्वालाको केन्द्र पत्ता लाउने क्रममा भगीरथको नाकको प्वाल पत्ता लगाए । भगीरथको उद्देश्य अवगत भएका देवताहरू क्षीर सागरवासी श्रीविष्णुलाई गुहार माग्न थाल्दा भगीरथको इच्छा पूरा गर्न भगवान् स्वयं प्रकट हुँदा ६० हजार पूर्खालाई बचाउन गङ्गा पठाउने वरदान माग्दा श्रीविष्णुले हुन्छ भन्नुभयो । तर, गङ्गा ब्रह्माकी पुत्री भएकीले कमण्डलुमा रहने गङ्गा अवतरण गराउन ब्रहमाको पुकार गर्नु पर्ने पनि भनिदिनुभयो ।

श्रीविष्णुको वरदान र स्पर्शले बलिया भएका भगीरथले ब्रहमदेवको आराधना गरे । ब्रहमदेव खुसी हुँदा 'हुन्छ' भनिदिनु भयो तर जानेको पनि त इच्छा हुनुपर्‍यो । गङ्गालाई 'एकपटक सोधेर हेर' भनिदिनुभयो । भगीरथले गङ्गाको प्रार्थना गर्दा गङ्गामा अहंकार भएकाले उनले भनिन्, 'मेरो वेग सहने सामर्थ्य केवल शिवजटा मात्र हो, तिमीले शिवजीको तप गर ।' गङ्गाको अहंकार तोड्न शिवजीले भने गङ्गालाई जटाभित्रै लुकाइदिँदा भगीरथलाई झन् ठूलो समस्या थपियो । रौद्ररूप शिवको जटाभित्र रहेकी गङ्गा धर्तीमा अवतरण गराउने प्रयत्नमा लागेका भगीरथले शिवको आराधना गर्न लागे । शिवको आज्ञासमेतले अब गङ्गा धर्तीमा आउने भइन् तर उनलाई डर थियो श्रीविष्णुको सेवा गर्न नपाइने भनेर ।

श्रीविष्णुले त्रेतायुगमा श्रीराम अवतार लिने र अयोध्याबाट वनवास जाने क्रममा गङ्गातटमा विश्राम लिने र त्यसबेला गङ्गाले भगवान्‌को चरण धुने । यसरी सम्पूर्ण योजना बनाउँदा गङ्गालाई अझ अर्को शङ्का थपिएछ । पृथ्वीमा दुष्ट र

मानिसका १० इन्द्रीयले गर्ने पाप प्राय: आफूलाई थाहा नभएरै पनि भइरहेको हुन्छ । गङ्गा दशहरामा पर्ने विशेष पर्वमा स्नान, दान गर्नाले, भागीरथी, गङ्गा, यमुना वा पवित्र कुनै जलाशयमा स्नान गर्नाले इन्द्रीयजन्य दोषबाट मुक्ति मिल्ने कुरा शास्त्रकारहरूले पुष्टि गरेका छन् । त्यतिमात्रै होइन, पावनी गङ्गाको सयौं योजन परबाटै नामोच्चारण गर्नाले मानिस सबै खाले पापबाट मुक्ति हुने कुरा विभिन्न धर्मशास्त्रमा वर्णित छ । प्राण निस्कने बेला गङ्गाको नाम लिनेले फेरि आमाको गर्भमा बास लिएर विभिन्न कष्ट सहनु नपर्ने पनि शास्त्रहरूमा छ । पृथ्वीका प्राणीहरूलाई सद्गति प्रदान गर्न धर्तीमा गङ्गा अवतरण भएको दिनलाई गङ्गा दशहरा भनिन्छ ।

पापी धेरै हुने र उनलाई अपवित्र पार्ने, जताततै प्रदूषित पार्ने भएपछि त्यो डरबाट कसरी मुक्त गर्ने त ? भन्ने प्रश्नमा भगीरथले भनेछन्, 'हे गंगे डराउनु पर्दैन, मर्त्यलोकमा पुण्यात्माहरू पनि हुनेछन्, साधु, सन्त, गायत्री उपासक, धर्मात्मा, देवपूजक, सन्यासी, ब्रह्मचारी, विरक्त गृहस्थ आदि आदि । उनको स्पर्शले तिमी पवित्र हुनेछौ, चिन्ता नगर ।'

भगीरथको चार पुस्ताको प्रयास, स्वर्गीय सम्पूर्ण सहमतिपछि ज्येष्ठ शुक्ल दशमीका दिन कैलाश हिमालय पर्वतबाट गङ्गा धर्तीमा अवतरित हुनुभयो । गङ्गा दशहरा भनिने यस पर्वका दिन गङ्गोत्रीमा शिवजटाबाट प्रथम धारा खसेको गङ्गा गगोंत्री, ऋषीकेश, हरिद्वार, प्रयाग, हरिहर क्षेत्रहुँदै दक्षिणतट कपिल आश्रमअगाडि गङ्गासागर पुगेर सगरपुत्र ६० हजार खरानीको थुप्रोलाई स्पर्श गरी सबैलाई बचाएर जलधारा सागरमा मिल्न पुग्यो । देवलोकमा गङ्गाको स्थायी निवास भने अघि वामन अवतार श्रीविष्णुलाई तीनपाउ भूमिदान गर्दा एक पाउले भूलोक ढाकेको र अर्को पाउले आकाश ढाक्दा पाउको बूढीऔंलो ब्रह्मलोकमा देखेर ब्रह्मदेवले आफ्नो कमण्डलु जलले पाउ धोएर श्रीहरिको स्तुति बन्दना गर्दा स्वर्गमा गङ्गाको उदय भएको हो । गङ्गाको उदय कथनअघि शिवले प्रिया पार्वतीलाई, श्रीकृष्णले राधारानीलाई बताउनुभएको थियो ।

गङ्गासागरको अतिरिक्त भारत वर्षमा रहेका हजारौं तीर्थलाई पावन मानिन्छ भने स्कन्दपुराण नेपाल महात्म्यमा हिमालय क्षेत्रबाट बग्दै आएकी पावनी गङ्गाको अनेकौं चर्चा भएको पाइन्छ । मनुस्मृतिदेखि, ऋग्वेद र अनेकौं पौराणिक साहित्यहरूले गङ्गाका बारेमा विशद् चर्चा गरेका छन् । आधुनिक जगतले कपोलकल्पित कथा भनी पौराणिक चिन्तनलाई दूराशय व्यक्त गरे पनि गङ्गाजल निर्विषाक्त रहेको, लामो समयसम्म एक ठाउँमा राख्दा कीटाणु प्रवेश नभएको, गङ्गाजल अन्यत्र हाल्दा पनि हालिएको वस्तु कीटाणुरहित भएको पाइएकाले आधुनिक विज्ञान पनि यसलाई मान्न नतमस्तक भएको छ । मानिस रोगी भएका बखत, घाट लगेका बखत या अन्य बेलामा पनि घरमा, पूजाकोठामा गङ्गाजल राख्दा वातावरण नै सकारात्मक हुने कुरा अध्यात्म र भौतिक दुवै क्षेत्रका व्यक्ति विश्वस्त भइसकेका छन् ।

श्रीमद्भागवत एवम् देवीभागवतमा गङ्गाका विषयमा थप चर्चा भएको छ । वराह पुराण, स्कन्द पुराण एवम्

जीवन आफैँमा गङ्गा हो । गङ्गाका दुई किनारा सुख र दुःख हुन् । चालीस बर्से जवानीपछि गङ्गाका दुई किनारारूपी गुरु र गोविन्द साथैमा लिनुपर्ने हुन्छ ।

श्रीमद्भागवतले पावनी गण्डकीको उद्गमस्थल दामोदर कुण्डको विषयमा चर्चा गरेका छन् । दामोदर हिमालयबाट निःसृत हिमनदी पग्लिएर बनेको ताल दामोदर कुण्ड हो । द्वापर युगमा श्रीकृष्ण माता यशोदाको दाम्लोमा बाँधिदा नारद श्रापबाट कुवेरपुत्र नलकुँवर र मणिग्रीव क्रमशः यमल र अर्जुनवृक्ष भइरहेका र उद्धारको प्रतिच्छामा रहँदा उर्गल गुडाउने क्रममा बलले ढलेका दुई वृक्षबाट दुई दिव्य महापुरुषहरूको उदय भएको र दामोदर कुण्डमा गई स्नान, दान, कर्म कार्य गरी आफू निरहंकारी रहन भगवान् श्रीकृष्णले उनीहरूलाई उपदेश गर्नु भएको प्रसङ्गले दामोदर कुण्डको महत्व वृद्धि भएको र सो दामोदर कुण्डबाट बगेकी कालीगण्डकी र मुक्तिनाथ धामबाट बगेकी गण्डकीको संगम कागबेनी रहेको र गण्डकीको नामकरण भगवान्‌को गण्डस्थलबाट उदय भएकाले हो ।

देवीपार्वतीका देब्रे पाउबाट पसिनास्वरूप पैदा भएकी गण्डकी र गोसाइँकुण्डस्थित शिवका त्रिशूलबाट पैदा भएकी त्रिशूलीको संगम देवघाट क्षेत्र नेपालको आदिप्रयाग मानिन्छ । विष्णुप्रिया गण्डकी एवम् शिवप्रिया त्रिशूलीको संगम नारायणीको देवघाट क्षेत्र नेपालको आदि प्रयागहुँदै दक्षिण सिमानाबाट बग्दै आएकी गङ्गाभारतको विभिन्न क्षेत्रलाई पावन गराउँदै अन्ततः गङ्गासागरमै पुगेर मिसिन्छिन् । भारतका अनेकौं पावनतट अयोध्या, मथुरा, माया, काशी, काञ्ची, अवन्तिका, पुरी द्वारावती, जगन्नाथपुरी झैं नेपाली भूभागमा प्रसिद्ध सप्तकोशीतट बराह क्षेत्र, जनकपुर क्षेत्र, पशुपति क्षेत्र कर्णाली र महाकाली क्षेत्र अनगिन्ती धाम र तीर्थ क्षेत्रहरू छन् । वैदिक साहित्यमा वर्णित आदिम तीर्थ क्षेत्र र विभिन्न धाममध्ये पूर्वको वराह क्षेत्र, वागमतीतट पशुपति क्षेत्र, गण्डकीतट रुरु क्षेत्र र गण्डकीको शिरोभाग मुक्ति क्षेत्रलाई नेपालका प्रसिद्ध चारधाम मानिएको छ ।

प्रम्लोचा नामकी स्वर्गकी कन्या परमसुन्दरी भृगुवंशका देवदत्तसँगको प्रेमप्रसँगले प्रसिद्ध रुरु क्षेत्रलाई जन्माएको छ । गण्डकी क्षेत्रको ऋषिकेश, पाल्पाको रिडीबजार, गुल्मी र स्याङ्जाका पावन भूभागहरूले नेपालको धार्मिक क्षेत्रलाई बढी प्रसिद्धि दिएको छ । शालिग्राम शिला विश्वमै चर्चित क्षेत्र दामोदर कुण्डदेखि मुक्तिनाथ धाम, कागबेनी, रुरु क्षेत्र, देवघाट धाम र त्रिवेणी धामले नेपालको पश्चिम क्षेत्र अत्यन्त पावन बनेका छन् । महर्षि वेदव्यास, वाल्मिकी, भानुभक्त, लेखनाथहरूको क्षेत्र नेपाललाई सत्ययुगमा सत्यावती क्षेत्र, त्रेता युगमा तपोवती र द्वापरमा मुक्तिपुरी भनिन्थ्यो । 'ने' नामक मुनिद्वारा पालित र रक्षित नेपाल योगभूमि, तपोभूमि र स्वर्गभूमि हो । यहाँका प्रत्येक जलकण र मृत्रिका कणहरूमा साहित्यका सबै रस प्राप्त हुन्छन् । अर्चयश्व ऋषिकेशं यदेच्छसि परंपदम् भनेर पद्म पुराणले गर्जन गरेको छ । भोगतृप्ति र अन्तत मुक्ति दिलाउने पावन क्षेत्र विश्वकै एक नेपाल क्षेत्र नै हो । पर्यटक यहाँ आएर स्वर्गीय आनन्द लिने गर्दछन् ।

बाल्यजीवन सत्ययुग हो, शिक्षा आर्जन गर्ने किशोर युग हो । त्रेता युग ज्ञानको युग हो । शिक्षाको प्रयोग गर्ने समय यौवन जीवन कर्म युग, द्वापर युग हो । वृद्धावस्था कलियुग हो । यो धर्मयुग हो । वृद्धावस्थामा स्थावर तीर्थहरू घुम्न सकिन्न । त्यसैले 'मनमें चंगा तो लोटेमें गङ्गा' भन्ने उक्तिलाई स्वीकार्दै शरीरलाई भगवत् नामोच्चरण गर्दै पावन बनाउनु पर्ने हुन्छ । 'नशा नदीका तरल तरंग मन्दिर आफैं अपार' भनी काव्यकारहरूले शरीरका नशा, नदीहरूलाई नै गङ्गाधाम भनेका छन् । शिवजटाबाट बगेकी गङ्गाको बाल्यजीवनको वेग झैं कडा र तीव्र हुने गर्छ । ऋषिकेश क्षेत्रहुँदै हरिद्वार प्रवेशसम्म यो वेग तीव्र र कडा देखिन्छ ।

प्रयाग र गङ्गासागर पुग्दा यो तीव्र वेगमा शिथिलता आएको देखिन्छ । धेरै नै शान्त देखिन्छ । जीवनको वेग पनि त्यस्तै हो । सुरुमा बढी तीव्र हुन्छ अनि प्रौढावस्था र वृद्धावस्थामा यो तीव्रपन कमी भई शान्त हुने गर्छ । इन्द्रीयका वेगहरू समान हुन थाल्छन् । जीवन आफैँमा गङ्गा हो । गङ्गाका दुई किनारा सुख र दुःख हुन् । चालीस बर्से जवानीपछि गङ्गाका दुई किनारारूपी गुरु र गोविन्दलाई साथैमा लिनुपर्ने हुन्छ । वचपनमा गुरु र गोविन्द मातापिता, जवानीमा पति र पत्नी, उमेर ढल्कँदा गुरु र गोविन्द दुवैका साथ हुनु जरुरी छ ।

❖❖❖

पशुपति क्षेत्रको गुरुयोजनामा समेटिनु पर्ने विषय

✍ रेवति रमण अधिकारी
निमित्त उपनिर्देशक
पशुपति क्षेत्र विकास कोष

यतिबेला कम्तीमा कोरोना कहरकै कारण भए पनि मान्छे आफूभित्र हेर्न र बुझ्न थालेको छ । यो सीमितताभित्र खोज्न सक्यो भने फेरि असीमितता भेटिन्छ । अर्थात्, मान्छे जति व्यक्तिवादमा खुम्चिँदै छ, त्यति ऊभित्र चेतनाको स्तर फैलिँदैछ । व्यक्ति अहिले कोरोनाबाट बच्ने उपाय छ भन्ने लागोस् मात्र, ऊ आफ्ना धर्म-संस्कार, संस्कृति, जाती र राष्ट्रियता सबै बिर्सन तयार छ । ऊ जीवन चाहन्छ, मृत्युको बदला जीवन । त्यसैले पनि होला, मान्छेले अहिले सबै घेरा तोड्दैछ मानवताको घेराबाहेक ।

घर अनि घरभित्रको एकान्तवास हुँदै अन्तर्मनको चेतनाबाट असीमित वा बृहत् बन्दै गइरहेको छ । सायद यसैलाई सूक्ष्मभित्रको सुक्ष्मता अनि सुक्ष्मता भित्रैबाट बृहत्तर भन्दा बृहत् परिवेशको खोज भनेर अध्यात्मले भन्दछ । यस अर्थमा मैले यहाँ धेरै विषय हुँदाहुँदै पनि धर्म, संस्कृतिसँग सम्बन्धित एउटा सानो पाटो सूक्ष्म चेतना भनौं वा सीमित चेतनाको घेराभित्रबाट पशुपतिनाथको सन्दर्भमा देखेका विषय रोजेको छु । बन्दै गरेको पशुपति क्षेत्रको गुरुयोजना (दोस्रो) मा केही विषय/सन्दर्भ समेटिएको छ कि छैन भन्ने जिज्ञासाले यो लेख्ने जमर्को गरेको हुँ । मलाई थाहा छैन कि मेरो सीमित चेतनाको घेराबाट उब्जिएका विषय ज्ञानको असीमित भण्डारले भरिएका विज्ञ र विशेषज्ञले तयार पार्दै गरेको पशुपति क्षेत्रको बृहत् गुरुयोजनामा समेटिएको छ कि छैन ।

पशुपतिमा सुधारको आवश्यकता छ । यो कुरा सबैले महसुस गरेकै विषय हो । तर सुधार के-के मा ? यो महत्वपूर्ण पाटो हो । भौतिक रूपमा सुधार त भएकै छ पहिले र अहिले पनि । विगतदेखि वर्तमानसम्मको सुधारको प्रश्न हो यो । यसको नेतृत्व लिएकाबाट भौतिक रूपमा गरेको प्रगति सबैले सजिलै देख्न सकिन्छ । हिजोभन्दा आज यो झन् तीव्र गतिमा प्रगति भएकै छ । प्रगतिको मापन हेर्दा हुनुपर्ने विषयले प्राथमिकता पायो कि अन्य विषयले मात्र पाइरहेछ भन्ने कुराले महत्व राख्दछ । पाशुपत क्षेत्रको समग्र सुधारको प्रसङ्ग जोड्दा बाहिरी सुधार वा भौतिक सुधारले मात्रै पुग्दैन भन्ने मेरो ठम्याइ हो ।

हो, पक्कै पनि भौतिक सुधारहरू 'कति धेरै भएका ? आहा !' भन्ने खालको निर्माण गरी यस क्षेत्रको विकास गर्दै संरक्षण र सम्वर्धन गर्नुपर्छ । त्यस्ता विकास निर्माण टिकाउ र गुणस्तरीय पनि हुनुपर्छ । दर्शनार्थी र भक्तजनका लागि टाढाबाट बसोबास गर्ने गरी आएका तीर्थयात्रीका लागिसमेत आवश्यक सबै सुविधा उपलब्ध गराउनुपर्छ जस्तो नुहाउनका लागि स्नानगृह, भोजनका लागि अन्नपानी क्षेत्र, आवास क्षेत्रलगायतको उचित व्यवस्था गर्नुपर्छ । आवासका लागि पनि साधुसन्त महात्माहरू र मठमन्दिरसँग सम्बन्धित पुजारीहरूका लागि अलग्गै, अफिसियल भिजिटमा आउनेहरूका लागि समेत अलग्गै तथा अध्यात्मको खोजीमा हिँडेका र सनातन धर्म-संस्कृति-परम्पराका लागि जीवन अर्पण गरेर पशुपति क्षेत्र आसपास रात बिताउन चाहनेहरूका लागि समेत आवश्यक व्यवस्था गरिनुपर्छ । त्यस्तै सुरक्षाको भरपुर प्रत्याभूति दिने सम्यन्त्रको पनि व्यवस्थापन गर्नु उत्तिकै महत्त्वपूर्ण छ । त्यसका लागि आवश्यक संरचनाको निर्माण गर्नुपर्ने पनि जरुरी छ । अझैसम्म त्यता ध्यान नपुगेको हो कि ? ती विषय प्राथमिकतामा नपरेका हुन् कि ? यस प्रकारका सुविधाका लागि पर्याप्त

मूलनेतृत्व आफू भित्रैबाट जाग्नुपर्छ । कर्मचारी र विज्ञलगायतलाई पनि संस्थाको स्वार्थमा हिँडाउन सक्नुपर्छ । अनि सोहीअनुसारको प्रणाली (System) बनाएर कार्यान्वयन गर्न गराउन सक्नुपर्छ । प्रणाली संस्थाअनुकूल आफैँले बनाउने हो । अरू कसैले आएर बनाइदिनेहोइन र अन्यत्रको देखासिखी गर्ने पनि होइन । बाहिरबाट आयातीत गरेर हुँदैहुँदैन । कसैले गरिदिए पनि त्यो अन्ततः महंगो हुन्छ, टिकाउ पनि नहुनसक्छ । यसले परनिर्भर बनाउने मात्र हो । त्यसैले हामीले बनाउने योजना हाम्रो अनुकूल हुनुपर्छ । योजनालाई कार्यान्वयन गर्ने प्रणाली पनि हामी अनुकूल हुनुपर्छ ।

रूपमा संरचना बन्न सकेका छैनन् । विकास र विकासका लागि गरिएका केही विनाश समेतको खर्च हिसाब गर्ने हो भने निकै रकम यस क्षेत्रमा खर्च भइसकेको छ ।

अति आवश्यक रहेका र त्यस प्रकारका सेवा प्रवाह गर्नुपर्ने कतिपय विषयमा नेतृत्वका दूरदर्शिता देखिएको छैन । आ-आफ्नै लहडबाट काम हुने कारणले पनि व्यवस्थापन प्रभावकारी बनाउन सकिएको छैन । एकपटक पाशुपत क्षेत्र आइपुगेका बाहिरका तीर्थयात्री पटक पटक आउने बनाउन पाए मात्र पशुपतिनाथको गरिमा उचो हुने थियो । पशुपति क्षेत्र विकास कोषको नेतृत्वमा नआउन्जेल सायद उहाँहरूलाई पनि यस्तै लाग्छ होला तर नेतृत्व सम्हालेपछि सोचेजस्तो गर्न सक्नुभएको छैन कि ? जनताको आवाज र यस क्षेत्रका बासिन्दाको चासो वा पशुपतिको सरोकार राख्नेहरूको भावना समेट्ने विषय त परै छोडौं, योजना बनाउँदा होस् वा कार्यान्वयन गर्ने सिलसिलामा सीमित घेराभन्दा माथि उठ्न सकेको देखिदैन । सायद हामी उपयुक्त पात्र खोज्छौं, योग्य जनशक्ति होइन । एउटा र मुख्य कारण यो पनि हो भन्ने लागेको छ ।

बजेटका साथै स्रोतसाधन र उपकरणहरू हुँदा हुँदै पनि हामी केमा चुक्छौं भनेर हेर्ने हो भने योजना छनोट मुख्य भेटिन्छ । यसमा सधैंको हतारो, दक्ष जनशक्तिको चयनमा दृष्टिकोण नमिल्नु र उचित व्यवस्थापनका लागि ज्ञानको कमी हुनु र प्रशस्त चिन्तनमनन नहुनु नै हुन् । त्यसैले स्रोतसाधनको कमी भएर होइन, हाम्रा स्वार्थहरू नमिल्ने कारण कामहरू लथालिङ्ग हुने गरेका छन् । यतै काम थालेको छ, उतै भत्काएको छ । लगभग धेरै कामहरू गुणस्तरीय तरिकाले सम्पन्न भएका हुँदैनन् । त्यसका लागि कसको नेतृत्व र जिम्मेवारी जिम्मेवार र जवाफदेही छ भनेर आत्मसमीक्षा गर्नु जरूरी छ तर त्यो भन्दा बढी गुणस्तर कायम राख्न योग्य र अनुभवी जनशक्तिबाट अनुगमन जरुरी छ । तद्नुरूप क्षमता विकास गर्न पनि आवश्यक छ । जुन कुरा भन्न जति सजिलो छ, त्यसअनुसार गर्न त्यति नै गाह्रो छ । मलाई लाग्छ, त्यसका लागि अरूले जुर्मुराएर हुँदैन, मूलनेतृत्व नै जागरुक हुनुपर्दछ, जुर्मुराउनु पर्छ ।

मूलनेतृत्व आफू भित्रैबाट जाग्नुपर्छ । कर्मचारी र विज्ञलगायतलाई पनि संस्थाको स्वार्थमा हिँडाउन सक्नुपर्छ । अनि सोहीअनुसारको प्रणाली (System) बनाएर कार्यान्वयन गर्न गराउन सक्नुपर्छ । प्रणाली संस्था अनुकूल आफैंले बनाउने हो । अरू कसैले आएर बनाइदिने होइन र अन्यत्रको देखासिखी गर्ने पनि होइन । बाहिरबाट आयातीत गरेर हुँदैहुँदैन । कसैले गरिदिए पनि त्यो अन्ततः महंगो हुन्छ, टिकाउ पनि नहुनसक्छ । यसले परनिर्भर बनाउने मात्र हो । त्यसैले हामीले बनाउने योजना हाम्रो अनुकूल हुनुपर्छ । योजनालाई कार्यान्वयन गर्ने प्रणाली पनि हामी अनुकूल हुनुपर्छ ।

हामीले बनाउने योजनाहरू नेपाली संस्कृति र परम्परा सुहाउँदो हुनुपर्छ । हामीले अपनाउने विधि वा हाम्रा कर्महरू वातावरणमैत्री अर्थात् प्रकृतिमैत्री पनि हुन जरुरी छ । पशुपतिनाथका सन्दर्भमा बाहिरी प्रणालीको कुरा गरेर हुँदैन । यो भगवान्‌को स्थान हो, यो ठाउँ हरहिसाबले पवित्र हुनुपर्दछ, शुद्ध हुनुपर्दछ । यससँग जति मान्छेको पवित्र आस्था जोडिएको छ, सोहीअनुरूप यसको पवित्रता कायम गर्न र विश्वास पनि जित्न सक्नुपर्छ हामीले । अहिलेसम्म त भगवान् भरोसामै चलेको छ जतासुकै । त्यसमा पनि यो त आफैँ चलाउनेवाला भगवान्‌को स्थान हो, नचल्ने कुरै भएन । तर अब त्यसो हुन दिनु हुँदैन, त्यतिमा भर परेर बस्न हुँदैन ।

बाहिर देखिने गरी र भित्र पनि दुवै तरिकाले प्रणालीमा चल्नु र चलाउनु पर्छ । मन्दिर प्राङ्गणभित्र कुनै पनि जीवजन्तुको काटमार हुने खालका प्रथा बन्द गर्नुपर्छ । यो किमार्थ भगवान्‌को नाममा स्वीकार्य छैन । यो प्रथा होइन, यो त भगवान्‌का नाममा हामीले स्थापना गरेको कलंक हो । यसले कसैको पनि कल्याण गरेको छैन । त्यसैले यसको निगरानीका लागि त्यहाँभित्र रहेका प्रेतरूपी आत्मालाई सदाका लागि मुक्त गरिदिनुपर्छ । त्यसको वैकल्पिक व्यवस्थापन गर्नुपर्छ । त्यसपछि यस्ता सबै विकृतिको निगरानी र नियन्त्रणका लागि मन्दिर प्राङ्ण परिसरभित्रै भगवान् शिवकै एक गणको स्थापना गर्नु जरुरी छ ।

त्यतिले मात्रै पुग्दैन, पवित्र गङ्गा बागमतीको अपवित्रताभित्र अझै पनि लुकेर घाट क्षेत्रमा बसेकी श्मशान कालीको स्थान सूर्यघाट क्षेत्र आसपास बनाउनु पनि उत्तिकै हतारो भइसकेको छ । पशुपतिनाथ मन्दिरको उत्तरपश्चिम कैलाशनजिक भगवान्‌कै अवतारका रूपमा बुझिने मर्यादापुरुष श्रीरामको दिव्यस्थल विकास गर्नुपर्छ जहाँ सदैव रामगाथा घन्किरहनु/गुन्जिरहनु आवश्यक छ । पवित्र भावना भएर पनि कहिलेकाहीँ काम गर्ने ढङ्ग र शैली पुग्दैन । हामी जान्दैनौं मात्र होइन, अरूबाट सिक्न पनि खोज्दैनौं वा चाहदैनौं । हामी पद वा कुर्सी पाएपछि सबैथोक जान्दछौं, सबै विषयको विज्ञ पनि भइहाल्छौं ।

नेपालको पहिचान र अस्तित्व कायम गर्ने हो भने 'पवित्रस्थल पशुपतिनाथ' को नित्य कृपा र समभाव सहितको निरन्तर निगरानीमा हामी टिकेका छौं । यस क्षेत्रको सूक्ष्मरूपमै पवित्रता हुनु झनै आवश्यक छ ।



हामी धनी छौँ, सम्पन्न छौँ भनेर हाम्रो देश 'सगरमाथाको देश', हाम्रो देश 'पशुपतिनाथको देश', र 'बुद्ध जन्मेको देश', 'माता जानकीको देश' भनेर अरूका अघि गर्व गर्नुको कुनै तुक रहन्न। देशको स्वाभिमान बचाउने हो भने आफ्नै पहिचान कायम राख्दै विश्वसामू गर्व गर्ने वातावरण बनाउन सकिन्छ।

यो वा त्यो पदको मात्र कुरा नगरौं, एउटा कार्यालयको प्रमुख मात्र भयौं भने पनि आफू कुन क्षेत्रबाट आएको हुँ र मेरो विषय कुन हो वा मेरो अध्ययनको क्षेत्र वा रुचिको विषय कुन हो भन्ने बिर्सेर सर्वज्ञाता भइहाल्छौं। हुनत यो मानवीय स्वाभाव पनि होला। मानवीय स्वाभाव भन्दैमा यो प्रवृतिबाट भाग्न वा उम्किन मिल्दैन र पाईँदैन पनि। मानविय स्वभावका कारण सिङ्गो संस्था प्रताडित हुन पुग्छ। यसरी संस्थाहरू वा समुदायहरू यस्तो गलत मानविय स्वभावका कारण प्रताडित हुने क्रम बढ्दै जाँदा अन्ततः राष्ट्रनै त्यसको मारमा पर्छ अर्थात राष्ट्रियता र राष्ट्रको अस्तित्व नै जोखिममा पनि पर्न सक्छ। त्यसैले मानविय स्वभावका कारण कुनै पनि संस्था प्रताडित हुनु हुँदैन। राष्ट्र प्रताडित हुने त कल्पना पनि गर्न सकिँदैन। त्यसैले विकल्प छन्, प्रयोग गर्नुपर्छ भन्ने मेरो निष्कर्ष हो। यद्यपि त्यस्तो ठाउँमा आइपुग्दा कोही प्राविधिक ज्ञानको पृष्ठभूमिबाट आएका हुन्छौं त कोही प्रशासनिक दायराको पृष्ठभूमिबाट। त्यसभन्दा बढी हामी राजनीतिक पृष्ठभूमिबाट आएका हुनसक्छौं। राजनीति सबै खाले व्यवस्थापकीय क्षमता राख्नुपर्ने विषय हुँदाहुदै पनि सर्वोपरी ज्ञान चाहिँ होइन भन्ने मेरो बुझाइ हो।

आजको युगमा 'सर्वजन हिताय सर्वजन सुखाय' त सम्भव नहोला। कम्तीमा 'बहुजन हिताय बहुजन सुखाय' को भावसहितको मान्यता बोकेको राज्यको नीति हुनुपर्छ। राजनीति 'राज्यको उच्चकोटीको नीति' भएकाले यसमा सत्ता प्राप्त गर्ने कुटिलता मात्र लुकेको हुनुहुन्न। यसमा धनदौलत कमाउने कुत्सित इच्छाआकांक्षा वा मनोकामना मात्र पनि लुकेको हुनुहुन्न। विपन्न देशका गरिब मान्छे हामीले अब नेपालमा के साँच्चिकै राजनीतिक इमान्दारितासहित चिन्तन गर्ने बेला भएन र ? यतिबेला कोरोनाले विश्वभर लाखौं मानिस प्रभावित भइरहेका बेला हामी राजनीतिक नेतृत्वमा रहेका र राज्यको जिम्मेवारी बोकेकाहरू कसरी यही मौकामा बढीभन्दा बढी कसरी कमाउने र त्यो कमाईलाई एकलौटी कसरी बनाउने भन्ने दाउमा छौं भने त्यो केवल मानसिक दरिद्रता मात्र हो।

हामी धनी छौँ, सम्पन्न छौँ भनेर हाम्रो देश 'सगरमाथाको देश', हाम्रो देश 'पशुपतिनाथको देश', र 'बुद्ध जन्मेको देश', 'माता जानकीको देश' भनेर अरूका अघि गर्व गर्नुको कुनै तुक रहन्न। त्यसैले कम्तीमा हाम्रो देशको स्वाभिमान बचाउने हो भने हाम्रो आफ्नै पहिचान कायम राख्दै विश्वसामू गर्व गर्ने हो भने 'होलीवाइन' लाई 'कुकर्म' भनेर स्वीकार्न सक्नुपर्छ हाम्रा सबै तह र तप्काका नेतृत्वले। हाम्रो सनातन परम्परा, मर्यादा र निष्ठालाई जनताले स्वतःस्फूर्त रूपमा कोही सकैको डरत्रासबिना आत्मसाथ गर्न र त्यसलाई जगेर्ना गर्न पाउनुपर्छ। त्यसका लागि मूल नेतृत्वमा स्वच्छता, इमान्दारिता, पारदर्शिता, जनमतप्रति बफादारिता दर्शाउन सक्ने क्षमता साथै विरोधीका समेत कुरा सुन्न र ग्रहण गर्न सक्ने धैर्यता र सहनशिलता हुन जरुरी छ।

वास्तवमा 'पवित्रस्थल पशुपतिनाथ' को नित्य कृपा र समभाव सहितको निरन्तर निगरानीमा हामी टिकेका छौं। नेपालको पहिचान र अस्तित्व कायम गर्ने हो भने यस क्षेत्रको सूक्ष्मरूपमै पवित्रता हुनु झनै आवश्यक छ। मान्छे जतिसुकै नास्तिक होस् वा 'म धार्मिक होइन' भन्नेहरूले पनि छातीमा हात राखेर आफूले आफैँलाई नढाँटी भन्ने हो भने यो 'पशुपतिनाथले चलाएको/बचाएको देश' भनेर स्वीकारेका छन् सबैले। त्यसकारण पनि पशुपतिको घाट क्षेत्रमा सयौँ वर्षदेखि तड्पिएर नाङ्गेभुतुङ्गे चिच्याइरहेका ती सत्तिहरूका आत्मालाई जबसम्म शान्ति मिल्दैन, तबसम्म हामीमा निर्मलता आउँदैन। हामीमा स्वज्ञान मिल्न र हामीलाई वास्तवमै भगवान् श्रीपशुपतिनाथको दिव्य आशीर्वाद मिल्न पनि त्यो गर्नु जरुरी छ। वास्तवमा मेरो देश त्यसबेला धन्य हुनेछ।

सूक्ष्म रूपमा तड्पिएर रहेका ती आत्माको शान्तिको अनुभूत नगरेसम्म अथवा तिनले यो देशको दुर्गतीमा साथ दिइरहने अवस्थाबाट ती आत्माहरूलाई भगवान् श्रीपशुपतिनाथको शरणमै पवित्रतासहितको उचित स्थान दिने वातावरण नबनाएसम्म यो देशले भनेजस्तो सम्पन्नता हासिल गर्न सक्दैन। त्यसका लागि आन्तरिक रूपमा पनि व्यवस्थापन गर्नुपर्छ। नत्र यो राष्ट्रको थप उन्नती कसरी होला ? पाशुपत क्षेत्रलाई पवित्र कसरी बनाउन सकिन्छ ? अन्त्यमा, ठूला योजना वा गुरुयोजनामा समेटेर संरचना निर्माण गरेर दुनियाँलाई देखाउन त सकिएला तर विद्वान्हरूको हवाला दिएर त्यस्ता संरचना बनाउँदैमा समग्रमा श्रीपशुपतिनाथको क्षेत्रको गुरुयोजना पूर्ण हुन सक्दैन।

❖❖❖



पशुपति क्षेत्र विकास कोष र स्थानीयको सहयोगमा पशुपति क्षेत्र आसपासका असहाय, अनाथ र भोकै परेकालाई भोजन गराउँदै कोषका कर्मचारी तथा स्वयंसेवक। यहाँ दैनिक २ सयभन्दा बढीलाई भोजनको व्यवस्था गरिएको छ। • दिपेन श्रेष्ठ

पशुपति आर्यघाटमा गरिब असहायको निःशुल्क शव जलाइने

१६ चैत २०७६

अन्नपूर्ण

काठमाडौं : पशुपति क्षेत्र विकास कोषले गरिव र असहायलाई निःशुल्क शव जलाउन दिने भएको छ। कोषले मुलुक लकडाउन भएको अवस्थामा कसैले पनि असुविधामा पर्नु नपरोस् भनेर यस्तो सुविधा दिने जनाएको हो।

काठमाडौं नक्साल बसेर ज्यालादारी गर्दै आएकी भक्तपुरकी २७ वर्षीया रिना श्रेष्ठ पतिको मृत्युपछि पशुपतिस्थित विद्युतीय शवदाह गृह पुग्दा रकम अभावमा समस्यामा परेको समाचार सार्वजनिक भएपछि कोपले यस्तो निर्णय गरेको हो।

'कोपले नियमअनुसार यसअघि पनि गरिव र असहायलाई निःशुल्क गर्दै आएको छ', कोषका कोपाध्यक्ष डा. मिलनकुमार थापाले भने, 'विद्युतीय शवदाह गृहमा शनिबार भएको घटनामा कागजी प्रक्रियामा केही अस्पष्टता भएर हो, कोपले यस्तो अवस्थामा नियमबमोजिम सबैलाई निशुल्क गर्छ।'

उनका अनुसार, नियममा सम्बन्धित नगरपालिकाको हकमा वडा कार्यालय वा गाउँपालिकाले सिफारिस गरेको सन्दर्भमा कागजातका आधारमा निःशुल्क शव जलाउने सुविधा दिँदै आएको छ। 'अन्यथा के आधारमा कसरी दिने ? संभवत शनिबार त्यस्तै भएको हुनुपर्छ', थापाले भने, 'तर, मुलुक नै लकडाउन भएकाले अवस्था विचार गरेर सुविधा दिन्छौं। सबै कुरा खोज्ने कुरै भएन।'

22°
Tuesday, 23 June, 2020

THE RISING NEPAL

MAIN NEWS

Pashupatinath Sees Its Income Evaporate Due To Lockdown



Editor 23 Apr. 2020

SHARING: 44 Shares

By A Staff Reporter

Kathmandu, Apr. 23: The income of many temples, which used to earn thousands of rupees, has fallen to zero, thanks to the lockdown that has prevented the devotees and tourists from visiting the religious shrines.

The daily income of the Pashupatinath Temple has now fallen to zero even though it has the reputation of highest earning temple of the nation.

The Pashupatinath Temple area, which used to remain overcrowded all days has now virtually turned into an empty heritage. Only the monkeys, pigeons, dogs, saints and a few mourners, who come to Aryaghat to cremate the bodies of their family members, are the visitors to the holy site these days.

The main temple of Pashupatinath has been closed for the first time in history. It has remained closed since the second week of lockdown.

The continuous lockdown has directly affected the daily income of the Pashupati Area Development Trust (PADT).

Dr Milan Kumar Thapa, treasurer of the PADT, informed that the trust had been bearing losses of around Rs 1 million a day due to the lockdown.

The PADT usually used to collect Rs 100,000 to Rs 250,000 from the offerings to Lord Shiva from the devotees a day. Sometimes, the amount used to reach as high as Rs 500,000 to Rs 700,000.

Altogether around Rs 4.5 million of money used to be collected from the offerings in a month.

From the tourist entrance fees, it used to collect over Rs 10 million in a month. The daily collection from it amounted to Rs 300,000 to Rs 400,000.

The monthly collection from special puja was around Rs 7 million. It used to go further up in special month, he said.

He further said that the monthly collection from Aryaghat, mourning house (Kiriya Putri Ghar) and electric cremation used to be around Rs 2 million to Rs 2.5 million.

Of late, the Trust has stopped the service of mourning house owing to the fear of spread of the virus, said Thapa. "We have managed free cremation service of 3 to 4 bodies at the electric cremation building for economically weak people. The number of free cremation has of late increased," he said.

The number of bodies has also decreased with the enforcement of lockdown in both cremation sites at Aryaghat and electric cremation building. It has been cremating 4 to 5 bodies at electric cremation building and around 8 to 10 at Aryaghat on daily basis.

Recent News

NCP standing committee meeting on Wednesday
23 Jun, 2020

Three arrested with tiger hide in Bajura
23 Jun, 2020

Jin Air will be making Incheon-Kathmandu chartered...
23 Jun, 2020

Chief Minister Poudel monitors projects in east Makawanpur
23 Jun, 2020

Traffic on Prithvi Highway blocked
23 Jun, 2020

Corruption case against police inspector, forest consumers'...
23 Jun, 2020

NRNA welcomes bill on amending Citizenship Act approved...
23 Jun, 2020

Senior citizen dies in road accident
23 Jun, 2020

Mail voting: Pence, aides embrace practice panned by...
23 Jun, 2020

HAN Pokhara chapter demands exemption of electricity...
23 Jun, 2020

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

NEPAL BANGLADESH BANK

लकडाउनको ३० दिनः सुनसान छ पशुपतिनाथ र बौद्ध क्षेत्र

काठमाडौं-कोरोना भाइरस नियन्त्रण तथा रोकथामका लागि सरकारले लागू गरेको लकडाउनको कारणले काठमाडौंको पशुपतिनाथ क्षेत्र र बौद्ध स्तूपा क्षेत्र सुनसान छन्।

लकडाउन लागू भएको बिहीबार एक महिना पुग्दै छ। लकडाउनको असर कार्यालय, यातायात, पर्यटन, धार्मिक मठ मन्दिर सबैतिर परेको छ। सधैं भिडभाड रहने विश्व सम्पदा सूचिमा समेत रहेको हिन्दु धर्मावलम्बिहरुको शक्तिपिठ आराध्यदेव पशुपति नाथको मन्दिर क्षेत्र अहिले लकडाउनको कारण सुनसान छ।

मन्दिर भित्र नियमित पूजा सञ्चालन भएपनि बाहिरबाट जाने भक्तालुहरुलाई प्रवेशमा रोक लगाइएको छ। मन्दिरको मुख्य प्रवेशद्धार सँगै अन्य ढकोकाहरुमा पनि ताला लगाइएको छ। सामान्य अवस्थामा निकै व्यस्त रहने यस क्षेत्रमा लकडाउनको पूर्ण पालना भएको पाइएको छ। मानिसहरुको निकै चहलपहल हुने यस क्षेत्रमा अहिले परेवा र बाँदर मात्रै देख्न सकिन्छ।

यस्तै पशुपति क्षेत्र विकास कोष परिसर भित्र रहेको आर्यघाटमा पनि लकडाउनको प्रभाव परेको छ। आर्याघाटको दृश्य पहिला जस्तो देखिदैन्। चिताबाट निरन्तर बहने धुवाँ, आफन्तको पिडा र मलामीहरुको भिड हुने आर्यघाट यतिबेला शान्त छ। बुधबार आर्यघाटमा एउटामात्रै सब देखिन्थ्यो। लकडाउनको असरले मलामीहरु पनि निकै कम देखिन्थे।

यसबाहेक पशुपति क्षेत्र विकास कोष परिसरमा रहेका विभिन्न पसलहरु पनि बन्द छन्। मानिसहरुको आवागमन निकै कम छ। यस्तै पशुपति क्षेत्रको केही ठाउँमा थालिएको निर्माण कार्यमा भने लकडाउनको असर त्यति देखिएन्। निर्माण कार्य भइराखेको देखिन्छ।

यस्तै निकै भिडभाड हुने अर्को धार्मिक स्थल बौद्ध क्षेत्र पनि सुनसान देखिन्छ। विश्व सम्पदा सूचिमा रहेको पर्यटकीय स्थल बौद्ध महाचैत्य स्तूपा लकडाउनका कारण सुनसान छ। बौद्धमार्गीहरुको आस्थाको केन्द्र रहेको स्तूपामा हुने नियमित पूजा भने रोकिएको छैन्। तर नियमित पूजाका लागि बाहिरबाट भक्तालुहरु जान पाएका छैनन्।



legalkhabar.com/2020/06/4103/?fbclid=IwAR3SpEq2XwGCbeixBPjCAx0-wbH9fXn-Vr_XcDk1JOM5XWTH9N8NW0iGS3I

मुख्य पेज राजनीति आर्थिक मनोरञ्जन खेलकुद फेसला / नजिर व्यक्ति - व्यक्तित्व अपराध दृष्टिकोण / वि

पशुपति क्षेत्रमा सरसफाइ र खानेपानी परियोजना सञ्चालन गर्न सम्झौता



Published Date:2020-06-15

परियोजनाको लागत ५ करोड

काठमाडौं । पशुपतिको मुख्य मन्दिर परिसरमा सरसफाइ र खानेपानी सम्बन्धि परियोजना सञ्चालन गर्न आज सम्झौता सम्पन्न भएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, बिकास सहायता समन्वय शाखाको समन्वयमा, सम्झौता पत्रमा हस्ताक्षर तथा आदान प्रदान भयो । सम्झौतामा नेपाल सरकारकातर्फबाट संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको बिकास सहायता समन्वय शाखा प्रमुख रेशम कँडेल, काठमाडौं महानगरकातर्फबाट पूर्वाधार बिकास बिभागका प्रमुख राम थापा र भारतीय दूतावासकातर्फबाट डिभलपमेन्ट कोअपरेसन काउन्सिलर डा. प्रफुल्लचन्द्र शर्माले हस्ताक्षर गर्नुभयो ।

भारत सरकारको सहयोगमा सञ्चालन हुने साना बिकास परियोजनाअन्तर्गत भारतीय दूतावासको ८० प्रतिशत (३ करोड ७२ लाख ३१ हजार १६२ रुपैयाँ) र काठमाडौं महानगरको २० प्रतिशत (१ करोड ४५ लाख ७९ हजार १४४ रुपैयाँ) लागत सहभागिता रहने परियोजनाको लागत ५ करोड १८ लाख १० हजार ३०६ रुपैयाँ रहेको छ । सम्झौताबमोजिम परियोजनाको सञ्चालन पशुपति क्षेत्र बिकास कोषले, परियोजना कार्यान्वयन काठमाडौं महानगरपालिकाले र अनुगमन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गर्नेछ । परियोजना सञ्चालनको यो रकम सरकारको बजेट बिनियोजनको प्रणालीअन्तर्गत शशर्त अनुदानका रुपमा प्राप्त हुनेछ ।

सहरी समृद्धिका लागि पूर्वाधार निर्माण, वातावरणीय सुधार, सामाजिक तथा आर्थिक पुनरुत्थानका काममा महानगरले आफ्नै श्रोतमा पनि धेरै काम गरिरहेको छ । परियोजनाका सञ्चालनका विषयमा प्रतिक्रिया दिँदै महानगरका सहसचिव राजेश्वर ज्ञवाली भन्नुहुन्छ — धेरै जनताले लाभ पाउने परियोजनामा साझेदारिताको प्रस्ताव लिएर आउने साझेदारलाई हामीले लगानीका लागि प्रोत्साहित गर्ने गरेका छौं ।

सम्झौतापछि परियोजनाका बारेमा जानकारी दिँदै मन्त्रालयको बिकास सहायता समन्वय शाखा प्रमुखले कँडेलले भन्नुभयो — पशुपतिको दर्शन गर्न जाने श्रद्धालुलाई मन्दिर परिसरको वातावरणीय अवस्थाले नकारात्मक समस्या नपरोस् र सुबिधामा समस्या नहोस् भनेर सुधारात्मक परियोजना सञ्चालन गर्न थालिएको हो । साना–साना परियोजनाबाट नेपाल र भारतका जनता–जनता स्तरमा सुमधुर सम्बन्ध रहोस् भन्नका लागि हामीले सहकार्य गरेका हौं । सम्झौतापछि काउन्सिलर शर्माले भन्नुभयो —नेपालको आर्थिक–सामाजिक, सामाजिक–सांस्कृतिक र बिकासका क्षेत्रमा सहयोग गर्ने हाम्रो चाहना हो ।

परियोजनामा खानेपानी वितरण प्रणाली सुधार, ढल निर्माण, सरसफाइ तथा फोहोरमैला व्यवस्थापनको काम हुनेछ । परियोजना आगामी १५ महिनाभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

रातोपाटी

देशभर पशुपतिनाथ लगायतका मठ मन्दिर सुनसान

काठमाडौं । कोरोना भाइरसको सन्त्रासले पशुपतिनाथ मन्दिरलगायत देशभरका मठ मन्दिरमा भक्तजनको उपस्थिति कम हुन थालेको छ । पशुपतिनाथ मन्दिर परिसरमा सामान्य दिनमै दैनिक हजारौँ भक्तजन दर्शनका लागि आउने गरेका थिए । चाड पर्वका दिन भने पशुपतिनाथ मन्दिरमा लाखौँ भक्तजन आउँछन् ।

बुधबार सरकारले २५ जनाभन्दा बढी मानिस एक ठाउँमा जम्मा भएर नबस्न आग्रह गरेपछि बिहीबारदेखि नै पशुपति क्षेत्र सुनसान छ । पशुपति क्षेत्रमा प्रत्येक वर्ष चैत्र कृष्ण अष्टमीदेखि शुरु भएको देशोद्धार पूजा, वज्रेश्वरी, वत्सलेश्वरी जात्रामा पनि विगत वर्षभन्दा कम भक्तजनको उपस्थिति छ ।

यसैगरी गुह्येश्वरीलगायत पशुपति क्षेत्रका अन्य मठ मन्दिरमा भक्तजनको कम उपस्थिति छ । सरकारको मार्गनिर्देशन अनुसार पशुपति क्षेत्रमा २५ जनाभन्दा बढी मानिस जम्मा हुने कुनै पनि कार्यक्रम नगराउने विषयमा चारवटै सुरक्षा निकायसँग छलफल गरिएको पशुपति क्षेत्रको सुरक्षा हेर्नुहुने प्रशासकीय अधिकृत गौरीशङ्कर पुराजुलीले जानकारी दिए ।

देशोद्धार पूजा एवं जात्रामा पनि विधि पूरा गर्ने गरी कमभन्दा कम मानिसलाई उपस्थित हुन कोषले आह्वान गरेको छ । पशुपति क्षेत्रका भण्डारखाल, वनकाली, कैलाशडाँडा, मृगस्थलीलगायत उद्यान, सत्तल एवं पाटी पौवामा पनि समूहमा धेरै मानिस उपस्थित नहुन कोषले भक्तजनलाई आह्वान गरेको उनले बताए ।

मैतीदेवी मन्दिर परिसरमा एक महिनाअघि नै पूजा एवं भोजका लागि सत्तल पक्का गरेका भक्तजनले कोरोनाको सन्त्रासका कारण वैशाख अन्तिम साता गर्ने गरी स्थगन गरेका छन् । दैनिकरूपमा केही न केही अनुष्ठान भइरहने मन्दिर क्षेत्रमा बुधबारदेखि नै सुनसान रहेको मैतीदेवी मन्दिर क्षेत्र प्रबन्ध समितिका सुपरभाइजर गृष्मा श्रेष्ठले जानकारी दिइन् ।

reportersnepal.com/2020/03/407037

९ असार २०७७, मंगलबार (Tuesday 23rd June 2020)

REPORTERSNEPAL

Impart Educate Propel

गृहपृष्ठ | कोरोना भाइरस | समाचार | अर्थ | खेलकुद | विश्व | मनोरञ्जन

पशुपतिमा सन्ध्या आरती र विशेष पुजा बन्द



काठमाडौं, चैत ९ । कोरोना भाइरसको जोखिमका कारण आजबाट पशुपतिनाथ मन्दिरमा विशेष पूजा स्थगित गरिएको छ। पशुपतिनाथ क्षेत्र विकास कोषले शुल्क लिएर गर्दै आएको विशेष पूजा स्थागित गरेको हो । नियमित पूजा भने यथावत रहेको छ। सरकारले २५ जना भन्दा बढी जम्मा नहुन गरेको आग्रहपछि विशेष पूजा स्थागित भएको कोषले जनाएको छ ।

पशुपतिनाथ मन्दिरमा १ हजार १ सय रुपैयाँदेखि २५ लाख रुपैयाँसम्मको विशेष पूजा हुने गरेको छ। मन्दिर वरीपरी सामान्य अवस्थामा निकै भिडभाड हुने गरेकोमा अहिले सुनसान बनेको छ। पशुपतिनाथ क्षेत्र विकास कोषले नियमित रुपमा गर्दै आएको आरति पूजालाई समेत आजदेखि स्थागित गरेको छ।

पशुपतिको किरियापुत्री सेवा बन्द

काठमाडौं : पशुपति क्षेत्र विकास कोषले आइतबारदेखि किरियापुत्री सेवा बन्द गरेको छ । विश्वभर महामारीका रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) को संक्रमण बढ्न थालेपछि कोषले यस्तो निर्णय गरेको हो ।

कोषका कोषाध्यक्ष डा. मिलनकुमार थापाले विश्व स्वास्थ्य संगठनले स्वास्थ्य संकटकाल घोषणा गरेअनुरुप कोषलाई प्राप्त निर्देशनअनुरुप किरियापुत्री भवनलाई विशेष सरसफाई तथा स्यानीटाइज गर्नुपर्ने भएकाले बन्द गरिएको जानकारी दिए । कोषले विज्ञप्ति जारी गर्दै अर्को सूचना जारी नभएसम्म उक्त सेवा बन्द हुने उल्लेख गरेको छ ।

www.annapurnapost.com बाट साभार

← → C 🔒 onlinekhabar.com/2019/06/771196

onlinekhabar
९ असार २०७७, मंगलबार

≡ होमपेज समाचार बिजनेश जीवनशैली सूचना प्रविधि मनोरन्जन प्रवास खेलकुद

TRENDING = नेपाली चलचित्र = नेपाल प्रहरी = अपराध = नेपाली कांग्रेस = प्रचण्ड = सरकार = बलिउड = सेयर

पशुपतिनाथ मन्दिर कति धनी ?

नवीन ढुंगाना २०७६ जेठ २२ गते १९:२३ मा प्रकाशित

२२ जेठ, काठमाडौं । इतिहासमै पहिलोपटक पशुपतिनाथ मन्दिरको नाममा रहेको चल-अचल सम्पत्तीको विवरण बुधवार सार्वजनिक गरियो । सरकारले गठन गरेको पशुपतिनाथको सम्पत्ती संरक्षण तथा गुठी जग्गा अध्ययन एवं छानविन समितिले दश महिना लामो अध्ययनपछि प्रतिवेदन सार्वजनिक गरेको हो ।

तर, यो प्रतिवेदनमा मन्दिरको मुल ढुकुटीमा रहेको सुन, चाँदी तथा जवाहरतको पूर्ण विवरण छैन । सर्वोच्च अदालतले मुल ढुकुटी खोल्न रोक लगाएकाले अध्ययन समितिले २०१९ सालदेखि ७५ सालसम्म अभिलेखित विवरणलाई नै आधार बनाएको छ । प्रतिवेदनअनुसार हिन्दु धर्मालम्बीहरुको आस्थाको मुख्य धरोहरमा पर्ने पशुपति मन्दिरसँग ९ किलो सुन तथा ३१६ किलो चाँदी तथा एक अर्ब ३० करोड नगद एवं करिब १८ हजार रोपनी जमिन छ ।

पशुपतिनाथको चल सम्पत्ति

पशुपतिनाथ मन्दिरको चल सम्पत्ति चार ढंगबाट राखिएको पशुपति क्षेत्र विकास कोषले जनाएको छ । कोषका अनुसार मुल ढुकुटीमा हालसम्मको सुन तथा चाँदी र जवाहरत राखिएको छ ।

पशुपतिनाथ भण्डार तहविलबाट प्राप्त मुचुल्काअनुसार मुल ढुकुटीमा ९ किलो २७६.६४ ग्राम सुन, ३१६ किलो ५८६ ग्राम चाँदी मूल ढुकुटी अभिलेखबाट देखिन आएको छ । यस्तै कोषको सम्पत्ति संरक्षण तथा आर्थिक प्रशासन महाशाखाबाट प्राप्त विवरण अनुसार एक अर्ब २९ करोड ३८ लाख ३१ हजार २१५ नगद बैंकमा मौज्दात छ । जसमध्ये एक अर्बको अक्षय कोष निर्माण गरिएको छ । अक्षय कोषको ब्याजबाट प्राप्त हुने रकम समाज सेवामा खर्च गरिने कोषका सदस्य सचिव डा. प्रदीप ढकालले जानकारी दिए ।

कोषको बम्बे ढुकुटीको भाडा वर्तन अभिलेख र गुठीतर्फको ११५ गुठीको सुन, चाँदी तथा जिन्सीको हिसाब अझै प्राप्त हुन सकेको छैन ।

अचल सम्पत्ति

पशुपतिनाथको अचल सम्पत्तिको रुपमा जग्गा-जमीन तथा पाटी, पौवा, सत्तल पर्दछन् । हाल कोष मातहत तीन कार्यालयको जग्गा कुल १८ हजार ३४२ रोपनी रहेको प्रतिवेदनमा उल्लेख छ ।

पशुपतिनाथको स्वामित्वमा दर्ता प्रमाणित जग्गा ३ हजार ६६७ रोपनी ४ आना ३ पैसा, साविक लागतको दर्ता प्रमाणित हुन बाँकी जग्गा २ सय ३१ रोपनी १० आना एक दाम छ । त्रिभुवन विमानस्थल र गल्फ कोर्समा रहेको ११६१ रोपनी, १४ आना ३ पैसा जमिन तथा तारागाउँ रिजेन्सी होटलले चर्चेको १७ रोपनी जमिन पनि पशुपतिनाथको हो ।

यस्तै कोषले विभिन्न समयमा अधिग्रहण गरेर ल्याएको १५ सय ५ रोपनी २ आना दुई पैसा तथा सरकारले २०४६ सालमा उपलब्ध गराएको ५३४ रोपनी जमिन पनि पशुपतिनाथसँग छ । पशुपतिनाथको स्वमित्वमा ११९ वटा पाटी, पौवा, सत्तल छन् भने गुठी संस्थानतर्फ ११५ गुठी अन्तर्गत ११ हजार २६१ रोपनी जमिन पनि छ । जसमध्ये २३१ रोपनी जग्गा लगत दर्ता प्रमाणित हुन बाँकी छ ।

← → C ⓘ Not secure |

अन्नपूर्ण पोष्ट

विश्व कोरोना मुक्तिका लागि पशुपतिमा विशेष पूजा

काठमाडौं : विश्वका सबै देश कोरोना भाइरस (कोभिड १९) को संक्रमणबाट मुक्त होस् भन्ने कामना गर्दै पशुपतिनाथ मन्दिरमा सोमवार विशेष पूजा गरिएको छ ।

नयाँ वर्षको अवसरमा पशुपति क्षेत्र विकास कोषका कोषाध्यक्ष डा. मिलनकुमार थापाले विश्वका सबै मानिस कोरोना संक्रमणबाट चाँडै मुक्ति होऊन् भनी उक्त पूजा गरेका हुन् ।

कोषका कोषाध्यक्ष डा. थापाले व्यक्तिगत पहलमा विश्वका सबै मानिस कोरोनो संक्रमणको जोखिमबाट मुक्त होउन् भनी पशुपतिनाथ मन्दिरमा सवा लाख दीप प्रज्ज्वलनसहितको लघुरुद्री लगाएको बताए ।

उनले २७ हजार रुपैयाँ लागतको विशेष पूजा गराएको उनको भनाइ छ । उनले अन्नपूर्णसँग भने, 'विश्वमा कोरोना लागेर निधन भएका मानिसको चीर शान्तिको कामना गर्दै कोरोना संक्रमित सबैको स्वास्थ्य लाभका लागि यो विशेष पूजा गरिएको हो ।'

नेपालमा कोरोना संक्रमणले कसैको निधन नहोस् र नयाँ वर्षको अवसरमा सबै नेपालीको सुस्वास्थ्यसहित चारवटा कामनाका साथ विशेष पूजा गरिएको डा. थापाको भनाइ छ । चीनको वुहानबाट सुरु भएको कोरोना भाइरसको संक्रमणबाट अहिलेसम्म विश्वमा एक लाख १४ हजार दुई सय ५७ को निधन भइसकेको छ भने १८ लाख ५३ हजार पाँच सय पाँच संक्रमित छन् । संक्रमितमध्ये चार लाख २३ हजार सात सय २८ निको भएर घर फर्किसकेका छन् ।

THE RISING NEPAL
THE FIRST & FOREMOST NATIONAL DAILY

Pashupatinath Income Goes Down By Millions

By Binu Shrestha/13 Jun, 2020

Kathmandu: Ever since lockdown was announced on March 24, many places of worship have remained shut. Since the temples have remained inaccessible to the devotees, the management has incurred a massive loss, and the Pashupatinath temple is no exception.

The income of Pashupati Area Development Trust (PADT), which used to earn tens of thousands of rupees daily, has fallen to zero. During the lockdown, the PADT has faced a loss of Rs 100 million, thanks to the restrictions that have prevented devotees and tourists from visiting the religious shrine. Pashupatinath, the wealthiest temple in the country, has faced a massive hit as far as the monthly donations are concerned. The temple has witnessed a drastic drop in the number of devotees.

Pashupatinath Temple used to be crowded with the devotees throughout the year. Nowadays it only has the staff and trust members in attendance. The various income sources of Pashupatinath have now plunged to zero, the PADT said. Since the lockdown was imposed, the trust has faced losses of around Rs 100 million, said Dr Milan Kumar Thapa, treasurer of the PADT.

He said the trust had been facing losses of almost Rs 1 million on a daily basis. The PADT used to collect Rs 100,000 to 250,000 from the offerings of devotees daily. Altogether, the trust has faced the losses of almost Rs 15 million offering by the devotees, he added.

"The trust had targeted to collect Rs 1.34 billion in the current fiscal year. However, it had collected only Rs 553 million prior to the lockdown. And now the prolonged lockdown has forced the trust to bear the losses to the tune of Rs 100 million," said Dr Thapa. The main temple of Pashupatinath has been closed for the first time in history. It has remained closed since the second week of the lockdown. The trust has earned Rs 60 million from the special worship offered by the devotees of the Lord Shiva.

However, the trust had targeted to collect Rs 120 million this year from the special offering, said Dr Thapa. Similarly, from interest on bank deposits from the special worship and offering by devotees' collection, the PADT has earned only Rs 100 million out of its target of Rs 180 million. Altogether, the trust has borne losses of Rs 42 million from the income of other services of the temple.

Likewise, the Trust has earned Rs 700,000 from the donation box. However, the trust had aimed to earn Rs 10 million from the donation box, he added.

Furthermore, the PADT has earned Rs. 49 million from the interest of its deposits from the collection of other various income sources out of its target of Rs. 90 million. Meanwhile, the trust has earned Rs 799,820 from parking lot though it had aimed to earn Rs 4 million from the service. The trust has collected Rs 30 million from the rented land of Guthi, Rs 80 million from entrance fees from tourists and Rs 3.5 million from mourning shelter.

Similarly, inn house income stand at Rs 3.5 million, Rs 2.6 from the rent and Rs 17 million by allowing to organise various religious activities. Dr Pradeep Dhakal, member-secretary of PADT, said to recover the current losses, the trust had been trying to figure out new sources of income for the coming fiscal year. Expressing his hopes, Dhakal, however, said the PADT would not face a problem to run the regular activities of Pashupati.

"The temple will be opened following the direction of the government. Now we are waiting for the government direction," he said. The trust has already stopped the service of mourning house and free meal distribution at Sumargi building owing to the fear of virus transmission due to the movement of people.

onlinekhabar

१० करोड घट्यो पशुपतिको आम्दानी

5 647

३१ जेठ, काठमाडौं

बन्दाबन्दीका समयमा पशुपति क्षेत्रमा हुने विशेष पूजा, भेटी, चन्दालगायत आयमा रु १० करोड घाटा लागेको पशुपति क्षेत्र विकास कोषले जनाएको छ ।

कोषले चालू आर्थिक वर्षमा अनुमान गरेको आयमा भेटी आम्दानीबाट रु एक करोड ५७ लाख आठ हजार ७३०, विशेष पूजाबाट रु दुई करोड २५ लाख ७९ हजार ५०० बन्दाबन्दीकै कारण दाखिल हुन नसकेको कोषाध्यक्ष डा. मिलनकुमार थापाले जानकारी दिए ।

चन्दाबाट रु दुई लाख ७२ हजार ९१७, पार्किङबाट रु दुई लाख ९९ हजार ९३५, गुठी जग्गाबाट हुने आम्दानीमा रु एक करोड ३२ लाख ९५ हजार ८६८, पर्यटक प्रवेश शुल्कबाट रु एक करोड दुई लाख ८२ हजार, क्रियापुत्री सेवाबाट रु १२ लाख ७५ हजार ४६१, तिलगङ्गा धर्मशालाबाट रु चार लाख ३९ हजार २३४, विद्युतीय शवदाहगृह सञ्चालनबाट रु १० लाख ८६ हजार ७५० कोषलाई घाटा लागेको उनले बताए ।

अन्य शीर्षकमा समेत गरी अनुमानित रु १० करोड छ लाख ७२ हजार ६३९ घाटा भएको कोषले जनाएको छ । चैत लागेदेखि नै पशुपति क्षेत्रमा सीमित भक्तजनलाई मात्र प्रवेश गराइएको थियो । चैत ११ देखि जारी बन्दाबन्दीका क्रममा मूल मन्दिरलगायत पशुपति क्षेत्रमा भक्तजन आवतजावत पूर्णरूपमा बन्द गरिएको छ ।

घाट, क्रियापुत्री, विद्युतीय शवदाह गृहलगायत अत्यावश्यक सेवा भने दूरी कायम गरेर सञ्चालनमा छ । मूल मन्दिरलगायत अन्य मन्दिरमा हुने नित्यपूजा भने जारी छ । कारोनाको सङ्क्रमणबाट उपत्यकामा निधन भएकाको शवदाह विद्युतीय गृहमा गर्दा कम्तीमा ३६ घण्टासम्म निर्मलीकरणका लागि बन्द हुने गरेको छ ।



पशुपतिनाथको मन्दिरको बारेमा ११ रोचक तथ्य- भगवान् शिवको नाम 'पशुपतिनाथ' कसरी हुन पुग्यो ?

- कुशल श्रेष्ठ

पशुपतिनाथको मन्दिर काठमाडौँ जिल्लामा रहेको ऐतिहासिक धार्मिक एवम् पर्यटकीय दृष्टिले महत्वपूर्ण तीर्थस्थल हो। यो मन्दिर यस संसारमा रहेका २७५ 'पादल पेत्र स्थलम्' (शिवको पवित्र स्थान) मध्ये एक हो । पशुपतिनाथमा मुख्य रूपमा शिवजीको पूजा हुने गर्दछ । त्यसैले गर्दा नै पशुपतिनाथालाई शैव, शाक्त, वैष्णव, बौद्ध, जौन, गाणपत, नाथ, सिख आदि प्रमुख सम्प्रदायका भक्तजनहरूले समान आस्था र श्रद्धाको दृष्टिकोणले हेर्ने गर्दछन् । साथै यस क्षेत्रमा विभिन्न सम्प्रदायका विभिन्न स्मारक एवम् पूजास्थल अखाडा पनि रहेका छन् । आजको धर्म अङ्कमा हामी तपाईंहरूलाई जन्मदेखि मृत्यु सम्मका सबै संस्कार सम्पन्न गरिने नेपालको यस पावन स्थलको बारेमा केहि रोचक तथ्यहरूको बारेमा जानकारी दिन गैरहेका छौं ।

१. बागमती जिल्लाको का.म.पा. वडा नं. ८ मा बागमती नदीको किनारमा रहेको यो मन्दिर २४० हेक्टरको (४,७९२ रोपनी) जग्गामा फैलिएको छ ।

२. पशुपतिनाथको मन्दिर सांस्कृतिक सम्पदा अन्तर्गत 'यूनेस्को विश्व सम्पदा क्षेत्रको सूची'मा पर्दछ । सन् १९७९ मा यूनेस्कोले पशुपतिनाथको मन्दिरलाई विश्व सम्पदा क्षेत्रमा सूचीकृत गरेको थियो ।

३. यो मन्दिर नेपाली प्यागोडा शैलीमा निर्माण गरिएको छ, त्यसैले नै यहाँका सबै विशेषताहरू प्यागोडा शैलीमा नै रहेको पाइन्छ, जुन अति सुन्दर खुदी काठबाट बनेका छन् । यस मन्दिरको २ स्तरको छाना सुन र तामाले बनेको छ भने मूख्य ४ ढोकाहरू चाँदीका रहेका छन् । साथै मूख्य मन्दिरको गजुर सुनको रहेको छ ।

४. 'पशुपतिनाथ' खासमा भगवान शिवको नाम हो । अनेकौं ग्रन्थ र वेदहरूमा शिवजीको नाम पनि अनेकौं उल्लेख गरिएको छ, तर शिवजीको वास्तविक नाम 'पशुपतिनाथ' भएको शिवपुराणमा उल्लेख गरिएको छ ।

५. पौराणिक कथाअनुसार महाभारतको युद्धपछि पाण्डवहरूले भगवान कृष्ण र भिष्मसँग युद्धमा आफन्तहरूको हत्या गरेकाले गोत्रहत्याको पापबाट मुक्त हुनको लागि के उपाय गर्नुपर्ला भनेर सोधेका थिए । भगवान शिवको दर्शन गरेपछि मात्रै गोत्रहत्याको पापबाट मुक्त हुन्छ भन्ने कुरा थाहा पाएपछि पाण्डवहरू शिवजीको दर्शन गर्न हिमालयमा गए । पाण्डवहरू आएको देखेर भगवान शिव भैंसीको रूप धारण गरेर भैंसीको बथानमा लुकेका थिए । पाण्डवहरूले भैंसीरूपी शिवलाई चिनेर दर्शन गर्न नजिकै जाँदा भैंसीरूपी शिव जमीनमुनि धासिएका थिए । यसरी शिवजी जमीनमा धास्सिएपछि भैंसीरूपी शिवको पुच्छर पाण्डवले स्पर्श गर्दा 'केदारनाथ'मा केदारनाथ भगवान प्रकट भए भने भैंसीरूपी शिवको शिर नेपालमा पशुपतिनाथ भगवानको रूपमा प्रकट भएका थिए । यसरी पाण्डवहरूले पशुरूपी शिवको पुच्छर स्पर्श गरेर गोत्रहत्याको पापबाट मुक्त भएका थिए । यसरी पशुको रूप लिएर प्रकट भएको हुनाले नै भगवान शिवलाई 'पशुपतिनाथ' भनिन थालिएको हो ।

६. श्रीस्वस्थानीमा उल्लेखित एक अर्को कथाका अनुसार भगवान शिवले मृगको रूप लगेर श्लेष्मान्तक वनमा पार्वतीको साथमा विहार गरेका थिए । यसैले भगवान शिवलाई 'पशुपतिनाथ' भन्न थालियो । अनि के पनि विश्वास गरिन्छ भन्दा हालको पशुपतिनाथको मन्दिरको परिशरवाहिरको वनलाई पहिले श्लेष्मान्तक वन भनिन्थ्यो ।

७. नेपालकै सबैभन्दा पुरानो मानिने 'गोपालराज वंशावली'का अनुसार, लिच्छवी राजा 'सुपुष्प देव'ले पशुपतिनाथ मन्दिरको निर्माण गरेका थिए ।

८. एक अर्को वंशावलीका अनुसार, सुपुष्प देवले पाँच तले पशुपतिनाथ मन्दिरको निर्माण गर्नुभन्दा पहिले त्यस ठाउँमा शिवलिङ्गको आकारको देवालय थियो । समय बित्दै जाँदा यस मन्दिरको मर्मत सम्भारको काम पनि बढ्दै गएको थियो । त्यसैले नै नेपालका मध्यकालीन राजा 'शिवदेव'ले पशुपतिनाथको मन्दिरलाई पुनर्निर्माण गरेका थिए । फेरि पछि मल्लकालीन राजाले त्यस मन्दिरमा गजुर लगाइदिएका थिए ।

९. पौराणिक कथाअनुसार, नेपालमा पर्ने चन्द्रावन हिमालय पर्वतको गुफामा इच्छापूर्ती गरिदिने 'कामधेनु गाई' आएर बसेका थिए । कामधेनुले दिनहुँ पर्वतबाट तल झरी माटोमाथि आफ्नो दूध चढाउने गर्थे । यसरी हजारौं वर्षसम्म पनि कामधेनु गाईले सो ठाउँमा दूध चढाउन थालेपछि एकदिन त्यहाँ वरिपरिका मानिसहरूले के रहेछ भनि खन्दा एउटा सुन्दर चमकदार शिवलिङ्ग भेटेका थिए । त्यसपछि उनीहरूले सो शिवलिङ्गलाई पुजा गर्दै आएका थिए । त्यसै स्थललाई नै पछि 'पशुपतिनाथ' भनिएको हो भन्ने पनि विश्वास गरिन्छ ।

१०. पशुपतिनाथ मन्दिरको पछाडिपट्टि 'विरुपाक्ष'को मूर्ती रहेको छ । यस मूर्तीलाई नेपालमा 'कलिको मूर्ती' भनेर पनि चिनिन्छ । नेपालको पुराना मूर्तीहरूमध्ये यो मूर्ती पनि एक हो । विरुपाक्षलाई भगवान शिवको मानवरूप पनि मानिन्छ । यो मूर्ती जमीनको सतहबाट बिस्तारै माथि सर्दै आइरहेको बताइने गरेको छ । जब यो मूर्ती जमीनबाट पूर्णरूपमा माथि आउँदछ, तब यो संसारको अन्त्य हुने विश्वास गरिन्छ । यानिकी कलियुगको अन्त्य हुने विश्वास गरिन्छ । समयको चक्रसँगै कलियुगपछि सत्ययुगमा यो मूर्ती पूर्णरूपमा जमीनमुनि पुरिन्छ र फेरि बिस्तारै बिस्तारै माथि सर्दै प्रक्रिया दोहोरिने विश्वास गरिन्छ ।

११. २०७२ साल वैशाख १२ गते गोरखा जिल्लाको बारपाकलाई केन्द्रविन्दु बनाई गएको ७.८ रेक्टर स्केलको महाभूकम्पमा पनि पशुपतिनाथको मूल मन्दिर 'दैविक-वैदिक-वास्तु शक्ति' (शिव कथत भूतत्व-विज्ञान)को कारण सुरक्षित रहेको देखियो भने मन्दिर परिशर बाहिरका साना मन्दिरमा थोरै क्षति पुगेको देखियो । त्यसको २ वर्ष अगाडि पनि महाप्रलयमा श्रीकेदारनाथ मन्दिर पनि सुरक्षित रहेको थियो ।

❖❖❖

पशुपतिनाथ, शिव महिमा र रूपक्वारा

पशुपतिनाथलाई सोधें, 'मेरो के गल्ती थियो र मैले हजुरको दर्शन गर्न पाइनँ ? भनेर ।'

- गोपीकृष्ण ढुंगाना

डोल्पाकी ७२ वर्षीया रूपक्वारा खत्री पशुपतिनाथको दर्शनपछि करिब पाँच मिनेट बर्बराउँदै रोइरहिन् । झन्डै तीन दसकदेखिको उनको चाहना पूरा भएरमात्र उनी रोएकी होइनन् । ह्वील चेयरबाटै पशुपतिनाथ मन्दिर पुगेकी उनलाई 'गर्भगृह अगाडि हुनुहुन्छ' भनेपछि उनी भक्कानिएकी थिइन् । उनले भगवान् पशुपतिनाथलाई आँखाले देख्न नपाउँदाको पीडा उनका आँसुमा छचल्किएका थिए ।

'ह्दयले भगवान्... भगवान्... भनें तर देख्न पाइनँ', आठ वर्षको हुँदा दुवै आँखा गुमाएकी उनी भन्छिन् । सानैदेखि वाथ रोगले थलिएकी उनी न हिँड्न सक्छिन् न केही गर्न । डोल्पाको त्रिपुरासुन्दरीस्थित लिकुकी उनी दुईवटा प्लेन, ट्याक्सी र ह्वीलचेयरको सहायतामा पशुपति आइपुगेकी हुन् । अविवाहित खत्रीलाई भदा निराजन खत्रीले पहिलोपटक काठमाडौं ल्याएका हुन् ।

'सबै दुःखबाट चाँडै मुक्ति पाउँ भनेर कामना गरें', रूपक्वारा भन्छिन्, 'पशुपतिनाथलाई सोधें, मेरो के गल्ती थियो र मैले हजुरको दर्शन गर्न पाइनँ ? भनेर ।' ४० वर्षको हुँदादेखि पशुपतिनाथको दर्शन गर्न मन लागे पनि गरिबी र व्यक्तिगत अक्षमताका कारण इच्छा दबाएर राख्नु परेको उनको भनाइ छ । उनले थपिन्, 'सानैमा हातगोडा अपाङ्गिए, आँखा बन्द भए । यो जुनी यस्तै भयो अर्को जुनी हुन्छ भने त्यसबेला आँखा देख्न पाउँ भनी कामना गरेकी छु ।'

. . .

'औंला हुन्जेल त च्याप्ने होला नि चुरोट !' राजेन्द्र कोजुको लेखको सार थोरधेर रूपक्वाराको सन्दर्भमा मिल्छ । आँखा भए न हो देवीदेवताको दर्शन ! जसरी चुरोटको भक्तलाई दुई औंला सर्वाधिक महत्वका हुन्छन्, त्यसरी नै दर्शनका लागि आँखा । चुरोटको सन्दर्भ र घटना अत्यन्तै मार्मिक छ त्यसरी नै दैनिक हजारौं र वार्षिक करोडौं भक्तजनका लागि पशुपतिनाथको दर्शनका लागि आँखा । जति सामान्य भक्तजनलाई शिव र पशुपतिनाथको महत्व होला, त्योभन्दा हजारौं गुणा महत्व हुन्छ रूपक्वाराजस्तै भक्तजनलाई । पाशुपत दर्पणमा शिव र पशुपतिनाथको महिमा लेखककै लाइनमा प्रस्तुत गर्नु सान्दर्भिक ठानेको छु ।

'६ मुख भएका भगवान् श्रीपशुपतिनाथका तिनै ६ वटा मुखस्वरूप बीच संवादका क्रममा आविर्भाव भएको तान्त्रिक ज्ञानको परम्परा नै आम्नाय परम्परा हो । श्रीनाथ नै समग्र तान्त्रिक ज्ञानपरम्पराका आदिस्रोत हुन् । पञ्चब्रह्मोपनिषद्मा पशुपतिनाथ सद्योजात, वामदेव, अघोर, तत्पुरुष, र ईशान हुन् भन्ने छ । यिनै पञ्चब्रह्म हुन् र पञ्चब्रह्मको समन्वित स्वरूप नै परमतत्त्व पशुपतिनाथ हुन्', डा. माधवप्रसाद लामिछानेको लेखमा छ ।

प्राडा. सोमनाथ खतिवडाका अनुसार, सन्तहरू पशुपतिलाई साक्षात् ब्रह्मरूप मान्दछन् । प्राचीन जातजाति, धर्म, भाषा, परम्परा र विश्वासका बारेमा समेत यहाँका विविध विषयवस्तुले जानकारी दिने भएकाले सम्पूर्ण नेपालको चिनारी पशुपति क्षेत्रभित्र पाइन्छ । 'यो स्थान संस्कृति र सम्पदाको अथाह भण्डारका रूपमा छ । नासिएर गएका राजवंश, लोप भएका जातजाति र धर्म, संस्कृति तथा परम्परा सबैका अवशेष यस स्थानमा पाइन्छन्', उनी पाशुपत क्षेत्र खुल्ला सङ्ग्रहालयका रूपमा परिचित रहेको उल्लेख गर्दै लेख्छन्, 'यहाँ शिवजीको मात्र नभएर अन्य देवीदेवताको पनि बास रहने धार्मिक मान्यता छ । तसर्थ सबै धर्म, सम्प्रदाय र विश्वासका मानिसको आस्थाको केन्द्र पशुपति हो ।'

आचार्य ध्रुवश्रीको 'पाशुपत क्षेत्रमा सन्तआश्रमको आवश्यकता र अवस्था' मा सत्य, त्रेता, द्वापर र कलि सबै युगमा पाशुपत क्षेत्र जस्तो भुक्ति-मुक्ति दिन सक्ने अर्को क्षेत्र नभएको उल्लेख छ । 'लाखौं भक्तजन वर्षेनी भारतका द्वादश ज्योतिर्लिङ्गको दर्शनपश्चात् अन्तिममा शिरोभाग पशुपतिनाथको दर्शन नगरी यात्रा पूरा भएको मान्दैनन्', लेखमा छ । "ॐ नमो शिवाय' जप गर्दै शिवलाई स्मरण गरेमा पूजाको कुनै पनि विधान कर्मकाण्ड, पालन नगरे पनि हुन्छ । सृष्टि गर्न रजोगुण लिएर ब्रह्म बन्ने र संहार गर्न तमोगुणी लिएर रुद्र (शिव) बन्ने शिवको महिमा अपार छ', प्राडा वीणा पौड्यालले 'भगवान् शिवको मूर्तस्वरूप उमामहेश्वर' मा लेखेकी छन् ।

शिवको अर्थ नै कल्याणकारिता हो । त्यसैले शैवदर्शन मानव कल्याणमा समर्पित छ । परोपकारको पथ प्रदर्शक शिवलाई शुक्लयजुर्वेदमा पशुरक्षक, रोग उपचारक, जडिबुटीका ज्ञाता एवं बलवान् व्यक्तिको रूपमा महान् योगी भनिन्छ भनेर डा. विष्णु प्रभातले लेखेका यी वाक्यले रूपक्वाराजस्ता विश्वमा छरिएका करोडौं भक्तजनको हित हुने गरेको छ ।

काव्य-कुन्ज, गट्ठाघर, भक्तपुर/gopiji2065@gmail.com

❖❖❖



पशुपति क्षेत्र विकास कोषबाट प्रकाशित 'पाशुपत दर्पण' को पहिलो अङ्क सर्वत्र उपलब्ध छ ।

पाशुपत क्षेत्रका सम्पूर्ण सम्पदाको एक महत्वपूर्ण पुस्तक